**आन्तरिक प्रयोजनको लागि मात्र**

आधिकारिकताको लागि सम्वन्धित कानूनी व्यवस्था हेर्नुहोला

# देवानी कार्यविधि दिग्दर्शन



२०७५

सर्वोच्च अदालत

काठमाडौं

# दिग्दर्शन तयारी समूह

| | |
|---|---|
| श्री सारदा प्रसाद घिमिरे, न्यायाधीश, सर्वोच्च अदालत, | संयोजक |
| श्री विश्वम्भर प्रसाद श्रेष्ठ, न्यायाधीश, सर्वोच्च अदालत | सदस्य |
| श्री नरेन्द्र कुमार शिवाकोटी, न्यायाधीश, उच्च अदालत | सदस्य |
| श्री हरिप्रसाद वगाले, न्यायाधीश उच्च अदालत | सदस्य |
| श्री राजेन्द्र खरेल, न्यायाधीश, उच्च अदालत | सदस्य |
| श्री सूर्य प्रसाद पराजुली, न्यायाधीश, जिल्ला अदालत | सदस्य |
| श्री कृष्णमुरारी शिवाकोटी, न्यायाधीश, जिल्ला अदालत | सदस्य |
| श्री बिष्णुप्रसाद उपाध्याय, न्यायाधीश, जिल्ला अदालत | सदस्य |
| श्री नारायणप्रसाद पन्थी, सह-रजिष्ट्रार, सर्वोच्च अदालत | सदस्य सचिव |

# विषय सूची


| सि.नं |  | विषय | पृष्ठ |
|---|---|---|---|
| १ |  | देवानी कानून तथा देवानी कार्यविधि कानूनका सामान्य सिद्धान्त | १ |
| २ |  | लिखत तयार गर्ने कार्यविधि | ५ |
| ३ |  | फिरादपत्र तथा दाबी प्रस्तुति | ११ |
|  | ३.१ | फिराद दर्ता | ११ |
|  | ३.२ | अधिकारक्षेत्र | १५ |
|  | ३.३ | हदम्याद | २२ |
|  | ३.४ | दरपीठ | २६ |
| ४ |  | अदालती शुल्क र दस्तुर | २८ |
| ५ |  | म्याद तामेली | ४० |
| ६ |  | प्रतिउत्तर र प्रतिदाबी | ४९ |
| ७ |  | रिट प्रकृतिका निवेदन | ५३ |
| ८ |  | तारिख र म्यादसम्बन्धी व्यवस्था | ६१ |
|  | ८.१ | तारिख | ६१ |
|  | ८.२ | म्याद तथा तारिख थमाउने  व्यवस्था | ६४ |
| ९ |  | वारिससम्बन्धी व्यवस्था | ६७ |
| १० |  | प्रमाण परीक्षण | ७२ |
|  | १०.१ | लिखत प्रमाण परीक्षण | ७२ |
|  | १०.२ | साक्षी परिक्षण | ७९ |
| ११ |  | मुद्दाको सुनुवाई र फैसला | ८४ |
|  | ११.१ | प्रारम्भिक सुनुवाई | ८४ |
|  | ११.२ | अन्तर्कालीन आदेश | ८५ |
|  | ११.३ | पूर्व सुनुवाई छलफल | ८७ |

| | | | |
|---|---|---|---|
| | ११.४ | अन्तिम सुनुवाई र फैसला | ८८ |
| १२ | | मुलतबी र स्थानान्तरण | ९६ |
| १३ | | सरकारवादी वा पक्ष हुने देवानी मुद्दा सम्बन्धी व्यवस्था | १०० |
| १४ | | पुनरावेदन, मुद्दा दोहोऱ्याउने र पुनरावलोकन | १०४ |
| | १४.१ | पुनरावेदन | १०४ |
| | १४.२ | मुद्दा दोहोऱ्याउने तथा पुनरावलोकन सम्बन्धी व्यवस्था | १०९ |
| १५ | | फैसला कार्यान्वयन | ११३ |
| १६ | | विशेष प्रकृतिका निवेदनको प्रक्रिया | १३९ |
| | १६.१ | संरक्षकत्व सम्बन्धी | १३९ |
| | १६.२ | माथवर सम्बन्धी | १४२ |
| | १६.३ | धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी | १४६ |
| | १६.४ | अदालतमा विवाह दर्ता | १४९ |
| | १६.५ | प्राकृतिक व्यक्तिको दामासाही | १५१ |
| | १६.६ | मृत्युको न्यायिक घोषणा | १६० |
| १७ | | फैसलाको तपसिल खण्ड लेखनमा ध्यान दिनुपर्ने कुराहरू | १६३ |
| १८ | | विविध | १६८ |
| | १८.१ | अंश मुद्दामा सम्पत्तिको फाँटवारी पेश गर्ने कार्यविधि | १६८ |
| | १८.२ | सम्बन्धविच्छेद सम्बन्धी | १७० |
| | १८.३ | अन्य | १७४ |
| | | अनुसूची | |
| | | अनुसूची-१ हदम्याद सम्बन्धी व्यवस्था | १८० |
| | | अनुसूची-२ क्षतिपूर्ति सम्वन्धी व्यवस्था | १८७ |
| | | अनुसूची-३ हालको र साबिकको कानूनी व्यवस्थाको तालिका | १९४ |

परिच्छेद-एक

# देवानी कानून र देवानी कार्यविधि कानूनका

# सामान्य सिद्धान्तहरू

कुनै पनि देवानी अधिकार तथा दायित्व निर्धारणको सिलसिलामा प्रत्येक व्यक्तिलाई कानूनद्वारा स्थापित स्वतन्त्र र निष्पक्ष न्यायिक निकायद्वारा उचित समयावधिभित्र स्वच्छ सुनुवाईको माध्यमबाट आफ्नो हक अधिकार प्रचलन गराउन पाउने अधिकार रहन्छ। मर्का पर्ने व्यक्तिको अदालत तथा न्याय सम्मको पहुँचलाई व्यवस्थित गर्ने, स्वच्छ न्यायिक प्रक्रियाको सुनिश्चितता गर्ने, छिटो छरितो र प्रभावकारी न्यायिक प्रक्रिया कायम गर्ने तथा न्याय प्रशासनबाट न्यायपूर्ण र प्रभावकारी नतिजा हासिल गर्ने उद्देश्यका साथ विभिन्न सिद्धान्तहरूको विकास भएको पाईन्छ।

यही मान्यतालाई अङ्गिकार गरी देवानी संहिता र देवानी कार्यविधि संहितामा न्याय प्रणालीलाई सुव्यवस्थित र सुनिश्चित गर्न न्यायका आधारभुत मान्य सिद्धान्तहरूलाई व्यवस्था गरिएको छ। देवानी कार्यविधिमा पक्षहरूबीच स्वच्छता ,निष्पक्षता र समानता कायम गर्न यी सिद्धान्तहरूले अहम भूमिका खेलेका हुन्छन्। यी मार्गदर्शक सिद्धान्तहरूको पालना नभएमा वा गलत प्रयोग भएमा कार्यविधिगत त्रुटि हुन गई न्यायिक कारबाही तथा निर्णयमा नै प्रश्न उठ्न सक्छ। देवानी संहिता र देवानी कार्यविधि संहितामा समावेश भएका सामान्य सिद्धान्तहरू देहाय बमोजिम रहेका छन् ।

| **विषय** | **कार्यविधि** | **सम्बन्धित कानून**[1] |
|---|---|---|
| **मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा उल्लेख भएका सामान्य सिद्धान्तहरूः** | | |
| **सामान्य रूपमा लागू हुने सिद्धान्त** | • देवानी संहितामा उल्लिखित सिद्धान्त तथा व्यवस्थाहरू सामान्यतः देवानी कानूनका विषयमा लागू हुन्छन्। | देसं दफा ४ |
| **कानूनको अज्ञानता क्षम्य नहुने** | • कानूनको अज्ञानता क्षम्य हुदैन। कानून सबैले जानेको अनुमान गरिन्छ। | दफा ५ |
| **सार्वजनिक हित विपरित हुने गरी काम गर्न नपाउने** | • कसैले पनि सार्वजनिक हित विपरित हुने गरी कुनै काम कारबाही गर्न पाउँदैन। | दफा ६ |

[1] मुलुकी देवानी संहिता २०७४लाई-देसं, मुलुकी देवानी कार्यविधि संहिता २०७४ लाई-देकासं, मुलुकी देवानी कार्यविधि नियमावली २०७५ लाई- देकानि र जिल्ला अदालत नियमावली २०७५ लाई -जिअनि भनी संक्षिप्त रूपमा उल्लेख गरिएको छ।

| | | |
|---|---|---|
| **कानून विपरितको कामले मान्यता नपाउने** | • कानून विपरितको काम अमान्य हुन्छ। यस्तो कामले मान्यता पाउन सक्दैन। | दफा ७ |
| **गल्ती गर्नेले क्षति बेहोर्नु पर्ने** | • प्रत्येक व्यक्तिले आफूले गरेको गलत कार्यको परिणाम आफैँले बेहोर्नु पर्छ।<br>• कुनै काम गर्दा वा गराउँदा कसैको गल्तीले अरूलाई हानि, नोक्सानी हुन गएमा त्यसरी हानि, नोक्सानी भएको क्षतिको दायित्व त्यस्तो गल्ती गर्ने वा गराउने व्यक्तिले क्षतिपूर्तिको रुपमा बेहोर्नु पर्छ।<br>• क्षतिपूर्तिको निर्धारण कानूनमा व्यवस्था भए बमोजिम हुन्छ। | दफा ८ |
| **अरूलाई दुःख दिने गरी काम गर्न नहुने** | • कसैले पनि अन्य व्यक्तिलाई दुःख दिने, हैरानी हुने वा निजको इज्जत, प्रतिष्ठा वा सम्पत्तिमा क्षति पुग्ने गरी कुनै काम गर्न वा गराउन हुँदैन। | दफा ९ |
| **गल्तीको फाइदा लिन नपाउने** | • कसैले पनि आफूले गरेको गल्तीबाट भएको फाइदा लिन पाउँदैन। | दफा १० |
| **हित विपरितको काम अमान्य हुने** | • आफ्नो संरक्षकत्व, माथवरी, अधीन वा प्रभावमा रहेको वा प्रभाव पर्न सक्ने व्यक्तिको हित विपरित गरिएको काम अमान्य हुनेछ। | दफा ११ |
| **व्यक्तित्वलाई स्वीकार गर्नु पर्ने** | • प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नुपर्छ। | दफा १२ |
| **असल छिमेकीपन कायम गर्नु पर्ने** | • प्रत्येक व्यक्तिले आफू रहे बसेको ठाउँको समुदाय वा छिमेकीलाई हानि नोक्सानी नहुने गरी असल छिमेकीपन कायम गर्नुपर्छ। | दफा १३ |
| **देवानी दायित्वबाट छुटकारा नपाउने** | • कुनै व्यक्ति उपर फौजदारी कसूरमा मात्र कारबाही चलाएको वा नचलाएको आधारमा त्यस्तो व्यक्तिले कानून बमोजिमको देवानी दायित्वबाट छुटकारा पाउन सक्दैन। | दफा १४ |
| **कानून विपरितका प्रथा वा परम्परालाई मान्यता नदिइने** | • कानून विपरितका प्रथा वा परम्परालाई न्यायको रोहमा मान्यता दिइने छैन। | दफा १५ |
| **विदेशीको हकमा पनि लागू हुने** | • विषय, प्रसङ्ग वा प्रकृतिले कुनै कानूनी व्यवस्था नेपाली नागरिकलाई मात्र लागू हुने अवस्थामा बाहेक यो ऐन वा देवानी कानून सम्बन्धी अन्य प्रावधान विदेशीको हकमा पनि समान रूपमा लागू हुनेछ। | दफा १६ |

| मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ मा उल्लिखित देवानी कार्यविधि कानूनका सामान्य सिद्धान्तहरूः | | |
|---|---|---|
| **देवानी मुद्दामा पालना गर्नु पर्ने सिद्धान्त** | • मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा अदालतले सामान्यतः देवानी कार्यविधि संहितामा उल्लेख भएका सिद्धान्त तथा व्यवस्थाको पालना गर्नुपर्छ। | देकासं दफा ४ |
| **सुनुवाई खुला इजलासमा हुने** | • कानूनमा अन्यथा व्यवस्था भएको वा अदालतले अन्यथा आदेश गरेकोमा बाहेक मुद्दाको कारबाही, सुनुवाई र किनारा खुला इजलासमा हुनेछ। | दफा ५ |
| **अधिकार प्राप्त अदालतबाट सुनुवाई हुने** | • मुद्दाको कारबाही, सुनुवाई र किनारा कानून बमोजिम अधिकारप्राप्त अदालतबाट मात्र हुन्छ। | दफा ६ |
| **हक बेहकको प्रश्न अदालतबाट मात्र निरूपण हुने** | • कुनै विषयमा हक बेहकको प्रश्न उत्पन्न भएमा त्यस्तो प्रश्नको निरूपण नियमित अदालतबाट मात्र हुन्छ।<br>• "नियमित अदालत" भन्नाले जिल्ला अदालत, उच्च अदालत वा सर्वोच्च अदालतलाई जनाउँछ। | दफा ७ |
| **व्यक्तिको कानूनी हैसियत सम्बन्धी विवाद नियमित अदालतबाट मात्र निरूपण हुने** | • कुनै व्यक्तिको नाता कायम, सम्बन्ध विच्छेद वा कानूनी हैसियत सम्बन्धी विवाद नियमित अदालतबाट मात्र निरूपण हुन्छ। | दफा ८ |
| **पक्षहरूको हैसियत समान रहने** | • मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा मुद्दाको पक्षहरूको हैसियत समान रहन्छ।<br>• अदालतले मुद्दाको प्रत्येक पक्षलाई समान व्यवहार गर्नुपर्छ।<br>• मुद्दाको कारबाहीको सिलसिलामा कानूनमा अन्यथा व्यवस्था भएकोमा वा अदालतले अन्यथा आदेश दिएकोमा बाहेक नेपाल सरकार वा त्यसको कुनै निकाय वा कुनै कानूनी व्यक्तिले समेत मुद्दाको कारबाहीको क्रममा छुट्टै हैसियत, सुविधा, सहुलियत, उन्मुक्ति वा छुट दाबी गर्न पाउँदैन। | दफा ९ |
| **फिराद दाबी गर्न हकदैया हुनु पर्ने** | • अदालतमा फिरादपत्र दायर गर्न चाहने व्यक्तिले कुनै दाबी लिन निजमा अधिकार रहेको वा त्यस्तो दाबीको सम्बन्धमा निजको कानूनसम्मत हित वा सरोकार रहेको व्यहोरा फिरादपत्रमा उल्लेख गरी निजको हकदैया रहेको कुरा देखाउनु पर्छ। | दफा १० |
| **अधिकारक्षेत्र शून्य नहुने** | • कुनै पनि मुद्दाको दायरी, कारबाही, सुनुवाई र किनारा गर्न कानून बमोजिम कुनै अदालत वा अधिकारीलाई अधिकारक्षेत्र तोकिएको हुन्छ। अधिकारक्षेत्र | दफा ११ |

| | | |
|---|---|---|
| | शून्यको अवस्थामा रहँदैन। | |
| **निर्णय गर्नबाट पन्छिन नहुने** | • न्यायाधीशले कानून अपर्याप्त वा अस्पष्ट भएको आधार लिई मुद्दाको निर्णय गर्नबाट पन्छिन पाउँदैन।<br>• यस्तो अवस्थामा न्यायाधीशले कानून र न्यायका मान्य सिद्धान्तको आधारमा निर्णय गर्नुपर्छ। | दफा १२ |
| **मिलापत्र वा मेलमिलाप गर्न मौका दिनु पर्ने** | • अदालतले कुनै पनि मुद्दा जुनसुकै तहमा रहेको भएपनि फैसला गर्नुअघि त्यस्तो मुद्दामा मिलापत्र गर्न वा मेलमिलापको प्रक्रिया अपनाई मिलापत्र गर्न पक्षहरूलाई अवसर दिनु पर्छ। | दफा १३ |
| **प्राङ्गन्यायको सिद्धान्त अवलम्बन गर्नु पर्ने** | • एक पटक मुद्दा परी फैसला भएपछि उही बादी र प्रतिबादी रहेको सोही विषयको मुद्दामा पुनरावेदन गरेकोमा वा मिलापत्र कार्यान्वयन नभएको विषयमा बाहेक अदालतले एक पटकभन्दा बढी सुनुवाई र फैसला गर्नु हुँदैन। | दफा १४ |
| **पुनरावेदनको अधिकार हुने** | • कुनै अदालतले शुरु कारबाही सुनुवाई गरी फैसला वा अन्तिम आदेश र किनारा गरेको मुद्दामा चित्त नबुझ्ने पक्षलाई पुनरावेदन सुन्ने सम्बन्धित अदालतमा कानून बमोजिम पुनरावेदन गर्ने अधिकार हुनेछ। | दफा १५ |

## परिच्छेद-दुई

# लिखत तयार गर्ने कार्यविधि

लिखत भन्नाले दुई वा सोभन्दा बढी पक्षबीच कुनै काम गर्ने वा नगर्ने वा कानूनी हक दायित्व सिर्जना गर्ने, वा छुट दिने तथा परित्याग गर्ने प्रकृतिको व्यहोरा उल्लेख गरी लिखित रुपमा तयार भएको कागजलाई जनाउँछ। अदालतमा पेश हुने फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, उजुरीसरहको निवेदनपत्र र सरकारी कार्यालय वा संगठित संस्थामा पेश हुने वा त्यस्तो निकायबाट जारी हुने लिखित दस्ताबेजलाई समेत लिखत भनिन्छ। यसका अतिरिक्त घरायसी लेनदेन कारोबार, सम्पत्ति हस्तान्तरण, धर्मपुत्र तथा धर्मपुत्री राख्ने र अख्तियारी वा मञ्जुरी दिने लिखत कागज पनि लिखत अन्तर्गत पर्दछन्।

यस्ता लिखतहरू तयार गर्दा कारणीको पहिचान खुल्ने गरी नाम, थर, उमेर, ठेगाना, नागरिकता र लिखत तयार गर्दाको मुकाम (स्थान) समेत खुलाउनु पर्छ। लिखत तयार गर्दा साक्षी राखी निजहरूको र कारणीहरूको समेत सहिछाप हस्ताक्षर गराउनु पर्छ। लिखत स्पष्ट बुझिने भाषामा केरमेट नगरी कानूनले तोकेको रित पुर्‍याई तयार गर्नुपर्छ।

मूलतः देवानी संहिताले लेनदेन कारोबारसँग सम्वन्धित घरासारका रु ५०,०००। भन्दा बढीको लिखतको आधिकारिकता र विश्वस्नियताको लागि स्थानीयतह वा सोको वडासमितिको कार्यालयबाट प्रमाणित गराउनुपर्ने नयाँ पद्धतिको व्यवस्था गरेको छ। रित नपुगेको लिखतले कानूनी मान्याता पाउन नसक्ने हुँदा अदालतमा दर्ता हुने तथा प्रमाणका रुपमा पेश हुने लिखतहरूको रित ढाँचा मिले नमिलेको र दस्तुर दाखिल भए नभएको हेर्नुपर्छ। लिखतको रित ढाँचा तथा तयारी सम्बन्धमा देवानी कार्यविधि संहितामा देहायबमोजिम व्यवस्था गरिएको छ।

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **लिखतको परिचय** | **देहायका कागजातलाई "लिखत" भनिन्छः**<br>• घर व्यवहारमा हुने सबै किसिमका लेनदेन व्यवहार, सम्पत्ति हस्तान्तरण वा धितो बन्धक दिने गरी भएको लिखत,<br>• धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी लिखत,<br>• करार,<br>• अख्तियार दिएको लिखत, अख्तियारनामा, मञ्जुरीनामा वा त्यस्तै प्रकृतिका अन्य कागज,<br>• सरकारी कार्यालय वा सङ्गठित संस्थामा पेश हुने कुनै पनि लिखत,<br>• अदालतमा पेश हुने फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, निवेदनपत्र, दरखास्त लगायत जुनसुकै किसिमको लिखत,<br>• सरकारी कार्यालय वा सङ्गठित संस्थाबाट जारी हुने लिखत,<br>• कानूनी हक वा दायित्व सृजना गर्ने वा नगर्ने अन्य कुनै लिखत। | देकासं दफा २८ |

| | | |
|---|---|---|
| **लिखत तयार गर्दा पुऱ्याउनु पर्ने रित** | • लिखतमा कुनै अशुद्धि र केरमेट नहुने गरी छापी, टाईप गरी वा हातले लेखी तयार गरी कारणीले सहीछाप गर्नुपर्छ।<br>• "कारणी" भन्नाले लिखतको व्यहोराबाट सहीछाप गर्नुपर्ने जिम्मेवारी भएको व्यक्ति सम्झनु पर्छ।<br>• लिखतमा सच्याएको वा केरिएको प्रत्येक ठाउँमा सम्बन्धित कारणीले सहीछाप गर्नुपर्छ।<br>• लिखत सच्याउन नसकिने वा सच्याउँदा द्विविधा उत्पन्न हुने भएमा अर्को लिखत तयार गर्नुपर्छ।<br>• लिखतमा रकम उल्लेख गर्दा अङ्क र अक्षर दुवैमा लेख्नुपर्छ। | दफा २८ |
| **सहीछाप गर्दा पुऱ्याउनु पर्ने रित** | • लिखतमा सहीछाप गर्दा लेख्न जान्नेले आफ्नो नाम, थर, वतन लेखी हस्ताक्षर गर्नुपर्छ र लेख्न नजान्नेले ल्याप्चे सहीछाप गर्नुपर्छ।<br>• देहायका लिखतमा सहीछाप गर्दा रितपूर्वक औँलाको ल्याप्चे सहीछाप र लेख्न जान्नेले आफ्नो हस्ताक्षर समेत गर्नु पर्दछ।<br>   ○ हक छाडी दिएको वा धितो बन्धक राखेको,<br>   ○ मञ्जुरीनामा वा अख्तियारनामा,<br>   ○ सट्टापट्टापत्र, बण्डापत्र, अंश छोडपत्र, अंश बुझेको भरपाई,<br>   ○ मानो छुट्टिएको, मानो जोडिएको,<br>   ○ धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी,<br>   ○ ऋण फिर्ता बुझाउँदा छुट्टै गरिदिएको भरपाई,<br>   ○ भोगबन्धकी, दृष्टिबन्धकी, लखबन्धकी, कबुलियतनामा जमानीपत्र, भाखापत्र,<br>   ○ नासो धरौट लिए दिएको करार,<br>   ○ कपाली तमसुकको लिखत।<br>• सरकारी कार्यालय वा सङ्गठित संस्थाबाट गरिने लिखतमा सम्बन्धित अधिकारीले आफ्नो नाम, दर्जा र मिति खुलाई हस्ताक्षर गरी अड्डाको छाप लगाउनु पर्छ। | दफा २९ र ३० |
| **हस्ताक्षर र दस्तखत गर्दा** | • हस्ताक्षर वा ल्याप्चे सहिछाप गर्दा देवानी कार्यविधि संहिताको दफा ३१ देखि ३४ सम्म उल्लिखित प्रक्रिया अवलम्बन गर्नुपर्छ। | दफा ३१ देखि |

| | | |
|---|---|---|
| **पुऱ्याउनु पर्ने रित** | | ३४ |
| **विशेष अवस्थाका व्यक्तिको लिखत गर्दा** | • दृष्टिविहीन, बोल्न नसक्ने, नाबालक वा होस ठेगानमा नभएका व्यक्तिको तर्फबाट लिखत गराउँदा निजको संरक्षक वा माथवर भए निजलाई समेत रोहबरमा सहीछाप गराउनु पर्छ। | दफा ३५ |
| **घरायसी लिखत प्रमाणित गराउने** | • रू. ५०,०००। भन्दा बढी रकमको घरसारमा तयार भएको लिखत सम्बन्धित पक्षहरू स्थानीय तह वा वडा समितिको कार्यालयमा उपस्थित भई सक्कल लिखतको शिरमा त्यस्तो कार्यालयबाट प्रमाणित गराउनु पर्छ।<br>• तर पक्षहरूले चाहेमा रू. ५०,०००। भन्दा कम रकमको लिखत पनि प्रमाणित गराउन सकिन्छ।<br>• यसरी प्रमाणित गर्दा सो कार्यालयले रू. २००।सम्म दस्तुर लिई अभिलेख राख्नुपर्छ।<br>• यस्तो रित नपुगेको लिखत अदालतबाट कार्यान्वयन हुन सक्दैन। | दफा ३६ |
| **लिखतमा खुलाउनुपर्ने पहिचानको विवरण** | • लिखतमा मुख्य कारणीको पहिचान खुल्ने देहायका विवरण खुलाउनु पर्छः<br>○ तीन पुस्तेको विवरण,<br>○ पति वा पत्नीको नाम,<br>○ नागरिकता नम्बर,<br>○ उमेर,<br>○ नागरिकता जारी भएको मिति र जिल्ला,<br>○ स्थायी तथा अस्थायी ठेगाना,<br>○ विदेशी नागरिक भए निजको नागरिकताको विवरण, राहदानी नम्बर, राहदानी जारी गर्ने मुलुक र राहदानी जारी भएको मिति तथा निजको ठेगाना, ईमेल ठेगाना, फोन नम्बर आदि।<br>○ संरक्षक र माथवरलाई रोहवरमा राख्दा निजको समेत उल्लिखित विवरणहरू खुलाउनु पर्छ। | दफा ३७ |
| **सङ्गठित संस्थाको विवरण** | • सङ्गठित संस्थाको तर्फबाट सहीछाप गर्दा संस्थाको पहिचान खुल्ने विवरण, दर्ता नम्बर ठेगाना लगायतका विवरण खुलाई अधिकार प्राप्त व्यक्तिको सहीछाप गर्नु वा गराउनु परछ।<br>• संगठित संस्था कारणी भएको लिखतमा ३ पुस्ते खुलाउनु पर्दैन। | दफा ३८ |
| **सार्वजनिक** | • सार्वजनिक पदाधिकारी वा सङ्गठित संस्थाका पदाधिकारीले पदीय | दफा ३९ |

| | | |
|---|---|---|
| **पदाधिकारीको हस्ताक्षर** | हैसियतमा कुनै लिखतमा हस्ताक्षर गर्दा ल्याप्चे सहीछाप आवश्यक हुने भनी उल्लेख भएका लिखतमा बाहेक ल्याप्चे सहीछाप आवश्यक पर्दैन। नाम र दर्जा खुलाई सहीछाप गरे पुग्छ।<br>• त्यसरी नाम र दर्जा नखुलाएको भए अदालतले त्यस्ता पदाधिकारीलाई रू. ५००।- सम्म जरिबाना गरी सो लिखतलाई प्रमाणमा लिन हुन्छ। | |
| **लिखत भएको ठाउँ र मिति** | • लिखत तयार गर्दा लिखत भएको ठाउँ र मिति उल्लेख गर्नुपर्छ। | दफा ४१ |
| **साक्षी राख्नु पर्ने** | • साक्षी राखी तयार गर्नु पर्ने लिखतमा करार गर्न योग्य कम्तीमा दुई जना व्यक्ति साक्षी राखी त्यस्ता साक्षीको पहिचान खुल्ने विवरण र ठेगाना उल्लेख गरी साक्षीले समेत सहीछाप गर्नुपर्छ।<br>• होस ठेगाना भएको र उमेर पुगेको सक्षम (१८ वर्ष पुगेको) व्यक्ति करार गर्न योग्य हुनेहुँदा त्यस्ता व्यक्ति साक्षी राख्नु पर्छ।<br>• लिखतमा लेखकको विवरण उल्लेख गरी सहीछाप गर्नुपर्छ।<br>• कुनै लिखत तयार गर्न ईजाजतपत्र (लाइसेन्स) लिनु पर्ने भए लेखकले त्यसको विवरण समेत उल्लेख गर्नुपर्छ। | देकासं दफा ४२,<br>देसं ५०६ |
| **सामान्य रित नपुगेको लिखतले मान्यता पाउने विशेष अवस्था** | • लिखतमा रित नपुगेको भएपनि देहायको अवस्थामा लिखतको प्रकृति हेरी रू. २००।- सम्म जरिबाना गरी त्यस्तो लिखतलाई मान्यता दिन सकिन्छः<br>○ लेख्न जान्नेले हस्ताक्षर मात्र गरी ल्याप्चे सहीछाप नगरेको वा प्रष्ट नदेखिने गरी गरेको,<br>○ लेख्न जान्नेले हस्ताक्षर नगरी ल्याप्चे सहीछाप मात्र गरेको,<br>○ लिखतको पुछारमा मिति टुङ्गिएको ठाउँमा कारणीको सहीछाप नगराएको,<br>○ साक्षी नराखेको वा राखेको साक्षीको हस्ताक्षर नगराएको,<br>○ नाम, थर, वतन र दर्जा समेत लेख्नु पर्नेमा कुनै वा सबै छुटाएको।<br>• कानून बमोजिम विद्युतीय माध्यमबाट लिखत तयार गर्न सकिनेमा त्यसरी तयार गरिएको लिखतलाई रित पूर्वकको मानिन्छ। | देकासं<br>दफा ४३ |
| **कारणीले लेखेको लिखत मान्य हुने** | • कारणी स्वयंको हस्ताक्षरबाट लेखिएको लिखतमा अन्य रित नपुगेको भए पनि मान्य हुन्छ। | दफा ४४ |
| **कैफियत जनाई** | • कुनै व्यक्तिले अक्षर बुझिने गरी थपी केरमेट गरी दर्ता गर्न ल्याएको | दफा ४५ |

| | | |
|---|---|---|
| **लिखत दर्ता गर्न सकिने** | लिखतमा त्यसरी थप वा केरमेट गरेको ठाउँमा निजको सहीछाप गराई थप वा केरमेटको विवरण कैफियत जनाई दर्ता गर्नुपर्छ।<br>• कुनै सरकारी कार्यालय वा सङ्गठित संस्थाबाट दर्ता गराउन ल्याएको लिखतमा कुनै अक्षर थप वा केरमेट भई त्यस्तो कार्यालय वा संस्थाको प्रमुख वा निजबाट अधिकार प्राप्त अधिकारीले दस्तखत गरेको भएमा सोही लिखत दर्ता गर्न सकिन्छ।<br>• उल्लिखित रित नपुगी कुनै लिखत दर्ता गर्न ल्याएमा त्यस्तो जुन कारणले लिखत दर्ता गर्न नहुने हो त्यसको कारण खुलाई लिखतको पीठमा सो कुरा लेखी मिति समेत राखी आफ्नो दस्तखत गरी दर्ता गर्न ल्याउनेको भरपाई गराई लिखत फिर्ता दिनु पर्छ।<br>• तर, अदालतमा दर्ता भएको कुनै पनि लिखत कसैलाई फिर्ता दिई अर्को साटी लिन र अङ्क अक्षर थपी मेटी, केरी, घटीबढी गर्न हुँदैन। | |
| **लिखतको प्रतिलिपि (नक्कल) उपलब्ध गराउने सम्बन्धमा** | • अदालत, सरकारी कार्यालय वा सङ्गठित संस्थामा पेश भएको प्रमाण सम्बन्धी लिखत वा फैसला लगायत मुद्दाको मिसिल संलग्न कागजपत्रको प्रतिलिपि माग गरी मुद्दाको सरोकारवाला वा निजको कानून व्यवसायीले निवेदन दिएमा प्रतिलिपि उपलब्ध गराउनु पर्छ।<br>• फैसलाको प्रतिलिपि जुनसुकै कानून व्यवसायीले लिन पाउँछन्।<br>• प्रतिलिपि लिदा आफैंले सारी लिने भए प्रति पृष्ठ रु ५। र अड्डाबाट सारी दिने भएमा रु १०। दस्तुर लाग्छ।<br>• यस्तो प्रतिलिपि प्रमाणित गरी उसैदिन उपलब्ध गराउनुपर्छ।<br>• कानून बमोजिम गोप्य राख्नु पर्ने वा सार्वजनिक गर्न नहुने लिखत वा अदालतले सार्वजनिक नगर्न आदेश दिएको लिखतको प्रतिलिपि उपलब्ध गराउनु हुँदैन। | दफा ४६ |

परिच्छेद-तीन

# फिरादपत्र तथा दाबी प्रस्तुती

देवानी मुद्‌दाको कारबाही फिरादपत्रबाट शुरु हुन्छ। कुनै व्यक्तिको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले आफ्नो हक, हित वा सरोकार कायम गर्न वा हक प्रचलन गराउन माग गरी अदालतमा पेश गरेको उजुरी, नालिस, दाबी वा निवेदनलाई फिरादपत्र भनिन्छ। फिरादपत्र सरहको बयान वा प्रतिबादीले प्रतिउत्तरपत्रमा उल्लेख गरेको प्रतिदाबीलाई पनि फिरादपत्र सरह मानिन्छ। कानुनले तोकेको रित ढाँचा पुगे नपुगेको, हकदैया भए नभएको, हदम्याद भित्र भए नभएको, मुद्‌दा हेर्ने क्षेत्राधिकार भए नभएको र अदालती शुल्क दाखिल गरे नगरेको समेतका देहाय बमोजिमका आधारभूत कुराहरू जाँचेर मात्र फिरादपत्र दर्ता गर्नु पर्ने व्यवस्था देवानी कार्यविधि संहिता तथा सो को नियमावलिले गरेको छ।

३.१ **फिराद दर्ता**

| **विषय** | **कार्यविधि** | **सम्बन्धित कानून** |
|---|---|---|
| **फिरादपत्र दर्ता गर्दा ध्यान दिनुपर्ने कुराहरू** | • **फिरादपत्र** दर्ता गर्दा निम्न कुराहरूको जाँच गर्नुपर्छः<br>- फिरादपत्र देवानी कार्यविधि संहिताको अनुसूची-१ बमोजिजको निर्धारित ढाँचामा छ वा छैन,<br>- अदालतको अधिकारक्षेत्र भित्र पर्छ वा पर्दैन,<br>- कानून बमोजिम हदम्याद भित्रको छ वा छैन,<br>- सम्वद्ध कानून उल्लेख गरेको छ छैन,<br>- लाग्ने अदालती शुल्क/ दस्तुर दाखिल भएको छ वा छैन,<br>- बादीको हकदैया पुग्छ वा पुग्दैन,<br>- दाबीको विषयवस्तु, सम्बन्धित कानून, प्रमाणहरू  र माग दाबी स्पष्ट खुलाएको छ छैन,<br>- लेखाई, प्रस्तुती, शुद्धाशुद्धि, अङ्क, अक्षर, आदि मिलेको छ छैन,<br>- अंश मुद्दाको फिराद भए सम्पत्तिको फाँटवारी खुलाएको छ छैन,<br>- यही विषयमा अन्य अदालतमा नालिस गरे नगरेको व्यहोरा खुलाएको छ छैन,<br>- संगठित संस्थाको तर्फबाट फिरादपत्र ल्याउने व्यक्तिको हकमा फिरादपत्र दर्ता गर्ने अख्तियारी संलग्न छ छैन,<br>- सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा मुद्दा दर्ता गर्न | देकासं दफा ८६, ८९ -९८,<br>देकानि नियम ९,११,१२ |

| | | |
|---|---|---|
| | आएकोमा अलग्गै अनुमतिको निवेदन छ छैन,<br>- प्रतिबादीको नामको म्याद बादी आफैं वा निजको कानून व्यवसायी मार्फत तामेल गर्ने भएमा सो व्यहोरा खुलाएको छ छैन,,<br>• फिरादपत्र जाँच गर्दा उल्लिखित कुराहरूको रित पुगेको भए दर्ता कितावमा दर्ता गरी भरपाई दिनुपर्छ।<br>• फिरादपत्र साथ पेश गरेको लिखतको प्रतिलिपि सक्कल लिखतसंग रुजु गरी सक्कल लिखतमा अड्डाको छाप लगाई दस्तखत गरी फिर्ता गर्नुपर्छ।<br>• सो बमोजिम रित नपुगेको भए दरपीठ गरी फिर्ता गर्नुपर्छ।<br>• फिरादपत्र दर्ता गर्दा सोको बिद्युतीय प्रति समेत लिनु पर्छ। | |
| **हकदैया** | • बादीले आफ्नो हक पुग्ने विषयमा मात्र दाबी लिन पाउँछ। हक नपुग्ने विषयमा दाबी लिन सकिँदैन। हक नपुग्ने विषयमा दायर भएको फिरादपत्र खारेज हुन्छ। | दफा ८६ |
| **फिराद तथा दाबी प्रस्तुती** | • कानून बमोजिम हक प्रचलनको लागि दाबी लिन चाहाने व्यक्तिले अदालत समक्ष फिराद दिनुपर्छ। | दफा ८५ |
| | • फिरादमा एउटा व्यक्तिले एउटै व्यक्ति उपर देवानी विषयका जतिसुकै विषयमा दाबी लिन सक्छ। | दफा ८७ |
| | • एउटै विषयको विवादको सम्बन्धमा एकजना वा जतिसुकैजनाले एकजना वा जतिसुकै जना उपर एउटै फिरादपत्र दिन पाउँछन्। | दफा ८८ |
| | • नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको हक हित वा सरोकार वा सार्वजनिक हित वा सरोकार निहित रहेको विषयमा जोसुकैले अदालतको अनुमति लिई फिरादपत्र दर्ता गर्न पाउँछ।<br>• अनुमतिको लागि निवेदन दिंदा फिरादपत्र साथै छुट्टै निवेदन दिनुपर्छ।<br>• त्यस्तो निवेदन परेमा सोही दिन स्रेस्तेदारले अनुमति दिने नदिने विषयमा निर्णय गर्नुपर्छ। | दफा ९१<br>जिअनि१० |
| | • अदालतबाट मुद्दा डिसमिस, खारेज, फैसला वा मिलापत्र भएको कारणबाट तेस्रो पक्षको हकमा असर परेमा **त्यस्तो मर्का पर्ने पक्षले** सो फैसला वा मिलापत्र बदर गराई आफ्नो हक कायम गर्नको लागि **थाहा पाएको मितिले ३५ दिन** भित्र फिराद दिन पाउँछ। | दफा ९२ |

| | | |
|---|---|---|
| | • संगठित संस्थाको तर्फबाट फिराद दिन ल्याउने प्राकृतिक व्यक्तिले सो संस्थाको सञ्चालक, सञ्चालक समिति वा व्यवस्थापन समितिको निर्णयबाट अख्तियारी पाएको हुनुपर्छ र सो निर्णयको प्रमाणित प्रतिलिपि फिरादसाथ पेश गर्नुपर्छ।<br>• नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहका कार्यालय, संवैधानिक निकाय वा अदालतको तर्फबाट फिराद दायर गर्दा सो निकायको प्रशासनिक प्रमुखको रूपमा काम गर्ने व्यक्तिबाट दायर हुनुपर्छ। | दफा ९३ |
| | • एकै विषयमा भिन्न भिन्न पक्षले एकै अदालतमा वा छुट्टाछुट्टै अदालतमा फिराद गरेकोमा पहिले दर्ता भएको फिराद बमोजिम मात्र कारबाही हुन्छ।<br>• तर कानून बमोजिम दुवै पक्षको फिराद लाग्ने अवस्थामा दुवै फिराद बमोजिम कारबाही हुन सक्छ। | दफा ८९ |
| **नाबालक, अशक्त तथा बेपत्ता भएको व्यक्तिको तर्फबाट मुद्दा गर्न सक्ने** | • देहायको व्यक्तिहरूको तर्फबाट संरक्षक वा माथवरले फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र दिन सक्दछन्:<br>- नाबालक,<br>- अशक्त वृद्ध<br>- दृष्टिविहीन,<br>- बोल्न नसक्ने,<br>- होस ठेगानमा नरहेको वा<br>- बिना सूचना लगातार तीन वर्षदेखि घर छाडी हिंडेको वा विदेशमा गई फर्की आउने ठेगान नभएको<br>• त्यस्ता व्यक्तिको तर्फबाट मुद्दा गर्न संरक्षक वा माथवरले अनुमतिको लागि अदालत समक्ष छुट्टै निवेदन दिई स्रेस्तेदारबाट अनुमति लिनु पर्नेछ।<br>• यस्तो निवेदन परेमा बेपत्ता भएको व्यक्तिको सम्बन्धमा भए १५ दिनभित्र र अन्यका हकमा ७ दिनभित्र निर्णय गर्नुपर्छ। | दफा २६७<br>जिअनि१० |
| **भरपाई लिनु वा दिनु पर्ने** | • अदालतमा फिरादसाथ दाखिल भएको कुनै सक्कल लिखत कुनै व्यक्तिलाई फिर्ता दिंदा वा बुझाउँदा सो व्यहोराको भरपाई वा निस्सा लिई मिसिल सामेल राख्नुपर्छ।<br>• अदालतले सक्कल लिखत बुझी लिंदा लिखतमा कुनै केरमेट भएको भए सो समेत खुलाई लिखत पेश गर्ने व्यक्तिलाई भरपाई दिनु पर्छ। | दफा २८० |

| | | |
|---|---|---|
| **मुद्दाको कार्यतालिका निर्माण गर्ने** | • मुद्दा दायर भएपछि सो मुद्दामा देहायका कारबाहीको लागि लाग्ने अवधिको पूर्वानुमान गरी कार्यतालिका निर्माण गरी पक्षको दस्तखत गराई मिसिल सामेल गरी सो को प्रतिलिपि पक्षलाई दिनु पर्छः<br>✓ म्याद वा सूचना जारी गर्ने,<br>✓ म्याद वा सूचना तामेल गर्ने,<br>✓ प्रतिबादी चुक्ता हुने,<br>✓ प्रतिदावी लिएकोमा लिखित प्रतिवाद पेश गर्ने,<br>✓ प्रारम्भिक सुनुवाई गर्ने,<br>✓ साक्षी प्रमाण बुझ्ने,<br>✓ बादी प्रतिबादीको पूर्वसुनुवाई छलफल गर्ने,<br>✓ अन्य कारबाही गर्ने,<br>✓ फैसला गर्ने ।<br>• कुनै कारबाही निर्धारित मितिमा सम्पन्न हुन नसकेमा सोको कारण खोली संशोधित कार्यतालिका प्रमाणित गरी पक्षलाई जानकारी दिनु पर्छ । | देकानि नियम२६ |

**३.२ अधिकारक्षेत्र सम्बन्धी**

| बिषय | कार्यविधि | कानून |
|---|---|---|
| **अधिकारक्षेत्र** | • मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न अदालतलाई कानूनले अधिकारक्षेत्र तोकेको हुनु पर्छ।<br>• अधिकारक्षेत्र नभएको अदालतले गरेको काम कारबाही, आदेश वा निर्णय बदर हुन्छ।<br>• अदालतले कुन कानून अन्तर्गत अधिकारक्षेत्र प्राप्त गरेको हो सो कुरा फैसलामा खुलाउनु पर्छ। | देकासं दफा १६ |
| **जिल्ला अदालतको अधिकारक्षेत्र** | | |
| **संविधानमा तोकिएको जिल्ला अदालतको अधिकार क्षेत्र** | जिल्ला अदालतलाई निम्न बिषयमा अधिकार क्षेत्र हुन्छः<br>• संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्रभित्रका सम्पूर्ण मुद्दाको शुरु कारबाही र किनारा गर्ने,<br>• बन्दी प्रत्यक्षीकरण निषेधाज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्ने,<br>• अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानून बमोजिम पुनरावेदन सुन्ने,<br>• प्रदेश कानून बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने,<br>• आफू र आफ्नो मातहतका अदालतहरूको अवहेलनामा कारबाही चलाई | नेपालको संविधान धारा १५१ |

| | | |
|---|---|---|
| | सजाय गर्ने। | |
| **न्याय प्रशासन ऐन, २०७३ मा तोकिएको जिल्ला अदालतको अधिकारक्षेत्र** | • प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो जिल्ला भित्रको जुनसुकै प्रकृतिका मुद्दाको शुरु कारबाही र किनारा गर्ने।<br>• संविधानको धारा १४५ को उपधारा (२) बमोजिम उच्च अदालतले अर्को जिल्ला अदालतबाट मुद्दा सारी सुनुवाई गर्न आदेश दिएको मुद्दामा शुरु कारबाही र किनारा गर्ने।<br>• आफ्नो जिल्लाभित्र कसैले कुनै व्यक्तिलाई गैरकानूनी रूपले थुनामा राखेमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने।<br>• आफ्नो जिल्लाभित्र कुनै व्यक्ति वा निकायले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा वा आघात पुऱ्याउने आशङ्का भएमा त्यस्तो हकको प्रचलनको लागि निषेधाज्ञाको आदेश जारी गर्ने।<br>• प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो जिल्लाभित्र संघीय कानून बमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर र प्रदेश कानून बमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने। | न्याय प्रशासन ऐन, २०७३ दफा ७ |
| **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** | • स्थानीय न्यायिक समितिले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्छ। | दफा ५१ |

| | | |
|---|---|---|
| **देवानी कार्यविधि संहितामा जिल्ला अदालतको अधिकार क्षेत्र** | • **सम्पत्तिको जाँचबुझ गर्नुपर्ने निम्न मुद्दाको क्षेत्राधिकार घर, जग्गा वा सम्पति रहेको जिल्लाको जिल्ला अदालतमा रहन्छः**<br>○ स्थलगत जाँचबुझ गर्नुपर्ने अचल सम्पतिसम्बन्धि मुद्दा,<br>○ सुविधाभार, कुलो साँध सम्बन्धी मुद्दा<br>○ घर जग्गा वा सम्पति जाँच गर्नु पर्ने मुद्दा<br>**निम्न प्रकृतिका मुद्दामा सम्पति रहेको जिल्लाको जिल्ला अदालतमा क्षेत्राधिकार रहन्छः**<br>○ वहाल वाली वा बिगोको प्रश्न समावेश भएको वा सम्पतिको स्वामित्व वा भोग चलन वा हक सम्बन्धी,<br>○ अचल सम्पति रोक्का राख्ने वा निखन्ने सम्बन्धी,<br>○ अचल सम्पति वाँडफाँडसम्बन्धी,<br>○ अचल सम्पति ध◌ितोबन्धक राख्ने, भोग्ने, चलन चलाउने सम्बन्धी,<br>○ अचल सम्पति उपरको कुनै सरोकार वा शर्त सम◌्बन्धी,<br>○ अचल सम्पतिसँग सम्बन्धित क्षतिपूर्ति | दफा १८ |
| | • **अंश मुद्दा भए बादी वा प्रतिबादी भएको जुनसुकै जिल्ला अदालतमा क्षेत्राधिकार रहन्छ।**<br>• **माथि लेखिएबाहेक अन्य मुद्दामा प्रतिबादी रहेको वा काम भएको जिल्ला अदालतमा क्षेत्राधिकार रहन्छ।** | दफा १९ |
| **प्रतिबादी रहेको वा काम भएको जिल्ला अदालतको अधिकार क्षेत्र** | • बसोबास गरेको भन्दा अन्य जिल◌्लामा लेनदेन कारोबार गर◌ेको भए कारोबार गरेको वा बादी वा प्रतिबादी रहेबसेको कुनै एक जिल्ला अदालत,<br>• दुईभन्दा बढी प्रतिबादी भएमा सबभन◌्दा बढ◌ी प्रतिबादी भएको जिल◌्ला अदालत,<br>• समान संख्याका प्रतिबादी एक भन्दा बढी जिल्लामा वसेको भएमा कुनै एक जिल्ला अदालत,<br>• प्रतिबादी रहेको जिल्ला भन्नाले प्रतिबादी बसोवास गरेको वा कानूनी व्यक्तिको सम्बन्धमा प्रधान कार्यालय रहेको ठाउँ जनाउँछ। | दफा १९ |
| **विदेशमा भएको** | • विदेशमा भएको लेनदेन व्यवाहार र करारका सम्बन्धमा नेपालको | दफा २० |

| | | |
|---|---|---|
| **कारोबार सम्बन्धी मुद्दाको अधिकारक्षेत्र** | अदालतमा मुद्दा दायर गर्न सक्ने गरी त्यस्तो लिखत वा करारमा उल्लेख भएको भए बादी वा प्रतिबादी वसोवास गरेको कुनै जिल्ला अदालतमा फिराद लाग्ने,<br>• लेनदेन व्यवहार र करारको लिखतमा कुनै खास जिल्ला अदालत उल्लेख भएकोमा सोही जिल्ला अदालतमा फिराद लाग्ने, | |
| **वायुयान वा पानी जहाज भित्र भएको कारोबार** | • नेपालमा दर्ता भएको वायुयान वा पानी जहाज नेपाल बहिर रहेको अवस्थामा सो वायुयान वा जहाजभित्र भएको कारोबार सम्बन्धी मुद्दा दफा २० को अधिनमा रही नेपालको अदालतमा फिराद लाग्छ। | दफा २१ |
| **माथिल्लो अदालतको अधिकार क्षेत्र** | • तल्लो तह र माथिल्लो तहको अदालतको अधिकार क्षेत्रभित्र पर्ने कुनै विषयमा तल्लो र माथिल्लो दुवै तहमा मुद्दा दायर भएमा माथिल्लो अदालतमा क्षेत्राधिकार रहन्छ।<br>• दुबै अदालतमा मुद्दा दायर भएको जानकारी हुन आएमा तल्लो तहको अदालतले माथिल्लो तहको अदालतमा मुद्दा दायर भए नभएको बुझी दायर भएको देखिएमा आफ्नो अदालतको मुद्दा खारेज गरी माथिल्लो तहको अदालतलाई सो को जानकारी दिनु पर्छ । | दफा २२<br>देकानि ३ |
| **नियमित अदालतले हेर्ने** | • एउटै विषयमा अदालत र अन्य न्यायिक निकाय दुवैमा मुद्दा दायर भएकोमा नियमित अदालतबाट कारबाही र किनारा हुनेछ। | दफा २३ |
| **राष्ट्रसेवक बादी वा प्रतिबादी भएको विषय** | • राष्ट्रसेवकले पदीय हैसियतमा कसै उपर फिरादपत्र दिंदा वा कसैले राष्ट्रसेवक उपर पदीय हैसियतमा प्रतिबादी बनाई फिराद दिंदा तत्काल राष्ट्रसेवक कार्यरत रहेको वा बादी रहेको जिल्ला अदालतमा दिन सक्ने,<br>• राष्ट्रसेवकले निजी हैसियतमा फिराद वा प्रतिउत्तर दिंदा आफू कार्यरत रहेको जिल्ला अदालतमा दर्ता गर्न सक्ने,<br>• दर्ता हुने देखिएमा दर्ता गरी निजलाई सोही अदालतमा तारिखमा राखी ३ दिनभित्र त्यस्तो फिराद र प्रतिउत्तर सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्ने। | दफा २४<br>देकानि ४ |
| **कानूनमा अधिकारक्षेत्र नतोकिएको विषयको अधिकार क्षेत्र** | • कानूनमा कुनै अदालत वा अधिकारीलाई अधिकार क्षेत्र नतोकिएको विषयमा सम्बन्धित जिल्ला अदालतलाई क्षेत्राधिकार हुने।<br>• मुद्दा हेर्ने अधिकार भएको अदालत वा निकाय गठन नभएको वा अधिकारी नतोकिएको अवस्थामा त्यस्तो अवधिसम्मको लागि सम्बन्धित जिल्ला | दफा २५ |

| | | |
|---|---|---|
| | अदालतलाई क्षेत्राधिकार हुने। | |
| **भिन्न भिन्न अदालतमा फिराद दायर भएकोमा कार्यविधि** | • एउटै विषयमा भिन्न भिन्न अदालतमा फिरादपत्र दर्ता भएको मुद्दामा पक्षको सहमति भए कुनै एक अदालतको फिरादपत्र कायम राखी अर्को अदालतलाई सोको जानकारी पठाउनु पर्छ।<br>• पक्षहरूवीच सहमति नभएमा कुन फिराद पहिले दर्ता भएको हो भन्ने सम्बन्धमा बुझी यकिन गर्नुपर्छ।<br>• त्यसरी बुझ्दा आफ्नो अदालतमा दर्ता भएको फिरादपत्र पछि दर्ता भएको देखिएमा सो फिरादपत्र खारेज गरी अर्को अदालतलाई जानकारी दिनु पर्छ।<br>• आफ्नो अदालतमा दर्ता भएको फिरादपत्र पहिले दर्ता भएको देखिएमा त्यस्तो फिरादपत्र कायम रहने व्यहोराको जानकारी अर्को अदालतलाई दिनु पर्छ ।<br>• त्यसरी जानकारी प्राप्त भएमा सो अदालतले आफूकोमा दर्ता रहेको फिरादपत्र खारेज गरी सो व्यहोराको जानकारी पहिले फिरादपत्र दर्ता रहेको अदालतलाई दिनु पर्नेछ। | दफा २६<br>देकानि ५ |
| **उच्च अदालतको अधिकार क्षेत्र** | | |
| **उच्च अदालतको क्षेत्राधिकार** | • नेपालको संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि देहायका विषयमा बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने अधिकार रहनेः<br>○ अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि,<br>○ सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि,<br>तर, अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक संघीय संसद् वा प्रदेश सभाको आन्तरिक काम कारबाही र संघीय संसद् वा प्रदेश सभाले चलाएको विशेषाधिकारको कारबाही र तत्सम्बन्धमा तोकेको सजायमा उच्च अदालतले हस्तक्षेप गर्न पाउँदैन।<br>• संघीय कानून बमोजिम शुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकार हुने।<br>• संविधानको धारा १३४(२) बमोजिम सर्वोच्च अदालतले अर्को उच्च | नेपालको संविधान धारा १४४ |

| | | |
|---|---|---|
| | अदालतबाट सारी हेर्न आदेश दिएको मुद्दा हेर्ने,<br>• **धारा १४५ बमोजिम उच्च अदालतलाई प्रदत्त क्षेत्राधिकारः**<br>  • मातहत अदालतमा विचाराधीन रहेका मुद्दामा रहेको प्रदेश कानून सम्बन्धी प्रश्नको निराकरणको लागि मुद्दा झिकाई हेर्न सक्ने।<br>  • विशेष परिस्थितिमा एक जिल्लाबाट अर्को जिल्ला अदालतमा मुद्दा सार्न सक्ने।<br>• मातहतको एउटा जिल्ला अदालतको मुद्दा अर्को जिल्ला अदालतमा सार्न सक्ने अधिकारलाई मुलुकी देवानी कार्यविधि संहिताको दफा २०३(३) मा पनि व्यवस्था गरिएको छ। | |
| **न्याय प्रशासन ऐन, २०७३ मा रहेको उच्च अदालतको अधिकार क्षेत्र** | • संविधानको धारा १४४ को उपधारा (१) बमोजिम परेका निवेदनमा सुनुवाई गरी आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार हुनेछ।<br>**देहायका मुद्दामा शुरु कारबाही र किनारा गर्ने अधिकार हुन्छः**<br>- संघीय कानून बमोजिम उच्च अदालतबाट शुरु कारबाही र किनारा हुने मुद्दा,<br>- संविधानको धारा १४५ को उपधारा (१) बमोजिम मातहतका अदालतबाट झिकाइएको मुद्दा।<br>• देहायका मुद्दामा उच्च अदालतलाई पुनरावेदन सुनी निर्णय गर्ने अधिकार हुन्छः<br>- आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रको जिल्ला अदालतले शुरु कारबाही र किनारा गरेको मुद्दा<br>- न्यायिक निकाय, अर्धन्यायिक निकाय वा अधिकारीले गरेको शुरु निर्णय वा अन्तिम आदेश उपर जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरी निर्णय गरेको मुद्दा,<br>- जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गरेको सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको,<br>- पुनरावेदनको रोहमा जिल्ला अदालतबाट निर्णय हुँदा कैद सजाय भएको वा एक लाख रूपैयाँभन्दा बढी जरिवाना भएको वा पाँच लाख रूपैयाँभन्दा बढी बिगो समावेश भएको मुद्दा,<br>- संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्रको कुनै न्यायिक निकायले शुरु कारबाही र किनारा | दफा ८ |

| | | |
|---|---|---|
| | गरेको मुद्दा।<br>• उच्च अदालतलाई संघीय कानून बमोजिम साधक जाँच्ने अधिकार हुनेछ। | |
| **सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र** | | |
| **न्यायिक पुनरावलोकनको अधिकारक्षेत्र** | सर्वोच्च अदालतलाई देहायबमोजिमका कानून प्रारम्भदेखि नै वा निर्णय भएका मितिदेखि लागूहुनेगरी **अमान्य र बदर घोषित गर्ने** न्यायिक पुनरावलोकनको अधिकार क्षेत्र हुन्छः<br>• संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाईएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएकोमा त्यस्तो कानून वा त्यसको कुनै भाग,<br>• प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसद्ले बनाएको कानूनसँग बाझिएकोमा सो कानून वा त्यसको कुनै भाग,<br>• नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानून संघीय संसद् वा प्रदेश सभाले बनाएको कानूनसँग बाझिएकोमा त्यस्तो कानून वा सोको कुनै भाग, | नेपालको संविधानको धारा १३३ |
| **सर्वोच्च अदालतको रिट सम्बन्धी असाधारण अधिकारक्षेत्र** | • **सर्वोच्च अदालतलाई देहायको अवस्थामा बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायतका अन्य उपयुक्त आदेश जारी गर्न सक्ने रिट सम्वन्धी क्षेत्राधिकार हुन्छः**<br>- संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा<br>- अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा<br>- सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि<br>• तर अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक संघीय संसद् वा प्रदेश सभाको आन्तरिक काम कारबाही र संघीय संसद् वा प्रदेश सभाले चलाएको विशेषाधिकारको कारबाही र तत्सम्बन्धमा तोकेको सजायमा सर्वोच्च अदालतले हस्तक्षेप गर्ने छैन। | नेपालको संविधानको धारा १३३ |
| साधारण अधिकारक्षेत्र | **सर्वोच्च अदालतको साधारण अधिकारक्षेत्र देहायबमोजिम हुन्छः**<br>- संघीय कानूनमा व्यवस्था भए बमोजिम मुद्दाको शुरु कारबाही र किनारा गर्ने,<br>- पुनरावेदन सुन्ने, | नेपालको संविधानको धारा १३३ |

| | | |
|---|---|---|
| | - साधक जाँच्ने,<br>- मुद्दा दोहोऱ्याउने,<br>- निवेदन सुन्ने,<br>- आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने,<br>- संविधान र कानूनको ब्याख्या सम्वन्धी प्रश्न समावेश भएको सार्वजनिक महत्वको विषयमा सर्वोच्च अदालतबाट निर्णय हुन उपयुक्त छ भनी उच्च अदालतले राय सहित सिफारिस गरेको मुद्दाको निरोपण गर्ने | |
| **मुद्दा झिकाई हेर्ने र सार्न सक्ने सर्वोच्च अदालतको क्षेत्राधिकार** | • समान प्रश्न समावेश भएको मुद्दा उच्च अदालत र सर्वोच्च अदालतमा विचाराधीन रहेको र त्यस्तो प्रश्न सार्वजनिक महत्वको हो भन्ने लागेमा सर्वोच्च अदालतले उच्च अदालतको मुद्दा झिकाई साथै राखी फैसला गर्ने अधिकार,<br>• न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थितिमा एउटा उच्च अदालतको मुद्दा अर्को उच्च अदालतमा सार्न सक्ने अधिकार,<br>मुद्दा सार्ने र झिकाई हेर्ने सर्वोच्च अदालतको संवैधानिक अधिकारलाई मुलुकी देवानी कार्यविधि संहिताको दफा २०३ मा पनि व्यवस्था गरिएको छ। | धारा १३४ |

## ३.३ हदम्याद सम्वन्धी व्यवस्था

| बिषय | कार्यविधि | कानून |
|---|---|---|
| **हदम्याद भित्र फिराद गर्नु पर्ने** | • कानूनमा तोकिएको हदम्यादको समयावधि भित्र फिराद दर्ता गर्न ल्याएमा दर्ता गरिदिनु पर्छ। हदम्याद नाघी ल्याएको फिराद दर्ता गर्नु हुँदैन। | दफा ४७ |
| **कानूनमा हदम्याद उल्लेख नभएकोमा** | • कानूनमा हदम्याद उल्लेख नभएको विषयमा मुद्दा दिनुपर्ने कारण परेको मितिले ६ महिना भित्र फिराद दर्ता गर्न ल्याउनुपर्छ। | दफा ४८ |
| **हदम्यादको प्रारम्भ** | • कुनै कानूनमा हदम्याद प्रारम्भ हुने व्यवस्था रहेको भए सोही व्यवस्था अनुसारको अवधिभित्र दर्ता गर्न ल्याउनुपर्छ।<br>• कुनै कानूनमा हदम्याद प्रारम्भ हुने व्यवस्था नभएकोमा फिराद गर्नु पर्ने कारण परेको मितिले हदम्याद भित्र दर्ता गर्न ल्याउनुपर्छ। | दफा ४९ |

| | | |
|---|---|---|
| **नाबालक वा होस ठेगानामा नभएका व्यक्तिको हदम्याद** | **नाबालक वा होस ठेगानामा नभएको व्यक्तिको सम्बन्धमा देहायबमोजिम हदम्याद प्रारम्भ हुन्छः**<br>• नाबालकको हकमा निज १८ वर्ष पुगी बालिग भएको दिन देखि,<br>• मुद्दा दर्ता गर्नु पर्ने हदम्याद शुरु हुनु भन्दा अगाडि नै फिराद गर्नुपर्ने व्यक्तिको होस ठेगानामा नभएको भए निज होस ठेगानामा आएको मितिदेख,<br>• कुनै व्यक्तिको मुद्दा गर्ने हदम्याद शुरु भएपछि निजको होस ठेगानामा नरहेको अवस्थामा होस ठेगाना नरहेको दिन कट्टा गरी हुन आउने बाँकी हदम्यादको अवधिभित्र,<br>• त्यसरी होस ठेगानामा नभएको व्यक्ति होस ठेगानामा आएपछि हदम्यादको अवधि १५ दिनभन्दा कम बाँकी भएकमा १५ दिनभित्र। | दफा ५२ |
| **कुनै काम थाहा पाउन नसक्ने अवस्था परी हदम्याद गुज्रेमा** | • कसैले धोका, किर्ते, जालसाज र षडयन्त्र गरेको कारण वा यस्तै अन्य कारण परेको र गोप्य रुपमा भएको कुनै कामको कारणबाट त्यस्तो काम कुरा भएको थाहा पाउन नसक्ने स्थिति परी हदम्याद गुज्रेमा थाहा पाएको मितिले ९० दिन भित्र सोही कारण उल्लेख गरी प्रमाण सहित फिराद दिन आएमा दर्ता गर्नुपर्छ।<br>• उक्त कारण परी हदम्याद गुज्रन गएकोमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै संगठित संस्थाको हकमा फिराद गर्नुपर्ने कुराको जानकारी पाएको मितिलाई थाहा पाएको मिति मान्नुपर्छ। | दफा 50 |
| **सार्वजनिक बिदा परेमा** | • मुद्दा दायर गर्नु पर्ने हदम्याद पुग्ने अन्तिम दिन पुरै वा आधा दिनको सार्वजनिक बिदा परेमा त्यसपछि अदालत खुलेको पहिलो दिन उक्त बिदा परेको कारण खुलाई फिराद दिन ल्याएमा दर्ता गर्नुपर्छ। | दफा ५१ |
| **संरक्षक वा माथवरले फिराद दिन पाउने** | • नाबालक वा होस ठेगानामा नरहेका व्यक्तिको हकमा कानून बमोजिम निजहरूका संरक्षक वा माथवर व्यक्तिले सो को प्रमाण सहित कानूनको हदम्यादभित्र फिराद दिन ल्याएमा दर्ता गर्नुपर्छ। | दफा 54 |

| | | |
|---|---|---|
| **हकवालाको हदम्याद प्रारम्भ हुने अवस्था** | • फिराद गर्नु पर्ने १८ बर्ष मुनिका बालबालिका र होस ठेगानामा नरहेको व्यक्ति बालिग वा होस ठेगानमा नहुँदै मृत्यु भएमा मृत्यु भएका मितिले हदम्याद शुरु हुन्छ।<br>• नाबालक बालिग भएपछि र होस ठेगानामा नरहेको व्यक्ति होस ठेगानामा आएपछि मृत्यु भएको अवस्थामा निजहरूको ३५ दिन वा सो भन्दा बढी हदम्याद बाँकी रहेको भए सोही हदम्याद कायम हुन्छ।<br>• नाबालक बालिग भएपछि वा होस ठेगानामा नरहेको व्यक्ति होस ठेगानामा आएपछि निजहरूको मृत्यु हुँदा ३५ दिन वा सो भन्दा कम हदम्याद बाँकी रहेको भए मृत्यु भएको मितिले ३५ दिन हदम्याद कायम हुन्छ। | दफा ५३ |
| **नाबालक र होस ठेगानामा नभएको व्यक्तिको हदम्याद स्थगन नहुने** | • नाबालक वा होस ठेगानामा नरहेको व्यक्ति र अन्य व्यक्तिले समेत संयुक्त रुपमा फिराद दिन पर्ने अवस्था भएकोमा अन्य व्यक्तिले फिराद दिएको र नाबालक वा होस ठेगानामा नभएका व्यक्तिको हदम्याद भित्र फिराद नपरेको भए पनि निजहरूको हदम्याद जाँदैन। निजहरूका हकमा छुट्टै फिराद दिन देवानी कार्यविधि संहिताको दफा ५२ बमोजिमको हदम्याद कायम हुन्छ। | दफा 55 |
| **क्षेत्राधिकारविहीन अदालतमा दायर भएको फिरादको हदम्याद** | • कुनै अदालतमा फिराद दायर भएपछि सो मुद्दा हेर्ने क्षेत्राधिकार नभएको कारण फिराद खारेज हुने निर्णय भएकोमा पक्षले हदम्याद ढाँटी फिराद दर्ता गराएको र क्षेत्राधिकार नभएको भनी अदालतले फिराद दरपीठ गरेको अवस्थामा बाहेक देहाय बमोजिमको हदम्याद कायम हुन्छः-<br>- फिराद दायर गर्दा जति दिन हदम्याद बाँकी थियो त्यति नै अवधिको हदम्याद भित्र क्षेत्राधिकार भएको अदालतमा फिराद गर्न पाउने,<br>- त्यस्तो अवधि ७ दिन भन्दा कम रहेकोमा ७ दिन सम्म फिराद गर्ने हदम्याद कायम हुने,<br>- क्षेत्राधिकारविहीन फिराद हो भन्ने जानकारी अदालतलाई भएपछि पनि निर्णय नगरेको कारणले मात्र हदम्याद भित्र क्षेत्राधिकार भएको अदालतमा अर्को फिराद गर्न त्यस्तो पक्षलाई बाधा नपर्ने। | दफा 57 |
| **स्वीकृति प्राप्त मितिबाट हदम्याद प्रारम्भ** | • कुनै व्यक्ति, संस्था वा पदाधिकारी उपर फिराद दायर गर्नु अघि कसैको स्वीकृति प्राप्त गर्नु पर्ने भनी कानूनमा उल्लेख भएकोमा त्यस्तो स्वीकृतिको सूचना प्राप्त गरेको मितिबाट फिराद गर्ने हदम्याद शुरु हुन्छ। | दफा 60 |

| | | |
|---|---|---|
| **हुने** | | |
| **अधिकारी तोकेपछि हदम्याद शुरु हुने** | • कुनै कानूनमा उल्लेख भएको हदम्याद भित्र मुद्दा हेर्ने अधिकारी, अदालत वा निकाय नतोकिएको अवस्था भएमा जुन मितिमा त्यस्तो निकाय वा पदाधिकारी तोकिएको हो सोही मितिबाट ३५ दिनभित्र फिराद गर्ने हदम्याद शुरु हुन्छ। | दफा ६१ |
| **विदेशमा भएको कारोबारको हदम्याद** | • कुनै व्यक्तिले विदेशमा गरेको काम कारबाही र कारोबारको विषयमा कानून वा करार बमोजिम नेपालको कुनै अदालतमा फिराद लाग्ने व्यवस्था भएकोमा नेपालभित्र काम कारोबार भए सरह मानी देवानी कार्यविधि संहिताको हदम्याद सम्बन्धी व्यवस्था लागू हुन्छ। | दफा 56 |
| **हदम्याद नगुज्रने र प्रमाण पेश गर्नुपर्ने** | • हदम्यादभित्र फिराद गर्न नसक्नाको कारण उल्लेख गरी सो को पुष्टि गर्ने आवश्यक प्रमाण सहितको निवेदन साथ फिराद दिन आएमा सो व्यहोरा साँचो देखिए निम्न अवस्थामा देहाय बमोजिमको गुज्रेको अवधिको हदम्याद थामिनेछः<br>- आफ्नो नजिकको नातेदारको मृत्यु भएको र चलिआएको परम्परा अनुसार आफैं किरिया वा शोकवरण गरी वस्नु परेको कारणले फिराद दायर गर्ने हदम्याद गुज्रन गएकोमा त्यस्तो व्यक्तिको मृत्यु भएको १५ दिन पुगेको मितिले बाटोको म्याद बाहेक ७ दिन।<br>- कुनै महिला सुत्केरी भएको कारणले फिराद गर्ने हदम्याद गुज्रेकोमा सुत्केरी भएको मितिले बाटोका म्याद बाहेक ६० दिन।<br>- खोलो पहिरो तथा हिउँपरी बाटो बन्द भएको वा कर्फ्यूको घोषणा भएको तथा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको कारणबाट फिराद गर्ने हदम्याद गुज्रेकोमा बाटो खुलेको वा सवारी साधन चलेको मितिले बाटोको म्याद बाहेक १५ दिन।<br>- कसैले अपहरण गरेको वा शरीर बन्धक बनाएको कारणले फिराद दिने हदम्याद गुज्रेकोमा त्यस्तो अपहरण वा बन्धकबाट छुटकारा पाएको मितिले बाटोको म्याद बाहेक १५ दिन।<br>- भूकम्प वा ज्वालामुखी जस्ता विपदका कारणले फिराद दिने हदम्याद गुज्रेकोमा त्यस्तो विपद परेको मितिले बाटोको म्याद बाहेक १० दिन। | दफा र 58 59 |

| | | |
|---|---|---|
| | - अचानक कुनै दुर्घटनामा परी अचेत भएको वा हिँडडुल गर्न नसक्ने र कडा रोग लागेको कारणबाट हिँडडुल गर्न नसकि अस्पतालमा भर्ना भई उपचार गरिरहेको कारणबाट फिराद गर्ने हदम्याद गुज्रेकोमा अस्पतालमा भर्ना भएको मितिले बाटोको म्याद बाहेक १५ दिन। | |
| **हदम्यादको अवधि गणना** | • हदम्यादको अवधि देहाय बमोजिम गणना गर्नु पर्दछः-<br>- दिन गन्तीमा हदम्यादको अवधि तोकिएको भए दिन गन्तीको हिसाबले,<br>- हदम्यादको दिन गन्ती गर्दा हदम्याद शुरु भएको भोलिपल्ट देखि,<br>- हदम्यादको अवधि महिनामा तोकिएको भए जति दिनको महिना भए पनि संक्रान्तिको हिसाबले,<br>- हदम्यादको अवधि वर्षमा तोकिएको भए १२ महिनाको १ बर्ष मानी हुन आउने बर्षको हिसाबले। | दफा 62 |

**३.4 दरपीठ सम्बन्धी व्यवस्था**

| बिषय | कार्यविधि | कानून |
|---|---|---|
| **त्रुटि देखिएको लिखतको दरपीठ गरी सच्याउन मौका दिनुपर्ने** | • फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेनपत्रमा ढाँचा नमिलेको, खुलाउनु पर्ने व्यहोरा नखुलाएको, लेखाई, प्रस्तुति अपूर्ण भएको, अङ्क अक्षर फरक परेको जस्ता त्रुटि देखिएमा सच्याई ल्याउन दरपीठ गरी फिर्ता दिनुपर्छ।<br>• यसरी दरपीठ गर्दा ३ दिनभन्दा बढीको हदम्याद वा म्याद बाँकी भए सोही हदम्याद वा म्याद भित्र र ३ दिन भन्दा कम बाँकी भए ७ दिन भित्र त्रुटि सच्याई ल्याउन समय दिनुपर्छ।<br>• उल्लिखित हदम्याद वा म्यादभित्र सच्याई ल्याएमा लिखत दर्ता गर्नुपर्छ।<br>• रित पुऱ्याउन वा सच्याउन फिर्ता दिएको वा दरपीठ गरेको लिखतको अभिलेख देवानी कार्यविधि नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा राख्नु पर्छ। | देकासं<br>दफा १२७<br>देकानि १३ |
| **हेर्न नमिल्ने लिखतको दरपीठ** | • हदम्याद वा म्यादभित्र नभएको, अधिकारक्षेत्र नभएको, अदालतले हेर्न नपर्ने वा नहुने वा कानून विपरित भएको लिखत दर्ता गर्न नमिल्ने हुँदा कारण जनाई दरपीठ गरी फिर्ता गर्नुपर्छ। | दफा ९०(३), ९८(४), १२८, १२९ |

| | | |
|---|---|---|
| | • दरपीठ गरिएको लिखतको एकप्रति अभिलेखको रुपमा राख्नुपर्छ। | |
| **दरपीठ उपरको निवेदन** | • लिखतमा भएको दरपीठ उपर ७ दिनभित्र न्यायाधीश समक्ष र न्यायाधीशले दरपीठ गरेको भए पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिन्छ।<br>• लिखतमा भएको दरपीठ आदेश उपर परेको निवेदनमा न्यायाधीशबाट सदर हुने गरी आदेश भएकोमा सो उपर १५ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिन्छ।<br>• पुनरावेदन सुन्ने अदालतले त्यस्तो निवेदनमा कैफियत प्रतिवेदन गरी वा नगरी १५ दिनभित्र मातहतको आदेश सदर वा बदर हुनेगरी आदेश दिनु पर्छ।<br>• दरपीठ आदेश वदर भई लिखत दर्ता गर्ने गरी आदेश भएमा आदेश प्राप्त भएकै दिन दर्ता गर्नुपर्छ। | दफा १३०, १५७ |

**परिच्छेद-चार**

**अदालती शुल्क र दस्तुर**

अदालतमा फिराद, प्रतिउत्तर, प्रतिदाबी, पुनरावेदनपत्र, निवेदन लगायतका लिखतहरू दर्ता गर्दा अदालती शुल्क र दस्तुर दाखिल गर्नुपर्छ। साविक कोर्ट फी ऐन, २०१७ बमोजिमको कोर्ट फि लाई देवानी कार्यविधि संहितामा अदालती शुल्क भनिएको छ। अदालती शुल्क बाहेकका अदालतमा बुझाईने अन्य रकमलाई दस्तुर भनिएको छ। अदालती शुल्क सम्पत्तिको मूल्य वा बिगोको आधारमा नगदै लिनुपर्छ।लाग्ने अदालती शुल्क भन्दा कम दाखिल भएको देखिएमा नपुग अदालती शुल्क तुरुन्त दाखिल गर्न लगाउनु पर्छ र भुलवश बढी दाखिल भएको देखिए फिर्ता गर्नुपर्छ। अदालती शुल्क दाखिल नगरी दर्ता भएका फिरादपत्र, पुनरावेदन पत्र, पुनरावलोकन वा दोहोऱ्याई हेरिने मुद्दा खारेज हुन्छन्। देवानी कार्यविधि संहितामा अदालती शुल्क तथा दस्तुर सम्बन्धमा देहाय बमोजिम ब्यवस्था गरिएको छ।

| **विषय** | कार्यविधि | कानूनी व्यवस्था |
|---|---|---|
| **मुद्दामा अदालती शुल्क लाग्ने अवस्था** | • फिरादपत्र, पुनरावेदनपत्र, प्रतिदाबी, पुनरावलोकन र दोहोऱ्याई पाउने गरी आदेश भएका मुद्दामा अदालती शुल्क दाखिल गर्न लगाएर मात्र दर्ता गर्नुपर्छ।<br>• अदालती शुल्क दाखिल नगरी मुद्दामा कुनै कारबाही गर्न हुँदैन र शुल्क दाखिल नगरी दर्ता भएको भए त्यस्ता मुद्दा खारेज हुन्छ। | देकासं<br>दफा ६३(१), ६४ |
| **अदालती शुल्क नलाग्ने मुद्दाहरू** | **देहायका मुद्दामा अदालती शुल्क लाग्दैनः**<br>• नेपाल सरकार वा प्रदेश सरकार बादी हुने मुद्दा,<br>• स्थानीय तहको क्षेत्राधिकार भित्रको सार्वजनिक वा सरकारी सम्पत्तिको उपयोग सम्वन्धी मुद्दा,<br>• नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको निकायबाट कारबाही हुने नेपाल सरकारको हकहित वा सरोकार निहीत रहेको मुद्दा, | दफा ६३(२)(३) |
| **अदालती शुल्क पछि बुझाउन पाउने सुविधा** | • अदालती शुल्क दाखिल गर्नुपर्ने व्यक्तिले निम्न आधार देखाई अदालती शुल्क दाखिल गर्न असमर्थ रहेको भनी निवेदन गर्न सक्छन्:<br>- आफ्नो आर्थिक अवस्था अत्यन्त कमजोर भै अदालती शुल्क पूर्ण वा आंशिक रूपमा बुझाउन असमर्थ भएको,<br>- मुद्दा परेको बाहेक निवेदकसँग अन्य सम्पति केही नभएको<br>• सुविधा माग गर्दा उल्लिखित व्यहोरा खुलाइ स्थानीय तहले गरेको सिफारिस निवेदन साथ पेश गर्नुपर्छ। | ६५(१) (क) र (ख) |

| | | |
|---|---|---|
| | • यसरी परेको निवेदन न्यायाधीशले जाँचबुझ गर्दा सो व्यहोरा मनासिब देखिए पर्चा खडा गरी पूर्ण वा आंशिक अदालती शुल्क पछि लिने गरी सुविधा दिने आदेश गर्न सकिन्छ।<br>• आदेश भएमा के कति शुल्क लिएको हो र के कति लिन बाँकी छ भनी मिसिलमा देखिने गरी अभिलेख राख्नु पर्छ।<br>• फैसला हुँदा तपसिल खण्डमा समेत लिएको र लिन वाँकि अदालती शुल्कको विवरण खुलाउनु पर्छ। | |
| **सम्पतिको मूल्य वा बिगो खुलाउने** | • फिरादपत्र दिँदा दाबी गरिएको वा दाबी छुटाई पाउँ भनेकोमा सम्पतिको मूल्य वा बिगो रकम यकिन गरी खुलाउनु पर्छ।<br>• कसैले गरिदिनुपर्ने गरिदिएन, गर्नु नपर्ने कुरा गऱ्यो वा गर्न लाग्यो भन्ने मात्र दाबी भएकोमा पछि मूल्य वा बिगो दिलाउने गरी निर्णय गर्नुपर्ने भएमा निर्णय गर्नु अघि बादीबाट मूल्य वा बिगो बमोजिम अदालती शुल्क दाखिल गराउनुपर्छ। | दफा ६६(१), (२) र (३) |
| **दाबीको बिगो वा मूल्य कायम गर्ने आधार**<br><br>**(अचल सम्पत्ति)** | • अचल सम्पतिको हककायम वा दाबी छुटाईपाऊ भन्ने मुद्दामा अदालती शुल्क लिंदा निम्न प्राथमिकताको आधारमा मूल्य वा बिगो कायम गर्नुपर्छः<br>○ मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरेको मूल्य<br>○ करको प्रयोजनको लागि कानून बमोजिम निर्धारित मूल्य,<br>○ स्थानीय चलन चल्तिको मूल्य, | दफा ६७ |
| **अदालती शुल्क लिंदा आधार लिईने मूल्य वा बिगो**<br><br>**(अचल बाहेक)** | **अदालती शुल्क लिंदा देहायका मूल्य वा बिगोका आधारमा लिनुपर्छः**<br>• नगदको हक कायम गर्नु वा दाबी छुटाई दिनु पर्ने मुद्दामा जति रकम हक कायम गर्नु वा छुटाउनु पर्ने हो त्यस्तो अङ्क,<br>• सुन, चाँदी, रत्न वा जवाहरत समेत दिलाउन वा दाबी छुटाउन पर्नेमा नेपाल राष्ट्र बैङ्कले कायम गरेको दरले हुन आउने अङ्क,<br>• त्यस्तो दर कायम नभएकोमा प्रचलित बजार मूल्यको आधारमा हुन आउने अङ्क,<br>• माथि उल्लेख भए बाहेक अन्य चल सम्पत्ति दिलाउनु वा छुटाउनु पर्ने मुद्दामा त्यस्तो सम्पत्तिको प्रचलित बजार मूल्यका आधारमा हुन आउने अङ्क,<br>• त्यस्तो चल सम्पत्तिको प्रचलित बजार मूल्य यकिन नभएमा बादीले कायम गरेको मूल्य वा बिगोको अङ्क,<br>• धितोपत्र, ऋणपत्र दिलाउन वा दाबी छुटाउनु पर्ने भए धितोपत्र बजारले कायम | दफा ६८ |

| | | | |
|---|---|---|---|
| | गरेको मूल्य,<br>• जग्गाको आयस्ता दाबी गरेकोमा अघिल्लो सालको आयस्ताको अङ्क,<br>• विपद् परेको जग्गाको आयस्ता मिन्हा गरी दिएन भन्ने दाबी गरेकोमा मिन्हा गर्न दाबी गरेको अङ्क,<br>• जग्गाको आयस्ता बाहेक अन्य मिन्हा गर्न दाबी गरेकोमा त्यसरी मिन्हा गर्न दाबी गरेको अङ्क,<br>• **गुठीको सम्बन्धमा देहाय बमोजिम बिगोको आधारमा शुल्क लाग्छः**<br>➢ महन्त्याइँ, पूजारी, भण्डारे आदिको हक दाबी गरेको, दाबी छुटाई दिनु पर्ने वा त्यस्तो कामबाट छुट्कारा गरी पाउँ भन्ने दाबी गरेकोमा गुठीको काम चलाई खान पाउने शेष बाँकीको अङ्कबाट,<br>➢ अरु दाबी गरेकोमा ठेकिएको जग्गाको अङ्क वा बिगोबाट<br>➢ जग्गा नठेकिएकोमा खान पाउने एक सालको खान्गी आयस्ताको अङ्कबाट,<br>• ठेक्का रकमको हक दाबी गरेको वा हक दाबी छुटाई दिनु पर्नेमा ठेक्का अङ्क र आयस्ता नोक्सानी मात्र दाबी गरेकोमा दाबी गरेको आयस्ता नोक्सानीको अङ्क,<br>• अचल सम्पत्ति बन्धकीको हकमा लिखतको बिगोको अङ्क,<br>• दामासाही वा भाखा गरी दिनु पर्नेमा असामीले देखाएको बिगोको अङ्क,<br>• तलब, भत्ता वा किस्ता दाबी गरेमा त्यस्तो दाबीको अङ्क,<br>• ज्याला, मजुरी, नोक्सानी, हर्जाना दाबी गरेकोमा त्यस्तो दाबी गरेको मूल्यको अङ्क,<br>• साँवा, मुनाफा, लाभांश, बोनस, दान बकस, ब्याज, घर पसल, बहाल वा कुनै सम्पत्ति दाबी गरेकोमा त्यस्तो सम्पत्तिको अङ्क,<br>• कुनै क्षतिपूर्ति दाबी गरेकोमा त्यसरी दाबी गरेको अङ्क,<br>• करार बमोजिम गराई वा भराई पाउन दाबी गरेकोमा त्यसरी गराउन वा भराउन दाबी गरेको अङ्क। | | |
| **अदालती शुल्कको दर** | **फिराद वा प्रतिदाबीमा दाबी लिएको बिगोको आधारमा देहायबमोजिम अदालती शुल्क लिनुपर्छः** | | दफा ६९ |
| | क) पहिलो रु. २५,०००। सम्मको | रु ५००।- | |

| | | | |
|---|---|---|---|
| | ख) रु. ५०,०००।- सम्म भए दोस्रो<br>रु. २५,०००।- सम्मको | ५ % ले रु १२५०।सम्म | |
| | ग) रु. १,००,०००।-सम्म भए तेस्रो<br>रु ५०,०००।- सम्मको | ३.५% ले रु<br>१७५०। सम्म | |
| | घ) रु. ५,००,०००।-सम्म भए चौथो<br>रु ४,००,०००।- सम्मको | २% ले रु<br>८०००। सम्म | |
| | ङ) रु. २५,००,०००।-सम्म भए पाँचौं<br>रु २०,००,०००।- सम्मको | १.५% ले रु<br>३०,०००। सम्म | |
| | च) रु. २५,००,०००।- भन्दा माथि जतिसुकै | १% | |
| **रु ५,००। अदालती शुल्क लाग्ने मुद्दा** | **देहायका मुद्दामा रु ५,००। अदालती शुल्क लिनुपर्छः**<br>• जग्गाको दर्ता, नामसारी वा त्यस्तो दर्ता वा नामसारी बदर,<br>• रसिद तथा भरपाईको दाबी,<br>• लिखत, भाखापत्र, जमानीपत्र, कबुलियत भरपाई आदि फट्टाको माग दाबी,<br>• घर वा जग्गामा बसेकोलाई उठाई वा उठ्न नपर्ने माग दाबी,<br>• बाँध, पैनी वा कुलो बनाउन वा त्यसबाट पानी ल्याउन दिएन वा रोलक्रम मिची पानी लगाएको दाबी,<br>• निकास, झ्याल वा ढोका खुला वा बन्द, झ्याल, ढोका वा कौशी राख्ने, थप्ने वा बन्द गर्ने माग दाबी,<br>• निषेधाज्ञा वा आदेशात्मक आदेश जारीको माग दाबी वा त्यस्तो आदेशको बदर,<br>• कुनै व्यक्तिको पूर्ण सक्षमता, अर्ध सक्षमता वा असक्षमता निर्धारण,<br>• सम्बन्ध विच्छेद,<br>• नाता कायम,<br>• कुनै व्यक्तिको मृत्युको सम्बन्धमा न्यायिक घोषणाको माग वा न्यायिक घोषणा बदर वा सोको संशोधन सम्बन्धी माग दाबी,<br>• दामासाहीको कारबाही प्रारम्भ गर्ने वा नगर्ने माग दाबी,<br>• गुठी सञ्चालक नियुक्ति वा बदर,<br>• संरक्षक नियुक्ति वा बदर, | | दफा ७०(१) |

| | | |
|---|---|---|
| | • माथवरको नियुक्ति वा बदर,<br>• फलोपभोगको दाबी वा बदर,<br>तर फलोपभोगको हकमा मूल्य उल्लेख भएकोमा मूल्यका आधारमा अदालती शुल्क लाग्नेछ।<br>• सुविधाभारको दाबी वा बदर। | |
| **रु १,०००।- अदालती शुल्क लाग्ने** | **निम्न अवस्थामा रु १,०००। अदालती शुल्क लिनुपर्छः**<br>• अंश लाग्ने सम्पतिमा अंशको भाग यकिन गरी वा दिलाई दिने माग दाबी भएकोमा<br>• लिखत वा कागज वदरको मागदाबी भएकोमा।<br>• मूल्य वा बिगो नखुलेका दफा ७० मा उल्लेख भए बाहेकका जुनसुकै मुद्दामा | दफा ७०(२),<br>दफा ७१(२) |
| **रु २,५००। एकमुष्ट अदालती शुल्क** | माथि उल्लिखित वाहेक बिगो नखुलेको अन्य कुनै करारका सम्बन्धमा भए रु २,५००। अदालती शुल्क लिनुपर्छ। | दफा ७०(३) |
| **निवेदन दस्तुर** | • अदालतमा दिइने निवेदनपत्रमा रू. १०।-दस्तुर लाग्छ। | दफा २८१ |
| **फिराद दस्तुर** | • फिरादपत्र दर्ता गर्दा फिराद दस्तुर रु २००।— लाग्छ। | दफा ९७ |
| **प्रतिउत्तर दस्तुर** | • प्रतिउत्तर दर्ता गर्दा रु २००।— दस्तुर लाग्दछ। | दफा १२५ |
| **अदालती शल्क लिने सम्बन्धी विशेष व्यवस्था** | **निम्न मुद्दामा देहायका आधारमा अदालती शुल्क लिनुपर्छः**<br>• बादी वा पुनरावेदकको (पक्षको) जिकिरबाट कुनै सम्पत्तिको हक बेहक गर्नु पर्ने भएमा त्यस्तो सम्पत्तिको मुल्य बिगोको आधारमा,<br>• अंश मुद्दामा पेश भएको फाँटवारीमा उल्लिखित सम्पत्तिको बिगोको हिसाबले,<br>• साँवा र ब्याज दुवै दाबी गरेकोमा फिरादपत्र दिएको मितिसम्मको ब्याजको हुने अङ्कबाट,<br>• ब्याजसमेत पाउने गरी फैसला भएकोमा फिरादपत्र दर्ता मितिदेखि फैसला कार्यान्वयन हुँदासम्म हुने ब्याजको। | दफा ७१,६८ |
| **मुद्दा परेको अघिल्लो दिनको मूल्य कायम** | अदालती शुल्कको प्रयोजनको लागि अचल बाहेक अरू सम्पत्तिको मूल्य कायम गर्दा मुद्दा दायर भएको अघिल्लो दिनको मूल्यलाई आधार लिनुपर्छ। | दफा ७२ |

| | | |
|---|---|---|
| **गर्नुपर्ने** | | |
| **पुनरावेदन गर्दा लाग्ने अदालती शुल्क** | • मूल्य वा बिगो खुलेको मुद्दामा जुनसुकै तहमा पुनरावेदन गर्दा चित्त नबुझेको हदसम्म फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको थप १५ प्रतिशत शुल्क लाग्छ।<br>• बिगो नखुलेको अंश मुद्दामा जुनसुकै तहमा पुनरावेदन गर्दा फिराद दर्ता गर्दा लागे सरहको अदालती शुल्क लाग्छ।<br>• पुनरावेदन गर्दा रु ३००।—पुनरावेदन दस्तुर लाग्दछ। | दफा ७३,२०८ |
| **पुनरावलोकन वा मुद्दा दोहोऱ्याई हेर्दा लाग्ने अदालती शुल्क** | मुद्दा पुनरावलोकन वा दोहोऱ्याई दिने आदेश भएमा जति कुरामा चित्त नबुझी मागदाबी गरेको हो सोही हदसम्म फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको थप १० प्रतिशत शुल्क लाग्छ। | दफा ७४ |
| **फैसला बमोजिम अदालती शुल्क र दण्ड जरिवाना बुझाउनु पर्ने** | • जुनसुकै तहमा पुनरावेदन दिंदा फैसलाबमोजिम निजले अर्को पक्षलाई भराई दिनुपर्ने ठहरेको अदालती शुल्क दाखिल गर्नुपर्छ।<br>• पुनराबलोकन वा मुद्दा दोहोऱ्याई पाउँ भनी निवेदन दिंदा फैसलाले अर्को पक्षलाई भराई दिनुपर्ने ठहरेको अदालती शुल्क दाखिल गर्नुपर्छ।<br>• फैसला बमोजिम लागेको दण्ड जरिवाना दाखिल नगरी वा सो वापत जमानत नदिई पुनरावेदन, पुनरावलोकन गरी वा दोहोऱ्याई पाउँ भन्ने निवेदन दर्ता गर्नु हुँदैन। | दफा ७५ |
| **अदालती शुल्क नगदमा दाखिल गर्नु पर्ने** | • अदालती शुल्क नगदमा दाखिल गर्नुपर्छ। शुल्क लिंदा ३ प्रति नगदी रसिद तयार गरी १ प्रति पक्षलाई दिई अर्को १ प्रति मिसिलसाथ राख्नु पर्छ।<br>• अदालती शुल्क एकलाख भन्दा बढी भए बढीमा एक वर्षसम्मको लागि क वर्गको ईजाजत प्राप्त बैङ्कको बैङ्क जमानत दिन सकिन्छ।<br>• त्यस्तो जमानत प्रत्येक वर्ष नवीकरण गराउनु पर्छ।<br>• नवीकरण गर्न नसक्ने भए एक वर्षको बैङ्क जमानत अवधि भुक्तानी हुनुभन्दा कम्तीमा एक महिना अगावै उक्त अदालती शुल्क नगदमै दाखिल गर्नुपर्छ।<br>• बैङ्क जमानत नवीकरण गर्न वा नगद दाखिल गर्न नसके सो मुद्दा खारेज हुन्छ। | दफा ७६, ६४ |

| | | |
|---|---|---|
| | • दाबी गरिएको वा विबादित सम्पत्ति राखी लिएको बैक ग्यारेण्टी स्वीकार गर्न हुँदैन। | |
| **नपुग अदालती शुल्क दाखिल गराउनु पर्ने** | • लाग्ने भन्दा कम अदालती शुल्क दाखिल गर्न ल्याएको भए तुरुन्त नपुग शुल्क दाखिल गर्न लगाउनु पर्छ।<br>• नपुग अदालती शुल्क तत्काल दाखिल गर्न नसकी म्याद मागेमा देहाय बमोजिम म्याद दिनुपर्छः<br>○ फिरादपत्र वा पुनरावेदनपत्र दिने अन्तिम म्याद ७ दिन बाँकी भए सो अवधिभित्र,<br>○ सो भन्दा कम अवधि वाँकी भए ७ दिन भित्र।<br>• फिरादपत्र वा पुनरावेदन पत्र दर्ता गरिसकेपछि घटी अदालती शुल्क बुझाएको वा लिएको थाहा हुन आए ७ दिन भित्र शुल्क दाखिल गर्न तारिख तोक्नु पर्छ। तारिखमा नहेको भए ७ दिनुको म्याद दिई शुल्क दाखिल गराउनु पर्छ।<br>• उक्त अवधिभित्र नपुग शुल्क दाखिल नगरेमा मुद्दाको कारबाही, सुनुवाई र किनारा हुन सक्दैन। | दफा ७७ |
| **बढी अदालती शुल्क फिर्ता गर्ने** | • पक्षबाट बढी अदालती शुल्क लिएको थाहा हुन आएको मितिले ३ महिना भित्र फिर्ता गर्नुपर्छ।<br>• फैसला भईसकेपछि पनि बढी तिरेको अदालती शुल्क फिर्ता पाउन पक्षले निवेदन दिएमा ३ महिनाभित्र फिर्ता दिनुपर्छ। | दफा ७८ |
| **अदालतले तोकेको अदालती शुल्क उपर उजुर दिन सकिने** | • अदालतले तोकेको अदालती शुल्कमा चित्त नबुझेमा मुद्दाको पक्षले सो शुल्क दाखिला गरी नसकेको भए ३ दिनभित्र र दाखिल गरी सकेको भए मुद्दा फैसला हुनु अघि नै न्यायाधीशसमक्ष उजुरी दिन सक्छ।<br>• अदालती शुल्क बढी लिएको देखिएमा न्यायाधीशले बढी शुल्क फिर्ता गर्न र जानी जानी बढी शुल्क लिने कर्मचारीलाई विभागीय कारबाही गर्ने आदेश दिनु पर्दछ।<br>• अदालती शुल्क बढी लिएको भन्ने उजुरी झुठा देखिएमा सो उजुर गर्ने व्यक्तिलाई जति शुल्क बढी लियो भन्ने दाबी लिएको हो त्यस्तो अङ्कको १५ प्रतिशत जरिवाना गर्नुपर्छ। | दफा ७९ |
| **घटी अदालती शुल्क लिए वा** | • कसैले घटी अदालती शुल्क बुझाउने मनसायले मूल्य वा बिगो घटाएमा सरोकारवाला पक्षले मुद्दा रहेको अदालतमा उजूरी दिन सक्छ। | दफा ८० |

| | | |
|---|---|---|
| **बुझाएबापत सजाय** | • उजुरी जाँचबुझ गर्दा वा उजुरी विना नै अदालतबाट मिसिल जाँचबुझ गर्दा घटी शुल्क दाखिल गर्ने मनसायले मूल्य वा बिगो घटाएको देखिएमा त्यस्तो पक्षलाई अदलती शुल्कको १५ प्रतिशत जरिवाना गरी नपुग शुल्क दाखिल गराउनु पर्छ।<br>• सो उजुरी झुठा ठहरेमा उजुरीकर्तालाई निजले नपुग अदालती शुल्क भनी दाबी लिएको अङ्कको ५ प्रतिशत जरिवाना गर्नुपर्छ।<br>• अदालती कर्मचारीले जानीजानी लिनुपर्ने भन्दा कम शुल्क लिएको देखिएमा निज उपर विभागीय कारबाही हुन्छ।<br>• घटी अदालती शुल्क लिएकोमा मुद्दा अन्तिम भएपछि त्यस्तो शुल्क सम्वन्धित पक्षबाट असुल उपर हुन नसकेमा घटी शुल्क लिने कर्मचारीबाट असुल गर्नुपर्छ। | |
| **अदालती शुल्क जफत हुने** | **निम्न अवस्थामा अदालती शुल्क जफत गर्नुपर्छः**<br>• अदालती शुल्क लागेको मुद्दामा बादी वा पुनरावेदक हारेमा,<br>• पुनरावलोकन वा दोहोऱ्याई पाउँ भन्ने निवेदनमा कारबाही हुँदा पहिलाको फैसला सदर भएमा। | दफा ८१ |
| **मुद्दा मिलापत्र, डिसमिस वा खारेज भएमा लाग्ने अदालती शुल्क** | **मिलापत्र, डिसमिस वा खारेज हुँदा अदालती शुल्कका सम्बन्धमा देहाय बमोजिम गर्नुपर्छः**<br>• अदालती शुल्क पूरै बुझाई दर्ता भएको मुद्दामा मिलापत्र गर्दा शुरु तहको अदालतमा प्रमाण बुझ्नु अघि भए २५ प्रतिशत,<br>• त्यसपछि जुनसुकै अवस्था र तहमा मिलापत्र गर्दा लाग्ने अदालती शुल्कको ५० प्रतिशत।<br>• लाग्ने भन्दा बढी भएको अदालती शुल्क बादी, पुनरावेदक वा सम्बन्धित पक्षलाई फिर्ता गर्नुपर्छ।<br>• पूरै वा केही पछि लिने गरी दर्ता भएको मुद्दामा मिलापत्र गर्दा लाग्ने अदालती शुल्क बादी वा पुनरावेदकबाट लिनुपर्छ।<br>• मुद्दा डिसमिस वा खारेज भएमा बुझाएको अदालती शुल्क फिर्ता हुँदैन।<br>• पूरै वा केही अदालती शुल्क पछि बुझाउने गरी दर्ता भएको मुद्दा डिसमिस वा खारेज भएमा बादी वा पुनरावेदकबाट बाँकी अदालती शुल्क असुल उपर गर्नुपर्छ।<br>• अदालती शुल्क पूरै बुझाई दर्ता भएको मुद्दा डिसमिस वा खारेज भएमा | दफा ८२ |

| | | |
|---|---|---|
| | बादी वा पुनरावेदकलाई कुनै सजाय हुँदैन।<br>• फिराद लेखाईबाट नै दर्ता हुन नसक्ने फिरादपत्र दर्ता भएको कारणबाट मुद्दा खारेज भएकोमा त्यस्तो मुद्दामा लिईएको अदालती शुल्क फिर्ता गर्नुपर्छ।<br>• रितपूर्वक मिलापत्र, डिसमिस वा खारेज भएको मुद्दा जागी पुनः कारबाही हुने भएमा जसको उजुरीबाट जागेको हो निजले लाग्ने अदालती शुल्क दाखिल गर्नुपर्छ। | |
| **अदालती शुल्क भराई दिने** | **निम्न अवस्थामा हार्ने पक्षबाट जित्ने पक्षलाई देहाय बमोजिमको अदालती शुल्क भराई दिनुपर्छः**<br>• एक जनाभन्दा बढी प्रतिबादी वा पुनरावेदक भए जति जनाबाट जतिका दरले बिगो भरी पाउने ठहरेको हो त्यस्तो बिगोको हिसाबले,<br>• हक दाबी छाड्नु छुटाउनु पर्ने कुरामा जति जनाबाट जति हक दाबी छाड्नु छुटाउनु पर्ने हो त्यति नै जनाबाट सोही हिसाबले,<br>• अन्य अवस्थामा हार्ने जति जना प्रतिबादी वा प्रत्यर्थी छन् त्यति जनाबाट समानुपातिक हिसाबले,<br>• केही वा पूरै अदालती शुल्क नराखी फिरादपत्र दर्ता भएकोमा बादी वा पुनरावेदकले जिते लाग्ने ठहरेको अदालती शुल्क अर्को पक्षबाट दण्ड जरिबाना सरह असुल उपर गर्नुपर्छ।<br>• जति विषयमा दाबी पुग्ने ठहरेको हो त्यतिका हिसाबले लाग्ने अदालती शुल्क अर्को पक्षबाट भराई दिनुपर्छ।<br>• केही वा पूरै अदालती शुल्क नराखी दायर भएको मुद्दा बादी वा पुनरावेदकले हारेमा लाग्ने बाँकी शुल्क निजहरूबाटै असुल गर्नुपर्छ।<br>• बादी वा पुनरावेदकले भरी पाउने ठहरेको अदालती शुल्क भरी नपाउदै प्रतिबादी वा प्रत्यर्थीको मृत्यु भएमा त्यस्तो अदालती शुल्क निजको अपुताली खानेबाट भराई दिनुपर्छ।<br>• पुनरावेदन, पुनरावलोकन गरी वा दोहोऱ्याई पाउँ भन्ने मुद्दामा पुनरावेदक वा निवेदकले आंशिक वा पूर्ण रूपमा जितेमा जिते जतिमा लाग्ने ठहरिएको अदालती शुल्क प्रत्यर्थीबाट भराई लिन पाउँछ। | दफा ८३ |

| | | |
|---|---|---|
| **अधिकृत वारिसनामा प्रमाणित दस्तुर** | जिल्ला अदालतबाट अधिकृत वारिसनामा प्रमाणित गर्दा रु ५००। दस्तुर लाग्दछ। | दफा १५३ |
| **फैसला कार्यान्वयन गर्दा लाग्ने दस्तुर** | • **बिगो भराउदाः** बिगो भराई पाउने व्यक्तिबाट बिगोको ३ प्रतिशत<br>• **अंश बण्डा गराउँदाः** बण्डा छुट्याईएको सम्पत्तिको २.५ प्रतिशत<br>• **चलन चलाउँदाः** सम्पत्तिको बिगो खुलेको भए बिगोको ३ प्रतिशत र बिगो नखुलेको भए रु. १,०००।<br>• **थप दस्तुरः** फैसला कार्यान्वयनको सिलसिलामा थमाउन पाउने म्याद तारिख गुज्रेकोमा ६ महिनाभित्र कार्यान्वयन गर्न आए लाग्ने दस्तुरको १० प्रतिशत र १ बर्ष भित्र आए २५ प्रतिशत थप दस्तुर लाग्ने।<br>• **पुनः चलन चलाउँदाः** कुनै दस्तुर नलाग्ने।<br>• **अदालती शुल्क नलागेको मुद्दामा कुनै रकम भराउदाः** बिगोको ५ प्रतिशत<br>• **अदालतबाट भाखा गराई दिएको, कागजपत्र दिलाई दिएको वा असामी बण्डा गरिदिएकोमाः** कुनै दस्तुर लाग्दैन। | दफा २३६, २३९ -<br>२४२, २४९, २८१ |
| **प्रतिलिपि सार्दा लाग्ने दस्तुर** | • प्रतिलिपि लिदा आफैंले सारी लिने भए प्रति पृष्ठ रु ५। र अड्डाबाट सारी दिने भएमा रु १०। दस्तुर लाग्छ। | दफा ४६ |
| **अदालती शुल्कलाई प्राथमिकता** | अदालती शुल्क भराईसकेपछि मात्र फैसला बमोजिम बिगो, दण्ड, जरिबाना, अदालती शुल्क लगायत अन्य दस्तुर वा शुल्क भराउनु वा लिनुपर्छ। | दफा ८४ |

परिच्छेद-पाँच

# म्याद तामेली

मुद्दा दर्ता भएपछि अर्को पक्षलाई सुनुवाईको मौका दिनुपर्छ। सुनुवाईको मौका नदिई भएको काम कारबाही प्राकृतिक न्यायको सिद्धान्त विपरित हुन्छ। यसै प्रयोजनका लागि मुद्दा परेको व्यहोरा खुलाई सो मुद्दाका सम्बन्धमा आफ्नो भनाई राख्नको लागि निश्चित अवधिभित्र सबुद प्रमाण सहित अदालतमा उपस्थित हुनु भनी मुद्दा परेको व्यक्ति वा संस्थालाई सूचना दिनुपर्छ। यसरी दिइने सूचनालाई म्याद र सो सूचना बुझाउने प्रक्रियालाई म्याद तामेली भनिन्छ। यस्तो सूचनालाई देवानी मुद्दामा ईतलायनामा र फौजदारी मुद्दामा समाव्हान भनिन्छ। कानूनमा तोकिएको प्रक्रिया पूरा गरी बुझाएपछि वा तामेल भएपछिमात्र त्यस्तो म्यादले बैधता प्राप्त गर्दछ। देवानी कार्यविधि संहितामा म्याद तामेली प्रक्रिया सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छः

| **विषय** | **कार्यविधि** | **कानूनी व्यवस्था** |
|---|---|---|
| **बादी वा कानून व्यवसायी मार्फत म्याद बुझाउने प्रक्रिया।** | • प्रतिबादीलाई बादी आफैंले वा निजको कानून व्यवसायी मार्फत म्याद बुझाउन चाहेमा सो कुरा फिरादपत्रमा उल्लेख गर्नुपर्छ।<br>• यसरी बादी आफैंले वा निजको कानून व्यवसायीले म्याद बुझाउन चाहेमा सोही दिन २ प्रति म्याद, १/१ प्रति फिरादपत्र र प्रमाण कागजको नक्कल निजहरूलाई बुझाउनु पर्छ।<br>• उक्त म्याद बुझाएको भरपाई गराई मिसिल संलग्न राखी सो को अभिलेख नियमावलीको अनुसूची २ बमोजिम समेत राख्नुपर्छ।<br>• यसरी बुझेको म्याद बादी वा निजको कानून व्यवसायीले फिरादपत्र दर्ता भएको मितिले वाटाका म्याद बाहेक ३ दिनभित्र प्रतिबादीलाई बुझाई प्रतिबादीको भरपाई गराउनु पर्छ।<br>• प्रतिबादीले म्याद बुझी गरिदिएको भरपाई र निजले सहीछाप गरी बुझेको १ प्रति म्याद प्रमाणको लागि बादी वा कानून व्यवसायीले म्याद बुझाएको ७ दिन भित्र अदालतमा दाखिला गरनुपर्छ।<br>• प्रतिबादीले त्यस्तो म्याद बुझी नलिएमा तामेल गर्ने म्याद नाघेको मितिले २ दिन भित्र सो व्यहोराको प्रतिवेदन निजहरूले अदालतमा पेश गरनुपर्छ। | दफा ९१<br>देकानि १५ |

| | | |
|---|---|---|
| **अदालतबाट म्याद जारी गर्ने** | • बादी वा निजको कानून व्यवसायीले म्याद तामेल नगरी फिर्ता गरेकोमा सो मितिले र अन्य अवस्थामा फिराद दर्ता भएको मितिले ३ दिन भित्र म्याद जारी गर्नुपर्छ।<br>• यसरी म्याद जारी गर्दा एक जना वा सो भन्दा बढी प्रतिबादी भए प्रत्येकलाई म्यादको ३ प्रति र फिरादपत्र तथा प्रमाण कागजको नक्कल १/१ प्रति पठाउनुपर्छ।<br>• तर प्रतिबादीहरू एकाघरका व्यक्ति भए जतिसुकै प्रतिबादी भए पनि फिरादपत्र र प्रमाणको नक्कल १ प्रति मात्र पठाए पनि हुन्छ।<br>• म्याद तामेल गर्ने कार्य सम्पन्न भएपछि तामेल गर्ने कर्मचारीले अदालतमा हाजिर भएको भोलिपल्ट सम्ममा मुद्दागत रुपमा प्रतिबेदन पेश गर्नुपर्छ।<br>• प्रतिबादीले म्याद बुझिसकेपछि प्रतिउत्तर गर्नु अगाडि मिसिलमा भएका कागजपत्रको नक्कल माग गर्न आएमा प्रमाणित गरी दिनुपर्छ। | दफा 100, १०२<br>देकानि १५ |
| **म्यादको अवधि** | • प्रतिबादीका नाउँमा बाटाका म्याद बाहेक २१ दिनको अवधि तोकि म्याद जारी गर्नुपर्छ।<br>• फिराद दाबीको विषयमा प्रतिबादी बाहेक दफा १२३ बमोजिम प्रतिबादी कायम भएका अन्य व्यक्तिका नाउँमा वाटाका म्याद बाहेक ७ दिनको म्याद जारी गर्नुपर्छ। | दफा 101, १२३ |
| **अदालतबाट म्याद तामेल गर्ने कार्यविधि** | **अदालतबाट म्याद तामेल गर्दा देहाय बमोजिम गर्नुपर्छः**<br>• म्याद तामेल गर्ने कर्मचारीले म्याद बुझेको मितिले वाटोको म्याद बाहेक ७ दिनभित्र म्याद तामेल गर्नुपर्छ।<br>• उक्त अवधिभित्र म्याद तामेल हुन नसके सोको कारण सहित निजले अदालतमा प्रतिवेदन दिनुपर्छ। | दफा 104 |

| | | |
|---|---|---|
| | • तामेलदारले सम्बन्धित व्यक्ति चिनेको भए सोही व्यहोरा जनाई निजलाई म्याद बुझाउन सक्छ।<br>• अन्य अवस्थामा प्रतिबादी वसोवास गरेको ठेगानामा गई घर डेरा पत्ता लगाई सम्बन्धित व्यक्तिलाई म्याद बुझाई तामेल गर्नुपर्छ।<br>• म्यादवाला व्यक्ति फेला नपरे एकाघरका उमेर पुगेका अन्य व्यक्तिलाई बुझाउनु पर्छ।<br>• म्यादवाला व्यक्ति वा निजको एकाघरको उमेर पुगेका व्यक्ति फेला नपरे वा म्याद बुझि नलिए बसोवास गरेको घर डेरामा म्याद टाँसी तामेल गर्नुपर्छ।<br>• सम्वन्धित व्यक्ति चिनेको अवस्थामा वाहेक अन्य अवस्थामा म्याद तामेल गर्दा सम्बन्धित वडा अध्यक्ष, वडा सदस्य, सचिव वा कुनै सरकारी कर्मचारी र कम्तिमा २ जना स्थानीय व्यक्तिलाई रोहवरमा राख्नु पर्छ। | दफा १०५ |
| | • म्याद बुझाईसकेपछि तामेलदारले कुन व्यहोराबाट म्याद तामेल गरेको हो सो कुरा अदालतमा दाखेला गर्ने म्यादको पीठमा जनाई मिति र समय समेत खुलाई प्रष्ट बुझिने सहीछाप गरी अदालतमा बुझाउनुपर्छ।<br>• घर दैलामा म्याद टाँस गरेकोमा तेस्रो प्रति म्याद स्थानीय तहमा बुझाई त्यसको छुट्टै भरपाई गराई वा म्यादको पीठमा सो व्यहोरा जनाई सहीछाप गराउनु पर्छ।<br>• त्यसरी बुझेको म्याद स्थानीय तहले आफ्नो सूचना पाटीमा टाँस गर्नुपर्छ। | दफा १०५ |
| **संगठित संस्था वा सरकारी निकायलाई म्याद बुझाउदा** | • संगठित संस्थाको म्याद तामेल गर्दा त्यस्तो संस्थाको रजिष्टर्ड कार्यालय, प्रधान कार्यालय वा कारोवरको मुख्य कार्यालयमा मुख्य भई काम गर्ने व्यक्तिलाई बुझाउनु पर्छ।<br>• "मुख्य भै काम गर्ने व्यक्ति" भन्नाले सङ्गठित संस्थाको प्रमुख कार्यकारी अधिकृत, संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, प्रबन्ध सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक वा कम्पनी सचिव समेत पर्दछन्।<br>• मुख्य व्यक्ति उपलब्ध नभए त्यस्तो कार्यालयमा कार्यरत कुनै | दफा १०५, १०८ |

| | | |
|---|---|---|
| | पदाधिकारी वा कर्मचारीलाई समेत बुझाउन सकिन्छ।<br>• सरकारी कार्यालय, संवैधानिक निकाय वा अदालतको नाउँको म्याद त्यस्तो कार्यालयको प्रमुख, प्रशासकीय प्रमुख वा त्यस्तो जिम्मेवारी पाएको पदाधिकारी वा निमित्त भई काम गर्ने पदाधिकारीलाई बुझाई तामेल गर्नुपर्छ।<br>• त्यस्ता पदाधिकारी उपलब्ध नभए उक्त कार्यालय, निकाय वा अदालतमा कार्यरत कुनै पदाधिकारी वा कर्मचारीलाई वा हुलाक मार्फत तामेल गर्न सकिन्छ।<br>• त्यस्ता कार्यालय, निकाय वा संस्थामा कार्यरत पदाधिकारी वा कर्मचारीका नाउँमा पदीय हैसियतमा जारी भएको म्याद त्यस्ता कार्यालयका पदाधिकारी वा कर्मचारीलाई नै बझाउनु पर्छ।<br>• त्यसरी तामेल हुन नसके कारण सहित ३ दिन भित्र अदालतमा प्रतिवेदन दिनु पर्छ।<br>• उक्त प्रतिवेदन परेपछि त्यस प्रकृतिका म्याद हुलाक मार्फत तामेल गर्न आदेश दिन सकिन्छ।<br>• त्यस्ता म्याद हुलाक मार्फत तामेल गर्न रजिष्ट्री पत्रसाथ पठाउनु पर्छ र म्यादको फिर्तिरसिद मिसिल संलग्न राख्नुपर्छ।<br>• कुनै स्थानीय तहको क्षेत्रभित्र वसोवास गर्ने व्यक्तिको घरधुरी वा ब्लक नम्बरको अभिलेख कायम भए सो ठाउँमा म्याद तामेल गर्नुपर्छ।<br>• त्यस्ता व्यक्तिको कारोबार व्यवसाय वा कुनै विषयमा हुलाकद्वारा म्याद तामेल गर्न सक्ने गरी अदालतले मञ्जूरी दिएमा सम्बन्धित व्यक्तिलाई सोही बमोजिम म्याद सूचना तामेल गर्न सकिन्छ। | |
| **अदालतमा नै म्याद तामेल गर्न सक्ने अवस्था** | **अदालतमा उपस्थित रहेका देहायका व्यक्तिहरूको नाउँको म्याद अड्डैमा बुझाई तामेल गर्न सकिन्छः**<br>○ सम्वन्धित अदालतका कर्मचारी वा पदाधिकारी,<br>○ सम्बन्धित अदालतमा अर्को कुनै मुद्दामा तारेखमा रहेको पक्ष,<br>○ सम्बन्धित अदालतमा कुनै मुद्दामा पक्षको प्रतिनिधित्व गर्ने वारिस,<br>○ सम्बन्धित अदालतमा कानून व्यवसायको सिलसिलामा | दफा 106, १०७ |

| | | |
|---|---|---|
| | उपस्थित भएको कानून व्यवसायी,<br>○ कुनै मुद्दामा साक्षीको रुपमा उपस्थित भएको व्यक्ति,<br>• मनासिव कारण बेगर म्याद बुझि नलिने उल्लिखित व्यक्तिहरूले म्याद नबुझेसम्म निजहरूलाई वारेसको हैसियतमा प्रतिनिधित्व गर्न, तारिख लिन, कानून व्यवसाय गर्न वा साक्षीको हैसियतमा वकपत्र गर्न रोक लगाउनु पर्छ।<br>• कुनै व्यक्ति अदालतमा उपस्थित भै आफैंले म्याद बुझि लिन निवेदन गरेमा निजलाई अड्डाकै रोहवरमा म्याद बुझाई तामेल गर्नु पर्दछ। | |
| **हुलाक, विद्युतीय माध्यम वा पत्रिका मार्फत म्याद तामेली** | • कुनै पनि व्यहोराबाट म्याद तामेल गर्न नसकेको स्थितिमा तामेलदारले प्रतिवेदन दिए म्यादवाला व्यक्तिलाई हुलाक मार्फत तामेल गराउन आदेश दिई सो बमोजिम तामेल गराउन सकिन्छ।<br>• पक्ष विपक्षले एक अर्काबाट सूचना गर्न वा विवादको सम्बन्धमा म्याद पठाउन ईमेल फ्याक्स जस्ता विधुतीय सूचना आदान प्रदान गर्ने ठेगानाको व्यवस्था गरेको भए विधुतीय सूचना मार्फत समेत तामेल गर्न सकिन्छ।<br>• कुनै पनि व्यहोराबाट म्याद तामेल हुन नसके राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रकाशन गरी म्याद तामेल गर्न सकिन्छ।<br>• राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी म्याद तामेल गर्दा लागेको खर्च सम्बन्धित पक्षबाट लिनुपर्छ।<br>• त्यस्तो म्याद सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रकाशन हुने राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सर्वोच्च अदालतले निर्धारण गरेको दिन प्रकाशन गर्नुपरछ। | दफा १०५(२०), (२१), (२२)<br>२८२ |
| **घर ठेगाना पत्ता नलागेका व्यक्तिको म्याद तामेली** | • घर ठेगाना पत्ता नभएको व्यक्तिको नामको म्याद सूचना **गाउँ शहर, टोल** लेखिएको भए सोही ठेगानामा र उक्त ठेगाना पत्ता नलागे सोही व्यहोरा जनाई **अदालतको सूचना पाटीमा** टाँस गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी तामेल गर्न सकिन्छ। त्यसरी पत्रिकामा प्रकाशन गर्दा लागेको खर्च सम्वन्धित पक्षले ब्यहोर्नु पर्नेछ। | दफा ११४, २८२ |

| | | |
|---|---|---|
| | • त्यस्तो म्याद सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रकाशन हुने राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सर्वोच्च अदालतले निर्धारण गरेको दिन प्रकाशन गर्नुपरछ। | |
| **तामेली म्याद रित पुगे नपुगेको जाँचबुझ/ म्याद बदर** | • तामेली प्रतिबेदनसाथ पेश भएको म्याद रित पुगे नपुगेको जाँच गर्नुपर्छ। म्याद नै तामेल भएको छैन वा बेरितसँग तामेल भएको छ भनि कुनै पक्षले उजुरी समेत गर्न सक्छ।<br>• प्रतिबेदनसाथ पेश भएको म्याद जाँचगर्दा वा उजुरीको व्यहोरा सत्य देखिएमा सो म्याद बदर गरी पुनः म्याद जारी गरी तामेल गर्न लगाउनुपर्छ। | दफा ११०, १११,११७ |
| **वारिस वा कानून ब्यबसायिलाई म्याद तामेल गर्न सकिने** | • म्याद बुझि लिन कुनै व्यक्तिले कानून बमोजिम वारेस, अधिकृत वारेस वा कानून व्यवसायी नियुक्त गरेको भए त्यस्तो व्यक्तिलाई भरपाई गराई म्याद बुझाउन सकिन्छ। | दफा ११३ |
| **बेईलाकाको म्याद तामेली** | • प्रादेशिक क्षेत्राधिकार बाहिरको व्यक्तिको म्याद निज रहे बसेको ईलाकाको अदालतमा पठाई तामेल गराउनु पर्छ। त्यसरी म्याद पठाउदा विधुतीय माध्यम प्रयोग गर्न सकिन्छ।<br>• ईलाका बाहिरको व्यक्तिको नाउँको म्याद सूचना तामेल गर्न अन्य अदालतमा पठाउँदा अभिलेख राखी पठाउनुपर्छ।<br>• त्यस्तो म्याद प्राप्त भएपछि सो अदालतले रित पुर्वक तामेल गराई तामेली प्रति म्याद जारी गर्ने अदालतमा पठाउनु पर्छ। | दफा ११५<br>देकानि१५ |
| **विदेशमा रहे बसेका पक्षका नामको म्याद तामेल** | • मुद्दाको कुनै पक्ष विदेशमा रहे बसेको भए त्यस्ता पक्षको नाममा म्याद तामेल गर्नु पर्दा पारस्परिक कानूनी सहायता सम्बन्धी प्रचलित कानून बमोजिम तामेल गर्न सकिन्छ।<br>• त्यसरी जारी भएको म्याद तामेल भएको सूचना प्राप्त भएकोमा नेपाल सरकारले सोको जानकारी यथाशीघ्र सम्बन्धित अदालतलाई दिनु पर्छ । | देकानि १७ |
| **म्याद तामेलीमा असहयोग गर्नेलाई सजाय हुने** | • स्थानीय तहका वडा अध्यक्ष, सदस्य, सचिव, सरकारी कर्मचारी र स्थानीय व्यक्तिले साक्षी वसी म्याद तामेल गर्न सहयोग गर्नुपर्छ।<br>• त्यस्तो कार्यमा सहयोग नगरेमा तामेलदारले सो को प्रतिवेदन | दफा १०८, 109<br>देकानि १६ |

| | | |
|---|---|---|
| | दिनुपर्छ।<br>• म्याद तामेली कार्यमा असहयोग गरेको वा बाधा बिरोध गरेको भन्ने व्यहोराको प्रतिवेदन वा उजूरी प्राप्त हुन आएमा त्यस्तो प्रतिवेदन वा उजूरी इजलास समक्ष पेश गर्नुपर्छ।<br>• प्रतिवेदन वा उजूरीका सम्बन्धमा इजलासले सम्बन्धित व्यक्तिलाई झिकाई बुझ्न सक्छ।<br>• उक्त प्रतिबेदन व्यहोरा मनासिव देखिएमा म्याद तामेलीमा असहयोग गर्ने व्यक्तिलाई रु ५०००।सम्म जरिवाना गर्न सकिन्छ। | |
| **म्याद तामेल गर्ने व्यक्तिलाई हुने जरिवाना** | • तामेलदारले घर दैलामा टाँस गरेको म्यादको तेस्रो प्रति स्थानीय तहमा नबुझाएमा निजलाई पटकै पिच्छे रु १०००।— सम्म जरिवाना गरी विभागिय कारबाही गर्न समेत आदेश हुन सक्छ। | दफा 112 |
| **बेरितसँग म्याद तामेल गर्ने र वाधा विरोध गर्नेलाई हुने सजाय** | • निम्न अवस्थामा वेरितसँग म्याद तामेल गर्ने गराउने वा बाधा विरोध गर्नेलाई **रु १०,०००।— सम्म जरिवाना वा १ महिनासम्म कैद वा दुवै सजाय** हुन सक्छः-<br>- अदालतले जारी गरेको म्याद मनासिव कारण विना तामेल नगराएकोमा,<br>- झुठ्ठा व्यहोरा लेखाई वा झूठ्ठा व्यहोरा पारी म्याद तामेल गरे गराएकोमा,<br>- म्याद सूचना तामेल गर्न बाधा विरोध गरेकोमा,<br>- टाँसेको म्याद च्याते वा उक्काएकोमा,<br>• त्यस्तो कारबाही प्रारम्भ गर्दा तामेलदारको प्रतिवेदन वा कसैको उजुरीका आधारमा गर्न सकिन्छ।<br>• त्यस्तो प्रतिवेदन वा उजूरी प्राप्त हुन आएमा इजलास समक्ष पेश गर्नुपर्छ।<br>• प्रतिवेदन वा उजूरीका सम्बन्धमा इजलासले सम्बन्धित व्यक्तिलाई झिकाई बुझ्न सक्छ। | दफा ११६<br>देकानि १६ |
| **रितपूर्वक म्याद तामेल नभै फैसला भएमा प्रतिउत्तर सरहको** | • रितपूर्वक म्याद तामेल नभएको कारण मुद्दामा प्रतिउत्तरपत्र पेश गर्न नपाई एकतर्फी फैसला भएको व्यहोरा उल्लेख गरी | दफा 118<br>देकानि<br>नियम १८ |

| | | |
|---|---|---|
| **पुनरावेदन** | प्रतिबादीले पुनरावेदन सुन्ने अदालतमा फैसला भएको ६ महिनाभित्र थाहा पाएको ३५ दिनभित्र प्रतिउत्तर सरहको पुनरावेदन दिन सक्छ।<br>• त्यस्तो प्रतिउत्तर सरहको पुनरावेदन प्राप्त भएमा उच्च अदालतले तल्लो तहको अदालतबाट सम्बन्धित मिसिल झिकाई इजलास समक्ष पेश गर्नुपर्छ।<br>• त्यसरी प्रतिउत्तर सरहको पुनरावेदन परेपछि सुनुवाई गर्नु अघि म्याद रितपूर्वक तामेल भए नभएको विषयको ठहर गर्नुपर्छ।<br>• रित पूर्वक म्याद तामेल नभएको भन्ने पुनरावेदन अदालतबाट ठहर भएमा तल्लो अदालतबाट भएको एकतर्फि फैसला बदर गरी पुनरावेदनपत्रलाई नै प्रतिउत्तर कायम गरी कानून बमोजिम मुद्दाको पुनः कारबाही, सुनुवाई र किनारा गर्न हाजिर हुन जानूभनी पक्षलाई तारिख तोकी मिसिल तल्लो अदालतमा पठाउनु पर्छ।<br>• त्यसरी आदेश सहित मिसिल प्राप्त भएमा सम्बन्धित अदालतले बादीका नाउँमा ७ दिने म्याद जारी गरी झिकाई मुद्दाको कारबाही गर्नुपर्छ। | |

### परिच्छेद-छ

## प्रतिउत्तर तथा प्रतिदाबी

फिरादपत्रमा प्रतिबादी बनाईएका व्यक्तिले फिराद दाबी स्वीकार वा ईन्कार गरी पेश गरेको लिखित जवाफलाई प्रतिउत्तरपत्र भनिन्छ। फिरादपत्रमा प्रतिबादी बनाईएका बाहेक मुद्दाको कारबाहीको रोहमा कसैको हक, हित वा सरोकार निहीत रहेको देखिएमा त्यस्तो व्यक्ति समेत अदालतको आदेशले प्रतिबादी कायम हुन सक्छ। त्यसैगरी दुई पक्षकाबीच चलेको मुद्दामा आफ्नो समेत प्रत्यक्ष सरोकार रहेकोले पक्ष कायम गरि पाऊ भनी तेस्रो पक्षले निवेदन दिएमा व्यहोरा मनासिव देखिए अदालतले प्रतिबादी कायम गर्ने गरी आदेश दिन सक्छ। त्यस्ता व्यक्तिहरूको लिखित व्यहोरा वा बयानलाई समेत  प्रतिउत्तरपत्र सरह मानिन्छ।

देवानी कार्यविधि संहिताले प्रतिबादीले बादी दाबीलाई स्वीकार वा खण्डन गर्नुका अतिरिक्त प्रतिउत्तरपत्रमा बादीउपर नैं सोही विषयमा भिन्न प्रकृतिको दाबी लिन सक्ने नयाँ व्यवस्था गरेको छ। प्रतिबादीले बादी उपर लिएको त्यस्तो दाबीलाई “प्रतिदाबी” भनिन्छ। प्रतिबादीले लिएको त्यस्तो प्रतिदाबी फिरदपत्र सरह हुन्छ र प्रतिदाबीका  सम्बन्धमा बादीले स्वीकार वा ईन्कार गरी पेश गरेको लिखित प्रतिवादलाई समेत प्रतिउत्तरपत्र सरह मानिन्छ।देवानी कार्यविधि संहिता तथा नियमावलीमा प्रतिउत्तर र प्रतिदाबीका सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ।

| विषय | विवरण | कानून |
|---|---|---|
| **प्रतिउत्तरपत्र पेश गर्ने** | • प्रतिबादीले म्याद तामेल भएको मितिले वाटाको म्याद वाहेक २१ दिनभित्र प्रतिउत्तरपत्र पेश गर्नुपर्छ,<br>• प्रतिउत्तर पेश गर्दा देवानी कार्यविधि संहिताको अनुसूची ९ को ढाँचामा पेश गर्नुपर्छ।<br>• काबु बाहिरको परिस्थिति परी तोकिएको म्याद गुज्रेको भन्ने निवेदनसाथ प्रतिउत्तरपत्र पेश गर्न ल्याएमा व्यहोरा मनासिव भए १५ दिनसम्मको म्याद थामी प्रतिउत्तरपत्र दर्ता गरि दिनु पर्छ,<br>• सो अवधी नघाई पेश गर्न ल्याएको प्रतिउत्तरपत्र दर्ता गर्न हुँदैन।<br>• म्याद नाघेको प्रतिउत्तर दर्ता भएको रहेछ भने पनि अदालतले स्वीकार गर्नु हुँदैन,<br>• प्रतिउत्तरपत्र जाँच गर्दा म्याद नाघी ल्याएको वा रित नपुगेको देखिएमा प्रतिउत्तरमा नै कारण खुलाई दरपीठ गरिदिनु पर्छ। | दफा ११९, १२०, १२२,<br>२२३<br>देकानि<br>नियम १९ |
| | • प्रतिउत्तरपत्र दर्ता गर्दा रु २००। दस्तुर लिनु पर्छ। | दफा १२५ |

| | | |
|---|---|---|
| | • दर्ता गर्न ल्याएको प्रतिउत्तरपत्र रितपूर्वक भए दर्ता गरी देवानी कार्यविधि संहिताको अनुसुची ३ को ढाँचामा भरपाई दिनुपर्छ। | दफा १२२ |
| **अदालतले प्रतिबादी कायम गर्ने** | ➢अदालतले निम्न अवस्थामा कारण खुलाई कुनै व्यक्तिलाई वुझ्न र प्रतिबादी कायम गर्न सक्छः<br>○ मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्दा कुनै व्यक्तिको हक, हित, दाबी वा सरोकार प्रभावित हुने देखिएमा,<br>○ फिरादपत्र वा प्रतिउत्तरको लेखाईबाट अन्य व्यक्तिको समेत संलग्नता रहेको देखिन आएमा,<br>• त्यसरी बुझ्नु पर्ने व्यक्तिलाई बाटोको म्याद बाहेक ७ दिनको म्याद दिनुपर्छ।<br>• वुझिएको व्यक्ति म्यादभित्र उपस्थित भएमा प्रमाण समेत खुलाउन लगाई बयान गराउनु परछ।<br>• निजले लिखित रूपमा जवाफ पेश गर्न चाहेमा ७ दिनमा नबढाई मनासिब समय दिई लिखित जवाफ पेश गर्न लगाउनु पर्छ।<br>• निजको सरोकार वा संलग्नता रहेको देखिएमा वा फैसला गर्दा निजको हक, हित, दाबी वा सरोकार समेत प्रभावित हुने देखिएमा निजलाई प्रतिबादी सरह तारिखमा राख्नुपर्छ।<br>• त्यस्तो व्यक्ति प्रमाण सरह मात्र देखिन आएमा निजलाई तारिखमा राख्नु पर्दैन। | दफा १२३ |
| **प्रतिबादी कायम हुन निवेदन दिन सक्ने** | • प्रतिबादी नबनाईएको व्यक्तिले त्यस्तो मुद्दा फैसला हुँदा आफ्नो हक, हित, दाबी वा सरोकार समेत प्रभावित हुने आधार र कारण खुलाई आफूलाई समेत प्रतिबादी कायम गरिपाउँ भनी फैसला हुनु अगावै निवेदन दिन सक्दछ।<br>• उक्त निवेदनको व्यहोरा मनासिब देखिएमा निजलाई समेत प्रतिबादी कायम गरी सो मुद्दाका बादी र अन्य प्रतिबादीलाई त्यसको जानकारी दिनु परछ।<br>• प्रतिबादी कायम गर्ने आदेश भएमा निजलाई तारेखमा राख्नु पर्छ।<br>• यसरी कायम भएको प्रतिबादीले बादी विरुद्ध छुट्टै प्रतिदाबी लिन पाउँदैन। | दफा १२४<br>देकानि<br>नियम२२ |

| | | |
|---|---|---|
| **प्रतिदाबी सम्बन्धमा** | **प्रतिदाबी लिएका मुद्‌दामा देहायका कुराहरू विचार पुऱ्याउनु पर्छः**<br>• प्रतिउत्तरपत्र पेश गर्दा प्रतिबादीले बादी उपर कुनै दाबी लिन सक्छ। त्यस्तो प्रतिदाबी फिराद दाबीको विषयमा मात्र सीमित छ, छैन हेर्नु पर्छ।<br>• प्रतिदावी लिनेले प्रतिदावीलिंदा देहायका कुरा समेत खुलाएको हुनुपर्छः<br>✓ प्रतिदाबी लिएको बिषय,<br>✓ प्रतिदाबी लिएको बिषयको बिगो खुल्ने भए सो कुरा,<br>✓ प्रतिदाबीसँग सम्बन्धित कानून,<br>✓ प्रतिदाबीलाई पुष्टी गर्ने प्रमाण।<br>• यसरी प्रतिदाबी लिईएकोमा एक जनासम्म बादी भए २ प्रति र त्यसपछिका प्रत्येक बादीका लागि १ प्रतिका दरले प्रतिउत्तरपत्रको प्रतिलिपि पेश गर्न लगाउनु पर्छ।<br>• तर एकाघरका बादी जतिसुकै सङ्ख्यामा रहेको भएपनि त्यस्ता बादीको लागि १ प्रति मात्र प्रतिउत्तरपत्रको प्रतिलिपि दिए हुन्छ।<br>• उक्त प्रतिउत्तरपत्रको प्रतिलिपि मध्ये १ प्रति निर्धारित तारिखका दिन उपस्थित हुने बादी वा निजको वारिसलाई तारिख भर्पाईमा व्यहोरा जनाई सहिछाप गराई बुझाउनु पर्छ।<br>• निर्धारित तारिख बादीले गुजारी थाम्ने थमाउने अवधि व्यतित भई बादीलाई प्रतिदाबीको प्रतिलिपि बुझाउन नसकेको अवस्थामा लिखित प्रतिबादको लागि प्रतिउत्तरपत्रको प्रतिलिपि सहित बादीलाई पन्ध्र दिनको सूचना दिनु पर्नेछ।<br>• प्रतिबादीले प्रतिउत्तर सरहको बयानमा प्रतिदाबी लिएको भए त्यस्तो बयानको अभिलेखको १ प्रति बादीलाई तारिखका दिन उपलब्ध गराउनु पर्छ।<br>• त्यसरी बादीले प्रतिउत्तरपत्र बुझेको १५ दिनभित्र प्रतिदाबी स्वीकार वा ईन्कार गरेको लिखित प्रतिवाद अदालतमा पेश गर्न सक्छ।<br>• रित पुऱ्याइ नल्याएको प्रतिदावी कायम नरहने गरी प्रतिउत्तरमात्र दर्ता गर्नुपर्छ ।<br>• प्रतिदावी कायम हुने भएमा प्रतिबादीबाट ऐन बमोजिम लाग्ने अदालती शुल्क दाखिल गर्न लगाउनु पर्छ । | दफा १२१<br>देकानि<br>नियम २०,२१ |

| | | |
|---|---|---|
| | • प्रतिबादीले प्रतिदावी दर्ता गरेकै दिन अदालती शुल्क दाखिल गर्न नसक्ने भनी समय माग गर्न सक्छ ।<br>• प्रतिदाबी लिने पक्षले समय माग गरेमा ७ दिनभित्र अदालती शुल्क दाखिला गर्न आदेश दिनुपर्छ र सो बमोजिमको अदालती शुल्क बुझाएपछि मात्र निजको प्रतिदाबी कायम हुन्छ।<br>• प्रतिदाबी लिएको मुद्दामा प्रतिबादी तारिखमा रहेको भए बादीले तारिख गुजारे पनि प्रतिदाबीको हकमा प्रमाण बुझी ठहरे बमोजिम फैसला गर्नु पर्नेछ। | |
| **देवानीबाट उठेको फौजदारी** | • देवानी मुद्दामा प्रतिउत्तरपत्र वा वयानबाट उठेको कानून बमोजिम फौजदारी कायम हुने मुद्दामा सोही मिसिलबाटै पक्षको बयान गराई मुद्दाको कारबाही र सुनुवाई गर्नुपर्छ। | दफा १७५ |
| **प्रभावित तेस्रो पक्षलाई बुझ्नु पर्ने** | • मुद्दामा कुनै कुरा ठहर गर्दा मुद्दाका पक्ष बाहेक तेस्रो पक्षको हक प्रभावित हुने देखिएमा त्यस्तो पक्षलाई आफ्नो कुरा भन्ने मनासिब समय दिई प्रमाण बुझी निजलाई कारणी सरह तारिखमा राखी मुद्दाको कारबाही गर्नुपर्छ। | दफा १७६ |

परिच्छेद-सात

# रिट प्रकृतिका निवेदन

संविधान र कानूनले नागरिकहरूका लागि विभिन्न हकअधिकारको व्यवस्था गरेकोछ छ। त्यस्ता हकहरूको उल्लंघन भएमा वा हुने आशंका भएमा रिट निवेदनबाट उपचार प्रदान गर्ने व्यवस्था गरेको पाईन्छ। सर्वोच्च अदालतलाई संविधानले प्रदान गरेका मौलिक हकको संरक्षणार्थ उत्प्रेषण, परमादेश, बन्दीप्रत्यक्षीकरण, अधिकारपृच्छा र प्रतिषेधको आदेश जारी गर्नसक्ने असाधारण अधिकारक्षेत्र रहेको पाईन्छ भने उच्च अदालतलाई कानूनी अधिकारको संरक्षणार्थ यी सवै आदेश जारी गर्न सक्ने अधिकार प्रदान गरेको छ। जिल्ला अदालतलाई बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनमा आदेश जारी गर्न सक्नेगरी संविधान तथा कानूनले अधिकारक्षेत्र प्रदान गरेको छ। रिट निवेदनका हकमा अन्तिम आदेश जारी हुनु पूर्व कुनै काम कारबाही तत्काल रोक्न वा यथास्थितमा राख्नको लागि अन्तरिम आदेश जारी गर्न सकिन्छ। मुलुकी देवानी कार्यविधि संहिता र विभिन्न नियमावलीमा यस सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ।

| विषय | कार्यविधि | कानून |
|---|---|---|

| ७.१ बन्दीप्रत्यक्षीकरणको निवेदन | | |
|---|---|---|
| **बन्दीप्रत्यक्षीकरणको निवेदन** | ✓ गैरकानूनी रुपमा गिरफ्तार भएको वा थुनिएको व्यक्ति आफैंले वा निजको तर्फबाट जो सुकैले बन्दीप्रत्यक्षीकरणको आदेशको लागि तीनवटै तहको अदालतमा उजुरी दिन सक्छ।<br>✓ उजुरी जाँचबुझ गर्दा कानून विपरित गिरफ्तार गरिएको वा थुनिएको देखिएमा त्यस्तो व्यक्तिलाई तुरुन्त छाड्न आदेश दिनुपर्छ। | देसं<br>दफा२६ |
| **बन्दीप्रत्यक्षीकरणको निवेदनमा खुलाउनुपर्ने कुराहरू** | ✓ **बन्दीप्रत्यक्षीकरणको निवेदनमा देहायका कुराहरू खुलाउनुपर्छः**<br>○ बन्दीलाई कसले वा कहिलेदेखि र कुन परिबन्दबाट बन्दी बनाएको हो ?<br>○ बन्दीलाई अन्नपानी बन्द गरिएको छ छैन ?<br>○ बन्दी कुन स्थानमा थुनामा रहेको छ ?<br>○ थुनाको सम्बन्धमा पहिले वा अन्य कुनै अदालतमा निवेदन दिएको छ छैन ? भए त्यसको परिणाम के भएको छ ?<br>✓ निवेदनपत्रमा बन्दीको सही छाप परेको हुनुपर्नेछ। तर बन्दीले सहीछाप गर्न नसक्ने कारण भएमा अन्य कुनै व्यक्तिले निजको हकमा निवेदनपत्रदिनसक्नेछ। | जिअनि २४, ३३ |
| **प्रारम्भिक आदेश** | ✓ निवेदनपत्रबाट बन्दीलाई कानूनविपरित थुनामा राखेको जस्तो देखिन आएमा सुनुवाई हुने मिति तोकी बन्दीलाई थुनाबाट किन छाड्न नपर्ने हो सो कुरा स्पष्ट गरी लिखित जवाफ र साथमा बन्दीलाई समेत लिई उपस्थित हुनु भनी अदालतले प्रत्यर्थीका नाममा आदेश दिन सक्छ।<br>✓ देहायका अवस्थामा बन्दीलाई उपस्थित गराउने आदेश नदिन पनि सकिन्छः<br>○ बन्दी शारीरिक वा मानसिक रूपले अस्वस्थ्य देखिएमा,<br>○ बन्दी भौगोलिक दृष्टिले टाढा भएमा, वा<br>○ अन्य कुनै कारणबाट अदालतले बन्दीलाई उपस्थित गराउन आवश्यक वा उपयुक्त नसम्झेमा।<br>✓ प्रत्यर्थी बनाइएका व्यक्ति वा कार्यालयको कुनै सम्बन्ध देखिन नआएमा निजहरूको हकमा कारण देखाउने आदेश जारी नगर्न पनि | जिअनि२५ |

| | | |
|---|---|---|
| | सक्छ।<br>✓ निवेदन वा लिखित जवाफको पेटबोलीबाट अन्य कुनै व्यक्ति वा कार्यालयलाई पनि प्रत्यर्थी बनाउनु पर्ने देखिएमा निजहरूलाई कारण देखाउने आदेश जारी गर्न सकिन्छ। | |
| **विशेष आदेश दिन सक्ने** | ✓ अवस्थानुसार अन्तिम आदेश गर्नु अघि देहायका विशेष आदेशहरू पनि गर्न सकिन्छः–<br>○ विपक्षी बनाएको व्यक्ति, निकाय वा अधिकारीलाई अदालतले तोकेको सर्तमा बन्दीलाई छाडी दिनुभन्ने,<br>○ विपक्षीको हिरासतबाट बन्दीलाई अदालतको हिरासतमा राख्नु भन्ने । | जिअनि २६ |
| **खानतलासीको पुर्जी** | ✓ देहायको अवस्थामा खानतलासीको पुर्जी (सर्च वारेण्ट) जारी गर्न सकिन्छ:–<br>○ बन्दी अमानुषिक तवरबाट थुनिएको छ वा निजलाई शारीरिक यातना दिएको छ भन्ने कुरा विश्वास गर्नु पर्ने कुनै कारण भएमा,<br>○ अदालतको आदेशलाई छल्ने मनसायले बन्दीलाई अन्यत्र सार्ने सम्भावना भएकाले खानतलासी हुनु आवश्यक छ भनी निवेदकले मनासिब कारण देखाएमा, वा<br>○ यस्तै अन्य कुनै कारणबाट खानतलासीको आदेश जारी हुनु आवश्यक वा उपयुक्त छ भन्ने अदालतलाई लागेमा ।<br>✓ खानतलासी लिन सरकारी कर्मचारीको नाममा आदेश जारी गर्न सकिन्छ।<br>✓ त्यस्तो आदेश जारी गर्दा आवश्यकतानुसार त्यस्तो कर्मचारी वा निवेदकलाई प्रतिनिधित्व गर्ने व्यक्ति तथा स्थानीय निकायका पदाधिकारीसमेत रहेको खानतलासी टोली गठन गरी सो टोलीलाई खानतलासी गर्ने अधिकार दिन सकिन्छ ।<br>✓ यसरी आदेश प्राप्त गर्ने व्यक्ति वा टोलीले थुनामा रहेको व्यक्तिको खोजी गरी थुनिएको व्यक्ति फेला परे प्रतिवेदनसहित अदालतसमक्ष उपस्थित गराउनु पर्छ । | जिअनि २७ |
| **बन्दीलाई स्थानान्तर गर्न नहुने** | ✓ प्रत्यर्थीका नाउमा सूचना तामेल भएपछि बन्दीलाई अदालतको अनुमतिले बाहेक एक स्थानबाट अर्को स्थानमा स्थानान्तर गर्न हुँदैन । | जिअनि३० |

| | | |
|---|---|---|
| **बन्दीलाई छाड्ने** | ✓ देहायका अवस्थामा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सकिन्छः–<br>○ सूचनामा तोकिएको दिन वा पेसीको दिन प्रत्यर्थीले कुनै कारण नदेखाएमा,<br>○ कारण देखाए पनि सो कारण मनासिब नदेखिएमा वा<br>○ बद्नियतका साथ वा प्रवृत्त धारणा बनाई वा कानून विपरित थुनामा राखेको देखिएमा । | जिअनि २९ |
| **७.२ निषेधाज्ञाको निवेदन** | | |
| **निषेधाज्ञाको निवेदन** | ✓ कसैले नागरिकका अधिकारलाई असर पर्नेगरी कुनै काम कारबाही गरेमा वा गर्न लागेको पर्याप्त आशङ्का भएमा त्यस्तो काम कारबाहीबाट मर्का पर्न जाने व्यक्तिले आफ्नो अधिकारको प्रचलनको लागि उच्च अदालत वा जिल्ला अदालतमा उजुर गर्न सक्छ । यस्तो उजुरीलाई निषेधाज्ञाको निवेदन भनिन्छ।<br>✓ निषेधाज्ञाको निवेदन जाँचबुझ गर्दा प्रत्यर्थीले निजको अधिकारमा क्षति पुर्‍याएको वा पुर्‍याउन लागेको देखिएमा प्रत्यर्थिको नाउमा निम्न आदेश दिन सकिन्छः<br>○ निवेदकको अधिकार उपर क्षति पुग्ने किसिमको काम नगर्न, नगराउन<br>○ केही काम गरिसकेको भए बाँकी काम नगर्न वा<br>○ कुनै काम गर्न लगाउन । | देसं<br>दफा २६ |
| **निवेदनपत्रमा खुलाउनु पर्ने कुरा** | ✓ निषेधाज्ञाका लागि निवेदनपत्र दिँदा देवानी कार्यविधिमा निवेदनमा खुलाउनुपर्ने भनी उल्लेख भएका विषयका अतिरिक्त देहायका कुराहरू समेत खुलाउनु पर्छः<br>○ अदालतको अधिकार क्षेत्र सम्बन्धी कुरा,<br>○ नागरिक अधिकारमा आघात हुने आशंका भएमा के कुन अधिकारमा कसरी आघात हुने सम्भावना छ सो कुरा,<br>○ निवेदकले मागेको उपचार<br>○ अन्य अदालतमा निवेदन दिएको भए सो व्यहोरा र<br>○ सो उपचार पाउन सक्ने आधारहरू । | जिअनि३१,<br>३३ |

| | | |
|---|---|---|
| **कारणदेखाउ आदेश** | ✓ निवेदनपत्रको व्यहोराबाट प्रत्यर्थीले प्रथम दृष्टि(प्राइमाफेसी) मै निवेदकले भने झैं गरे विराए जस्तो देखिन आएमा लिखित जवाफ लिई उपस्थित हुनु भनी प्रत्यर्थीको नाममा कारण देखाउ आदेश जारी गर्नुपर्छ।<br>✓ लिखित जवाफबाट अन्य कुनै व्यक्तिलाई बुझ्नु पर्ने देखिएमा त्यस्तो व्यक्तिलाई पनि बुझ्न सकिन्छ । | जिअनि३१ |
| **अन्तरिम आदेश जारी गर्ने सम्बन्धी व्यवस्था** | ✓ नागरिक अधिकार सम्बन्धमा परेको निवेदनमा अन्तरिम आदेश जारी गर्दा देहाय बमोजिम गर्नुपर्छः<br>✓ माग दाबीको कुनै विषय यथास्थितिमा नराखेमा माग दाबी निरर्थक हुने लागेमा सम्बन्धित निवेदकले त्यस्तो व्यहोरा खुलाई निवेदनको अन्तिम किनारा नभएसम्मका लागि अन्तरिम आदेश जारी गर्न माग गर्न सक्दछ।<br>✓ अदालतले उचित र आवश्यक देखेमा निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको अवधिको लागि देहाय बमोजिमको कुनै आदेश जारी गर्न सक्दछः<br>○ खास अवधि तोकी अन्तरिम आदेश जारी गर्न,<br>○ त्यस्तो अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउन,<br>○ आफ्नो पक्षमा अन्तरिम आदेश जारी भएका कारणले अर्को पक्षलाई क्षति पुग्न गएमा क्षतिपूर्ति व्यहोर्ने गरी निवेदकले लिखित प्रतिवद्धता गरेमा शर्त सहितको अन्तरिम आदेश जारी गर्न,<br>○ दाबीको विषय यथास्थितिमा नराख्दा माग दाबी निरर्थक हुने देखिएमा त्यस्तो विषय यथास्थितिमा राख्न।<br>✓ विपक्षी नबनाइएका कुनै व्यक्तिले अन्तरिम आदेशको छलफलमा सहभागी हुन पाउँ भनी आधार र कारण खुलाई निवेदन दिएमा त्यस्तो निवेदन इजलासमा पेश गरी भएको आदेश अनुसार गर्नुपर्छ।<br>✓ कुनै निवेदनमा प्रत्यर्थी बाहेक अन्य व्यक्ति वा निकायलाई बुझ्न आवश्यक देखिएमा अदालतले त्यस्तो व्यक्ति वा निकायलाई | दफा १५८<br>देकानि२८<br>जिअनि३५ |

| | | |
|---|---|---|
| | उपस्थित गराई बुझ्न सकिन्छ।<br>✓ तोकिएको मितिमा अन्तरिम आदेश सम्बन्धमा छलफल हुन नसकी अर्को मिति तोकिएमा सो मितिसम्म त्यस्तो आदेशले निरन्तरता पाउँछ ।<br>✓ अन्तरिम आदेशको छलफलको लागि प्रत्यर्थीलाई झिकाइएकोमा अन्तरिम आदेशको टुङ्गो नलागेसम्म निजलाई तारिखमा राख्नुपर्छ। छलफल प्रयोजनका लागि पटक–पटक सूचना जारी गर्नुपर्दैन ।<br>✓ अन्तरिम आदेश जारी गर्दा वा जारी गर्न अस्वीकार गर्दा आधार कारण खुलाउनु पर्छ।<br>✓ एक पटक अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेकोमा पछि परिस्थितिमा आधारभूत परिवर्तन आएको आधार देखाई निवेदकले अन्तरिम आदेशको लागि पुनः निवेदन दिन सक्दछ।<br>✓ त्यस्तो निवेदन परेमा अदालतले दुबै पक्षको सुनुवाई गरी अन्तरिम आदेश वा अन्य उपयुक्त आदेश जारी गर्न सक्दछ<br>✓ अन्तरिम आदेशको लागि पेश भएको निवेदनको विषयमा निर्णय नै हुन उपयुक्त लागेमा अन्तिम निर्णय गर्न सकिन्छ। | |
| **अन्तरिम आदेश रद्द हुने** | ✓ एक पक्षीय सुनवाईको आधारमा जारी भएको अन्तरिम आदेश रद्द गर्न अर्को पक्षले सोही अदालतमा निवेदन गर्न सक्दछ।<br>✓ त्यस्तो निवेदन परेमा अर्को पक्षलाई झिकाई त्यस उपर सुनुवाई गर्नुपर्छ।<br>✓ त्यसरी सुनुवाई गर्दा अघि जारी गरेको अन्तरिम आदेश कारण खुलाई रद्द, संशोधन वा हेरफेर गर्न सकिन्छ।<br>✓ निवेदनको अन्तिम टुङ्गो लागेपछि जारी भएको अन्तरिम आदेश स्वतः रद्द हुन्छ।<br>✓ अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफलका लागि दिन किटान गरी अर्को पक्ष झिकाउने आदेश भएकोमा निवेदकको कारणबाट सो दिन छलफल हुन नसकेमा त्यस्तो अन्तरिम आदेश निष्क्रिय हुन्छ। | दफा १५९<br>देकानि२८<br>जिअनि३५ |

| | | |
|---|---|---|
| **क्षतिपूर्ति दिनु पर्ने** | ✓ जारी भएको अन्तरिम आदेश रद्द भएमा वा त्यसका शर्त संशोधन वा हेरफेर भएमा अन्तरिम आदेशको कारणबाट भएको हानि नोक्सानीको क्षतिपूर्तिको माग गरी प्रत्यर्थीले निवेदन गर्न सक्छ।<br>✓ क्षतिपूर्तिको दाबी गरी निवेदन परेमा सम्बन्धित पक्षहरू उपस्थित गराई सुनुवाई गर्नुपर्छ।<br>✓ त्यसरी सुनुवाई गर्दा अन्तरिम आदेश जारी भएको कारणले प्रत्यर्थीलाई हानि, नोक्सानी भएको देखिएमा बास्तविक हानि, नोक्सानी बापत क्षतिपूर्ति भराउने आदेश दिन सकिन्छ।<br>✓ क्षतिपूर्ति भराउने आदेश भएकोमा अन्तरिम आदेश माग गर्ने पक्षले प्रत्यर्थीलाई आदेश बमोजिमको क्षतिपूर्ति भुक्तानी गर्नुपर्छ। | दफा १६० |
| **सूचना तामेली** | • बन्दी प्रत्यक्षीकरणको निवेदनमा प्रत्यर्थीका नाउमा बाटाका म्याद बाहेक बढीमा ३ दिनभित्र र निषेधाज्ञाका हकमा बढीमा १५ दिनभित्र लिखित जवाफ पेश गर्न म्याद जारी गर्नुपर्छ। | जिअनि३६ |
| **म्याद तारिख थमाउने सम्बन्धी व्यवस्था** | • म्याद तारिख गुज्रेकोमा म्याद र तारिख दुवै गरेर बन्दीप्रत्यक्षीकरण को हकम एकपटकमा बढीमा ७ दिन सम्मको र निषेधाज्ञा भएमा एक पटकमा बढीमा १५ दिनसम्मको म्याद तारिख थमाइदिन सकिन्छ ।<br>• किराया बस्नु परेको, सुत्केरी भएको, दैवी परेको जस्ता विशेष परिस्थितिमा थप १५ दिन म्याद तारिख थामिदिन सकिन्छ।<br>• अन्तरिम आदेश जारी वा खारेजीका लागि हुने छलफलको कुरामा म्याद तारिख थमाउन र स्थगित गर्न पाइदैन। | जिअनि३८ |
| **तामेलीमा राख्ने** | • निषेधाज्ञा वा बन्दीप्रत्यक्षीकरणको निवेदन निम्न अवस्थामा तामेलीमा राख्न सकिन्छः<br>✓ निवेदकले तारिख गुजारी थाम्न पाउने म्याद समेत भुक्तान भएपछि वा<br>✓ निवेदनको प्रयोजन समाप्त भएको भनी निवेदन परेमा | जिअनि३९ |
| **रिट प्रकृतिका निवेदनमा दस्तुर** | • बन्दी प्रत्यक्षीकरणको निवेदन पत्रमा कुनै दस्तुर लाग्दैन।<br>• निषेधाज्ञाको निवेदनपत्र दिँदा रू ५००।दस्तुर लाग्छ।<br>• लिखित जवाफ पेस गर्दा रू ५० रूपैयाँ दस्तुर लाग्छ।<br>तर, सरकारी कार्यालयबाट पेस हुने लिखित जवाफमा कुनै | जिअनि ४० |

| | | |
|---|---|---|
| | दस्तुर लाग्दैन। | |

परिच्छेद-आठ

## तारिख र म्याद सम्बन्धी व्यवस्था

मुद्दाका पक्षलाई अदालतमा उपस्थित हुनु भनी किटान गरी तोकिएको दिनलाई तारिख भनिन्छ। मुद्दाको कारबाहीको प्रत्येक चरणमा मुद्दाका पक्षको उचित प्रतिनिधित्व र सहभागिता गराउने उद्देश्यको लागि अदालतले मुद्दाका पक्षलाई तारिख तोक्नु पर्छ। यसरी तारिख तोक्दा मुद्दाको काम र प्रयोजन समेत तारिख भरपाई र तारिख पर्चामा खुलाउनु पर्छ। तोकिएको दिनमा मुद्दाका पक्षले तारिख भर्पाईमा सहीछाप गरेमा सो तारिखमा अदालतमा उपस्थित भएको मानिन्छ। देवानी कार्यविधि संहितामा तारिख र म्याद सम्बन्धमा गरिएको व्यवस्था यस परिच्छेदमा उल्लेख गरिएको छः

**८.१ तारिख सम्बन्धी**

| विषय | कार्यविधि | कानूनी व्यवस्था |
|---|---|---|
| **तारिखमा राख्नु पर्ने** | • तारिखमा बस्नु नपर्ने अवस्थामा बाहेक मुद्दाका प्रत्येक पक्षलाई तारिखमा राखी मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नुपर्छ।<br>• मुद्दामा प्रमाण वुझिसकेपछि अदालतको अनुमती लिई तारिखमा नबस्न पनि सकिन्छ।<br>• यसरी तारिखमा बस्न नचाहानेले दिएको निवेदन इजलासमा पेश गरी भएको आदेश बमोजिम गर्नुपर्छ।<br>• तारिखमा नबसेको पक्षसँग कुनै कुरा बुझ्नु परेमा ७ दिनको सूचना दिई झिकाई बुझ्नु पर्छ।<br>• यसरी तारिखमा नरहेको पक्षले तारिखमा बस्न चाही निवेदन दिएमा पुनः तारिखमा राख्नुपर्छ। | दफा १३५<br>देकानि २४ |
| **एकैदिनको तारिख तोक्नुपर्ने** | • तारिख तोक्दा दुवै पक्षलाई एकै दिनको तोक्नुपर्छ।<br>• फिरादपत्र दर्ता भएपछि प्रतिउत्तरपत्र दाखिला हुने म्यादको अड्कल गरी प्रतिउत्तरपत्र पर्ने वा पर्न सक्ने अवधि कटाई बादीलाई तारिख तोक्नुपर्छ।<br>• बादीलाई दिएको तारिख प्रतिउत्तरपत्र पेश गरेको दिनसँग मेल नखाएमा त्यसपछिको तारिख दुवैलाई एकै दिन मिलान हुने गरी तोक्नुपर्छ। | दफा १३६ |
| **प्रयोजन खुलाई तारिख तोक्नुपर्ने** | • कुन काम र प्रयोजनका लागि तारिख तोकेको हो सो कुरा तारिख पर्चा, तारिख भर्पाई र तारिख कितावमा उल्लेख गर्नुपर्छ। | दफा १३७ |

| | | |
|---|---|---|
| | • तोकिएको तारिखका दिन तोकिएको काम सम्पादन गर्नुपर्छ।<br>• तोकिएको तारिखका दिन निर्धारित काम सम्पादन हुन नसकेमा तारिख भरपाईमा त्यसको कारण खुलाई अर्को तारिख तोक्नुपर्छ। | |
| **तारिख तोक्ने तथा गुज्रेको तारिख प्रमाणीत गर्ने कार्यविधि** | • वारिस दिएको मुद्दामा बाहेक मुद्दा परेको अदालतदेखि करिव १५किलोमिटर (करिव ४ कोष) बाहिरको अर्को अदालतमा पनि मुद्दा परेको र पक्षले सो कुराको लिखित जानकारी गराएको भए तारिख तोक्दा अर्को अदालतमा रहेको मुद्दाको तारिखसँग नजुध्ने गरी तोक्नुपर्छ।<br>• एकै अदालतमा एउटै बादी वा प्रतिबादी भएको एकभन्दा बढी मुद्दामा कुनै व्यक्ति तारिखमा बसेको र सो कुरा खुलाई एकै दिन तारिख तोक्न अदालतमा निवेदन गरेमा सम्भव भएसम्म सबै मुद्दाको लागि एकै दिन तारिख तोक्नुपर्छ।<br>• तारिख तोकेको अवस्थामा मुद्दाको पक्ष कुनै एक फाँटमा तारिखमा हाजिर भएमा सोही फाँटका अन्य मुद्दाको तारेख भरपाईमा सहि नगरेको भएपनि निज तारिखमा उपस्थित रहेको मान्नुपर्छ।<br>• तारिखमा उपस्थित हुने पक्षलाई तारिख भरपाईमा सहीछाप गराउनु पर्छ।<br>• तारिखको दिन उपस्थित नहुने पक्षको तारिख गुजारी सो कुरा तारिख भर्पाईमा प्रमाणित गरी राख्नुपर्छ।<br>• यसरी गुजारेको प्रमाणीत गर्दा तारिख भरपाईमा फाँटवाला कर्मचारीले तारिख गुजारेको व्यहोरा जनाई दस्तखत गरी आफूभन्दा माथिल्लो तहको अधिकृतबाट उसैदिन प्रमाणीत गराउनुपर्छ। | दफा १३८<br>देकानि २५ |
| **तारिखको दिन बिदा परेमा** | • तारिख तोकिएको दिन सार्वजनिक बिदा परे बिदा समाप्त भएको भोलिपल्टको दिन तारिख तोकिएको मानिने हुँदा पक्षलाई तारिखमा राख्नु पर्छ। | दफा १३९ |
| **तारिखमा हाजिर हुनुपर्ने व्यक्ति थुनामा परेमा जानकारी** | • तारिखमा उपस्थित हुनुपर्ने व्यक्ति थुनामा परी उपस्थित हुन नसकेमा कुन मुद्दामा थुनिएको हो सो को जानकारी निज आफैंले वा निजको एकासगोलको परिवारको सदस्य, कानून व्यवसायी वा वारिसले सम्वन्धित अदालतलाई दिनुपर्छ। | दफा १४० |

| | | |
|---|---|---|
| **गराउनु पर्ने** | • त्यसरी थुनिएको जानकारी पाएमा अदालतले निज के कारणबाट थुनामा परेको हो र कति अवधिसम्म थुनामा बस्नु पर्ने हो त्यसको जानकारी सम्बन्धित निकायबाट माग गर्नुपर्छ।<br>• थुनामा परेको व्यक्ति १ महिनासम्ममा छुट्ने जानकारी प्राप्त भएमा निज छुटेको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र तारिखमा हाजिर हुन आए तारिखमा हाजिर भएको मानी निजलाई अर्को तारिख तोकी मुद्दाको कारबाही गर्नुपर्छ।<br>• त्यसरी थुनामा रहेको व्यक्ति १ महिनाभन्दा बढी अवधि थुनामा रहने वा थुनाबाट मुक्त हुने दिनको ठेगान नभएको वा थुनाबाट तत्काल मुक्त हुन नसक्ने अवस्था रहेको जानकारी प्राप्त भएमा त्यस्तो मुद्दाको कारबाही र किनारा गर्न निजलाई पर्खनु पर्दैन।<br>• थुनामा रहेको व्यक्तिले सो अवधिमा निजले गर्नुपर्ने मुद्दाको काम गर्न अरु कसैलाई वारिस दिई पठाउन सक्दछ।<br>• तर त्यस्तो पक्षलाई नै झिकाई वा बुझी मुद्दाको किनारा गर्न पर्ने भएमा निजलाइ झिकाई बुझी मुद्दाको कारबाही र किनारा गर्नुपर्छ।<br>• थुनामा रहेको व्यक्ति थुनाबाट छुटी बाटाको म्याद बाहेक ७ दिनभित्र अदालतमा हाजिर हुन आएमा निजलाई तारिखमा राखी मुद्दाको कारबाही र किनारा गर्नुपर्छ। | |
| **तारिख गुजारेमा पनि कारबाही नरोकिने** | • पक्षले तोकिएको तारिख गुजारेमा पुर्वनिर्धारित काम गर्न रोक्नु पर्दैन। | दफा १४१ |
| **तारिखमा बस्नु नपर्ने** | • नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा त्यस्तो निकाय, संवैधानिक निकाय वा अदालत बादी वा प्रतिबादी भएको मुद्दामा त्यस्ता निकाय वा अदालतको तर्फबाट अदालतमा उपस्थित भई तारिखमा बस्नु पर्दैन।<br>• तर मुद्दाको प्रमाण परीक्षण गर्दा, सुनुवाई गर्दा वा अदालतले उपस्थित हुन भनी आदेश दिएकोमा सो दिन त्यस्तो निकाय वा अदालतको प्रतिनिधित्व गर्न सरकारी वकिल उपस्थित हुनुपर्छ। | दफा १४२ |

| | | |
|---|---|---|
| **पुनरावेदन तहमा तारिखमा नबसे पनि हुने** | • अदालतले अन्यथा आदेश दिएकोमा बाहेक पुनरावेदन तहको मुद्दामा पक्षलाई तारिखमा नराखी मुद्दाको कारबाही र किनारा हुन सक्दछ। | दफा १४३ |

## ८.२ म्याद तथा तारिख थमाउने सम्बन्धी व्यवस्था

| **विषय** | **विवरण** | **संवन्धित कानून** |
|---|---|---|
| **गुज्रेको म्याद वा तारिख थमाउन सक्ने** | • दुनियाबादी देवानी मुद्दामा आफ्नो काबु बाहिरको परिस्थिति परी जुनसुकै तहको अदालतबाट तोकिएको म्याद वा तारिख गुज्रेमा सम्बन्धित पक्षले देहायबमोजिम थमाउन पाउँछः<br>○ प्रतिउत्तर वा पुनरावेदन लगायतका म्यादको हकमा १ पटक १५ दिनसम्म,<br>○ तारिखको हकमा बढीमा २ पटक २१ दिनसम्म,<br>• सरकारबादी देवानी मुद्दामा पुनरावेदन म्याद ७० दिनको हुन्छ। सो म्याद गुज्रेमा माथि उल्लिखित थाम्न पाउने म्यादका अतिरिक्त थप ३० दिन थाम्न पाईन्छ।<br>• मुद्दाका पक्षले तारिख गुजारेकोमा पटक कायम गर्दा म्याद थमाएको पटक गणना नगरी तारिख गुजारेको पटक मात्र हिसाब गरी कायम गर्नुपर्छ।<br>• म्याद वा तारिख थमाउनको लागि दिन गणना गर्दा म्याद वा तारिख गुज्रेको दिनको भोलिपल्टदेखि थमाउन पाउने दिनसम्मको दिन गणना गर्नुपर्छ।<br>• मुद्दामा पुनः ईन्साफ गर्न मातहत अदालतमा पठाएको वा मुलतबी जगाई कारबाही गर्दा अघि थमाएको म्याद वा तारिखको पटक गणना गर्नु हुँदैन। | दफा २२३, २२४,२६२ |
| **विशेष परिस्थितिमा गुज्रिएको म्याद वा तारिख थामिने अवस्था** | • देहाय बमोजिमको काबू बाहिरको विशेष परिस्थितिका कारण म्याद वा तारिख गुज्रेकोमा देहायको अवधि भित्र म्याद वा तारिख थमाउन पाईन्छः<br>- म्याद वा तारिखमा हाजिर हुनु पर्ने व्यक्तिको कोही मरी आफैं किरिया वा किरिया सरहको शोकवरण गरी बस्नु परेको | दफा २२५ |

| | | |
|---|---|---|
| | कारणले म्याद वा तारिख गुज्रेको भए त्यसरी मृत्यु भएको मितिले बाटोको म्याद बाहेक **२१ दिन,**<br>- सुत्केरी भएको कारण म्याद वा तारिख गुज्रिएको भए सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक **४५ दिन**,<br>- बाढी, पहिरो, हिमपात, बाटो बन्द भई वा कर्फ्यूको घोषणा वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन बन्द भई म्याद वा तारिख गुज्रिएको भए बाटो खुलेको वा यातायातको साधन खुलेको मितिले बाटोको म्याद बाहेक **७ दिन,**<br>- कसैको अपहरणमा परेको वा शरीर बन्धक बनाएको कारण म्याद वा तारिख गुज्रिएको भए अपहरण वा शरीर बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक **१० दिन**,<br>- भूकम्प, ज्वालामुखी आदि जस्ता विपद् परेको कारण म्याद वा तारिख गुज्रिएको भए त्यस्तो विपद् भएका मितिले बाटोको म्याद बाहेक **१० दिन**।<br>- कुनै दुर्घटनाको कारण अचेत भई वा अचानक कुनै गम्भीर रोगको कारण हिँडडुल गर्न नसक्ने भई अस्पतालमा भर्ना भई उपचार गर्नु परेको अवस्थामा त्यस्तो कारण परेको मितिले बाटोको म्याद बाहेक **१५ दिन**।<br>• त्यसरी गुज्रेको म्याद तारिख थमाउन निवेदन दिँदा त्यस्तो कारण र परिस्थिति परेको व्यहोरा पुष्टि गर्न आवश्यक पर्ने प्रमाण संलग्न गर्नुपर्छ। | |
| **मुद्दा सकार गर्न पाउने** | • मुद्दाको फैसला नहुँदै कुनै पक्षको मृत्यु भएमा वा दुर्घटना परी अचेत भएमा वा निज बेपत्ता भै म्याद वा तारिख गुज्रेमा बाटोको म्याद बाहेक २१ दिनभित्र संरक्षक वा हकवालाले म्याद वा तारिख थमाई मुद्दा सकार गर्न निवेदन दिन पाउँछ।<br>• सो निवेदनको व्यहोरा मनासिब देखिएमा त्यस्तो मुद्दा सकार गराई गुज्रेको म्याद वा तारिख थामी दिनुपर्छ। | दफा २२६ |
| **बाटाको म्याद हिसाब गर्ने आधार** | • अदालतले बाटोको म्यादको हिसाब गर्दा देहाय बमोजिम गर्नुपर्छः<br>○ यातायातको नियमित सेवा चलेको ठाउँमा रेल वा बसबाट आउँदा वास्तविक लाग्ने दिन,<br>○ रेल वा बस नचलेको ठाउँको लागि प्रत्येक पन्ध्र | दफा २२७ |

| | | |
|---|---|---|
| | किलोमिटरको १ दिन पाईन्छ। १५ कि.मी. भन्दा बढी तर अर्को १५ कि.मी. नपुगेको भएपनि १ दिन बाटोको म्याद पाईन्छ।<br>○ तर, बाटोको दुरी जम्मा १५ किलोमिटर भन्दा घटी भए बाटाको म्याद पाईदैन। | |
| **थमाउन पाउने अवधिसम्म मुद्दा किनारा नगर्ने** | • मुद्दाका पक्षले म्याद वा तारिख गुजारेमा पनि माथि उल्लिखित थमाउन पाउने अवधि समाप्त नभएसम्म मुद्दाको सुनुवाई गरी किनारा गर्न हुँदैन। | दफा २२८ |

**परिच्छेद-नौ**

## वारिस सम्बन्धी व्यवस्था

अदालतमा आफैं उपस्थित भई नालिस दायर गर्न वा मुद्दामा प्रतिरक्षा गर्न नसक्ने अवस्थाका व्यक्तिले कारण खोली सोही प्रयोजनका लागि लिखित रुपमा नियुक्त गरेको प्रतिनिधिलाई वारिस भनिन्छ। मुद्दाको सामान्य काम कारबाहीको लागि साधारण वारिस र मुद्दाको संपूर्ण काम कारबाही गर्नका लागि विशेष अधिकार सम्पन्न अधिकृत वारिस नियुक्त गर्नु पर्दछ। अचल सम्पत्तिको हक हस्तान्तरण गर्न वा रजिष्ट्रेशन गर्नुपर्ने कुनै लिखत पारित गराउने प्रयोजनाका लागि समेत अधिकृत वारिस नियुक्त गर्न सकिन्छ। वारिसका सम्बन्धमा देवानी कार्यविधि संहितामा देहाय बमोजिम व्यवस्था गरिएको छ।

| विषय | कार्यविधि | कानूनी व्यवस्था |
|---|---|---|
| **वारिस नियुक्त गर्न सक्ने** | • मुद्दाको कुनै पक्षले अदालतमा मुद्दासँग सम्बन्धित कुनै काम गर्न अर्को कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधि नियुक्ति गर्न सक्छ।<br>• त्यसरी नियुक्ति भएको प्रतिनिधिलाई वारिसको हैसियत प्राप्त हुन्छ।<br>• वारिसको नियुक्ति कार्यविधि संहिताको अनुसूची १३ बमोजिम तोकिएको ढाँचामा लिखित रुपमा गर्नुपर्छ। उक्त लिखतलाई वारिसनामा भनिन्छ।<br>• वारिसनामाको लिखतमा कारणी, कम्तीमा दुई जना साक्षी र | दफा १४४, १४६, १५० |

| | | |
|---|---|---|
| | लेखकको पहिचान सहितको सहीछाप गराउनु पर्छ।<br>• वारिसको अधिकार मुद्दाका पक्षले नियुक्ति गर्दा वारिसनामामा लेखिएबमोजिम हुन्छ। | |
| **वारिस हुने व्यक्तिको योग्यता** | **देहाय बमोजिमको व्यक्ति वारिस हुन पाउछः**<br>○ कानून बमोजिम करार गर्न योग्य व्यक्ति,<br>○ फैसलाले ठहरेको सरकारी बिगो, अदालती  दस्तुर, अदालती शुल्क वा कुनै दण्ड वा जरिबाना तिर्न बाँकी नरहेको व्यक्ति,<br>○ कीर्ते, जालसाजी वा भ्रष्टाचार वा नैतिक पतन देखिने कसूरमा सजाय नपाएको व्यक्ति।<br>• तर एकासगोलको व्यक्तिलाई वारिस नियुक्ति गर्दा  उल्लिखित व्यवस्था लागू हुँदैन। | दफा १४५ |
| **एकभन्दा बढी मुद्दा वा व्यक्तिको वारिस हुन सक्ने** | • एउटै व्यक्ति एकै पटक एकभन्दा बढी मुद्दामा वा एउटै मुद्दामा एकभन्दा बढी व्यक्तिको वारिस हुन सक्छ,<br>• तर एउटै व्यक्ति बादी प्रतिबादी दुवैको वारिस हुन सक्दैन। | दफा १४७ |
| **पक्ष पनि वारिस हुन सक्ने** | • कुनै मुद्दामा एउटै पक्षका धेरै व्यक्ति बादी वा प्रतिबादी भए त्यस्ता व्यक्तिहरू मध्ये कुनै एक व्यक्ति अन्य बादी वा प्रतिबादीको सो मुद्दामा वारिस हुन सक्छ। | दफा १४८ |
| **एकभन्दा बढी अदालतमा वारिस हुन सक्ने** | • एकै व्यक्ति एकभन्दा बढी अदालतमा विचाराधीन रहेको मुद्दामा वारिस हुन सक्दछ। | दफा १४९ |
| **वारिसनामा दर्ता गर्ने प्रक्रिया** | **वारिसनामा लिदा अदालतले देहाय बमोजिम गर्नुपर्छः**<br>• वारिसनामामा रित पुगे वा नपुगेको जाँच गर्ने,<br>• रित नपुगेको देखिएमा रित पुऱ्याई ल्याउन ३ दिनको म्याद दिई दरपीठ गर्ने,<br>• रित पुऱ्याई ल्याएमा दर्ता गर्ने। | दफा १५१ |
| **वारिस परिवर्तन गर्न वा आफैं मुद्दा सकार गर्न सक्ने** | • पक्षले जुनसुकै बखत वारिसनामा बदर गरी अर्को वारिस नियुक्त गर्न वा निवेदन दिई आफैंले मुद्दा सकार गर्न सक्छ।<br>• त्यस्तो सकार गर्ने निवेदन वा वारिसनामा मिसिल संलग्न गरी | दफा १५२ |

| | | |
|---|---|---|
| | त्यसको अभिलेख राख्नुपर्छ। | |
| **अधिकृत वारिस सम्बन्धी व्यवस्था** | • कसैले निम्न कार्य गर्न कुनै मुद्दा किटान गरी वा नगरी अधिकृत वारिस नियुक्त गर्न सक्दछ।<br>- फिराद गर्न,<br>- प्रतिउत्तरपत्र दर्ता गर्न,<br>- फिराद दाबी फिर्ता गर्न,<br>- मिलापत्र गर्न वा<br>- अन्य कानूनी काम कारबाही गर्न<br>• अधिकृत वारिसले मुद्दाको कारबाही हुँदा अर्को व्यक्तिलाई वारिस नियुक्त गर्न पनि सक्छ। | दफा १५३ |
| **अधिकृत वारिस मार्फत अचल सम्पत्तिको हक हस्तान्तरण गर्न सक्ने** | • रजिष्ट्रेशन गर्नु पर्ने **निम्न लिखत** पारित गराउन कार्यालयमा उपस्थित हुन नसक्ने व्यक्तिले कारण खुलाई लिखतद्वारा अधिकृत वारिस नियुक्त गर्न सक्छ।<br>- कुनै अचल सम्पत्ति बिक्री वितरण वा सट्टापट्टा गर्ने,<br>- हालैको बकसपत्र गरिदिने,<br>- अन्य कुनै तरिकाले हक हस्तान्तरणको लिखत गर्ने,<br>- कानून बमोजिम रजिष्ट्रेशन गर्नुपर्ने अन्य लिखत गर्ने,<br>• शेषपछिको बकसपत्र पारित गर्नका लागि अधिकृत वारिस नियुक्त गर्न हुँदैन।<br>• अधिकृत वारिसले आफुलाई प्राप्त अख्तियारनामाको शर्तको अधिनमा रहि काम गर्नुपर्छ। | दफा १५४ |
| **अधिकृत वारिसनामा प्रमाणित गर्दाको कार्यविधि** | • मुद्दा किटान नगरी अधिकृत वारिस नियुक्त गर्दा नेपालभित्र भए कुनै जिल्ला न्यायाधीश र नेपाल बाहिर भए कुनै नेपाली राजदूत वा महावाणिज्यदूतबाट प्रमाणित गराउनु पर्छ।<br>• त्यसरी अधिकृत वारिसनामा प्रमाणित गराउँदा वारिस दिने र वारिस हुने व्यक्तिको फोटो टाँसी दुवैको नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानी पेश गर्नुपर्छ,<br>• अधिकृत वारिसनामा रु ५००। लिई प्रमाणित गर्नुपर्छ,<br>• अधिकृत वारिसनामा प्रमाणित गर्न अदालतमा निवेदन दिँदा नियमावलीको अनुसूची बमोजिमको ढाँचामा दिनुपर्छ । ४५- | दफा १५३, १५४<br>देकानि<br>६८ |

| | | |
|---|---|---|
| | • अचल सम्पत्तिको हक हस्तान्तरणको बिषयसँग सम्बन्धित अधिकृत वारिसनामा प्रमाणीत गर्नुपर्ने भएमा सो निवेदनमा देहायका कुरा समेत खुलाएको हुनु पर्छः<br>○ सम्पत्ति रहेको स्थान वा ठेगाना<br>○ कि नं र क्षेत्रफल<br>○ अचल सम्पत्तिको चालु बर्षको तिरो बुझाएको रसिद<br>• निवेदन दर्ता कितावमा दर्ता गरी निवेदनका सम्बन्धमा सोही दर्ता किताबमा निर्णय गर्नुपर्छ ।<br>• अधिकृत वारिसनामा प्रमाणित गर्ने निर्णय भएमा निवेदन साथ पेश गरेको अधिकृत बारिसनामाको कागज न्यायाधीशले प्रमाणित गरी एक प्रति अदालतमा अभिलेखको रुपमा राखी एक प्रति निवेदकलाई दिनु पर्छ । | |
| **अधिकृत वारिसको हैसियत अन्त्य हुने** | **देहायका अवस्थामा अधिकृत वारिसको हैसियत समाप्त हुन्छः**<br>• तोकिएको काम, प्रयोजन वा समायावधि समाप्त वा भुक्तान भएमा,<br>• तोकिएको कुनै खास घटना वा अवस्था पूरा भएपछि वा त्यस्तो घटना वा अवस्था अन्त्य भएमा,<br>• वारिस नियुक्त गर्ने व्यक्तिले राष्ट्रिय स्तरका कुनै दुई दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी वारिस बदर गरेमा,<br>• वारिसमार्फत हक हस्तान्तरण वा सट्टापट्टा गर्ने भनिएको सम्पत्ति हस्तान्तरण वा सट्टापट्टा भएमा,<br>• वारिस दिने वा हुने व्यक्तिको मृत्यु भएमा,<br>• वारिसनामा बमोजिमको सम्पत्तिका सम्बन्धमा वारिस दिने र हुने वा निजको एकासगोलको व्यक्ति बीच अदालतमा मुद्दा परेमा,<br>• अधिकृत वारिसनामा दिने र लिने व्यक्ति बीच अदालतमा कुनै मुद्दा परेमा,<br>• अधिकृत वारिस हुने व्यक्तिले काम गर्न नचाही वारिस नियुक्ति गर्ने व्यक्तिलाई वारिसनामाको सक्कल प्रति सहित लिखित जानकारी दिएमा। | दफा १५५ |

परिच्छेद-दश

# प्रमाणको परीक्षण

मुद्दामा ठहर गर्नुपर्ने विषयसंग सम्वद्ध दाबी जिकिर खण्डन वा समर्थन गर्ने लिखतलाई लिखित प्रमाण भनिन्छ। फिराद दाबी तथा प्रतिउत्तर जिकिर पुष्टि गर्ने कुनै लिखत प्रमाण भए मुद्दाका पक्षहरूले फिरादपत्र तथा प्रतिउत्तरपत्र साथै पेश गर्नु पर्दछ। पक्षले पेश गर्न नसक्ने प्रकृतिका प्रमाण कुनै तेस्रो पक्ष वा संस्था तथा निकायको जिम्मा रहेको कुरा दाबी जिकिरमा उल्लेख गर्नुपर्छ। सो कुरा मनासिव लागेमा त्यस्ता प्रमाण अदालतबाटै झिकाई बुझ्नु पर्दछ। लिखित प्रमाणको परीक्षण गर्दा प्रतिउत्तर परेपछि वा पर्ने अवधि नाघेपछि सक्कल लिखत झिकाई हेरी परिक्षण गर्नु पर्दछ। एक पक्षले पेश गरेको प्रमाण अर्को पक्षलाई देखाई सुनाई सद्दे कीर्तेमा बयान गर्ने मौका दिनुपर्दछ।

मुद्दाको विवादित विषयवस्तुको वारेमा देख्ने, सुन्ने र थाहापाउने व्यक्तिलाई साक्षी भनिन्छ। साक्षी बुझी पाउन निजहरूको नाम, थर र वतन समेत खोली बादीले फिरादपत्र र प्रतिबादीले प्रतिउत्तरपत्रमा उल्लेख गर्नु पर्दछ।साक्षीलाई अदालतमा उपस्थित गराई विवादित विषयबस्तुका सम्बन्धमा प्रश्न सोधी निजले दिएको जवाफ लेखबद्ध गरिने कार्यलाई साक्षी परिक्षण भनिन्छ। नेपाल सरकार वा सार्वजनिक हक हित वा सरोकार रहेको मुद्दामा नवुझि नहुने साक्षीलाई अदालतले म्याद जारी गरी झिकाउने बाहेकका अन्य अवस्थामा जसको साक्षी हो उसैले उपस्थित गराउनु पर्दछ।साक्षी परीक्षण गराउदा साक्षीको सपथ गराउनु पर्छ। साक्षी परिक्षण गर्दा एक पक्षको साक्षीलाई अर्को पक्षले जिरह गर्न मौका दिनु पर्दछ। लिखत प्रमाण र साक्षी परीक्षण सम्बन्धमा देवानी कार्यविधि संहिता तथा नियमावलीमा देहायबमोजिम व्यवस्था गरिएको छ।

**१०.१ लिखत प्रमाण परीक्षण**

| विषय | कार्यविधि | संवन्धित कानून |
|---|---|---|
| **प्रमाण सम्बन्धी लिखत पेश गर्नु पर्ने** | • बादीले फिराद दाबी र प्रतिबादीले प्रतिउत्तर जिकिरसँग सम्बन्धित लिखित प्रमाणको सक्कल र त्यसको नक्कल फिरादपत्र वा प्रतिउत्तरपत्रसँगै पेश गर्नुपर्छ।<br>• नेपाल सरकार बादी वा प्रतिबादी भएको मुद्दामा फिरादपत्र वा प्रतिउत्तरपत्र साथ लिखित प्रमाण तत्काल पेश गर्न नसक्ने भएमा कारण खुलाई कुन कार्यालयमा त्यस्तो प्रमाण रहेको छ वा रहन सक्ने हो सोको विवरण फिरादपत्र वा प्रतिउत्तरपत्रमा खुलाउन पर्छ।<br>• फिराद वा प्रतिउत्तरपत्रमा प्रमाणसम्बन्धी विवरण उल्लेख भएकोमा त्यस्तो प्रमाण आवश्यकतानुसार सम्बन्धित कार्यालयबाट अदालतले आफैं झिकाई बुझ्न सक्छ।<br>• कुनै लिखित प्रमाणको सक्कल प्रति तत्काल अदालतमा पेश गर्न नसकिने भएमा सोको कारण खुलाई रितपूर्वकको प्रतिलिपि पेश | दफा १६१ |

| | | |
|---|---|---|
| | गरनुपर्छ। | |
| **प्रमाणको उल्लेखन गर्नु पर्ने** | • कुनै लिखित प्रमाणको सक्कल कुनै व्यक्ति वा संस्थाको जिम्मामा रही त्यसको सक्कल वा प्रतिलिपि तत्काल उपलब्ध गराउन नसक्ने भए फिराद वा प्रतिउत्तरपत्रमा सो कुरा उल्लेख गर्नुपर्छ।<br>• उक्त प्रमाण बुझ्नु पर्ने देखिएमा प्रमाणको सक्कल वा प्रतिलिपि अदालतले तोकेको अवधिभित्र पेश गर्न त्यस्तो व्यक्ति वा संस्थालाई आदेश दिन सकिन्छ।<br>• प्रमाण पेश गर्ने आदेश भएमा सो व्यक्ति वा संस्थाले तोकेको अवधिभित्र त्यस्तो प्रमाण पेश गर्नुपर्छ।<br>• आदेश बमोजिम प्रमाण पेश नगरेमा सो व्यक्ति वा संस्थाको प्रमुखलाई रु १०००।- सम्म जरिबाना हुन सक्दछ। | दफा १६२ |
| **प्रमाण पेश गर्न समय माग गर्न सक्ने** | • फिरादपत्र वा प्रतिउत्तरपत्र दर्ता गर्दा लिखित प्रमाण पेश गर्न नसक्ने कारण खुलाई बादी वा प्रतिबादीले समय माग गर्न सक्छन्।<br>• त्यसरी समय माग गरेको कारण मनासिब देखिए १५ दिनसम्मको समय दिन सकिन्छ।<br>• उक्त समयभित्र पेश नभएको प्रमाण सो मुद्दामा बुझ्न पर्दैन। | दफा १६३ |
| **प्रमाण पेश गर्न अनुमति दिन सक्ने** | • बादी वा प्रतिबादीको जानकारीमा नआएको कुनै नयाँ र महत्वपूर्ण लिखित प्रमाण पछि जानकारीमा आएमा वा पत्ता लागेमा सो प्रमाण पेश गर्न बादी वा प्रतिबादीले अनुमति माग गर्न सक्छन्।<br>• त्यसरी अनुमति माग गरेको कारण मनासिव देखिए त्यस्तो प्रमाण पेश गर्न अनुमति दिन सकिन्छ।<br>• उक्त प्रमाण अन्य व्यक्ति, संस्था वा निकायको नियन्त्रणमा रहेकोले बादी वा प्रतिबादीले आफैंले पेश गर्न संभव नभएको कारण उल्लेख गरी अदालतमा निवेदन दिएमा सो प्रमाण झिकाउन आदेश दिन सकिन्छ। | दफा १६४ |
| **लिखत अनुवाद गर्नु पर्ने** | • नेपाली भाषा बाहेक अन्य भाषामा लेखिएको लिखत अदालतमा प्रमाणको रूपमा पेश भएमा अदालतले लिखत पेश गर्ने पक्षलाई सो लिखतको नेपाली भाषामा अनुवाद गरी पेश गर्ने आदेश दिन सक्छ।<br>• त्यस्तो आदेश भएमा सम्बन्धित पक्षले सो लिखत नेपाली भाषामा | दफा २७३ |

| | | |
|---|---|---|
| | अनुवाद गराई सोको प्रमाणित प्रति अदालतमा पेश गर्नुपर्छ। | |
| **सक्कल लिखत फिर्ता गर्नु पर्ने** | • लिखित प्रमाणको सक्कल प्रति र प्रतिलिपि प्राप्त भएपछि सम्बन्धित अधिकृतले सक्कल लिखतसँग प्रतिलिपि भिडाई प्रमाणित गरी त्यस्तो प्रतिलिपिमा पेश गर्ने व्यक्तिको सहीछाप गराई मिसिल संलग्न गर्नुपर्छ।<br>• प्रमाणीत प्रतिलिपि मिसिल सामेल गरेपछि प्रमाणको सक्कल प्रति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्छ।<br>• आवश्यक भएमा त्यस्तो सक्कल लिखत जुनसुकै बखत माग गर्न सकिन्छ र सो प्रमाण माग बमोजिम पेश नगरेमा प्रमाणको रूपमा लिन पर्दैन। | दफा १६५ |
| **प्रतिउत्तरपत्र पेश भएपछि मात्र प्रमाण बुझ्न पर्ने** | • सामान्यतया प्रतिउत्तरपत्र पेश नभई वा सो पेश गर्ने अवधि व्यतित नभई प्रमाण बुझ्ने कारबाही गर्नु हुँदैन। | दफा १६६ |
| **प्रमाण बुझ्नु पर्ने** | • फिराद र प्रतिउत्तरपत्रमा उल्लिखित सरकारी कार्यालयमा रहेको कुनै कागजात प्रमाणको रूपमा बुझ्नु पर्ने देखिएमा त्यस्तो प्रमाण बुझ्न आदेश दिनु पर्दछ। | दफा १६७ |
| **ठहर गर्नु पर्ने कुरामा प्रमाण बुझ्ने** | • अदालतले तोकिएको तारिखका दिन बादी र प्रतिबादीको रोहबरमा आवश्यक कुरा सोधपुछ गरी कुरा मिले वा नमिलेको विषय यकिन गर्नुपर्छ।<br>• दुबै पक्षको कुरा मिलेको देखिए सोही दिन निर्णय गर्नुपर्छ।<br>• आंशिक वा पूर्ण रूपमा कुरा नमिलेको देखिएमा जति कुरा नमिली ठहर गर्नु पर्ने हो सो सम्बन्धमा प्रमाण झिकाउन आदेश दिई सबुत प्रमाण बुझ्ने तारिख तोक्नु पर्छ।<br>• ठहर गर्नु पर्ने विषयसँग सम्वद्ध कुरामा मात्र प्रमाण बुझ्न पर्छ। | दफा १६८ |
| **लिखत पेश गर्न अदालतले बादी प्रतिबादी बाहेकको व्यक्तिलाई आदेश दिन सक्ने** | • मुद्दामा ठहर गर्न आवश्यक पर्ने प्रमाण बादी प्रतिबादी बाहेक अन्य कसैको कब्जामा रहेको भए अवधि तोकी सो प्रमाण पेश गर्न त्यस्तो व्यक्तिलाई आदेश दिन सकिन्छ।<br>• त्यस्तो व्यक्तिले तोकिएको अवधिभित्र आफैं वा अरु कुनै व्यक्ति मार्फत त्यस्तो लिखत अदालतमा पेश गर्नुपर्छ।<br>• सो लिखत पेश नगरेमा वा सो को मनासिब कारण समेत उल्लेख | दफा १६९<br>देकानि ३१ |

| | | |
|---|---|---|
| | नगर्ने व्यक्तिलाई रु १०,०००।-सम्म जरिबाना गर्न सकिन्छ। | |
| **प्रमाण बुझ्ने क्रम** | • सामान्यतः प्रमाण बुझ्ने क्रममा बादीले पेश गरेको प्रमाण बुझेपछि मात्र प्रतिबादीले पेश गरेको प्रमाण बुझ्नु पर्छ।<br>• यसरी प्रमाण बुझ्दा कुनै लिखत प्रमाणको रूपमा लिन नहुने वा असान्दर्भिक भनी मुद्दाको कुनै पक्षले आपत्ति गरेमा सो आपत्ति मनासिब भए वा नभएको सम्बन्धमा तत्काल आदेश गर्नुपर्छ।<br>• त्यस्तो आदेशको अभिलेख गरी मिसिल संलग्न गर्नुपर्छ। | दफा १७० |
| **कागज गराउन सक्ने** | • मुद्दाका विषयमा पक्षसँग कुनै कुरा खुलाउनु परेमा अदालतले अर्को पक्षको रोहबरमा निजको कागज गराउन हुन्छ।<br>• फिरादपत्र बाहेक उजुरीबाट कारबाही सुनुवाई गरी किनारा गर्नुपर्ने मुद्दामा बादी वा प्रतिबादीसँग प्रमाण समेत खुलाई बयान गराई अभिलेख गरी कारबाही किनारा गर्नुपर्छ। | दफा १७१ |
| **सद्दे किर्तेमा बयान गराउनु पर्ने** | • प्रमाण बुझ्न तोकिएको तारिखमा बादी प्रतिबादीले पेश गरेको सक्कल कागज एकअर्कालाई सक्कलै देखाई सुनाउनु पर्छ।<br>• यसरी सुनाउँदा निजले सो कागजलाई सद्दे, कीर्ते वा जालसाजी नामाकरण गरेमा सोही व्यहोराको बयान गराई अभिलेख गर्नुपर्छ।<br>• तत्काल सद्दे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भई पक्षले म्याद माग गरेमा ३ दिनसम्मको म्याद दिनुपर्छ।<br>• बादी प्रतिबादी बाहेक अरुको सहीछाप परेको कागजका सम्बन्धमा तत्काल सद्दे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भई म्याद मागेमा बयान गर्न १५ दिनसम्मको म्याद दिन सकिन्छ।<br>• बयान गर्दा सद्दे, कीर्ते वा जालसाजी जे नामाकरण गर्छ सोहि अनुरूप निजको भनाई अभिलेख गर्नुपर्छ।<br>• कुनै पक्षले त्यस्तो लिखत कीर्ते वा जालसाजी नामाकरण गरेमा दुवै पक्ष हाजिर रहेको भए सोही दिन र एक पक्ष अनुपस्थित रहेको भए उपस्थित भए कै दिन प्रतिउत्तर बयान गराउनु पर्छ।<br>• वारिस वा कानून व्यवसायी तारिखमा रहेको मुद्दामा पक्षको नै वयान गराउनु पर्ने देखिएमा पक्षलाई नै वारिस वा कानून व्यवसायी मार्फत झिकाई बयान गराउनु परछ।<br>• प्रमाणको कागज देखाउदा सुनाउदा पक्षले सद्दे, कीर्ते वा जालसाजी | दफा १७२<br>देकानि ३२ |

| | | |
|---|---|---|
| | छुट्टाउन नसक्ने भएमा त्यस्तो कागज जाँच गर्न सम्बन्धित विशेषज्ञ समक्ष पठाउन सकिन्छ।<br>• सद्देकीर्ते जाँच गर्न पठाउदा जसले जिकिर लिएको हो उसैबाट लाग्ने दस्तुर दाखिल गराउनुपर्छ।<br>• लिखत कीर्ते ठहरिएमा त्यस्तो लिखत पेश गर्ने पक्षबाट लिखत जाँच गराउँदा लागेको खर्च अर्को पक्षलाई भराउनुपर्छ। | |
| **सद्दे, कीर्ते वा जालसाजीको लागि सुनाउनु नपर्ने** | • कानून बमोजिम प्रमाणमा लिन नसकिने लिखत सद्दे, कीर्ते वा जालसाजीको लागि सुनाउनु पर्दैन।<br>• कुनै प्रतिबादीले पेश गरेको लिखतबाट अन्य कुनै प्रतिबादीलाई असर पर्ने रहेछ भने असर पर्ने प्रतिबादीलाई सो प्रमाण देखाई सुनाई निजको दफा १७२ बमोजिमको प्रक्रिया अपनाई बयान गराउनु पर्छ। | दफा १७३ |
| **पुनरावेदन सुन्ने अदालतबाट सद्दे कीर्तेमा बयान गराउन सकिने** | • लिखित प्रमाण सद्दे, कीर्ते वा जालसाजी छुट्याई ईन्साफ गर्नु पर्ने कार्यविधि पूरा नगरी तल्लो अदालतबाट मुद्दा फैसला भएको रहेछ भने पुनरावेदन सुन्ने अदालतले त्यस्तो कागज सक्कलै झिकाई पक्षको बयान गराउनु पर्छ। | दफा १७४ |
| **देवानीबाट उठेको फौजदारी** | • कुनै देवानी मुद्दामा प्रतिउत्तर वा बयानबाट उठेको फौजदारी कायम हुने मुद्दामा सोही मिसिलबाटै पक्षको बयान गराई मुद्दाको कारबाही गर्नुपर्छ। | दफा १७५ |
| **प्रभावित तेस्रो पक्ष र निजको प्रमाण बुझ्नु पर्ने** | • मुद्दामा कुनै कुरा ठहर गर्दा मुद्दाका पक्ष बाहेक तेस्रो पक्षको हक प्रभावित हुने देखिएमा वा मुद्दामा सम्वन्धित देखिन आएमा त्यस्तो पक्षलाई आफ्नो कुरा भन्ने मनासिब समय दिई निजलाई कारणी सरह तारिखमा राखी प्रमाण बुझी मुद्दाको कारबाही गर्नुपर्छ। | दफा १७६ |
| **नाप, जाँच वा नक्सा गर्ने** | **नाम नक्सा गर्दा ध्यान दिनुपर्ने कुराहरुः**<br>• विवाद परेको अचल सम्पत्तिको नाप, नक्सा गर्नुपर्ने देखिएमा सो को लागि आदेश दिनुपर्छ।<br>• सो आदेश बमोजिम कार्य गर्दा दुवै पक्षलाई त्यस्तो नाप, नक्सा वा जाँच गर्नु पर्ने ठाउँ तोकी हाजिर हुन तारिख तोक्नु पर्छ।<br>• उक्त नाप नक्सा गर्दा कम्तीमा राजपत्रअनङ्कित द्वितीय श्रेणीका | दफा १७७ |

| | | |
|---|---|---|
| | एकजना कर्मचारी, अमिन, मुद्दाका दुवै पक्ष, उपलब्ध भएसम्म स्थानीय तहका कम्तीमा एक जना प्रतिनिधि र कम्तीमा दुई जना स्थानीय व्यक्तिलाई समेत रोहबर राखी नक्सा मुचुल्का तयार गर्नुपर्छ।<br>• सो नक्सा मुचुल्का तीन प्रति तयार गरी नाप जाँच गर्ने कर्मचारीले नाम र पद खुलाई र सम्बन्धित पक्ष, स्थानीय व्यक्ति र स्थानीय तहका प्रतिनिधिले नाम खुलाई सहीछाप गर्नुपर्छ।<br>• त्यस्तो मुचुल्का एक एक प्रति भरपाई गराई मुद्दाका पक्षलाई दिई एक प्रति नक्सा, भरपाई र मुचुल्का अदालतमा दाखिला गर्नुपर्छ।<br>• नाप नक्सा गर्दा पक्षहरू उपस्थित नभएमा वा नक्सा मुचुल्कामा सहीछाप नगरेमा वा पक्षहरू तारिखमा हाजिर नभएमा सो व्यहोरा जनाई खटिएका कार्मचारी र स्थानीय तहका कम्तिमा एकजना प्रतिनिधिको सहीछाप गरी त्यस्तो नक्सा मुचुल्का अदालतमा दाखिल गर्नुपर्छ।<br>• सूचना दिँदा पनि स्थानीय तहको प्रतिनिधि उपस्थित नभएमा सो कारणले मात्र अन्य कार्यविधि पूरा भएको नाप, जाँच वा नक्सा बेरितको मानिँदैन।<br>• रित नपुगेको नाप, जाँच वा नक्सा प्रमाणमा लिन हुँदैन।<br>• विवादित अचल सम्पतिको नाप जाँच गर्न खटिएको कर्मचारीले बदनियत चिताई वास्तविक वा यथार्थताभन्दा फरक हुने गरी नाप, नक्सा वा जाँच गरेको प्रमाणित भएमा त्यस्तो कर्मचारीलाई रु १०,०००।-सम्म जरिबाना र विभागीय कारबाही समेत हुन्छ। | |
| **ठाउँ अवलोकन गर्न सक्ने** | • मुद्दाको विषयवस्तु जटिल भई यथार्थरूपमा अदालत समक्ष पेश गर्न सम्भव नहुने भएमा वा प्रमाणको रूपमा दिएको वस्तु, विवादको विषय वा अचल सम्पत्ति रहेको ठाउँको नै अवलोकन वा निरीक्षण गर्नु पर्ने देखिएमा कारण खुलाई आदेश गर्नुपर्छ।<br>• त्यस्तो आदेश भएमा त्यसको लागि दिन तोकी न्यायाधीश आफैं वा आदेश बमोजिम तोकिएको प्राविधिज्ञ वा अन्य कुनै कर्मचारीले त्यस्तो वस्तु, विषय वा ठाँउको अवलोकन वा निरीक्षण गर्नुपर्छ।<br>• प्राविधिज्ञ वा अन्य कुनै कर्मचारीले अवलोकन वा निरीक्षण गरेको भए निजले मुद्दाको विषय वस्तुसँग सान्दर्भिक विषयमा प्रतिवेदन पेश | दफा १७८ |

| | | |
|---|---|---|
| | गर्नुपरछ। | |

**१०.२ साक्ष ी पर ीक्षण सम्वन्धी व्यवस्था**

| **बिषय** | **कार्यविधि** | **संवन्धित कानून** |
|---|---|---|
| **साक्षी परीक्षण सम्बन्धी व्यवस्था** | • साक्षी बुझ्ने आदेश भएपछि पक्षहरूलाई साक्षी उपस्थित गराउने तारेख तोक्नु पर्दछ।<br>• यसरी तोकिएको तारिखको दिन पक्ष आफैंले साक्षीहरू उपस्थित गराउनु पर्छ।<br>• साक्षी बुझ्न तोकिएको तारिखको दिन उपस्थित भएका सबै साक्षीको वकपत्र गराउनु पर्छ।<br>• सबै साक्षीको वकपत्र गराउन नभ्याइएमा अर्को दिन त्यस्ता साक्षीको वकपत्र गराउनु पर्छ।<br>• त्यसरी साक्षीलाई अर्को दिनको तारिख तोक्दा जतिजना साक्षीको वकपत्र हुनसक्छ त्यति जना साक्षीलाई मात्र क्रमशः उपस्थित हुने गरी तार िख तोकी बकपत्र गराउन सकिन्छ।<br>• तारिखका दिन उपस्थित नभएका साक्षीको बकपत्र हुन सक्दैन।<br>• तर साक्षी उपस्थित गराउन तोकिएको तारिखका दिन यातायात साधन बन्द वा विपद परी साक्षी उपस्थित गराउन नसक िने भएमा स्थानीय तह वा सरकारी निकायको सिफारिस सहित अर्को तारिख तोकी पाउन बाटो खुलेको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र सम्वन्धित पक्षले निवेदन दिन सक्दछ।<br>• त्यस्तो निवेदन परेमा इजलासमा पेश गरी आदेश भएपछि साक्षी परीक्षण गराउने गरी अर्को तारिख तोक ्नु पर्छ, | दफा १७९<br>देकानि३० |
| **अदालतबाट नवुझि नहुने साक्षी बुझ्न सकिने** | • तारिखको दिन उपस्थित नगराईएका साक्षी बुझिने छैन तर, नेपाल सरकारको वा सार्वजनिक हक, हित वा सरोकार संलग्न रहेको मुद्दामा नबुझी नहुने साक्षीलाई बुझ्ने आदेश गरी १५ दिन भित्र अदालतमा उपस्थित हुन म्याद जारी गर्नुपर्छ। | दफा १८० |

| | | |
|---|---|---|
| | • त्यस्तो म्याद जारी भएमा तोकिएको दिनमा सो साक्षी अदालतमा उपस्थित हुनुपर्छ। | |

| | | |
|---|---|---|
| **कर्मचारी खटाई साक्षी बुझ्ने कार्यविधि** | • शारीरिक अस्वस्थताका कारणले उपस्थित हुन नसक्ने साक्षीलाई बुझिपाऊ भनी पक्षले निवेदन दिए निज बस्ने ठाउमा नै गई बुझ्न सकिन्छ।<br>• त्यसरी बुझ्नको लागि कुनै पक्षले निवेदन दिएमा र व्यहोरा मनासिब देखिएमा साक्षी बुझ्नको लागि इजलासले आदेश दिन सक्छ।<br>• यसरी आदेश भएकोमा साक्षी बस्ने ठाँउमा न्यायाधीश आफैं गई वा कर्मचारी खटाई साक्षी बुझ्ने काम गर्नुपर्छ।<br>• त्यसरी जाँदा लाग्ने खर्च निवेदन दिने पक्षले बेहोर्नु पर्छ। | दफा १८१ |
| **श्रव्य-दृष्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी परीक्षण** | • अति वृद्ध अवस्था, शारीरिक अशक्तता, अस्वस्थता वा नेपाल बाहिर रहे बसेको कारण कुनै साक्षी अदालतमा उपस्थित हुन नसक्ने कारण देखाई त्यस्तो साक्षीको श्रव्य—दृश्य सम्वादको माध्यमबाट साक्षी परीक्षण गराईपाउँ भनी कुनै पक्षले दिएको निवेदन व्यहोरा मनासिब लागेमा त्यस्ता साक्षीको श्रव्यदृश्य संवादको माध्यमबाट परीक्षण गर्न आदेश दिन सकिन्छ।<br>• यसरी आदेश भएमा सम्बन्धित पक्षले श्रव्य—दृश्य सम्वादबाट साक्षी परीक्षण गर्नको लागि अदालतबाट तोकिएको दिन र ठाउँमा त्यस्ता साक्षीलाई उपस्थित गराउनु पर्छ ।<br>• त्यसरी उपस्थित भएको साक्षीलाई अदालतमा उपस्थित भएको साक्षी सरह मानी परीक्षण गर्नु वा गराउनु पर्छ ।<br>• साक्षी परीक्षण गराउँदा श्रव्य—दृश्य सम्वादबाट भएको साक्षीको बकपत्र र श्रव्यदृश्य सम्वादको व्यहोरा लेखवद्ध गरी अभिलेख गर्नुपर्छ ।<br>• श्रव्यदृश्य सम्वाद मार्फत साक्षी बुझेको अभिलेखको तोकिए बमोजिम मुचुल्का गराउनु पर्छ।<br>• साक्षी परीक्षण गर्दा वा गराउँदा लागेको खर्च श्रव्य—दृश्य सम्वाद मार्फत साक्षी परीक्षण गराउन निवेदन दिने पक्षले बेहोर्नु पर्छ । | दफा १८२ . |
| **तोकिएको दिनमा नैं साक्षी परीक्षण गर्नु पर्ने** | • कर्मचारी खटाई साक्षी बुझ्ने र श्रव्यदृष्य मार्फत साक्षी बुझ्ने अवस्था बाहेक पक्षलाई तोकिएको तारिखमा नै साक्षी परीक्षण गर्ने दिन तोक्नु परछ।<br>• साक्षी परीक्षण गर्न तोकिएको तारिखका दिनमा नै अदालतमा उपस्थित | दफा १८३,<br>दफा १८६ |

| | | |
|---|---|---|
| | भएका सम्पूर्ण साक्षीहरूको परीक्षण गरिसक्नु पर्छ।<br>• एकै दिन सम्पूर्ण साक्षीहरूको परीक्षण गर्न समय अभावको कारणले नभ्याउने भएमा कारण खुलाई त्यसको भोलिपल्ट साक्षी परीक्षण गर्ने गरी साक्षी तथा पक्षहरूलाई तारिख तोक्नु पर्छ ।<br>• साक्षी परीक्षण गर्दा साक्षीले व्यक्त गरेको कुराको बकपत्र तयार गरी निजको सहीछाप गराई अभिलेख गर्नुपर्छ। | |
| **शपथ लिनु पर्ने** | • साक्षीले अदालतमा उपस्थित भई बकपत्र गर्दा सत्य कुरा व्यक्त गर्ने कुराको उद्घोषण गरी न्यायाधीश समक्ष तोकिएको ढाँचामा शपथ लिनु पर्छ। | दफा १८४ |
| **साक्षी परीक्षण न्यायाधीशले गर्नु पर्ने** | • साक्षी परीक्षण न्यायाधीश आफैंले इजलासमा गर्नुपर्छ।<br>• साक्षी परीक्षण गर्दा र बकपत्र अभिलेख गर्दा न्यायाधीशले आवश्यक पर्ने कर्मचारीको सहायता लिन सक्छन्। | दफा १८५ |
| **बकपत्र प्रमाणित गर्ने** | • साक्षी परीक्षण गर्दा मुद्दामा खुलाउनु पर्ने विषयको प्रश्न सोधी त्यस्तो प्रश्न, साक्षीले दिएको जवाफ र जिरह भएको भए त्यसको विवरण बकपत्रमा खुलाउनु पर्छ ।<br>• जिरह र पुन सोधपुछ समाप्त भएपछि साक्षीलाई कुनै कुरा व्यक्त गर्न बाँकी भए नभएको सोधी बाँकी भए त्यस्तो कुरा समेत बकपत्रमा खुलाउनु पर्छ।<br>• साक्षीको बकपत्र गराउँदा साक्षीलाई अनुचित, असम्बद्ध वा बेइज्जत गर्ने वा झिझ्याउने किसिमका प्रश्न सोध्न अदालतले मनाही गर्नु पर्नेछ ।<br>• बकपत्रको कागजमा साक्षी, मुद्दाका पक्ष र वकपत्रमा समावेश हुने कानून व्यवसायीको समेत सहीछाप गराई न्यायाधीशले प्रमाणित गर्नुपर्छ<br>• बकपत्रको कागजमा साक्षी, मुद्दाका पक्ष र वकपत्रमा समावेश हुने कानून व्यवसायी मध्ये कसैले वा सबैले सहीछाप गर्न ईन्कार गरेमा सोही व्यहोरा उल्लेख गरी साक्षी परीक्षण गर्ने न्यायाधीशले त्यस्तो कुरा प्रमाणित गरी मिसिल सामेल राख्नु पर्छ।<br>• बकपत्रको ढाँचा देवानी कार्यविधि संहिताको अनुसूची १७ मा तोकिएको छ। | दफा १८७<br>देकानि ३० |
| **कैफियत खुलाई प्रमाणित गर्नु पर्ने** | • साक्षी परीक्षण गर्दा सम्बन्धित साक्षीले न्यायाधीशद्वारा सोधिएको प्रश्नको जवाफ नदिएमा, दिन ईन्कार गरेमा वा जुन प्रश्नको जवाफ खोजिएको हो सोको जवाफ नदिई असम्बन्धित विषयको जवाफ दिएमा न्यायाधीशले सोको कैफियत खुलाई प्रमाणित गर्नुपर्छ। | दफा १८८ |

| | | |
|---|---|---|
| **बन्द सवाल** | • परिक्षण गर्नुपर्ने साक्षी अर्को जिल्लाको वासिन्दा भई निजको शारीरिक अवस्थाको कारणले निजलाई मुद्दा रहेको अदालतमा उपस्थित गराई बकपत्र गराउन नसकिने कुरा उल्लेख गरी बन्द सवाल मार्फत परीक्षण गराउन सम्बन्धित पक्षले निवेदन दिएमा र व्यहोरा मनासिब देखिएमा बन्द सवाल मार्फत साक्षी परीक्षण गराउन इजलासले आदेश दिन सक्छ।<br>• बन्द सवाल मार्फत साक्षी परीक्षण गराउनु परेमा त्यस्तो साक्षीलाई सोध्नु पर्ने प्रश्नहरू देवानी कार्यविधि संहिताको अनुसूची–१८ को ढाँचामा तयार गरी न्यायाधीशबाट प्रमाणित गराई साक्षी रहे बसेको जिल्लाको जिल्ला अदालतमा बन्द सवाल पठाउनु पर्छ र त्यस्तो सवाल विद्युतीय माध्यमबाट समेत पठाउन सकिन्छ।<br>• बन्द सवालमा उपस्थित नहुने कुनै पक्षले आफूले साक्षीसँग सोधन चाहेको प्रश्नहरू समावेश गरियोस भनी कारण खुलाई अदालतमा निवेदन दिन सक्छ ।<br>• अदालतले त्यस्तो प्रश्न बन्दसवालमा समावेश हुनु मनासिब देखेमा सोही बमोजिम बन्दसवालको प्रश्न तयार गर्नुपर्छ ।<br>• बन्द सवाल गराउने आदेश भएमा मुद्दाका पक्षहरूलाई सोही बमोजिम बन्द सवाल गराउने अदालतमा उपस्थित हुन तारिख तोकी त्यसको जानकारी सो अदालतलाई दिनु पर्छ।<br>• बन्द सवाल प्राप्त भएमा सो प्राप्त गर्ने अदालतले उपस्थित गराईएको साक्षीलाई आफ्नो अदालतमा मुद्दा परे सरह कार्यविधि पूरा गरी बन्द सवालका प्रत्येक प्रश्नको जवाफको बकपत्र तयार गरी त्यस्तो बकपत्रको कागजमा आवश्यक प्रक्रिया पूरा गरी त्यस्तो व्यक्तिको सहिछाप गराई ३ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्छ।<br>• बन्द सवाल गर्नु पर्ने व्यक्ति हाजिर नभएमा बन्दसवाल प्राप्त गर्ने अदालतले सोही व्यहोरा उल्लेख गरी बन्द सवाल पठाउने अदालतमा फिर्ता पठाउनु पर्छ।<br>• बन्द सवालको कारबाही सम्पन्न भएपछि वन्द सवाल गराउने अदालतले मुद्दाका पक्ष वा वारिसलाई तारिख तोकी हाजिर हुन मुद्दा परेको अदालतमा फिर्ता पठाउनु पर्छ। | दफा १८९<br>देकानि ३३ |
| **पक्ष वा साक्षीको परिचय गोप्य राख्न सक्ने** | • कुनै पक्ष वा साक्षीको परिचय सार्वजनिक गर्दा **निम्न अवस्था हुने देखिएमा** त्यस्तो पक्ष वा साक्षीको नाम, थर, वतन वा निजको बाबु आमाको नाम वा हुलिया गोप्य राखन पक्षले अदालतमा अनुरोध गर्न सक्दछः | दफा २७६ |

| | | |
|---|---|---|
| | - त्यस्तो पक्ष वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने,<br>- निज उपर कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने,<br>- निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने।<br>• पक्षले त्यस्तो अनुरोध गरेमा अदालतले निवेदन बमोजिम नाम, थर, वतन वा परिचय गोप्य राख्ने आदेश दिन सक्छ।<br>• त्यसरी गोप्य राखिएको व्यक्तिको नाम, थर, वतन वा निजको बाबु आमाको नाम वा निजको परिचय सो मुद्दाको सुनुवाई गर्दा वा सो सम्बन्धी विवरण प्रकाशन गर्दाका बखत आदेश बमोजिम गोप्य नाम, थर, वतन वा परिचय राखी प्रकाशन गर्नुपर्छ। | |
| **अनुवादकको सहयोग लिन सक्ने** | • नेपाली भाषा नबुझ्ने पक्ष वा साक्षीको बयान वा बकपत्र गराउँदा वा अन्य कुनै कार्य गर्दा सम्बन्धित भाषाको अनुवादकको सहयोग लिन सकिन्छ।<br>• त्यस्तो सहयोग लिंदा भएको खर्च सम्बन्धित पक्षले बेहोर्नु पर्छ। | दफा २७४ |

परिच्छेद-एघार

# मुद्दाको सुनुवाई र फैसला

मुद्दाका पक्षबाट फिराद तथा प्रतिउत्तरपत्र दर्ता भई सकेपछि निजहरूबाट पेश भएका लिखत तथा साक्षी प्रमाणको परीक्षण गर्ने र विबादको टुङ्गो लगाउदा अदालतले अपनाउने प्रक्रियालाई सुनुवाई भनिन्छ।अर्को शव्दमा सुनुवाई मुद्दामा दुवै पक्षको कुरा सुनी निर्णयमा पुग्ने प्रक्रिया हो। अदालतमा मुद्दा कारबाहीको क्रममा हुने सुनुवाई स्वच्छ, निष्पक्ष र पारदर्शी हुनुपर्दछ भन्ने न्यायिक मान्यताका आधारमा सुनुवाई प्रक्रियाको माध्यमबाट निर्णयमा पुग्ने गरिन्छ।

मुद्दाको विवादित विषयवस्तुका सम्बन्धमा सम्वद्ध साक्षी प्रमाण बुझेपछि न्याय निरोपणका लागि दुवै पक्षका तर्फबाट बहस जिकीर तथा छलफल सुनी बादी दाबी वा प्रतिदाबी पुग्न सक्ने वा नसक्ने निष्कर्षसहित गरिएको न्यायाधीशको न्यायिक घोषणालाई फैसला भनिन्छ। मुद्दा खारेज भएमा पक्षहरूका बीच मिलापत्र भएमा वा निवेदनपत्र र पुनरावेदनपत्र फिर्ता र मुद्दा डिसमिस तथा तामेलीमा राख्ने कार्यलाई समेत मुद्दाको कारबाहीको टुङ्गो लागेको भनिन्छ। त्यसरी फैसला, खारेज वा मिलापत्र भएको, मुद्दा फिर्ता लिएको र डिसमिस तथा तामेलीमा राखिएको आधार कारण खोली संक्षिप्त रुपमा रायकितावमा लेखी अदालतले सोको अभिलेखिकरण गर्नु पर्दछ। सुनुवाई प्रक्रिया र फैसलाका सम्बन्धमा देवानी कार्यविधि संहिता तथा देवानी कार्यविधि नियमावलीमा देहाय बमोजिम व्यवस्था गरिएको छ।

**११.१ प्रारम्भिक सुनुवाई**

| विषय | कार्यविधि | संवन्धित कानून |
|---|---|---|
| **हकदैया, हदम्याद र अधिकारक्षेत्र सम्वन्धी जिकिर** | **प्रतिबादीले प्रतिउत्तरपत्र पेश गर्दा देहायको जिकिर लिन सक्दछः**<br>• बादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको,<br>• फिरादपत्र हदम्यादभित्र दायर नभएको,<br>• फिरादपत्र दर्ता भएको अदालतलाई अधिकारक्षेत्र नभएको | दफा १३१ |
| **प्रारम्भिक सुनुवाई** | • प्रतिउत्तरपत्र दिँदा हकदैया, हदम्याद र क्षेत्राधिकार नभएको भनी जिकिर लिएमा प्रमाण बुझ्ने लगायतका अन्य कारबाही गर्नु भन्दा अघि सो विषयको निरूपणका लागि पेशी तारेख तोकी मुद्दाको **प्रारम्भिक सुनुवाई** गर्नुपर्छ।<br>• प्रतिबादीले प्रतिदावी लिएको अवस्थामा बादीबाट लिखित प्रतिबाद परेपछि वा पर्ने अवधि ब्यतित भएपछि मात्र प्रारम्भिक सुनुवाईको लागि पेशी तारिख तोक्नु पर्छ।<br>• बादी प्रतिबादीको तारिख मिलान भएपछि अर्को तारिखको दिन | दफा १३२<br>देकानि २३ |

| | | |
|---|---|---|
| | प्रतिबादीले जिकीर लिएको विषयमा सिमीत रही प्रारम्भिक सुनुवाई गर्नुपर्छ।<br>• यसरी प्रारम्भिक सुनुवाई गर्दा हकदैया, हदम्याद र क्षेत्राधिकार नभएको भन्ने जिकीर मनासिव नदेखिएमा कानून बमोजिम सो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नुपर्छ। | |
| **मुद्दा खारेज भएमा कारबाही अन्त्य हुने** | • प्रारम्भिक सुनुवाई गर्दा हकदैया नभएको, हदम्यादभित्र मुद्दा दायर नभएको वा अधिकारक्षेत्र नरहेको देखिएमा त्यस्तो मुद्दा खारेज गर्ने फैसला गर्नुपर्छ।<br>• त्यस्तो फैसला भएमा सो मुद्दाको कारबाही अन्त्य हुन्छ। | दफा १३३ |
| **हकदैया, हदम्याद र अधिकारक्षेत्रको पुनः जिकिर लिन नपाईने** | • प्रारम्भिक सुनुवाईबाट हकदैया, हदम्याद वा अधिकारक्षेत्र भएको भनी आदेश भएको अवस्थामा प्रतिबादीले त्यस मुद्दामा पुनरावेदन गर्दा वा मुद्दा दोहोऱ्याउन तथा पुनरावलोकनको लागि निवेदन दिँदा सोही विषयमा पुनः जिकिर लिन पाउँदैन र लिएपनि सुनुवाई हुँदैन,<br>• प्रारम्भिक सुनुवाईबाट भएको आदेश वा फैसलामा चित्त नबुझ्ने पक्षले सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन वा पुरावेदन गर्न सक्दछ। | दफा १३४ |
| **११.२ अन्तर्कालिन आदेश** | | |
| **अन्तर्कालीन आदेश जारी गर्न निवेदन दिन सक्ने** | • मुद्दा कारबाहीको सिलसिलामा हुने निर्णय वा फैसला बाहेकका कार्यविधिगत आदेश वा मुद्दामा असर पर्ने कुनै काम कारबाही तत्काल रोक्ने वा यथास्थितिमा राख्ने गरी भएको अन्य आदेशलाई अन्तर्कालीन आदेश भनिन्छ।<br>• मुद्दाको पक्षले अन्तरकालिन आदेशको माग गरी निम्न अवस्थामा निवेदन दिन सक्दछ:<br>✓ मुद्दाको कारबाहीको सिलसिलामा विपक्षीको कुनै काम कारबाही **तत्काल नरोकेमा** फिरादपत्र वा पुनरावेदनपत्रको माग दाबी निरर्थक हुने भएमा,<br>✓ विपक्षीले **कुनै कार्य तत्काल नगरेमा** फिरादपत्र वा पुनरावेदनपत्रको माग दाबी निरर्थक हुने भएमा,<br>✓ मुद्दाको माग दाबीका सम्बन्धमा **कुनै विषय यथास्थितिमा नराखेमा** फिरादपत्र वा पुनरावेदनपत्रको माग दाबी निरर्थक | दफा १५६ |

| | | |
|---|---|---|
| | हुने भएमा,<br>• अन्तर्कालीन आदेश जारी गर्न उपयुक्त देखिएमा अदालतले त्यसको कारण खुलाई आदेश गर्नुपर्छ।<br>• एकपक्षको निवेदनको आधारमा जारी गरिएको अन्तर्कालीन आदेश बदर गर्न सोही अदालतमा अर्को पक्षले निवेदन दिन सक्दछ।<br>• त्यस्तो निवेदन परेमा दुवै पक्षको सुनुवाई गरी सो आदेश बदर गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्नुपर्छ।<br>• त्यस्तो निर्णय उपर चित्त नबुझ्ने पक्षले पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सक्दछ। | |
| **अन्तर्कालीन आदेश उपर निवेदन दिन सक्ने** | • देहायका आदेश उपर चित्त नबुझ्ने पक्षले आदेश भएको मितिले १५ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्दछः<br>- मुद्दाका पक्षलाई तारिखमा राखेको वा निजबाट जमानत वा अदालती शुल्क लिएको,<br>- मुद्दा दर्ता गर्न नमिल्ने भनी अधिकृतले गरेको दरपीठको आदेश उपर न्यायाधीश समक्ष उजुर गरेकोमा सो आदेश सदर भएको,<br>- प्रारम्भिक सुनुवाई गर्दा हकदैया, हदम्याद वा अधिकारक्षेत्र सम्बन्धी विषय निरूपण गरी आदेश गरेको,<br>- मुद्दाको कारबाहीको सिलसिलामा अन्य कुनै आदेश गरेको।<br>• तल्लो अदालतको कामकारबाहीमा म्याद नाघेको वा मुद्दामा कानून बमोजिम गर्नु पर्ने कारबाही निर्धारित अवधिभित्र नगरी बेरित भएको भनी मुद्दाका पक्षले सो काम कारबाही बदर गराउन पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्दछ।<br>• यसरी परेका निवेदनका सम्बन्धमा पुनरावेदन सुन्ने अदालतले सम्बन्धित अदालतबाट प्रतिवेदन लिई वा मिसिल झिकाई सुनुवाई गरी  सामान्यतया १ महिना भित्र फछ्र्यौट गर्नुपर्छ।<br>• तल्लो अदालतले गरेको आदेश वा काम कारबाही वेरितको वा म्याद नाघेको देखिएमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो आदेश बदर गर्न, रद्द गर्न वा कानून बमोजिम उपयुक्त आदेश गर्न | दफा १५७<br>देकानि २७ |

| | | |
|---|---|---|
| | सक्दछ। | |

**११.३ पूर्व सुनुवाई छलफल**

| | | |
|---|---|---|
| **पूर्व–सुनुवाई छलफल** | • मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्न बादी र प्रतिबादीबीच पूर्व सुनुवाई छलफल हुन उचित लागेमा त्यसको कारण खोली त्यस्तो छलफल गर्ने इजलासले आदेश दिन सक्छ।<br>• त्यस्तो आदेश भएमा अदालतले त्यस प्रयोजनको लागि पक्षहरूलाई तारिख तोकी छलफलमा सामेल गराउनुपर्छ।<br>• पूर्व सुनुवाई छलफलको लागि पेशी तारिख तोक्दा मुद्दामा वारिस तारिखमा रहेको भए सकभर मुद्दाका पक्षलाई नै उपस्थित गराउने गरी तारिख दिनु पर्नेछ।<br>• त्यस्तो छलफलमा बादी, प्रतिबादी तथा निजका कानून व्यवसायी उपस्थित हुन सक्दछन्।<br>• पूर्व सुनुवाई छलफलको लागि तारिख तोकिएका मुद्दाहरूको छुट्टै रजिष्ट्रर खडा गरी अभिलेख राख्नु पर्छ ।<br>• पूर्व सुनुवाई छलफलमा देहायका विषयमा छलफल गर्न सकिन्छः<br>✓पक्षहरूको वीचमा कुरा मिलेको र नमिलेको बिषय पहिचान गरी ठहर गर्नु पर्ने विषय यकिन गर्ने,<br>✓ठहर गर्नुपर्ने विषयमा थप प्रमाणहरू बुझ्नु पर्ने देखिएमा सो यकिन गरी बुझ्ने,<br>✓बाँकी कार्य सम्पन्न गर्नका लागि कार्यतालिका संशोधन गर्ने,<br>✓विवाद समाधानका लागि मेलमिलाप प्रक्रियामा पठाउने,<br>✓आवश्यक देखिएका अन्य विषयमा छलफल गर्ने ।<br>• सो छलफलमा बादी र प्रतिबादीले आफ्नो दाबी वा प्रतिवादलाई समर्थन वा खण्डन गर्ने प्रमाण पेश गर्न तथा ठहर गर्नु पर्ने विषय यकिन गर्न आफ्नो दाबी वा जिकिर पेश गर्न सक्दछन्।<br>• पूर्व सुनुवाई छलफल आवश्यकता अनुसार अदालतको हाता भित्रका अदालत भवनको अन्य उपयुक्त कक्षमा समेत गर्न सकिन्छ ।<br>• उल्लिखित पूर्वसुनुवाई छलफल गराएकोमा अदालतले त्यसको अभिलेख देवानी कार्यविधि नियमावलीको अनुसूची -९ बमोजिमको | दफा १९१<br>देकानि ३४ |

| | | |
|---|---|---|
| | ढाँचामा तयार गरी मिसिल संलग्न गर्नुपर्छ।<br>• पूर्व सुनुवाई छलफलबाट मुद्दामा ठहर गर्ने विषय, बुझ्नु पर्ने प्रमाण र मुद्दाको कारबाहीका सम्बन्धमा पक्षहरूबीच सहमति नभएमा थप प्रमाण बुझी मुद्दाको कारबाही र किनारा गर्न सकिन्छ। | |

**११.४ अन्तिम सुनुवाई**

| विषय | कार्यविधि | सम्बन्धित कानून |
|---|---|---|
| **कुरा मिलेको विषयमा फैसला गर्न सक्ने** | • प्रतिउत्तरपत्र दाखिला भएपछि तोकिएको तारिखमा बादी र प्रतिबादीको रोहबरमा फिरादपत्र, प्रतिउत्तरपत्र तथा पेश भएका लिखतहरू अध्ययन गरी कुनै कुरा अस्पष्ट भए दुवै पक्षसँग सोधपुछ गर्नुपर्छ।<br>• यसरी अध्ययन र सोधपुछ पछि बादी प्रतिबादीको कुरा मिले वा नमिलेको विषयमा यकिन गर्नुपर्छ।<br>• प्रतिबादीले बादीको दाबी स्वीकार गरी दुवै पक्षको कुरा मिलेको देखिएमा त्यसै बखत फैसला गर्न सकिन्छ। | दफा १९० |
| **मुद्दाका पक्षसँग जहिलेसुकै सोध्न सकिने** | • फैसला गर्नुअघि न्यायाधीशले बादी प्रतिबादीसँग मुद्दाको कुनै विषयमा जहिलेसुकै पनि आदेश दिई सोध्न हुन्छ।<br>• त्यसरी सोध्दा मुद्दाका पक्षले दिएको जवाफ मिसिलमा संलग्न गर्नुपर्छ। | दफा २७५ |
| **प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि सुनुवाई गर्नु पर्ने** | • प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि अदालतले सामान्यतया १ महिनाभित्र मुद्दाको सुनुवाई गरी निर्णय गर्नुपर्छ।<br>• सुनुवाई गर्दा मुद्दाका पक्षहरूले आफैं वा कानून व्यवसायी वा वारिस मार्फत आफ्नो दाबी वा प्रतिरक्षाको लागि बहस पैरवी गर्न सक्दछन्।<br>• सुनुवाई गर्दा मुद्दामा थप कुराहरू स्पष्ट गर्नका लागि लिखित बहस नोट पेश गर्न अदालतले आदेश दिएमा आफैंले वा आफ्नो कानून व्यवसायी वा वारिसले अदालतद्वारा तोकिएको अवधिभित्र लिखित बहस नोट पेश गर्नुपर्छ। | दफा १९२ |
| **सुनुवाई गर्दा पक्षलाई रोहबरमा राख्नुपर्ने** | • मुद्दाको सुनुवाई गर्दा वा निर्णय गर्नु पर्ने विषय ठहर गर्दा पक्षहरूलाई रोहबरमा राख्नुपर्छ।<br>• सुनुवाईका लागि तोकिएको तारिखका दिन कुनै पक्ष अनुपस्थित भएमा पनि मुद्दाको निर्णय गर्न हुन्छ। | दफा २६९ |

| | | |
|---|---|---|
| **सुनुवाई गर्दा खुला इजलासमा गर्नुपर्ने** | • अदालतले मुद्दाको सुनुवाई खुला इजलासमा गर्नुपर्छ।<br>• पक्षले बन्द इजलासबाट सुनुवाई हुन दिएको निवेदन मनासिब देखिए वा इजलासले नै त्यसरी सुनुवाई गर्न मनासिब ठहराएमा निम्न मुद्दामा बन्द इजलासमा सुनुवाई गर्न आदेश दिनुपर्छः<br>- पारिवारिक सम्बन्ध,<br>- नाता कायम,<br>- विवाह,<br>- सम्बन्ध विच्छेद,<br>• बन्द इजलासबाट सुनुवाई गर्ने आदेश भएकोमा त्यस्तो इजलासमा मुद्दाका पक्ष वा निजको वारिस, पक्षबाट नियुक्त भएका कानून व्यवसायी, न्यायाधीशले आदेश दिएका व्यक्ति वा कर्मचारी बाहेक अन्य व्यक्तिको प्रवेश गर्न दिनु हुँदैन।<br>• अदालतले मनासिव देखेमा सार्वजनिक सुरक्षाको कारणबाट कुनै व्यक्तिलाई इजलासमा प्रवेश गर्न रोक लगाउन सक्दछ। | दफा २६८ |
| **मुद्दामा लगातार कारबाही र सुनुवाई गरिने** | • देहायका मुद्दामा प्रतिउत्तर परेपछि वा पर्ने अवधि समाप्त भएपछि लगातार कारबाही र सुनुवाई गरी किनारा गरिनेछ ।<br>○ मानाचामल सम्बन्धी मुद्दा,<br>○ नाता कायम सम्बन्धी मुद्दा,<br>○ जेष्ठ नागरिक र बालबालिका बादी भएको अंश मुद्दा,<br>○ नाबालकसँग भेटघाट गराइ पाऊँ भन्ने मुद्दा,<br>○ नावालक जिम्मा लगाई पाऊँ भन्ने मुद्दा,<br>○ धर्मपुत्र-धर्मपुत्री भेटघाट सम्बन्धी मुद्दा,<br>○ संरक्षक माथवर नियुक्ति सम्वन्धी मुद्दा,<br>○ बालबालिकाको हेरचाहा स्याहार संभार सम्बन्धी मुद्दा,<br>○ मातृत्व र पितृत्व निर्धारण सम्बन्धी मुद्दा,<br>○ मातृक तथा पैतृक अख्तियारी संवन्धी मुद्दा,<br>○ सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरू ।<br>• लगातार कारबाही र सुनुवाई नहुने मुद्दासँग लगाउमा रहेको भए त्यस्तो मुद्दामा लगातार कारबाही र सुनुवाई गरिने छैन ।<br>• लगातार कारबाही र सुनुवाई हुने मुद्दाको पेशी तोक्दा इजलासको आदेश अनुसार गर्नुपर्छ । | देकानि ३६ |

| | | |
|---|---|---|
| | • यस्ता मुद्दाहरूमा अदालतले तोकेको दिनमा पक्षले आफ्ना साक्षी प्रमाण पेश गर्नुपर्छ । | |
| **मिलापत्र गर्न मौका दिनुपर्ने** | • मुद्दामा मिलापत्र गर्न चाहेमा पक्षहरूले जहिलेसुकै संयुक्त निवेदन दिन सक्छन्।<br>• त्यस्तो निवेदन परेमा निवेदनको व्यहोरा, त्यसको मतलब र परिणाम सम्बन्धित पक्षहरूलाई सुनाउनु पर्छ।<br>• त्यसरी सुनाउँदा पक्षहरूले मिलापत्र गर्न मञ्जुर गरेमा अदालतले मिलापत्रको ३ प्रति मस्यौदा तयार गराउनुपर्छ।<br>• पक्षहरू मिलापत्र गर्न सहमत भएमा मिलापत्रमा दुवै पक्षहरूको सहीछाप गराई न्यायाधीशले प्रमाणीकरण गरी १ प्रति सम्बन्धित मिसिलमा राखी बादी र प्रतिबादीलाई १/ १ प्रति दिनुपर्छ।<br>• मिलापत्र बमोजिमको काम नभएको भन्ने विषयमा बाहेक मिलापत्रमा चित्त बुझेन भनी पछि उजुर लाग्दैन।<br>• मिलापत्र बमोजिम दाखिल खारेज, नामसारी, दर्ता, रजिष्ट्रेशन वा कित्ताकाट गर्नुपर्ने रहेछ भने मिलापत्र भएको ३ दिनभित्र सो कार्य गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्छ। | दफा १९३ |
| **मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न सक्ने** | • मुद्दा जुनसुकै तहको अदालतमा भएपनि मेलमिलापद्वारा समाधान गर्न चाहेमा पक्षहरूले संयुक्त निवेदन दिन सक्छन्।<br>• त्यसरी निवेदन दिएकोमा न्यायाधीशले त्यस्तो मुद्दा मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न उपयुक्त देखेमा सोको लागि आदेश दिनुपर्छ।<br>• पक्षहरूले निवेदन नदिएपनि अदालतलाई उपयुक्त लागेमा र पक्षहरू सहमत भएमा अदालतले मेलमिलापको माध्यमबाट त्यस्तो मुद्दाको समाधान गर्न आदेश दिन सक्दछ।<br>• पक्षलाई मेलमिलापमा पठाउने आदेश भएकोमा कानून बमोजिम मेलमिलापको प्रक्रिया प्रारम्भ गर्नु पर्दछ।<br>• पक्षहरूवीच मेलमिलाप हुने भएमा सो व्यहोरा उल्लेख गरी अदालतमा निवेदन दिनुपर्छ।<br>• सो बमोजिम निवेदन प्राप्त भएमा अदालतले पक्षहरू बीच मिलापत्र गराई दिनुपर्छ।<br>• यसरी मेलमिलापको प्रक्रियाबाट मिलापत्र हुने भएमा मिलापत्र गराउँदाको | दफा १९४ |

| | | |
|---|---|---|
| | अन्य कार्यविधि समेत अवलम्बन गर्नुपर्छ।<br>• मेलमिलापको प्रक्रियाबाट मिलापत्र हुन नसकेमा त्यस्तो मुद्दा कानून बमोजिम कारबाही र किनारा गर्नुपर्छ। | |
| **मिलापत्र वा मेलमिलाप हुन नसक्ने** | • निम्न मुद्दाहरू मिलापत्र वा मेलमिलाप हुन सक्दैनन्:<br>- नेपाल सरकार बादी भई चलेको मुद्दा र<br>- सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति सम्बन्धी मुद्दा<br>• तर सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति कायम हुने गरी मिलापत्र गर्न हुन्छ। | दफा १९५ |
| **दाबी फिर्ता लिन सक्ने** | • नेपाल सरकार बादी हुने बाहेकका मुद्दामा निम्न कारण देखाई पक्षले फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनपत्रको दाबी फिर्ता गर्न निवेदन दिन सक्दछन्;<br>- आफूले लिएको दाबी त्याग गरेको,<br>- आफ्नो दाबी सावित गर्न नसक्ने,<br>- दाबीको प्रयोजन समाप्त भएको।<br>• सो बमोजिम निवेदन परेमा फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिन अनुमतिको आदेश दिई सो मुद्दाको लगत कट्टा गर्नुपर्छ।<br>• यसरी फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिने व्यक्तिले विपक्षी बनाईएका व्यक्ति उपर सोही विषयमा पछि उजुर गर्न पाउँदैन। | दफा १९६ |
| **मुद्दाको टिपोट** | • कुनै मुद्दा पेशीमा चढाउनु अगावै सम्बन्धित शाखाले मिसिल सामेल रहेका सम्पूर्ण तथ्यहरू र बुझिएका प्रमाण तथा ठहर गर्नु पर्ने विषय यकिन गरी टिपोट तयार गरी मिसिल सामेल राख्नुपर्छ।<br>• मुद्दाको टिपोट सम्बन्धित फाँटवालाले तयार गरी माथिल्लो तहको अधिकारीबाट प्रमाणित गराई टिपोटको विद्युतीय प्रति समेत अध्यावधिक गर्नुपर्छ।<br>• मुद्दाको टिपोटमा व्यक्तिगत राय वा मुद्दामा प्रभाव पर्ने कुनै कुरा लेख्न पाइदैन। | दफा १९७<br>देकानि ३५ |

| | | |
|---|---|---|
| फैसला तथा सुचना प्रकाशन | • मुद्दाको सुनुवाई सम्पन्न भएपछि सामान्यतया सोही दिनमा नै फैसला गरी राय किताबमा अभिलेख गर्नुपर्छ।<br>• बहस नोट दाखिला गर्न अदालतबाट आदेश भएकोमा बहस नोट प्राप्त भएको मितिले ७ दिनभित्र फैसला गर्नुपर्छ।<br>• जटिल कानूनी वा तथ्यगत प्रश्न समावेश भएको मुद्दामा सोही दिन ठहर गर्न नसकिने भए कुन कानूनी वा तथ्यगत जटील प्रश्न समावेश भएको हो सो को कारण खुलाई बढीमा १५ दिनभित्र निर्णय सुनाउने दिनको तारिख तोक्न सकिन्छ।<br>• एउटै मिसिलबाट गर्नुपर्ने काम मध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भनी फैसला गर्न हुँदैन ।<br>• मुद्दा फैसला भई राय किताबमा लेखिएको निर्णयको व्यहोरा मुद्दाका पक्ष वा निजको कानून व्यवसायीले लिन माग गरेमा त्यस्तो व्यहोरा प्रमाणीकरण गरी उपलब्ध गराउनु पर्नुपर्छ।<br>• एकतर्फी फैसला भएकोमा फैसला प्रमाणीकरण भएको मितिले ३० दिनभित्र मुद्दामा अनुपस्थित पक्षको जानकारीको लागि निजको ठेगानामा सूचना जारी गरी तामेल हुन नसके राष्ट्रिय स्तरका दैनिक पत्रिकामा फैसला भएको सूचना प्रकाशन गर्नुपर्छ।<br>• त्यस्तो सूचना सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रकाशन हुने राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सर्वोच्च अदालतले निर्धारण गरेको दिन प्रकाशन गर्नुपर्छ।<br>• त्यसरी सूचना प्रकाशन गर्दा लागेको खर्च मुद्दामा हाजिर भएको सम्बन्धित पक्षले तिर्नुपर्छ। | दफा १९७, २८२<br>देकानि ३७ |
| **फैसलाको ढाँचा** | • फैसला भएको २१ दिनभित्र मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची—१९ बमोजिमको ढाँचामा फैसला तयार गर्नुपर्छ।<br>• सो फैसला तयार गरिएको मिति उल्लेख गरी न्यायाधीशले हस्ताक्षर गरी प्रमाणीकरण गर्नुपर्छ।<br>• यसरी प्रमाणीकरण भएका फैसलाको विवरण अदालतको सूचना पाटीमा प्रत्येक हप्ता टाँस गरी वेभसाईटमा समेत राख्नुपर्छ। | दफा १९८ |
| **फैसला संशोधन** | • न्यायाधीशले फैसला प्रमाणीकरण गरेपछि ईन्साफमा फरक नपर्ने गरी सामान्य त्रुटि सच्याउने बाहेक कुनै संशोधन गर्न हुँदैन। | दफा १९९<br>देकानि ३९,४० |

| | | |
|---|---|---|
| | • **"सामान्य त्रुटि"** भन्नाले ठहर गरिएको विषय र ईन्साफमा फरक नपर्ने गरी फैसलामा भएका अङ्क र अक्षरमा भएको फरक, बादी, प्रतिबादी वा साक्षीको नाम, थर, ठेगानामध्ये कुनै एकको उल्लेखनको त्रुटि, छपाई वा प्रिन्टिङ्गमा भएका साना तिना त्रुटि सम्झनु पर्छ। | |
| **फैसला सुनिपाएको कागज गराउने** | • फैसला भएपछि हाजिर रहेको पक्षलाई फैसला सुनाई सुनि पाएको कागज गराई मिसिल सामेल राख्नुपर्छ।<br>• पक्ष हाजिर नरहेकोमा निजको वारिस भए वारिसलाई फैसला सुनिपाएको कागज गराउनु पर्छ।<br>• फैसला सुनाउँदा अनुपस्थित पक्षलाई फैसला तयार भएको ३ दिनभित्र देवानी कार्यविधि संहिताको अनुसूची–२० बमोजिमको ढाँचामा पुनरावेदन लाग्ने भएमा रित पूर्वक पुनरावेदनको म्याद र पुनरावेदन नलाग्ने भएमा फैसला भएको सूचना तामेल गर्न पठाउनु पर्छ।<br>• अभिलेख शाखमा मिसिल बुझाउँदा सम्बन्धित फाँटले त्यस्ता म्याद वा फैसला भएको सूचनाको तामेली प्रति मिसिल संलग्न गरेर मात्र बुझाउनु पर्छ ।<br>• अभिलेख शाखाले मिसिल बुझ्दा त्यस्ता म्याद वा सूचनाको तामेली प्रति मिसिल संलग्न भए नभएको जाँच गरेर मात्र बुझ्नु पर्छ।<br>• फैसला सुनाउँदा मुद्दाको पक्ष आफैं, निजको वारिस वा निजको कानून व्यवसायी उपस्थित भई बहस पैरवी गरेको रहेछ भने मुद्दाको पक्ष उपस्थित भएको मानिन्छ। | दफा २००<br>देकानि४१ |
| **डिसमिस फैसला** | • तारिखका दिन मुद्दाको कुनै पक्ष अनुपस्थित भई तारिख गुजारी कानून बमोजिम थमाउन पाउने अवधि समाप्त भएपछि देहायका कुरामा देहाय बमोजिम डिसमिस फैसला गर्नुपर्छः<br>• प्रतिउत्तरपत्र पेश नहुँदै बादीले तारिख गुजारेमा फिराद दाबी डिसमिस गर्नुपर्छ,<br>• प्रतिउत्तरपत्र पेश भएपछि बादीले तारिख गुजारेमा प्रतिबादीले फिराद दाबी आंशिक वा पूरै स्वीकारेको देखिन आए सो हदसम्म ठहरे बमोजिम फैसला गरी बाँकी दाबी डिसमिस गर्नुपर्छ,<br>• प्रतिबादीले प्रतिउत्तर पेश नगरेमा वा प्रतिउत्तरपत्र पेश गरेपछि निजले तारिख गुजारेमा बादी प्रतिबादीले पेश गरेको प्रमाण बुझी त्यसको | दफा १४१ |

| | | |
|---|---|---|
| | आधारमा ठहरेबमोजिम फैसला गर्नुपर्छ।<br>• फिरादपत्र दर्ता भएपछि वा प्रतिउत्तरपत्र पेश भएपछि बादी तथा प्रतिबादी दुवैले तारिख गुजारेमा त्यस्तो मुद्दा डिसमिस गर्नुपर्छ।<br>• यसरी मुद्दा डिसमिस भएकोमा सोही बादीको उही प्रतिबादी उपर सोही विषयमा अर्को फिराद दाबी लाग्न सक्दैन। | |
| **एकतर्फी फैसला** | • प्रतिबादीले प्रतिउत्तरपत्र पेश नगरेमा बादीबाट पेश भएको फिरादपत्र, प्रमाण बुझी त्यसको आधारमा ठहरे बमोजिम फैसला गर्नुपर्छ। | दफा १४१(१)(ग) |
| **तामेली** | • अंश मुद्दामा सम्पत्तिको फाँटवारी दिनु पर्ने व्यक्तिले नदिएमा वा प्रतिउत्तर पेश नगरी म्याद गुजारी बसेमा र बादीले सम्पत्तिको फाँटवारी दिन नसकेमा सोही कुरा खुलाई बादीको कागज गराई पछि फाँटबारी दिएका बखत अंशबण्डा हुने गरी मुद्दा तामेलीमा राख्नुपर्छ। | देसं<br>दफा २२५ |
| **खारेजी फैसला** | • प्रारम्भिक सुनुवाई गर्दा फिरादपत्र हकदैया, हदम्याद र क्षेत्राधिकार बिहीन देखिएमा सो फिरादपत्र खारेज गर्नुपर्छ।<br>• त्यसैगरी अदालती शुल्क दाखिल नभएका मुद्दाहरू पनि खारेज गर्ने गरी फैसला गर्नुपर्छ। | देकासं दफा १३३, ७७ |

## परिच्छेद- बाह्र

## मुलतवी र स्थानान्तरण

कुनै अदालतमा विचाराधीन मुद्दासँग सार्थक सम्बन्ध राख्ने वा अन्तरप्रभावी भई निर्णयमा तात्विक असर पर्ने प्रकृतिको मुद्दा अर्को कुनै अदालतमा दायर भई कारबाहीयुक्त अवस्थामा रहेको र अर्को अदालतबाट त्यस्तो मुद्दा किनारा नभएसम्म आफ्नो अदालतमा रहेको मुद्दा किनारा गर्न नहुने वा गर्न नसकिने भएमा अर्को अदालतबाट सो मुद्दा किनारा नभएसम्म मुद्दा सुनुवाईको प्रक्रियालाई स्थगन गरी यथास्थितिमा राख्ने कार्यलाई मुलतवी भनिन्छ । यसरी मुलतवी राख्दा आधार र कारण खोलि आदेश गरी सोको जानकारी अर्को अदालतलाई दिनु पर्छ। अर्को अदालतमा विचाराधिन रहेको त्यस्तो मुद्दा किनारा भएको जानकारी प्राप्त भएपछि मुलतवीमा रहेको मुद्दा जगाई कारबाही किनारा गर्नुपर्छ।

विशेष परिस्थितिमा माथिल्लो अदालतको आदेश बमोजिम कुनै एक अदालतमा दायर रहेको मुद्दा अर्को अदालतमा सारी कारबाही किनारा गर्ने कार्यलाई मुद्दा स्थानान्तरण भनिन्छ। नेपालको संविधान र देवानी कार्यविधि संहिताले सर्वोच्च अदालत र उच्च अदाललाई यसरी मुद्दा स्थानान्तरण गर्न सक्ने अधिकार प्रदान गरेको छ। मुद्दा मुलतवी तथा स्थानान्तरण सम्बन्धमा देहायबमोजिम उल्लेख गरिएको छ।

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **मुद्दा मुलतवी राख्ने** | **निम्न अवस्थामा कारण खुलाई मुद्दा मुलतवीमा राख्ने आदेश गर्न सकिन्छः**<br>- कुनै एक अदालतमा रहेको मुद्दाको किनारा नभई अर्को अदालतमा रहेको मुद्दाको किनारा हुन नसक्ने वा गर्न नहुने भएमा,<br>- एउटा मुद्दाको किनारा गर्दा अर्को मुद्दाको निर्णयमा तात्विक असर पर्ने कारण देखाई कुनै पक्षले निवेदन दिएमा,<br>- कुनै मुद्दा मुलतबी राख्न आवश्यक देखिएमा।<br>• मुद्दा मुलतवी राखिएकोमा सो को जानकारी पक्षहरू र अर्को मुद्दा विचाराधीन रहेको अदालतलाई ३ दिन भित्र दिनुपर्छ।<br>• मुद्दा मुलतवी राख्ने आदेश भएकोमा तारेखमा रहेको पक्षलाई सोही दिन मुलतवी राख्ने आदेश सुनाई सो को निस्सा मिसिल सामेल राख्नु पर्छ।<br>• मुद्दा मुलतवी रहँदा अदालतको अनुमतिले तारेखमा नरहेको पक्षलाई आदेश भएको तीन दिनभित्र मुद्दा मुलतवी रहेको सूचना पठाउनु पर्छ। | दफा २०१<br><br>देकानि ४२ |

| | | |
|---|---|---|
| | • अर्को अदालतमा मुद्दा मुलतवी रहेको जानकारी प्राप्त भएमा आफ्नो अदालतमा विचाराधिन मुद्दा फैसला गरेको ३० दिनभित्र फैसलाको प्रतिलिपि सहित मुद्दा मुलतबी रहेको अदालतलाई जानकारी पठाउनु पर्छ।<br>• यसरी मुद्दा किनारा भएपछि पक्ष तारिखमा रहेको र मुद्दा मुलतबी रहेको अदालतमा तारिख तोक्नु पर्ने भए तारिख तोकी पठाउनु पर्छ।<br>• विभिन्न अदालतमा विचाराधीन रहेका मुद्दाहरूमध्ये कुन मुद्दा मुलतबी राख्ने भन्ने विषयमा अदालतहरू बीच फरक फरक राय भएमा त्यस्तो विषयमा सम्बन्धित अदालतको पुनरावेदन सुन्ने अदालतमा तुरुन्त प्रतिवेदन गर्नुपर्छ।<br>• त्यसरी प्रतिवेदन परेकोमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो विषयमा १ महिनाभित्र उपयुक्त आदेश गर्नुपर्छ र सो आदेश बमोजिम सम्बन्धित अदालतले मुद्दाको कारबाही गर्नुपर्छ।<br>• मुलतबी राख्ने विषयमा फरक फरक राय भएका अदालतहरूको पुनरावेदन सुन्ने अदालत भिन्न भिन्न भएमा त्यस्तो विषयमा सर्वोच्च अदालतमा तत्काल प्रतिवेदन पेश गर्नुपर्छ।<br>• यसरी प्रतिवेदन परेकोमा सर्वोच्च अदालतले त्यस्तो विषयमा ३ महिनाभित्र उपयुक्त आदेश गर्नेछ र त्यस्तो आदेश बमोजिम सम्बन्धित अदालतले मुद्दाको कारबाही गर्नुपर्छ।<br>• मुलतबीमा रहनु भन्दा अगाडि कायम रहेको दर्ता मितिलाई नै मुलतवीबाट जागेको मुद्दाको दर्ता मिति कायम गरी मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ। | |
| **मुलतबी रहेको मुद्दा जगाउने** | • मुलतबी राखिएको मुद्दा जगाउनु पर्ने भएमा मुद्दाको कुनै पक्षले आधार र कारण खुलाई अदालतमा निवेदन दिन सक्दछ।<br>• त्यस्तो निवेदन मनासिब देखिएमा अदालतले निवेदन माग बमोजिम मुलतबी रहेको मुद्दा जगाई सुनुवाई गर्नुपर्छ।<br>• पक्षको निवेदन नपरेपनि अर्को अदालतमा विचाराधीन मुद्दाको निर्णय भएको जानकारी प्राप्त भएमा वा मुलतबी राख्नु पर्ने कारण नदेखिएमा मुलतवी रहेको मुद्दा तुरुन्त जगाई कारबाही गर्नुपर्दछ।<br>• मुद्दा मुलतबी राख्दा तारिखमा रहेका पक्षको तारिख टुटाई दिनु | दफा २०२ |

| | | |
|---|---|---|
| | पर्छ। <br>• मुलतबी जगाउँदा मुद्दा मुलतवी रहँदाका बखत तारिखमा रहेका पक्षहरूलाई ७ दिनको म्याद दिई झिकाई कारबाही गर्नुपर्छ। | |
| **मुद्दा सार्न सक्ने** | • समान प्रश्न समावेश भएको सार्वजनिक महत्वको मुद्दा सर्वोच्च अदालत र उच्च अदालतहरूमा विचाराधीन रहेको भए सो मुद्दा उच्च अदालतबाट सर्वोच्च अदालतले झिकाई कारबाही गर्न सक्छ। <br>• कुनै उच्च अदालतमा विचाराधिन मुद्दामा न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थिति देखिएमा सर्वोच्च अदालतले सो मुद्दा एक उच्च अदालतबाट अर्को उच्च अदालतमा सारी सुनुवाई गर्न आदेश दिन सक्छ। <br>• कुनै जिल्ला अदालतमा विचाराधिन मुद्दामा न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थिति देखिएमा उच्च अदालतले सो मुद्दा एक जिल्ला अदालतबाट अर्को जिल्ला अदालतमा सारी सुनुवाई गर्न आदेश दिन सक्छ। <br>• त्यसरी मुद्दा सार्ने अवस्था भए नभएको निर्णय पक्षको निवेदन वा अन्य माध्यामबाट प्राप्त जानकारीका आधारमा गर्नुपर्छ। <br>• मुद्दा सार्ने आदेश भएमा जुन अदालतमा मुद्दा सर्ने भएको हो सो अदालतले सर्वोच्च अदालत वा उच्च अदालतको आदेश बमोजिम मुद्दाको कारबाही गर्नुपर्छ। <br>• मुद्दा सरी जुन अदालतबाट फैसला भएपनि फिराद दर्ता भएको शुरु अदालतको पुनरावेदन सुन्ने अदालतमा नै पुनरावेदन लाग्छ। <br>• मुद्दा सार्ने आदेश भएमा सम्वन्धित अदालतको इजलासबाट मुद्दाको दायरीको लगत कट्टा गर्ने आदेश गरी मिसिल पठाउनुपर्छ। | दफा २०३, संविधानको धारा १३४, १४५ <br>देकानि४३ |
| **सर्वोच्च अदालतले मुद्दाको सुनुवाई र किनारा गर्न सक्ने** | • कुनै मुद्दामा संविधान वा कानूनको व्याख्या सम्बन्धी जटिल प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सरोकारको प्रश्न समावेश भई सो प्रश्नको निरूपण भएपछि मात्र सो मुद्दाको सुनुवाई र किनारा गर्न उपयुक्त हुने मुद्दाको पक्षको निवेदन वा सम्बन्धित अदालतको प्रतिवेदनबाट देखिएमा सर्वोच्च अदालतले सो मुद्दा झिकाई सुनुवाई र किनारा गर्ने आदेश गर्नुपर्छ। | दफा २०४ |

| | | |
|---|---|---|
| | • त्यस्तो आदेश भएमा पक्षहरूलाई तारिख तोकी सम्बन्धित पक्षलाई जानकारी दिई मिसिल सम्वन्धीत अदालतले सर्वोच्च अदालतमा पठाई दिनु पर्छ।<br>• त्यस्तो आदेश भएकोमा सर्वोच्च अदालतले मातहत अदालतबाट मुद्दा झिकाई जटिल संवैधानिक, कानूनी वा सार्वजनिक महत्वको प्रश्नको निरूपण गरी बाँकी कारबाही र किनाराका लागि मिसिल सम्बन्धित अदालतमा फिर्ता पठाउन सक्दछ।<br>• मिसिल फिर्ता पठाउँदा पक्षहरूलाई त्यसको जानकारी गराई मातहत अदालतको तारिख तोक्नुपर्छ। | |

**परिच्छेद-तेह्र**

**सरकार बादी वा पक्ष हुने देवानी मुद्दा सम्बन्धी**

**व्यवस्था**

सरकारको हक हित सरोकार रहेको वा सरकारको स्वामित्व रहेको सम्पत्ति संरक्षणको लागि सरकारको तर्फबाट वा यस प्रकृतिका विवादमा सरकारको विपक्षमा परेका नालेशमा सरकारको तर्फबाट गरिने प्रतिरक्षा सम्बन्धमा यस परिच्छेदमा उल्लेख भएको छ । त्यसै गरी सरकारबादी वा पक्ष हुने देवानी मुद्दाको अनुसन्धान, फिरादपत्र तयार, म्याद, तथा अन्य कार्यबिधि सम्वन्धी व्यवस्थाको बारेमा समेत विस्तृत रुपमा समावेश गरिएको छ ।

| **विषय** | **कार्यविधि** | **सम्बन्धित कानून** |
|---|---|---|
| **सरकारबादी हुने देवानी मुद्दाहरू** | • देहायका देवानी मुद्दाहरू सरकारबादी हुन्छन्:<br>- नेपाल सरकार वा त्यसको कुनै कार्यालय, अदालत, तथा संबैधानिक निकायको हक हित वा सरोकार भएको मुद्दा,<br>- सरकारी जग्गा दपोट सम्बन्धी मुद्दा,<br>- तिरो दपोट सम्बन्धी मुद्दा,<br>- विदेशीलाई अचल सम्पति हस्तान्तरण सम्बन्धी र विदेशीलाई प्राप्त अंश वा अपुतालीसँग सम्बन्धित मुद्दा,<br>- सरकारी रकम कलम दवाएको वा सरकारी हकदैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा,<br>- प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह बादी हुने देवानी मुद्दा।<br>- नेपाल सरकार बादी हुने भनी नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अरु देवानी मुद्दा। | देकासं दफा २५४, २५५ र अनुसूची २८, देसं दफा ४३२, ४३३ |
| **सरकार बादी देवानी मुद्दाको दायरी** | • सरकारबादी हुने देवानी मुद्दा दायर गर्न ल्याएकोमा देहाय बमोजिम प्रक्रिया पूरा गरेको हुनुपर्छः<br>- सरकार बादी हुने देवानी मुद्दा चलाउन चाहने व्यक्तिले मुद्दाको विषयमा आफूसँग भएको वा आफुले देखे जानेसम्मको प्रमाण खुलाई तोकिएको अधिकारी वा अधिकारी नतोकिएकोमा सम्बन्धित जिल्लाको मालपोत अधिकृतले नाप नक्सा लगायतका विषयमा जाँचबुझ गरी सरकारी वकील समक्ष राय पेश गरेको,<br>- सम्बन्धित जिल्लाको सरकारी वकीलले मुद्दा चलाउने गरी निर्णय गरी | दफा २५४ |

| | | |
|---|---|---|
| | फिराद दायर गरेको। | |
| **सरकारबादी नभै व्यक्तिले मुद्दा चलाउनु पर्ने देखिएमा सूचना गर्नु पर्ने** | • सरकारी वकीलले मिसिल अध्ययन गर्दा त्यस्तो मुद्दा सरकार बादी भई चलाउनु पर्ने नदेखिई व्यक्तिले नै चलाउनु पर्ने देखिए निर्णय गरी सोको सूचना सम्बन्धित व्यक्तिलाई दिनु भनी मिसिल पठाउने अधिकारीलाई सूचना दिनुपर्छ।<br>• त्यस्तो सूचना पाएको मितिले सम्बन्धित व्यक्तिको कानून बमोजिमको हदम्यादको गणना हुन्छ। | दफा २५६ |
| **सरकारबादी हुने नदेखिएमा सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्ने** | • सरकारबादी हुने भनी दर्ता भएका देवानी मुद्दामा कारबाहीको क्रममा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह बादी हुने नदेखिएमा अदालतले सोही व्यहोराको आदेश गरी सरोकारवाला व्यक्तिलाई झिकाउनु परछ।<br>• सो आदेश बमोजिम सरोकारवाला व्यक्ति उपस्थित भई मुद्दा सकार गरेमा निजलाई बादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कारबाही, सुनुवाई र किनारा गर्नुपर्छ। | दफा २५७ |
| **सरकारी वकिलले दायर गर्ने बाहेकका अन्य सरकारबादी देवानी मुद्दा सम्वन्धी कार्यविधि** | • सरकारी वकीलले दायर गर्ने बाहेका अन्य सरकारबादी हुने देवानी मुद्दा दायर गर्न ल्याएकोमा देहाय बमोजिम प्रक्रिया पूरा गरेको हुनुपर्छः<br>- कानूनमा तोकिएको अधिकारीले प्रमाण सँकलन गरेको,<br>- सम्बन्धित जिल्लाको सरकारी वकीलले मुद्दा चलाउने गरी निर्णय गरेको।<br>- कानूनमा तोकिएको अधिकारीले फिराद दायर गरेको। | दफा २५८ |
| **हदम्याद सम्बन्धी व्यवस्था** | • नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको तर्फबाट कुनै व्यक्तिको नाउँमा देवानी विषयमा नालिस गर्नु परदा देहाय बमोजिम हदम्याद भित्र नालिस गर्नुपर्छः<br>- कानूनमा हदम्याद तोकिएको भए सोही हदम्यादभित्र,<br>- त्यस्तो हदम्याद नतोकिएको भए नालिस गर्नु पर्ने कारण सृजना भएको कुरा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई थाहा भएको मितिले २ वर्षभित्र,<br>- कानूनमा नालिस गर्नलाई हदम्याद नलाग्ने, हदम्याद नभएको वा जहिलेसुकै पनि नालिस गर्न सकिने उल्लेख भएकोमा जहिलेसुकै।<br>• नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालयको सम्बन्धित | दफा २५९ |

| | | |
|---|---|---|
| | अधिकारीले थाहा पाएको भए सो निकायले थाहा पाएको मानुनुपर्छ। | |
| **साक्षी बकाउने वा प्रमाण पेश गर्ने** | • नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह बादी हुने देवानी मुद्दामा साक्षी वा प्रमाण बुझ्दा देहाय बमोजिम गर्नुपर्छः<br>- जाहेरी दिने वा सूचना दिने व्यक्ति बादी पक्षको साक्षी हुन्छ।<br>- सरकार बादी भई दायर भएका देवानी मुद्दाको साक्षी वा प्रमाण अदालतले खोजेको दिन सम्बन्धित अधिकारीले सरकारी वकिल मार्फत उपस्थित वा पेश गर्नुपर्छ।<br>- साक्षी बकाउने वा प्रमाण पेश गर्ने कार्य सरकारी वकिलले गर्नुपर्छ।<br>- नबुझी नहुने साक्षीलाई फौज्दारी कार्यविधि संहिताको दफा ११२ को प्रक्रिया अपनाई झिकाई बुझ्न सकिन्छ। | दफा २६०, फौजदारी कार्यविधि संहिताको दफा ११२ |
| **सरकारी वकिलले बहस पैरवी र प्रतिरक्षा गर्ने** | • सरकारी वकीलबाट दायर भएका सरकारबादी देवानी मुद्दामा सरकारी वकिलले बहस पैरवी र प्रतिरक्षा गर्नपर्छ।<br>• सो बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई विपक्षी बनाएको वा नेपाल सरकार बादी भएको देवानी मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा सरकारी वकिलले वहस पैरवी र प्रतिरक्षा गरी दिन सक्छ। | दफा २६१ |
| **पुनरावेदन म्याद** | • देवानी कार्यविधि संहिताको दफा २५४ बमोजिम सरकारी वकीलबाट दायर भएका मुद्दामा ७० दिनको पुनरावेदन म्याद दिनुपरछ।<br>• त्यस्तो पुनरावेदन म्याद गुज्रेमा देवानी कार्यविधि संहितामा उल्लिखित अन्य म्यादका अतिरिक्त अदालतले ३० दिनसम्म म्याद थप गरिदिन सक्छ। | दफा २६२ |
| **पुनरावेदन, मुद्दा दोहोऱ्याउने वा पुनरावलोकनको निवेदन दिने अधिकारी** | • सरकारबादी हुने देवानी मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन गर्ने वा सो विषयका लागि निवेदन दिने सम्बन्धी कार्य सम्बन्धित सरकारी वकिलले गर्नुपर्छ।<br>• सो बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह पक्ष वा विपक्ष भएको देवानी मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन गर्ने वा सो विषयमा निवेदन दिने काम सम्बन्धित अधिकारी वा कार्यालय प्रमुख आफैंले गर्न सक्दछ।<br>• तर सम्बन्धित अधिकारी वा कार्यालय प्रमुखले लेखि पठाएमा सरकारी वकिलले पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन गर्ने वा सो | |

| | | |
|---|---|---|
| | विषयमा निवेदन दिने काम गर्न सक्दछ। | |
| **नेपाल सरकार उपर नालिस दिने कार्यविधि** | • **नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह उपर देवानी मुद्दा दायर गर्न देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्छः**<br>○ सरोकारवाला व्यक्तिले जसका विरुद्ध नालिस गर्नु पर्ने हो त्यस्तो कार्यालय वा कार्यालयका प्रमुखलाई नालिस गर्ने व्यहोराको सूचना दिएको हुनुपर्छ।<br>○ यसरी सूचना दिएकोमा नालिस दिनु नपर्ने कारण भए ३० दिनभित्र सम्बन्धित कार्यालय वा कार्यालय प्रमुखले सूचना दिने व्यक्तिलाई जानकारी गराउनु पर्छ।<br>○ त्यसरी सम्बन्धित मुद्दा गर्नु नपर्ने गरी जानकारी नदिएमा वा जानकारी दिए पनि त्यसको कारण मनासिब नलागेमा ३५ दिनभित्र नालिस दिन सकिन्छ। | दफा २६४ |

**परिच्छेद-चौध**

# पुनरावेदन, मुद्दा दोहोऱ्याउने र पुनरावलोकन

**१४.१ पुनरावेदन**

कुनै अदालतले शुरु कारबाही गरी फैसला वा अन्तिम आदेश गरेको मुद्दामा चित्त नबुझ्ने पक्षलाई सो फैसला वा आदेश उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार भएको अदालतमा पुनरावेदन गर्ने अधिकार हुन्छ। शुरु अदालत वा पुनरावेदन सुन्ने अदालतले गरेको फैसलामा चित्र नवुझेमा चित्त नवुझेको हदसम्म आधार र कारण खोली त्यस्तो फैसला उल्टि वा वदर गरिपाऊ भनी मुद्दाका पक्षले पुनरावेदन सुन्ने अदालतमा दिएको लिखित जिकिरलाई पुनरावेदनपत्र भनिन्छ। पुनरावेदनपत्र कानूनको म्यादभित्र तोकिएको ढाँचामा प्रस्तुत गर्नुपर्दछ।पुनरावेदन सम्बन्धमा देवानी कार्यविधि संहितामा रहेका व्यवस्थाहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ।

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **निर्धारित अवधिभित्र पुनरावेदन गर्न सक्ने** | • शुरु अदालतको फैसला उपर पुनरावेदन गर्दा फैसला भएको थाहा पाएको मितिले ३० दिन भित्र पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दिनु परछ।<br>• पुनरावेदन दिने म्याद निम्नानुसार कायम गर्नु पर्छः<br>- मुद्दाको पक्ष वा वारिसले अदालतमा हाजिर भई फैसला सुनिपाएको भए सोही मितिले,<br>- पक्ष हाजिर नभएकोमा फैसलाको सूचना तामेल भएको मितिले,<br>- माथि उल्लिखित अवस्थामा बाहेक न्यायाधीशले फैसला प्रमाणीकरण गरेको ६ महिनासम्म फैसलाको नक्कल लिएको मितिले,<br>• सुनुवाईको दिन निर्धारण गरिएको तारिखमा मुद्दाको पक्ष आफैं वा निजको वारिस उपस्थित भएको रहेछ र सोही तारिखको दिनमा नै मुद्दाको फैसला भएको रहेछ भने मुद्दाको पक्षले फैसला भएको थाहा पाएको मानिन्छ।<br>• पुनरावेदनको म्यादको प्रयोजनका लागि थाहा पाएको मिति कायम गर्दा न्यायाधीशले फैसला प्रमाणीकरण गरेको दिनबाट गर्नुपर्छ। | दफा 205 |
| **पुनरावेदन दर्ता गर्न** | • जुन अदालतले फैसला गरेको हो सो अदालतको पुनरावेदन सुन्ने | दफा २०९,२१०, |

| | | |
|---|---|---|
| **सकिने अदालतहरू** | अदालतमा पुनरावेदन दर्ता गर्नुपर्छ,<br>• मुद्दा फैसला गर्ने अदालतमार्फत पनि पुनरावेदन दर्ता गर्न ल्याए दर्ता गरिदिनु पर्छ,<br>• सरकारी कर्मचारी पुनरावेदन सुन्ने अदालतमा आफैं उपस्थित हुन नसक्ने भए त्यसको कारण खुलाई आफू बहाल रहेको ईलाकामा पुनरावेदन सुन्ने अदालत भए सोहि अदालतमा र नभए सोहि इलाकाको जिल्ला अदालत मार्फत दर्ता गर्न सक्नेछ। | २११ |
| **पुनरावेदन लाग्न नसक्ने अवस्था** | • निम्न अवस्थामा पुनरावेदन लाग्न सक्दैनः<br>- शुरु म्याद गुजारी प्रतिवाद नगरेको वा प्रतिउत्तरपत्र नदिएकोमा,<br>- मुद्दा मिलापत्र गरेकोमा,<br>- मुद्दाको दाबी फिर्ता लिएकोमा,<br>- वेरितपूर्वक डिसमिस भएको अवस्थामा बाहेक डिसमिस फैसला भएकोमा। | दफा २०६ |
| **पुनरावेदनको ढाँचा** | • पुनरावेदनपत्र शिष्ट र मर्यादित भाषामा देवानी कार्यविधि संहिताको अनुसूची २१ को ढाँचामा लेखिएको हुनुपर्छ।<br>• पुनरावेदन जिकिर पुष्टि गर्ने आवश्यक कागजातहरू पुनरावेदन साथ संलग्न गर्नुपर्छ। | दफा २०८ |
| **पुनरावेदनपत्रमा उल्लेख गर्नु पर्ने विवरण** | • पुनरावेदनपत्रमा देहाय बमोजिमको विवरण उल्लेख भएको छ छैन जाँच गरी दर्ता गर्नुपर्छः<br>✓ फैसला वा अन्तिम आदेश गर्ने अदालतको नाम,<br>✓ पुनरावेदक बादी वा प्रतिबादी भएको व्यहोरा,<br>✓ मुद्दाको नाम,<br>✓ फैसला वा अन्तिम आदेश भएको मिति, प्रमाणीकरण मिति र थाहा पाएको मिति,<br>✓ मुद्दामा दाबी गरेको बिगो र कायम भएको बिगो,<br>✓ फैसला वा अन्तिम आदेशमा चित्त नबुझेको बिषय, त्यसको आधार र कारण,<br>✓ पुनरावेदन जिकिर र सो को कानूनी आधार,<br>✓ अन्य पक्ष वा प्रत्यर्थीको पुनरावेदन परे वा नपरेको जानकारी भए सो व्यहोरा,<br>✓ लाग्ने अदालती शुल्क र पुनराबेदन दस्तुर बुझाएको भए सो को प्रमाण, | देकानि ४४ |

| | | |
|---|---|---|
| | ✓ पुनरावेदनको म्याद सम्बन्धी बिषय,<br>✓ अधिकारक्षेत्र सम्बन्धी बिषय । | |
| **पुनरावेदन गर्दा अदालती शुल्क /दस्तुर बुझाउनु पर्ने** | • फिराद दर्ताका बखत अदालती शुल्क पछि तिर्ने गरी अनुमति पाएको अवस्थामा बाहेक कानून बमोजिम लाग्ने अदालती शुल्क वा पुनरावेदन दस्तुर बुझाएको निस्सा पुनरावदनपत्र साथ पेश गर्नुपर्छ। | दफा २०७ |
| **पुनरावेदन दर्ता** | • मुद्दाका कुनै पक्षले अदालतमा दर्ता गर्न ल्याएको पुनरावेदन हेरी जाँची रितपूर्वक र म्याद भित्रको भए लाग्ने दस्तुर लिई दर्ता गरी निजलाई देवानी कार्यविधि संहिताको अनुसुचि ३ को ढाँचामा भरपाई दिनु पर्छ।<br>• दर्ता गर्न ल्याएको पुनरावेदनपत्र वेरितको देखिए सो को कारण खुलाई दरपीठ गर्नुपर्छ।<br>• पुनरावेदनपत्र दर्ता गर्दा तल्लो तहको अदालतको फैसलाबमोजिम लागेको दण्ड जरिवाना बुझिलिएको सो कुराको सूचना लगत रहेको अदालतलाई दिनु पर्छ । | दफा 209<br>देकानि ४५,४८ |
| **पुनरावेदकलाई तारेख तोक्ने** | • फैसला गर्ने अदालतमा पुनरावेदन गर्ने पक्ष तारेखमा वस्न चाहेमा पुनरावेदन सुन्ने अदालतमा हाजिर हुने गरी तारेख तोक्नु पर्छ।<br>• पुनरावेदन गर्ने सरकारी कर्मचारी तारेखमा वस्न चाहेमा पुनरावेदन दर्ता गरेको ईलाकाको अदालतमा नै तारेखमा राखी सो को जानकारी ३ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पठाउनु पर्छ। | दफा 210, २११ |
| **मिसिल झिकाउने/पठाउने** | • पुनरावेदन दर्ता भएपछि पुनरावेदन सुन्ने अदालतले ३ दिन भित्र शुरु अदालत वा निकायमा मिसिल माग गरी लेखी पठाउनु पर्छ।<br>• मुद्दा फैसला गर्ने अदालतमा पुनरावेदन दर्ता भएको ३ दिनभित्र सम्वन्धित मिसिल संलग्न राखी पुनरावेदन सुन्ने अदालतमा त्यस्तो पुनरावेदनपत्र पठाउनु पर्छ।<br>• सरकारी कर्मचारीको पुनरावेदन दर्ता गर्ने बेईलाकाको पुनरावेदन सुन्ने अदालत वा जिल्ला अदालतले दर्ता भएको पुनरावेदनपत्र र त्यस्तो कर्मचारी सो ईलाकामा वाहाल रहेको व्यहोरा प्रमाणित गरी ३ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पठाउनु पर्छ। | दफा २१०, २१२ |

| | | |
|---|---|---|
| | • पुनरावेदन सुन्ने अदालतले शुरु मिसिल माग गरेकोमा पत्र प्राप्त भएको मितिले ३ दिनभित्र शुरु अदालत वा निकायले मिसिल पठाउनु परछ। | |
| **प्रत्यर्थी झिकाउने** | • शुरु मिसिल प्राप्त भएको १५ दिनभित्र पुनरावेदन सुन्ने अदालतले मुद्दाको सुनुवाई गरी तल्लो अदालत वा निकायको निर्णय फरक पर्ने देखिएमा सो को कारण सहित प्रत्यर्थी झिकाउने आदेश गर्नुपर्छ।<br>• त्यस्तो आदेश बमोजिम प्रत्यर्थिका नाउमा पठाउने म्यादको साथमा प्रत्यर्थी झिकाउने आदेश र पुनरावेदनपत्रको प्रतिलिपि समेत संलग्न गरी पठाउनु पर्छ ।<br>• यसरी झिकाएको प्रत्यर्थीले चाहेमा पुनरावेदन जिकिर र अदालतको आदेशलाई लिखित रूपमा प्रतिबाद पेश गर्न सक्छ।<br>• शुरु वा तल्लो अदालतको निर्णय फरक नपर्ने देखिएमा पहिलो सुनुवाईको दिन ठहरे बमोजिम निर्णय गर्नुपर्छ। | दफा २१३<br>देकानि ४९,५० |
| **प्रत्यर्थीलाई म्याद दिनुपर्ने** | • प्रत्यर्थी झिकाउने आदेश भएकोमा पुनरावेदन सुन्ने अदालत आफैंले वा शुरु अदालत मार्फत देवानी कार्यविधि संहिताको अनुसूचि २२ बमोजिमको ढाँचामा प्रत्यर्थीलाई बाटोको म्याद बाहेक १५ दिनभित्र उपस्थित हुन म्याद तामेल गर्नुपर्छ।<br>• प्रत्यर्थीले चाहेमा पुनरावेदन उपर लिखित प्रतिवाद गर्न र तारेखमा वसी प्रतिरक्षा गर्न पाउँछ। | दफा 214 |
| **पुनरावेदनको सुनुवाई** | • तामेलीको म्याद भित्र प्रत्यर्थी उपस्थित हुन आए वा नआए वा दुवै पक्ष तारेखमा वसे वा नवसे पनि सुनुवाई हुने पेशीको तारेख तोकी मुद्दा सुनुवाई गर्नुपर्छ।<br>• पुनरावेदन उपर सुनुवाई गरेपछि ठहरे बमोजिम निर्णय गरी देवानी कार्यविधि संहिताको अनुसूचि २३ को ढाँचामा फैसला तयार गर्नुपर्छ। | दफा 215 |
| **पुनरावेदन सुन्ने अदालतको अधिकार** | • पुनरावेदनको रोहमा सुनुवाई गर्दा आवश्यकता अनुसार शुरु अदालतको अधिकार समेत प्रयोग गर्ने गरी पुनरावेदन अदालतलाई देहाय बमोजिमको आदेश वा निर्णय गर्ने अधिकार हुन्छः<br>- तल्लो अदालत वा निकायको फैसला पुरै सदर वा वदर गर्ने, | दफा २१६, २१७ |

| | | |
|---|---|---|
| | - तल्लो अदालत वा निकायको फैसला आंशिक वा पुरै उल्टी गर्ने,<br>- तल्लो अदालत वा निकायले बुझ्नु पर्ने प्रमाण नबुझी फैसला गरेको देखिए थप प्रमाण आफैंले बुझ्ने वा तल्लो अदालतलाई बुझी पठाउन आदेश गर्ने,<br>- तल्लो अदालत वा निकायले मुद्दामा ठहर गर्नुपर्ने विषयमा सम्बोधन गर्न छुट्याएको वा नबोलेको देखिए त्यस्तो विषयमा आफैंले ठहर गर्ने वा तल्लो अदालतलाई ठहर गर्नु भनी मिसिल पठाउने,<br>- तल्लो अदालत वा निकायको फैसलामा आनुषङ्गिक वा प्रासङ्गिक विषयवस्तु नमिलेको भए परिवर्तन गर्ने। | |
| **एकैसाथ सुनुवाई गरी निर्णय गर्ने** | • दुई वा सो भन्दा बढी पक्ष भएको एउटै मुद्दामा तल्लो अदालत वा निकायको निर्णय उपर छुट्टाछुट्टै पुनरावेदन परेकोमा सबै पुनरावेदनहरू लगाउमा राखी एकै साथ सुनुवाई गरी निर्णय गर्नुपर्छ।<br>• एउटै मुद्दाका पुनरावेदनहरू मध्ये कारणबस कुनै पुनरावेदनको पहिले नै निर्णय भएको र कुनै पुनरावेदनमा निर्णय गर्न बाँकी रहेको अवस्था भए बाँकी पुनरावेदनमा ठहरे बमोजिम निर्णय गर्नुपर्छ। | दफा २१८ |

**१४.२ मुद्दा दोहोऱ्याउने तथा पुनरावलोकन सम्बन्धी व्यवस्था**

उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर पुनरावेदन लाग्न नसक्ने अवस्थाका मुद्दामा त्यस्तो आदेश वा फैसलामा गम्भीर कानूनी त्रुटि भएको, स्थापित सिद्धान्त वा नजिरको पालना नभएको वा गलत ब्याख्या भएको, सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा क्षति भएको र नावालक, बृद्ध, अपाङ्गता भएको व्यक्ति र मानसिकरुपमा पिडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकि ईन्साफमा असर परेको भनी मुद्दाका पक्षले मुद्धा दोहोऱ्याई हेरी पाऊ भनी सर्वोच्च अदालतमा निवेदन दिन सक्छन्।यस्तो निवेदन परेकोमा सर्वोच्च अदालतले उच्च अदालतको फैसला वा अन्तिम आदेश हेरी जाँची मुद्दा दोहोऱ्याई हेर्न अनुमति प्रदान गर्न सक्छ।यसरी सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याई हेरी पुनरावेदन सरह ईन्साफ जाँच्ने कार्यलाई मुद्दा दोहोऱ्याई हेर्ने भनिन्छ।

सर्वोच्च अदालतले गरेको अन्तिम आदेश वा फैसलाबाट भएको ईन्साफमा तात्विक असर पर्ने कुनै प्रमाण वा तथ्य फैसला भैसकेपछि थाहा हुन आएमा वा पत्ता लागेमा र त्यस्तो फैसला वा आदेश स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल भएको देखिएको अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला पुनः हेरी जाँच्ने कार्यलाई

पुनरावलोकन भनिन्छ। सर्वोच्च अदालतमा पुनरावलोकनको लागि निवेदन दिंदा मुद्दाका पक्षले उक्त आधार र कारण खोली अन्तिम आदेश वा फैसला प्रमाणीकरण भएको मितिले ६० दिन भित्र दिनुपर्छ।सर्वोच्च अदालत बाहेक अन्य अदालतलाई यसरी आफ्नो फैसला आफैंले पुनरावलोकन गर्न पाउने अधिकार प्रदान गरिएको छैन।

मुद्धा दोहोऱ्याई हेर्ने र पुनरावलोकन सम्बन्धमा देवानी कार्यविधि संहितामा देहायबमोजिम व्यवस्था गरिएको छ।

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **मुद्दा दोहोऱ्याउन निवेदन दिन सक्ने** | उच्च अदालतले गरेको फैसला र अन्तिम आदेश उपर कानून बमोजिम पुनरावेदन नलाग्ने मुद्दाहरूका फैसला वा अन्तिम आदेशमा देहायको अवस्था विद्यमान भएमा सर्वोच्च अदालतमा दोहोऱ्याई पाउने निवेदन दिन सकिन्छः<br>• संवैधानिक वा कानूनको व्याख्यामा गम्भीर त्रुटि भएको,<br>• सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालना नगरेको,<br>• त्यस्तो स्थापित कानूनी सिद्धान्त वा नजिरको गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,<br>• सरकारी वा सार्वजनिक सरोकारको सम्पति सम्वन्धी विवाद समावेश भएको मुद्दामा प्रमाणको उचित र सही मूल्याङ्कन नभएको कारणले गर्दा त्यस्तो सम्पति हिनामिना वा क्षति भएको,<br>• त्यस्तो सम्पतिमा अनधिकृत रुपमा व्यक्ति विशेषको स्वामित्व वा भोग कायम भएको,<br>• निम्न वर्गका व्यक्तिहरूको उचित प्रतिनिधित्व हुन नसकी ईन्साफमा तात्विक असर परेकोः<br>- बालक,<br>- महिला,<br>- अपाङ्गता भएका,<br>- मानसिक रोगबाट पीडित,<br>- ७५ वर्ष उमेर पुरा भएका। | दफा 219 |
| **मुद्दा दोहोऱ्याउन निवेदन दिन पाउने अवधि र तरिका** | • उच्च अदालतबाट फैसला वा अन्तिम आदेश भएको थाहा पाएको मितिले ४५ दिनभित्र निवेदन दिनु पर्छ।<br>• त्यस्तो निवेदन दिंदा फैसला वा आदेशको प्रतिलिपि र फैसला वा आदेशमा भएका त्रुटि वा ईन्साफमा तात्विक असर परेका कुराहरू | दफा २१९ |

| | | |
|---|---|---|
| | खुलाउनु पर्छ।<br>• यस्तो निवेदन मुद्दामा आदेश वा निर्णय गर्ने उच्च अदालत मार्फत वा सिधै सर्वोच्च अदालतमा दिन सकिने। | |
| **दोहोर्‍याई पाउँ भन्ने मुद्दाको सुनुवाई प्रक्रिया** | • सर्वोच्च अदालतमा त्यस्तो निवेदन प्राप्त भएपछि उच्च अदालतको फैसला वा अन्तिम आदेशमा माथि उल्लिखित त्रुटि विद्यमान रहे वा नरहेको विषयमा प्रारम्भिक सुनुवाई गर्नुपर्छ।<br>• उक्त अवस्था विद्यमान रहेको देखिएमा सर्वोच्च अदालतले मुद्दा दोहोर्‍याई हेर्नका लागि मुद्दाका अन्य पक्षलाई झिकाउने आदेश गर्नुपर्छ।<br>• मुद्दाका अन्य पक्ष उपस्थित भएमा निजहरूलाई समेत राखी मुद्दाको सुनुवाई गरी फैसला गर्नुपर्छ।<br>• मुद्दामा झिकाईएका अन्य पक्ष तोकिएको म्यादमा उपस्थित नभएको कारणले मुद्दाको सुनुवाई र फैसला गर्न रोकिदैन।<br>• जुन आधारमा मुद्दा दोहोर्‍याई हेर्न आदेश भएको हो सोही आधार र सम्वद्ध विषयमा सीमित रही मुद्दाको किनारा गर्नुपर्छ। | दफा २१९,२२१ |
| **मुद्दा पुनरावलोकन गर्न सक्ने अवस्था** | प्रचलित कानूनको अधिनमा रही देहायको अवस्था विद्‌ममान भएमा सर्वोच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन दिन सकिन्छः<br>• मुद्दाको किनारा भएपछि मात्र ईन्साफमा तात्विक असर पर्ने कुनै प्रमाण वा तथ्य सम्वन्धित पक्षलाई थाहा भएकोमा,<br>• त्यस्तो प्रमाण वा तथ्य अन्य कुनै किसिमले पत्ता लागेमा,<br>• सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा, | दफा २२० |
| **पुनरावलोकनको लागि निवेदन दिने अवधि** | • फैसला वा अन्तिम आदेशमा हस्ताक्षर गरी न्यायाधीशले प्रमाणीकरण गरेको मितिले ६० दिनभित्र कारण खुलाई सर्वोच्च अदालतमा निवेदन दिनु पर्छ।<br>• स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा आदेश भएको भन्ने जिकिर भएकोमा त्यस्तो नजिर वा सिद्धान्तको प्रतिलिपि निवेदन साथ संलग्न गर्नुपर्छ। | दफा २२० |
| **पुनरावलोकन गर्न** | • पुनरावलोकनको निवेदन प्राप्त भएपछि जाँचवुझ गर्दा निवेदनको | दफा २२०, २२१ |

| | | |
|---|---|---|
| **आदेश गर्ने** | व्यहोरा मनासिव देखिएमा सर्वोच्च अदालतले सो मुद्दामा पुनरावलोकन गर्ने आदेश दिनुपर्छ।<br>• जुन  आधारमा मुद्दा पुनरावलोकन गर्न आदेश भएको छ सोही आधार र सम्बद्ध विषयमा सीमित रही मुद्दाको किनारा गर्नुपर्छ। | |
| **पुनरावलोकन नगर्ने अवस्था** | देहायको अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्नु हुँदैनः<br>• त्यस्तो फैसला वा अन्तिम आदेशको एक पटक पुनरावलोकन गरिसकेको,<br>• वृहत पूर्ण इजलासबाट फैसला वा अन्तिम आदेश भएको,<br>• संवैधानिक इजलासबाट निर्णय भएको,<br>• यो ऐन प्रारम्भ हुनु अघि तत्काल प्रचलित कानून बमोजिम मुद्दा दोहोऱ्याई फैसला भएको,<br>• यो ऐन प्रारम्भ भएपछि दोहोऱ्याई हेरिएको मुद्दामा उच्च अदालतको ईन्साफ सदर भएको,<br>• दोहोऱ्याई पाउने निवेदनमा दोहाऱ्याई हेर्ने निस्सा नभएको। | दफा २२० |

## परिच्छेद-पन्ध्र

# फैसला कार्यान्वयन

व्यक्तिका कानून प्रदत्त हक अधिकारमा कसैबाट आघात परेको अवस्थामा फैसलाको माध्यमबाट त्यस्ता हक अधिकारलाई पुनर्स्थापित गरिन्छ।फैसलाले स्थापित गरेका हक अधिकारलाई अदालतको तहसिल शाखाबाट प्रचलन गराउने कार्यलाई फैसला कार्यान्वयन भनिन्छ। फैसलाले मुद्दाका पक्षहरूको हक र अधिकारको उद्घोषण मात्र गर्ने भएकाले फैसला कार्यान्वयन पछि नै न्याय पाएको अनुभूती हुन्छ। फैसलाको उचित कार्न्वयन नभएमा फैसला निरर्थक हुन जाने हुँदा पूर्ण न्यायको लागि समयमै फैसला कार्यान्वयन हुन अनिवार्य मानिन्छ। जुनसुकै तहको अदालतले गरेको फैसला वा मिलापत्रको कार्यान्वयन शुरु फिरादपत्र वा उजुरी दायर भएको जिल्ला अदालतको तहसिल शाखाबाट गर्नु पर्दछ। फैसला कार्यान्वयन सम्बन्धमा देवानी कार्यविधि संहितामा भएका ब्यवस्था देहायबमोजिम छन्।

| बिषय | कार्यविधि | संवन्धित कानून |
|---|---|---|
| **तहसिल शाखा** | • प्रत्येक जिल्ला अदालतमा फैसला कार्यान्वयनका लागि तहसील शाखाको व्यवस्था गरिएको छ। | जिअनि ७ |
| **तहसिलदार** | • "तहसिलदार" भन्नाले प्रमुख भई काम गर्ने न्यायाधीशको सामान्य निर्देशन तथा नियन्त्रणमा रही फैसला कार्यान्वयनसम्बन्धी एवं प्रचलित कानूनमा तहसिलदारले गर्ने भनिएका काम गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ र सो शब्दले फैसला कार्यान्वयन अधिकारीलाई समेत जनाउँछ।<br>• फैसला कार्यान्वयन सम्बन्धी सम्पूर्ण काम तहसीलदारको जिम्मेवारीमा तहसील शाखाबाट हुनेछ। | जिअनि २ |
| **देवानी फैसला कार्यान्वयनका मुख्य विषयहरू** | • बिगो भराउने<br>• बण्डा छुट्टाउने<br>• चलन चलाउने/ पुनःचलन चलाउने<br>• हक निखनाउने<br>• दाखिल खारेज नामसारी<br>• बिगो जरिवाना वापत कैदमा पठाउने<br>• पदमुक्त तथा पदबहाली गराउने<br>• कैद जरिवाना असूल गर्ने | दफा २२९ |

| | | |
|---|---|---|
| **फैसला कार्यान्वयन गर्ने निकाय** | • जुनसुकै तहको अदालतबाट भएको मुद्दाको फैसलाको कार्यान्वयन फिरादपत्र वा उजुरी दायर भएको जिल्ला अदालतबाट गर्नुपर्छ।<br>• पुनरावेदन सुन्ने अदालतले शुरु कारबाही र किनारा गरेको मुद्दाको फैसला कार्यान्वयन पनि सम्बन्धित जिल्ला अदालतले गर्नुपर्छ।<br>• मुद्दाको विषयबस्तुको कारण फैसला कार्यान्वयन गर्ने जिल्ला अदालत यकिन हुन नसकेमा पुनरावेदन सुन्ने अदालतले तोकेको जिल्ला अदालतले फैसला कार्यान्वयन गर्नुपर्छ।<br>• अदालत बाहेक अन्य निकायबाट भएको फैसला वा आदेशको कार्यान्वयन सम्बन्धित निकायले नै गर्नुपर्छ।<br>• कुनै पदमा बहाली गर्न वा पदबाट हटाउन फैसला वा आदेश भएकोमा फैसला वा आदेश कार्यान्वयनका लागि त्यस्तो फैसला वा आदेश गर्ने अदालतले लेखी पठाएमा सम्बन्धित निकाय वा कार्यालयले कार्यान्वयन गर्नुपर्छ। | देकासं<br>दफा २३० |
| **फैसला कार्यान्वयनको लागि लगत र मिसिल तयार गर्ने** | • देवानी मुद्दामा चलन चलाउने, दाखिल, खारेज, नामसारी गराउने, निखनाई दिने, अंशबण्डा गरी दिने, बिगो भराउने, जरिबाना असुल गर्ने वा अदालती शुल्क भराई दिने गरी भएका फैसलामा फैसला तयार भएको ३ दिनभित्र सो सम्बन्धी लगत र फैसलाको प्रतिलिपि तहसिल शाखामा पठाउनु पर्छ।<br>• पुनरावेदन तहबाट फैसला भएकोमा फैसला तयार भएको ३ दिनभित्र त्यस्तो मिसिल लगत सहित सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्छ।<br>• तत्पश्चात तहसिल शाखाले फैसलाको प्रतिलिपि संलग्न गरी फैसला कार्यान्वयनको लागि छुट्टै मिसिल खडा गर्नुपर्छ।<br>• प्राप्त लगत र फैसलाका आधारमा तहसिल शाखाले फैसला कार्यान्वयन सम्बन्धी लगत किताबमा लगत कसी वा अध्याबधिक गरी मुद्दाको मिसिल संलग्न फैसलाको पीठमा समेत सो व्यहोरा जनाई पुनरावेदन तहको फैसलाको प्रतिलिपि समेत राखी सक्कल मिसिल अभिलेख शाखामा बुझाउनु पर्छ । | दफा २२९<br>देकानि ५१ |

| | | |
|---|---|---|
| **फैसला पश्चात कार्यान्वयनको लागि तहसिल शाखामा तारिख तोक्ने** | • फैसला भएपछि कार्यान्वयनको लागि हाजिर रहेको पक्षलाई त्यस्तो मुद्दामा पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई सम्वन्धित तहसिल शाखामा तारिख तोक्नु पर्छ।<br>• यसरी तोकिएको तारिखका दिनसम्म त्यस्तो मुद्दामा पुनरावेदन परेमा पुनरावेदन सुन्ने अदालतको फैसला बमोजिम हुने गरी पक्षहरूको तारिख टुटाई मिसिल तामेलीमा राख्नु पर्छ।<br>• पुनरावेदन सुन्ने अदालतले अन्तिम फैसला भएपछि हाजिर रहेको पक्षलाई फैसला कार्यान्वयनको लागि  तारिख तोकी मिसिल समेत सम्बन्धित जिल्ला अदालतमा पठाई दिनु पर्छ। | दफा २३५ |
| **अनुपस्थित पक्षलाई म्याद जारी गर्ने** | • निम्न अवस्थामा फैसला कार्यान्वयन गर्दा सम्वन्धित पक्षको नाउँमा १५ दिने म्याद जारी गर्नुपर्छः<br>- पुनरावेदन सुन्ने अदालतबाट पक्षहरू तारिखमा नरहेको व्यहोरा लेखी आएमा,<br>- पक्षहरू तोकिएको तारिखमा हाजिर हुन नआएमा,<br>- शुरु अदालतको फैसला उपर पुनरावेदन नपरी मुद्दा अन्तिम भएकोमा फैसला हुँदा पक्ष तारिखमा नरहेमा वा तारिख नलिएमा, | दफा २३५<br>देकानि ५१ |
| **तारिखमा नराख्न सकिने** | • फैसला कार्यान्वयनको सिलसिलामा कुनै पक्षलाई तारिखमा राख्न आवश्यक नदेखिएमा पक्षलाई तारिखमा नराख्न पनि सकिन्छ। | दफा २३५(६) |
| **गुज्रेको म्याद तारिख थाम्ने व्यवस्था** | • तहसिल शाखामा म्याद तारिख गुज्रेमा  म्यादको हकमा १ पटक मात्र १५ दिनसम्म र तारिखको हकमा बढीमा २ पटक २१ दिनसम्म थमाउन पाईन्छ।<br>• उल्लिखित थमाउन पाउने अबधि नाघेपछि फैसला कार्यान्वयन गराउन आएमा फैसला कार्यान्वयन गर्दा लाग्ने दस्तुर र देहाय बमोजिम थप दस्तुर लिई फैसला कार्यान्वयन गरिदिनुपर्छ।<br>- म्याद नाघेको छ महिनाभित्र भए १० प्रतिसत<br>- एक वर्षभित्र भए २५ प्रतिसत<br>• उल्लिखित एक वर्षको अवधि भित्र पनि नआएमा फैसला कार्यान्वयन सम्बन्धी कारबाही तामेलीमा राख्नु पर्छ। | दफा २२३<br>दफा २३६,२३७ |
| **मुद्दा सकार** | • फैसला कार्यान्वयनको सिलसिलामा मुद्दाको कुनै पक्षको मृत्यु भएमा | दफा २३७,२२६ |

| | | |
|---|---|---|
| | निजको हकवालाले  बाटाको म्याद बाहेक २१ दिन भित्र त्यस्तो मुद्दा सकार गर्न पाउनेछ। | |
| **बिगो भराउने कार्य** | • बिगो भराई लिने सिलसिलामा भराई लिनपाउने व्यक्ति तहसिल शाखामा तारिख वा म्यादमा उपस्थित भएपछि निजले  बिगो भराई लिन चाहे वा नचाहेको  विषयमा कागज गराउनु पर्छ।<br>• कागज गराउँदा बिगो भराई लिन नचाहेमा त्यसरी बिगो नलिएको कारणबाट सृजना हुने परिणाम समेत बुझाई सोहि दिन कार्यान्वयन प्रक्रिया अन्त्य गरी मिसिल तामेलीमा राखी बिगोको लगत कट्टा गर्नुपर्छ।<br>• कागज गराउँदा बिगो भराई लिन चाहेमा र बिगो भराई दिने पक्ष पनि तारिखमा रहेको भए निजलाई बिगो बुझाउनको लागि पैंतीस दिनसम्मको समय दिनु पर्छ।<br>• ३५ दिन भित्र बिगो बुझाउने पक्षले नगद, बैङ्कले जारी गरेको गुड फर पेमेन्ट चेक वा अन्य कुनै माध्यमबाट बिगो बमोजिमको रकम दाखिला गर्नुपर्छ।<br>• बिगो बुझाउनुपर्ने पक्षले बिगो बापतको रकम आफ्नो कुनै सम्पत्तिबाट असुल गर्न अदालत समक्ष अनुरोध गर्न सक्नेछ।<br>• बिगो भरी पाउने पक्षले देहायको अवस्थामा बिगो बुझाउने पक्षको अन्य सम्पत्ति देखाई बिगो भरी पाउन निवेदन दिन सक्नेछ।<br>- बिगो बुझाउने पक्ष अदालतमा हाजिर नभएमा,<br>- उपस्थित भएपनि ३५ दिन भित्र बिगो नबुझाएमा,<br>- सम्पत्ति नदेखाएमा,<br>- बिगो बुझाउने पक्षले देखाएको सम्पत्तिबाट बिगो भराउन सम्भव नभई बिगो भराई पाउनेले मञ्जुर नगरेमा,<br>• बिगो भरिपाउने पक्षले बिगो बुझाउने पक्षको सम्पत्ति देखाइ दिने | दफा २४२<br>देकानि ५५ |

| | | |
|---|---|---|
| | निवेदनमा देहायका विवरण खुलाएको हुनुपर्छः<br>• **अचल सम्पत्ति देखाई दिने निवेदनमाः**<br>✓ घर जग्गा रहेको ठाउँ र चार किल्ला,<br>✓ दर्ता स्रेस्ताअनुसार घर जग्गाको कित्ता नम्वर र क्षेत्रफल,<br>✓ घरको बनोट, कवल, तल्ला र सम्भव भए वर्गफिट,<br>✓ दर्तावाला व्यक्तिको नाम, दर्ता रहेको कार्यालय र दर्तावालाको भाग हिस्सा,<br>✓ आवास, औद्योगिक वा व्यापारिक क्षेत्रमध्ये कुन क्षेत्रमा पर्ने,<br>✓ कच्ची, पक्की सडकसँग जोडिएको वा बाटो भए नभएको,<br>✓ घर जग्गामा भएका लगापातको विवरण,<br>✓ खरिद विक्री हुन सक्ने न्यूनतम मूल्य,<br>✓ घर जग्गा भोग वा कव्जा गर्ने व्यक्तिको नाम, थर र ठेगाना,<br>✓ बिगो भराउन आवश्यक पर्ने जग्गा वा घरको तर्फ खुलेको क्षेत्रफल वा खण्ड ।<br>• **नगद, शेयर, डिवेञ्चर, ट्रेजरी बील वा बैङ्क मौज्दात लगायतका चल सम्पत्ति देखाई दिइने निवेदनमाः**<br>✓ चल सम्पत्ति रहेको ठाउँ,<br>✓ सम्पत्तिको अवस्था, प्रकृति, बनोट, संख्या, मुल्य र अन्य विवरण<br>✓ सम्पत्तिमा स्वामित्व रहेको व्यक्तिको नाम, थर, ठेगाना, भाग र हिस्सा,<br>✓ सम्पत्ति भोग वा कव्जा रहेको व्यक्तिको नाम, थर र ठेगाना,<br>✓ खरिद विक्री हुनसक्ने प्रत्येकको न्यूनतम् बजार मूल्य,<br>✓ शेयर, डिवेञ्चर, ट्रेजरी बील वा बैङ्क मौज्दात जस्ता सम्पत्तिको विवरण<br>• निवेदनपरेपछि अचल सम्पत्तिको हकमा आवश्यक पर्ने जेथा रोक्का राख्न दर्ता रहेको कार्यालय वा रजिष्ट्रेशन गर्ने कार्यालयमा तुरुन्त लेखी पठाउनु पर्छ। | |

| | | |
|---|---|---|
| | • अन्य सम्पत्तिको हकमा यथाशीघ्र तायदात गराई बिगो असूल गर्न आवश्यक सम्पत्ति वा सोबाट प्राप्त हुने आम्दानी समेत रोक्का राखी, कव्जामा लिएको अवस्था भए सो को भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्छ ।<br>• बिगो बुझाउनु पर्ने व्यक्ति उपस्थित भए निवेदनको व्यहोरा सुनाउनुपर्ने, अनुपस्थित भए निवेदकले देखाएको सम्पत्तिबाट जायजात लिलाम गरी बिगो भराई दिने व्यहोराको सात दिने सूचना दिनु पर्छ ।<br>• देखाइएको सम्पत्ति प्रतिबादी बाहेक अन्य व्यक्तिका नाममा दर्ता भएमा दर्तावालालाई सात दिने सूचना दिनु पर्छ ।<br>• दिइएको सूचनाको म्यादभित्र पक्ष हाजिर हुन आएमा तारिखमा राखी बिगो भरी भराउको कारबाही गर्नुपर्छ।<br>• बिगो भरिपाउनेले बिगो बुझाउनुपर्ने व्यक्तिको कुनै सम्पत्ति देखाउन नसकेको र बिगो वापत थुनामा पनि नराखेमा बिगोको मिसिल तामेलीमा राख्नुपर्छ।<br>• तर बिगो बुझाउनु पर्ने व्यक्ति जीवित छँदै निजले सम्पत्ति दबाए लुकाएको पत्ता लगाई बिगो भराई माग्न आएमा तामेली जगाई त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी निजले पाउने बिगोसम्मको रकम त्यस्तो व्यक्तिलाई बुझाई दिनु पर्छ ।<br>• बिगो भराउदा कुनै सम्पत्ति रोक्का राख्नु पर्ने भएमा रोक्का राखी आवश्यकता अनुसार सो सम्पत्ति लिलाम बिक्री समेत गरी बिगो भराई दिनु पर्छ।<br>• लिलाम बिक्री गर्दा बिगो भन्दा बढी रकम प्राप्त भएमा बढी रकम बिगो बुझाउने पक्ष उपस्थित भए निजलाई तुरुन्त फिर्ता गर्नुपर्छ। रकम बुझी नलिएमा धरौटी खातामा जम्मा गर्नुपर्छ। | |

| | | |
|---|---|---|
| | • धरौटी खातामा जम्मा भएको रकम एक वर्षभित्र पनि लिन नआएमा त्यस्तो रकम सरकारी कोषमा आम्दानी बाँध्नुपर्छ।<br>• बिगो भरी दिनु पर्ने सम्पत्ति अर्को जिल्लामा रहेको भए बिगो भराउन सम्बन्धित अदालतमा लेखी पठाउनु पर्छ। | |
| **बैंक जमानत दिएमा बिगो असूली कार्यविधि** | • कुनै व्यक्तिको बिगो भराउने सम्बन्धमा बिगो भराई दिनु पर्ने पक्षले पूरै वा नपुग बिगो कुनै बाणिज्य बैङ्कको बैङ्क जमानत पत्र दाखिल गरी किस्ताबन्दीमा बुझाउने सुविधा पाउन अदालतमा निवेदन दिएमा सो व्यहोरा भरिपाउने व्यक्तिलाई सुनाउनुपर्नेछ।<br>• बिगो भरिपाउने पक्षले बिगो भराईदिने पक्षको अनुरोध बमोजिम किस्ताबन्दीमा बिगो बुझ्न सहमत भएमा तहसिलदारले दुवै पक्षबीच सहमतिको कागज गराउनुपर्नेछ।<br>• सहमति अनुसार बिगो भराई दिने पक्षले अदालतको नाममा जारी भएको बैङ्क जमानत निवेदनसाथ अदालतमा पेश गर्नुपर्छ ।<br>• बैङ्क जमानतमा जमानतको रकम, बैङ्क जमानतको अवधि र बैङ्क जमानतको रकम अदालतले माग गरेको बखत निःशर्त उपलब्ध गराउने व्यहोरा उल्लेख भएको हुनु पर्छ।<br>• बिगो भराईदिने पक्षले सहमति अनुसार किस्ताको रकम दाखिला नगरेमा अदालतले बैक जमानत वापतको रकम बैकबाट झिकाई लाग्ने अदालती शुल्क लिई बाँकी रकम बिगो भरि पाउने पक्षलाई बुझाइ दिनु पर्छ।<br>• सहमति बमोजिम प्रतिबदीले रकम दाखिल गरे बादीलाई बुझाइदिनुपर्छ। बाँकी रकम पूरै प्रतिबादीले पहिले नै दाखिला गरे बैंक जमानत फुकुवा गरिदिनुपर्छ। | देका द २४२<br>जिअनि ५६ |
| **जायजात तायदात मुचुल्का तयार गर्ने** | • बिगो भरिपाउन देखाएको सम्पत्ति रोक्का नराखेको भएमा रोक्का राख्न | दफा २४३ |

| | | |
|---|---|---|
| **कार्यविधि** | सम्बन्धित निकायमा लेखी पठाउनु पर्छ।<br>• लिलाम बिक्री गर्ने सम्पत्तिको अवस्था, वास्तविक र स्थानीय चलन चल्तीको मूल्य समेत खुलाई तायदात मुचुल्का (जायजात तायदात मुचुल्का) गरी ल्याउन कर्मचारी खटाउनु पर्छ।<br>• सम्पत्ति तायदात गर्दा र कब्जामा लिंदा समेत सम्बन्धित स्थानीय तहको सदस्य वा प्रतिनिधि र दुई जना साक्षीलाई रोहवरमा राख्नु पर्छ।<br>• बिगो भराउने क्रममा जायजात गर्दा बाह्र वर्षदेखि माथिका मानो नछुट्टिई सँगै बसेका र मानो वा अंश छुट्टिई भिन्न बसे पनि सो सम्पत्ति भोग वा उपयोग गर्ने व्यक्तिसँग रहेको अंश समेत जायजात गर्नुपर्छ।<br>• तर जायजात हुने व्यक्ति तथा एकाघरका परिवारको देहायका सम्पत्ति जायजात गर्नु हुँदैनः<br>- जायजात गर्नु पर्ने व्यक्ति बाहेक अन्य व्यक्तिको निजी सम्पत्ति,<br>- लगाउने तीन जोरसम्मको कपडा तथा जुत्ता,<br>- खाना पकाउने/ खाने एकसरो भाँडा, थाल कचौरा, ओड्ने ओछ्याउने कपडा तथा मनासिब सङ्ख्याका फर्निचर,<br>- पठनपाठन गर्न आवश्यक पर्ने पुस्तक,<br>- जायजातको कारबाही प्रारम्भ हुनु भन्दा अगावै खरिद गरिसकेको औषधि तथा स्वास्थ्य सम्बन्धी उपकरण,<br>- बढीमा ३ महिनासम्म जीवन निर्वाह गर्न आवश्यक खाद्यान्न,<br>- पेशा रोजगारसँग सम्बन्धित एकसरो ज्यावल वा औजार।<br>• यसरी सम्पत्ति पर सार्दा १ लाख रुपैयाँभन्दा बढी रकमको सम्पत्ति पर सार्न हुदैन।<br>• जायजात गर्दा समेत बिगो पुगेन भने परिवारका अरु सदस्यलाई | देकानि ५७ |

| | | |
|---|---|---|
| | पक्रन हुँदैन। | |
| **सम्पत्ति लिलाम गरी बिगो भराउने कार्यविधि** | **सम्पत्ति लिलाम देहाय बमोजिम कार्यविधि अवलम्वन गर्नुपर्छः**<br>• जायजात तायदात मुचुल्का भई आएपछि अदालत रहेको स्थानीय तहको एक जना प्रतिनिधि र नजिकको कुनै एक कार्यालयको प्रतिनिधि साक्षी राखी लिलाम गर्ने सम्पत्तिको पञ्चकिर्ती मूल्य कायम गर्नुपर्छ।<br>• "पञ्चकिर्ती मूल्य" भन्नाले बिक्री गर्न खोज्दा पाउन सक्ने न्यूनतम मूल्य सम्झनु परछ।<br>• पञ्चकिर्ती मूल्य कायम गर्नु पूर्व आवश्यक देखेमा सम्बन्धित बिषयको विज्ञ मूल्यांकनकर्ता मार्फत सम्पत्तिको मूल्यांकन गराउन सकिन्छ।<br>• पञ्चकिर्ती मूल्य कायम गर्दा आवश्यकतानुसार देहायको कुनै वा सबै आधारमा गर्नु पर्छः<br>✓ निवेदन वा फैसलामा उल्लिखित मूल्य,<br>✓ जमानत लिंदाका अवस्थामा खुलेको मूल्य,<br>✓ तायदात मुचुल्कामा खुलेको मूल्य,<br>✓ मालपोत कार्यालयले रजिष्ट्रेशन दस्तुरको प्रयोजनको लागि निर्धारण गरेको मूल्य,<br>✓ कर प्रयोजनको लागि सम्बन्धित निकायले तोकेको मूल्य,<br>✓ त्यस प्रकारको नजिकैको सम्पत्तिको तत्काल भएको खरिद बिक्री मूल्य,<br>✓ औद्योगिक, व्यापारिक वा आवास क्षेत्र, सडक, मोहडा, र लिग लगापात समेतको स्थिति,<br>✓ अदालतद्वारा मूल्यांकनकर्ता तोकिएको भए निजले निर्धारण गरेको मूल्य, | देकानि ५७ |

| | | |
|---|---|---|
| | ✓ घरको हकमा सम्बन्धित प्राविधिकको मूल्याङ्कन प्रतिवेदन।<br>• लिलाम बढाबढ गर्नुभन्दा कम्तिमा पन्ध्र दिन लिलाम सम्बन्धी सार्वजनिक सूचना सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो सूचना सम्पत्ति रहेको ठाउँ, सम्पत्ति रहेको ठाउँको स्थानीय तह र बढी जनसम्पर्क हुने कार्यालय तथा अदालतको सूचना पाटीमा टाँस गरी सम्भव भएसम्म स्थानीय सञ्चार माध्यममा समेत प्रकाशन र प्रसारण गर्नुपर्छ।<br>• पञ्चकिर्ती मूल्य कायम भएपछि अदालत रहेको स्थानीय तह र स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रोहबरमा लिलाम बढाबढ गरी बिगो भराई दिनु पर्छ।<br>• तर उपस्थित हुन सूचना दिंदा पनि त्यस्तो कुनै प्रतिनिधि उपस्थित नभएमा लिलामको कार्य रोकिदैन ।<br>• पहिलो पटक लिलाम गर्दा पञ्चकिर्ती मूल्यमा कसैले सकार नगरेमा दोस्रो पटक लिलाम बढाबढ गरी लिलाम बिक्री गर्नुपर्छ।<br>• दोस्रो पटक लिलाम बढाबढ हुँदा समेत कसैले सकार नगरेमा पञ्चकिर्ती मूल्यमा भरीपाउने निवेदक आफैंले सकार गरी लिन सक्छ। निवेदकले पहिलो पटक लिलाम सकार्न पाउँदैन।<br>• निवेदकले पञ्चकिर्ती मूल्यमा सकार गरी लिन नचाहेमा सो व्यहोरा जनाई तत्सम्बन्धी कारबाही तामेलीमा राख्नु पर्छ।<br>• दोश्रो पटक लिलाम गर्दा समेत सूचना दिने र टाँस गर्ने सवै प्रक्रिया पूर्ववत पुनः पूरा गर्नुपर्छ।<br>• लिलाम सकार गर्नेले बोल कबोल अङ्कको दश प्रतिशत रकम तुरुन्त बुझाई बाँकी रकम सात दिन भित्र बुझाउनु पर्छ। सो समय भित्र निजले बाँकी रकम नबुझाएमा बुझाईसकेको रकम जफत गरी पुनः लिलामको कारबाही गर्नुपर्छ । | |

| | | |
|---|---|---|
| | • लिलाम बिक्री भएकोमा सकार गर्नेलाई अदालतबाट चलन पूर्जी दिई सो सम्पत्ति चलन चलाई दिनु पर्छ ।<br>• लिलामको कारबाही प्रारम्भ भएकोमा बिगो बुझाउने पक्षले बुझाउनु पर्ने रकम अन्तिम डाँक सकार नभएसम्ममा बुझाउन ल्याए उक्त रकम र लिलामको कारबाहीमा लागेको खर्च बुझी लिई लिलामको कारबाही तामेलीमा राखी दिनु पर्छ। | |
| **लगत कट्टा गर्ने** | • फैसला बमोजिम फैसला कार्यान्वयनको कार्य सम्पन्न भएमा लगतमा सो व्यहोरा जनाइ तहसिलदारले प्रमाणीत गरी लगत कट्टा गर्नुपर्छ। | देकानि ५८ |
| **ठेगाना अद्‌याबधिक गर्ने** | ✓ स्थानीय तह वा जिल्ला वा प्रदेशको सीमाना हेरफेर भई फैसला बमोजिमको जरिवाना, कैद, बिगो वा क्षतिपूर्ति वापतको रकम असूल गर्नुपर्ने व्यक्तिको ठेगाना फरक पर्न गएमा अदालतले पनि लगतमा सोही बमोजिम ठेगाना सच्याई अध्यावधिक गर्नुपर्छ। | देकानि ५९ |
| **बिगो वा जरिवाना वापत कैद** | • **बिगो भरिपाउने व्यक्तिले निम्न अवस्थामा बिगो तिर्नुपर्ने व्यक्तिलाई थुनामा राख्न पाउछः**<br>- सम्पत्ति लिलाम बिक्रि गर्दा समेत सवै बिगो असूलउपर हुन नसकेमा,<br>- दुवै पक्षले सम्पत्ति नदेखाएमा,<br>- कुनै कारणले सम्पत्ति लिलाम गर्न नसकिने भएमा।<br>• बिगो भरिपाउने व्यक्तिले बिगो तिर्नुपर्ने व्यक्तिलाई कैदमा राख्न ईच्छा गरी सम्पत्ति लिलाम बिक्री भएको वा उल्लिखित अवस्था परेको १५ दिनभित्र निवेदन दिएमा इजलासमा पेश गरी पर्चा खडा गरी कैदमा पठाउनु पर्छ।<br>• कैद गर्दा **प्रतिदिनको रु ४००।- का दरले** बिगोलाई कैदमा परिणत गरी कैद गर्नुपर्छ।<br>• यसरी कैद गर्दा व्यक्ति विशेष वा अन्य संस्थाको बिगोको हकमा दुई वर्षभन्दा बढी कैद गर्न हुदैन।<br>• नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाको बिगोको हकमा ४ वर्ष भन्दा बढी कैद गर्न हुँदैन। | दफा २४४ |

| | | |
|---|---|---|
| | • कैद गर्नु पर्दा रु ४००।- भन्दा कम रकम भएमा सो बापत १ दिन कैद गर्नुपर्छ।<br>• कैद गर्दा कानून बमोजिम लाग्ने सिदा खर्च थुनाउन चाहने व्यक्तिले बेहोर्नु पर्छ।<br>• जरिबाना नतिरे बापत कैद गर्नु पर्दा ४ वर्षमा नबढ्ने गरी १ दिनको रु २००।- को दरले कैद गर्नुपर्छ।<br>• बिगोवापत कैद गर्नु अघि सम्बन्धित व्यक्तिलाई आफ्नो भनाई राख्ने मनासिब समय दिनु पर्छ।<br>• यसरी बिगो वापत कैदमा राखिसके पछि बिगो भराउने काम अन्तिम हुन्छ।त्यस बारेमा पुनः बिगोको विषयमा दाबी गर्न पाईदैन।<br>• थुनामा रहेको व्यक्तिले बिगो र जरिवाना तिर्न चाहेमा जुनसुकै समयमा थुनामा रहेको दिन वापतको बिगो / जरिवाना कट्टा गरि वाँकी बिगो जरिवाना दाखिल गर्न सक्छ। यसरी दाखिल गरेपछि निजलाई कैद मुक्त गर्नुपर्दछ।<br>• थुनामा राख्ने आदेश भै बिगो तिर्नुपर्ने व्यक्ति कारागार चलान भै सकेपछि कुनै कारणले कैद भुक्तान नहुँदै छुटेमा पनि दाखिला भै सकेको सिदाखर्च फिर्ता हुन सक्दैन। | |
| **बिगो असुल गर्नुपर्ने व्यक्तिको मृत्यु भएमा** | • बिगो तिर्नु पर्ने व्यक्तिको त्यस्तो बिगो असुल नहुँदै मृत्यु भएमा निजको हकको सम्पत्तिबाट असुल उपर गर्नुपर्छ।<br>• निजको हकको सम्पत्तिबाट बिगो असुल नभएमा नपुग बिगो निजको अपुताली लिने व्यक्तिबाट असुल गर्नुपर्छ।<br>• अपुताली लिनेबाट बिगो असुल गर्दा निजले अपुताली लिएभन्दा बढी रकम असुल गर्न हुँदैन। | दफा २४५ |
| **चलन चलाउने कार्यविधि** | • तारिखको दिन पक्षहरू तहसिल शाखामा उपस्थित भएमा वा म्यादमा उपस्थित भएमा चलन चलाउने कारबाही प्रारम्भ गर्नुपर्छ।<br>• चलन चलाउदा निम्न दस्तुर लाग्छः<br>- बिगो खुलेको भए बिगोको ३ प्रतिशत,<br>- बिगो नखुलेको भए रु. १०००।-<br>• यस्तो दस्तुर चलन पाउने व्यक्तिले डोर खटाउनु भन्दा अघि | दफा २३८ |

| | | |
|---|---|---|
| | दाखिला गर्नुपर्छ।<br>• दस्तुर बुझाएकै दिन चलन चलाउन डोर खटिने दिन तोकी त्यसको सूचना सहित पक्षहरूलाई चलन चलाउने ठाउँमा हाजिर हुने गरी तारिख तोक्नु पर्छ।<br>• चलन चलाई दिनु पर्ने पक्ष तारिखमा नरहेको भएमा अदालतले त्यस कुराको सूचना ७ दिनभित्र त्यस्तो पक्षलाई समेत दिनुपर्छ।<br>• तारिख तोक्दा वा सूचना दिंदा चलन चलाई दिनु पर्ने सम्पत्ति घर वा जग्गा भएमा त्यस्तो घर वा जग्गा ७ दिनभित्र खाली गर्न सूचना समेत दिनु पर्नेछ।<br>• चलन चलाई दिनु पर्ने सम्पत्ति मुद्दाका पक्ष बाहेक अन्य व्यक्तिको भोग वा कब्जामा भए अदालतले त्यस्तो व्यक्तिलाई समेत डोर खटी जाने ठाउँमा उपस्थित हुन सूचना गर्नुपर्छ।<br>• तोकिएको दिनमा अदालतले डोर खटाई त्यस्तो सम्पत्ति फैसला बमोजिम चलन चलाई दिनु पर्छ।<br>• फैसला बमोजिम चलन चलाई दिनु पर्ने कुनै घर वा जग्गाको दिशा वा तर्फ नखुलेको भए पक्षहरूलाई रोहबरमा राखी नरम गरम मिलाई छुट्याई गोला हाली त्यस्तो घर वा जग्गा चलन चलाई दिनु पर्छ।<br>• चलन चलाउँदा हाजिर भएसम्मका चलन चलाई दिने र पाउने पक्ष वा निजका प्रतिनिधिको रोहबरमा स्थानीय तहका प्रतिनिधि र कम्तीमा २ जना साक्षी राख्नु परछ।<br>• चलन चलाई दिनु पर्ने व्यक्ति वा अरु कसैले चलन चलाउन बाधा विरोध गरेमा अदालतले आवश्यकता अनुसार बल प्रयोग गरी चलन चलाई दिनु परछ।<br>• कसैले चलन चलाई दिनु पर्ने घर वा पसलभित्र कुनै सम्पत्ति राखी ताल्चा मारी राखेकोमा चलन चलाई दिनु पर्ने घर वा पसल भोग वा कब्जा गर्ने व्यक्ति हाजिर भए खोल्न लगाई चलन चलाई दिनु परछ।<br>• त्यस्तो व्यक्ति हाजिर नभएमा ७ दिनभित्र त्यस्तो घर वा पसलमा लागेको ताल्चा खोली दिनको लागि त्यस्तो चलन चलाउनु पर्ने घर वा पसलको ढोकामा देवानी कार्यविधि संहिताको अनुसूची २५ को | |

| | | |
|---|---|---|
| | ढाँचामा सूचना टाँस गर्नुपर्छ।<br>• उक्त म्यादभित्र सम्बन्धित व्यक्तिले घर वा पसलको ताल्चा नखोलेमा म्याद नाघेपछि अदालतले यथाशीघ्र त्यस्तो ताल्चा खोली सो घर वा पसल चलन चलाई दिनु पर्छ।<br>• चलन चलाउने सिलसिलामा घर वा पसलभित्र कुनै सम्पत्ति फेला पारेमा उसै बखत त्यस्तो सम्पत्तिको विवरण तयार गरी त्यस्तो सम्पत्ति आफ्नो नियन्त्रणमा लिन सकिन्छ।<br>• नियन्त्रणमा लिएको सम्पत्ति सम्वन्धित  व्यक्तिलाई ३५ दिनभित्र फिर्ता लिन आउने बारेको ७ दिने सूचना त्यस्तो घर वा पसल रहेको ठाँउमा टाँस गर्नुपर्छ।<br>• सो म्यादभित्र पनि त्यस्तो सम्पत्ति लिन नआएमा अदालतले त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी प्राप्त रकम सम्बन्धित व्यक्तिलाई तत्काल बुझाई दिनु पर्छ।<br>• सम्पत्ति लिलाम बिक्री भई प्राप्त भएको रकम सम्बन्धित व्यक्तिले तत्काल नबुझेमा अदालतले त्यस्तो रकम धरौटी खातामा जम्मा गर्नुपर्छ।<br>• धरौटी खातामा रकम जम्मा भएको १ वर्षभित्र सम्बन्धित व्यक्तिले रकम बुझ्न आएमा अदालतले १० प्रतिशत रकम कटाई बाँकी रकम त्यस्तो व्यक्तिलाई फिर्ता दिनु पर्छ।<br>• १ वर्षभित्र त्यस्तो रकम फिर्ता लिन नआएमा अदालतले त्यस्तो रकम सरकारी कोषमा जम्मा गर्नुपर्छ।<br>• चलन चलाउने सम्पत्ति अन्य ईलाकाको भए सम्बन्धित पक्षलाई तारिख तोकी मिसिल सहित त्यस्तो ईलाकाको जिल्ला अदालतमा पठाउनु पर्छ।<br>• यसरी लेखी आएमा सम्बन्धित अदालतले कानून बमोजिम चलन चलाई त्यसको जानकारी पठाउने अदालतलाई दिनु पर्छ।<br>• अदालतबाट चलन चलाई दिई सकेपछि अदालतले सोको निस्सा चलन पाउने पक्षलाई दिनु पर्छ।<br>• पक्षहरू अदालतमा हाजिर भएको ६ महिनाभित्र चलन चलाई दिई सक्नु  पर्छ।<br>• चलन चलाउँदा लागेको वास्तविक खर्च चलन चलाई माग गर्ने | |

| | | |
|---|---|---|
| | पक्षले बेहोर्नु पर्छ।<br>• कानून बमोजिम कित्ताकाट हुन नसकी बण्डा वा चलन चलाउन नसकिने क्षेत्रफलको जग्गा वा भौतिक संरचना भएमा दुवै पक्षको सहमतिमा मूल्य कायम भएमा सहमति भए सोही बमोजिमको मूल्य र सहमति नभएमा पञ्चकिर्ती मूल्य कायम गरी वा लिलाम बिक्री गरी चलन पाउने पक्षलाई चलन चलाई दिनुपर्छ। त्यसरी चलन चलाउँदा कुनै पक्षले नगदै बुझाउन चाहेमा नगदै बुझाई दिनु पर्छ।<br>• कसैले अन्य व्यक्तिको जग्गा मिची भौतिक संरचना निर्माण गरेको वा बनाएको ठहर भई चलन चलाउनु पर्दा त्यस्तो संरचना भत्काउनु पर्छ। भत्काउँदा लागेको खर्च जग्गा मिची भौतिक संरचना निर्माण गर्ने वा बनाउने व्यक्तिले ब्यहोर्नु पर्छ।<br>• यस्तो संरचना नभत्काई क्षतिपूर्ति लेनदेन गर्न पक्षहरू सहमत भए सोही बमोजिम र संरचना नभत्काउने कुरामा सहमत भएपनि क्षतिपूर्ति रकममा सहमति हुन नसकेमा पञ्चकिर्ती मूल्य कायम गरी त्यस्तो मूल्यमा २५ प्रतिशत थप रकम चलन चलाई पाउने पक्षलाई भराई दिनु पर्छ। | |
| **पुनः चलन चलाउने** | • एकपटक चलन चलाई दिएको सम्पत्ति चलन नछाडी कसैले खिचोला गरेमा छुट्टै फिराद दिनु पर्दैन। तहसिल शाखामा नै पुनः चलन चलाई पाउँ भनी निवेदन दिनुपर्छ।<br>• पुनचलनको निवेदनमा दिँदा पहिले चलन पाएको निस्सा समेत साथै राख्नुपर्छ।<br>• पुनः चलन चलाउनको लागि निवेदन परेमा विपक्षीलाई ७ दिने म्याद जारी गरी झिकाई पुन खिचोला गरेको हो होईन भन्ने सम्बन्धमा निजको बयान कागज गराउनुपर्छ।<br>• बयान तथा आबश्यक देखिए अन्य प्रमाण समेत बुझ्दा पुनः खिचोला गरी चलन छाडेको नदेखिए पटकै पिच्छे रु २५,०००।- सम्म जरिबाना वा ३ महिनासम्म कैद गरी पहिले चलन चलाई दिएको सम्पत्ति पुनः चलन चलाई दिनुपर्छ।<br>• पुनः चलन चलाई दिए बापत थप दस्तुर लाग्दैन। | दफा २३८(१६)<br>देकानि ५४ |

| | | |
|---|---|---|
| **अंश छुट्याउने कार्यविधि** | • अंश छुट्याउनको लागि पक्षहरू तहसिल शाखामा तारिखमा रहेकोमा ६ महिनाभित्र अंश छुट्याई बण्डा गरी दिनुपर्छ।<br>• १ जनाभन्दा बढी अंशियारलाई अंश छुट्याई दिने गरी फैसला भएकोमा हाजिर नहुने अंशियारको नाममा देवानी कार्यविधि संहिताको अनुसूची २६ बमोजिमको ढाँचामा १५ दिने म्याद पठाउनु पर्छ।<br>• सो म्यादभित्र सम्बन्धित अंशियार हाजिर हुन आएमा सबै अंशियारलाई राखी अंश छुट्याई दिनुपर्छ।<br>• अंश पाउने सबै अंशियार म्यादभित्र हाजिर हुन नआएमा अनुपस्थित अंशियारको भाग अलग गरी हाजिर हुने अंशियारको बण्डा छुट्याई दिनुपर्छ।<br>• त्यसरी बण्डा छुट्याएकोमा म्यादभित्र हाजिर नहुने व्यक्तिले बण्डा गरेको वा असल कमसल वा घटी बढी भन्ने कुरामा नालिस गर्न पाउँदैन।<br>• डोर खटाई अंश छुट्याउनु पर्ने भए कर्मचारी पठाई बण्डा छुट्याई दिनुपर्छ।<br>• बण्डा छुट्टाउने सिलसिलामा फैसला बमोजिम अंश दिने वा फाँटवारी बमोजिमको सम्पत्ति जिम्मा राख्ने अंशियार, निजका प्रतिनिधि वा एकाघरका उमेर पूरा गरेका अन्य व्यक्तिले फाँटवारी बमोजिमको बण्डा गर्नु पर्ने सम्पत्ति देखाउनु पर्छ।<br>• अंश दिने वा जिम्मा राख्ने व्यक्ति फेला नपरेमा वा एकाघरका उमेर पूरा गरेका व्यक्तिले फाँटवारी बमोजिमको सबै सम्पत्ति देखाउन नसकेमा अंश दिने र जिम्मा राख्नेलाई बाटाको म्याद बाहेक १५ दिनभित्र हाजिर हुन आउन देवानी कार्यविधि संहिताको अनुसूची २७ को ढाँचामा म्याद दिनु पर्छ।<br>• सो म्यादभित्र अंश दिने वा सम्पत्ति जिम्मा राख्ने व्यक्ति अदालतमा हाजिर नभएमा वा हाजिर भए पनि बण्डा गर्नु पर्ने सम्पत्ति नदेखाएमा स्थानीय तहको सदस्य वा प्रतिनिधि र कम्तीमा २ जना स्थानीय व्यक्ति साक्षी राखी कुनै सम्पत्ति बन्द गरेको भए सो खुला गरी फाँटवारी बमोजिम अंश बण्डा गरिदिनु पर्छ।<br>• म्यादभित्र पक्षहरू हाजिर हुन नआएमा त्यस्तो म्याद नाघेको ३ | दफा २४१ |

| | | |
|---|---|---|
| | दिनभित्र अदालतले अंश बण्डा छुट्याउने गर्ने कार्य प्रारम्भ गर्नुपर्छ।<br>• उल्लिखित १५ दिनको म्यादपछि कुनै पक्ष अदालतमा हाजिर हुन आएमा र त्यस बखत अंशबण्डा गर्ने कार्य समाप्त नभएको भए निजलाई समेत अंश छुट्याई दिनुपर्छ।<br>• बण्डा गर्दा फाँटवारी बमोजिमको सबै सम्पत्ति दुरुस्त नदेखिएमा नपुग जति सम्पत्तिको बिगो कायम गराई अंश दिने वा सम्पत्ति जिम्मा राख्नेको अंशबाट सोधभर्ना गराई दिनु पर्छ।<br>• त्यसरी सोधभर्ना गर्दा पनि अंश नपुगेमा नपुग भएको जति बिगो बापत त्यस्तो व्यक्तिको हक भोगको अन्य सम्पत्तिबाट अंश पाउनेलाई भराई दिनु पर्छ।<br>• बण्डा छुट्याउँदा अंश पाउने व्यक्ति वा निजका एकाघरका उमेर पुगेका व्यक्तिले आफ्नो भागको अंश बुझी लिएन र सडिगली जाने कुनै सम्पत्ति भएमा त्यस्तो सम्पत्ति लिलाम बिक्री गर्नुपर्छ।<br>• त्यसरी लिलाम बिक्रीबाट प्राप्त रकम पछि बुझी लिन आएमा त्यस्तो रकममध्ये १० प्रतिशत रकम कट्टा गरी बाँकी रकम निजलाई फिर्ता गरी दिनु परछ।<br>• धेरै अंशियार भएको कारणले बण्डा गर्नु पर्ने सम्पत्ति बण्डा गर्दा सबै अंशियारले समान रूपमा उपभोग गर्न नमिल्ने वा त्यस्तो सम्पत्ति बण्डा गर्दा घर, जग्गा वा जिन्सी सम्पत्तिको रुप परिवर्तन भई प्रयोग गर्न नमिल्ने भएमा त्यस्तो सम्पत्तिको अंशियारहरू बीचको सहमतिले कुनै मूल्य कायम भएमा त्यस्तो मूल्यमा र मूल्यमा सहमति नभएमा पञ्चकिर्ती मूल्यमा कुनै अंशियारले लिन सक्ने गरी बण्डा गर्नुपर्छ।<br>• यसरी कायम भएको मूल्यमा एकभन्दा बढी अंशियारले लिन चाहेमा गोला प्रणालीबाट निर्धारित अंशियारले लिन सक्ने गरी बण्डा गर्नुपर्छ।<br>• कसैले लिन नचाहेमा मुद्दाका पक्षको अतिरिक्त अन्य व्यक्तिको समेत सहभागिता रहने गरी लिलाम गरी सोबाट प्राप्त भएको रकम फैसला अनुसार अंशियारहरूलाई बण्डा गरी दिनुपर्छ।<br>• अंश बण्डा छुट्याउदा अंशियारहरू वीच सहमति कायम हुन | |

| | | |
|---|---|---|
| | नसकेमा त्यस्तो सम्पत्ति नरम गरम मिलाई गोला हाली बण्डा छुट्याई दिनु पर्छ।<br>• कसैले फाँटवारीमा उल्लेख भएको आफ्नो जिम्माको सम्पत्ति नदेखाएमा वा दाखिला नगरेमा सो सम्पत्तिको बिगोको ५ प्रतिशत जरिबाना गर्नुपर्छ।<br>• प्रतिबादी अंशियारले पनि आफ्नो अंश छुट्याई लिन दरखास्त दिएमा कानून बमोजिम लाग्ने अदालती शुल्क समेत लिई फैसलाले ठहरे बमोजिमको सम्पत्तिबाट अंश छुट्याई दिलाई दिनुपर्छ।<br>• अंशबण्डा गर्नु पर्ने अचल सम्पत्ति अर्को जिल्लामा पनि रहेछ भने त्यस्तो सम्पत्ति बण्डा गर्न सम्बन्धित अदालतमा समेत लेखी पठाउनु पर्छ।<br>• त्यसरी लेखी आएमा उल्लिखित प्रक्रिया बमोजिम बण्डा छुट्याई दिई सोको जानकारी सहित मिसिल फिर्ता पठाई दिनुपर्छ।<br>• अदालतमा मुद्दा विचाराधिन रहेको वा त्यस्तो मुद्दामा फैसला भई कार्यान्वयन नहुँदै अंश बण्डा गर्नु पर्ने सम्पत्ति कसैले हस्तान्तरण गरेमा वा नयाँ अंशियार थपिन आएमा वा अंशियार घटेमा त्यसको प्रयोजनको लागि पुनः फिरादपत्र दिई रहनु पर्दैन।<br>• त्यस्तो अवस्थामा अदालतमा निवेदन दिएमा त्यस्तो निवेदनको सत्यतामा जाँचबुझ गरी अंशबण्डा छुट्याउनु पर्छ।<br>• अंशबण्डा गरी छुट्याई दिँदा त्यसरी बण्डा छुट्याईएको सम्पत्तिको २.५ प्रतिशतका दरले दस्तुर लाग्छ। | |
| **दाखिल खारिज नामसारी** | • दाखिल खारेज, नामसारी गर्ने गरी फैसला भएकोमा सोको कार्यान्वयनको लागि दाखिल खारिज नामसारी गरिदिने सम्बन्धित कार्यालयमा लेखी पक्षलाई समेत २१ दिनभित्र हाजिर हुन पठाउनु पर्छ।<br>• अदालतबाट लेखी आएमा र सम्बन्धित पक्ष कार्यालयमा हाजिर भएमा त्यस्तो कार्यालयले ३ दिनभित्र दाखिल, खारेज, नामसारी गरिदिनु पर्छ।<br>• उक्त म्याद नाघेपछि कुनै पक्ष दाखिल, खारेज, नामसारीको लागि आएमा प्रति वर्ष रु ५००। दस्तुर लिई फैसला बमोजिम दाखिल, | दफा २३९ |

| | | |
|---|---|---|
| | खारेज, नामसारी गरी दिनु पर्छ। | |
| **निखन्ने सम्बन्धी कार्यविधि** | • अचल सम्पति निखन्न (हकसफा) पाउने ठहरी फैसला भएकोमा पक्ष तारिखमा रहेमा अदालतले निखनी लिन पाउने सम्पत्ति निखनी लिन र दाबी नपुगेकोमा धरौटी रहेको रकम बुझिलिन त्यस्तो पक्षलाई तारिख तोकी रकम धरौटी रहेको कार्यालयमा पठाउनु पर्छ।<br>• निखनी लिने दिने दुवै पक्षहरू कार्यालयमा हाजिर हुन आएमा धरौटी रहेको रकम निखनी दिनु पर्ने व्यक्तिलाई ७ दिनभित्र बुझाई त्यस्तो सम्पत्तिको लिखत र भरपाई निखनी लिनेलाई बुझाई दिनुपर्छ।<br>• निखनी दिने व्यक्ति मात्र कार्यालयमा हाजिर भएमा कार्यालयले निजलाई रकम बुझाई सोको भरपाई समेतका कागजात निखनी लिने व्यक्ति हाजिर भएका बखत निजलाई बुझाई दिनुपरछ।<br>• निखनी लिने व्यक्ति मात्र कार्यालयमा हाजिर हुन आएमा कार्यालयले फैसला बमोजिम निखनाई दिई रकम बुझाएको भरपाई समेतका कागजात निजलाई बुझाई दिनु पर्छ।<br>• सम्बन्धित कार्यालयबाट निखनाई दिएकोमा निखनाई दिएको मितिले ३५ दिनभित्र निखनाई दिनु पर्ने व्यक्तिले धरौटी रहेको रकम बुझी लिनुपर्छ।<br>• म्याद नाघेपछि निखनाई दिनु पर्ने व्यक्ति धरौटी रकम बुझिलिन आएमा कार्यालयले १ वर्षभित्र भए धरौटी रकमको ३ प्रतिशत र ३ वर्ष भित्र भए ५ प्रतिशत थप रकम कट्टा गरी ७ दिनभित्र धरौटी रकम फिर्ता गर्नुपरछ।<br>• उक्त अवधिभित्र पनि निखनाई दिनु पर्ने व्यक्ति धरौटी रकम लिन नआएमा कार्यालयले त्यस्तो धरौटी रकम सरकारी कोषमा जम्मा गर्नुपर्छ। तत्पश्चात निजले सो रकम फिर्ता पाउँदैन। | दफा २४० |
| **फैसला कार्यान्वयन गर्दा लाग्ने दस्तुर** | • **बिगो भराउदाः** बिगो पाउने व्यक्तिबाट बिगोको ३ प्रतिशत<br>• **अंश बण्डा गराउँदाः** बण्डा छुट्याईएको सम्पत्तिको २.५ प्रतिशत<br>• **चलन चलाउँदाः** बिगो खुलेको भए बिगोको ३ प्रतिशत र बिगो नखुलेको भए रु १,०००।<br>• **पूनः चलन चलाउँदाः** कुनै दस्तुर नलाग्ने।<br>• **अदालती शुल्क नलागेको मुद्दामा अन्य रकम भराउदाः** ५ प्रतिशत | दफा २३९-२४२, २४९ |

| | | |
|---|---|---|
| | • **अदालतबाट भाखा गराई दिएको, कागजपत्र दिलाई दिएको वा असामी बण्डा गरिदिएकोमाः** कुनै दस्तुर लाग्दैन।<br>• **निवेदन दस्तुरः** रु. १०।- | |
| **मिलापत्रको कार्यान्वयन** | • सरकारी निकायबाट कुनै काम गर्नु, गराउनु पर्ने गरी कुनै मिलापत्र भएकोमा मिलापत्र भएको ३ दिनभित्र मिलापत्र बमोजिमको काम गरिदिन सम्बन्धित कार्यालयलाई लेखी पठाउनु पर्छ।<br>• एक जनाभन्दा बढी बादी वा प्रतिबादी भएको मुद्दामा मिलापत्र बमोजिम गराउन सबैजना उपस्थित नभएपनि ३ दिन नाघेपछि मिलापत्र कार्यान्वयन गरिदिनुपर्छ।<br>• त्यसरी मिलापत्र कार्यान्वयन गर्दा मिलापत्र बमोजिम गराउन नआउने व्यक्तिको हितको पनि संरक्षण गर्नुपर्छ। | दफा २४७ |
| **पदमा बहाली गर्ने वा पदबाट हटाउने आदेश वा फैसलाको कार्यान्वयन** | • अदालतबाट कसैलाई कुनै पदमा बहाली गर्न वा पदबाट हटाउन फैसला वा आदेश भएकोमा सो फैसला वा आदेश भएको ३ दिनभित्र कार्यान्वयनका लागि सम्बन्धित निकाय वा कार्यालयमा लेखी पठाउनु पर्छ।<br>• यसरी लेखी आएमा सम्बन्धित निकाय वा कार्यालयले ३० दिनभित्र कार्यान्वयन गरी सम्बन्धित अदालतलाई जानकारी दिनु परछ।<br>• त्यस्तो जानकारी नदिएमा सम्बन्धित निकाय वा कार्यालयको प्रमुख भई काम गर्ने व्यक्तिलाई विभागीय कारबाही गर्न आदेश दिन सकिन्छ। | दफा २३०(७)(६) |
| **फैसला कार्यान्वयन उपरको उजुरी** | • फैसला कार्यान्वयनको सिलसिलामा सम्बन्धित कर्मचारीले गरेको काम कारबाही उपर न्यायाधीश समक्ष १५ दिनभित्र उजुर गर्न सकिन्छ। सो उजुरीमा १ महिना भित्र टुङ्गो लगाउनुपरछ।<br>• सो उजुरी उपर जिल्ला न्यायाधीशबाट भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन सुन्ने अदालतमा १५ दिनभित्र निवेदन दिन सक्छ। सो उजुरीमा २ महिना भित्र टुङ्गो लगाउनुपरछ।<br>• फैसला कार्यान्वयनको उपस्थितिको लागि दिईएको सूचना प्राप्त गरी तारेखमा अनुपस्थित रहने पक्षले यस दफा बमोजिमको उजुरी वा निवेदन दिन पाउँदैन। | दफा २५० |
| **अदालती शुल्क वा** | • फैसला बमोजिम फिर्ता पाउने ठहरिएको अदालती शुल्क वा धरौटी | दफा २४८ |

| | | |
|---|---|---|
| **धरौटी फिर्ता गर्ने** | रकम त्यस्तो फैसला अन्तिम भएको थाहा पाएको मितिले १ वर्षभित्र सम्बन्धित व्यक्तिले फिर्ता माग गर्न प्रमाण सहित निवेदन दिनु पर्छ।<br>• माग गरिएको रकम फिर्ता गर्नु पर्ने रहेछ भने अदालती शुल्कको हकमा त्यस्तो निवेदन प्राप्त भएको ३ महिनाभित्र र धरौटी रकम भए ७ दिनभित्र फिर्ता गर्नुपर्छ।<br>• लिलाम बिक्रीबाट प्राप्त रकम लिनुपर्ने वा बढी भएको रकम फिर्ता पाउने व्यक्तिले लिलाम बिक्री भएको मितिले ६ महिनाभित्र बुझी लिनु पर्छ।<br>• म्यादभित्र सम्बन्धित व्यक्तिले अदालती शुल्क, धरौटी वा रकम बुझि नलिएमा पछि त्यस्तो रकम वा सम्पत्ति फिर्ता लिन पाईदैन। त्यस्तो धरौटी रकम सरकारी कोषमा आम्दानीमा बाँधनुपर्छ। | |
| **अदालती शुल्कले प्राथमिकता पाउने** | • फैसला बमोजिम बिगो, दण्ड, जरिवाना, अदालती शुल्क लगायत अन्य दस्तुर भराउदा वा लिंदा पहिले अदालती शुल्क भराउनु वा लिनु पर्छ। | दफा ८४ |
| **जरिवाना वापत कैद** | • देवानी मुद्दामा भएको जरिबाना नतिरे बापत कैद गर्नु पर्दा ४ वर्षमा नबढ्ने गरी १ दिनको रू. २००। दरले कैद गर्नुपर्छ। | दफा २४४ |
| **जरिवाना छुट** | • फैसला बमोजिम जरिबाना लागेको व्यक्तिले तत्काल वा फैसला भएको मितिले ६० दिनभित्र जरिबाना तिरेमा निजलाई भएको जरिबानामा २० प्रतिशत छुट हुनछ। | दफा २४६ |
| **फैसला कार्यान्वयन स्थगन** | **देहायका अवस्थामा फैसला कार्यान्वयन स्थगन गर्नु पर्छः**<br>• पुनरावेदन लाग्नेमा पुनरावेदन गर्न सक्ने म्याद भुक्तान नभएसम्म,<br>• कानून बमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म,<br>• मुद्दा दोहोऱ्याउने आदेश भएकोमा त्यसको किनारा नभएसम्म,<br>• मुद्दा पुनरावलोकनको आदेश भएकोमा त्यसको अन्तिम किनारा नभएसम्म। | दफा २३१ |
| **कार्यान्वन गर्न बाधा** | **देहायको अवस्थामा फैसला वा मिलापत्र कार्यान्वन गर्न वाधा नपर्नेः** | दफा २३२ |

| | | |
|---|---|---|
| **नपर्ने** | • अदालतले अन्यथा आदेश दिएकोमा बाहेक फैसला उपर पुनरावलोकन वा मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन विचाराधीन रहेको अवस्थामा,<br>• अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसैले फैसला वा मिलापत्र बदर मुद्दा दायर गरेकै आधारमा,<br>• कुनै मुद्दाको फैसला कार्यान्वयन तत्काल नगरेमा मुद्दाको विषयवस्तुको रूपमा रहेको सम्पत्ति बिग्रने देखिएमा,<br>• क्षतिपूर्ति तिर्नु पर्ने मुद्दामा जित्ने पक्षले पछि पुनरावेदन तहबाट मुद्दा हारेमा अर्को पक्षलाई पर्न गएको नोक्सानी बापतको क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिवद्धता व्यक्त गरेमा शुरु फैसला भएपछि त्यस्तो मुद्दामा पुनरावेदन पर्ने म्याद भुक्तानी हुनु वा पुनरावेदन फैसला हुनु अगावै त्यस्तो फैसला कार्यान्वयन गर्न,<br>• अदालतमा विचाराधीन रहेको कुनै मुद्दाको कुनै विषयमा मुद्दाका पक्षहरू बीच सहमति भएमा र त्यसरी सहमति भएको विषय छुट्टाएर फैसला कार्यान्वयन गर्न मिल्ने भई अदालतबाट आदेश भएमा। | |
| **फैसला कार्यान्वयनको कारबाहीका लागि वारिस राख्न सक्ने** | • फैसला कार्यान्वयनको सिलसिलामा मुद्दाको कुनै पक्ष आफैं उपस्थित हुन नसक्ने भएमा त्यस प्रयोजनको लागि निजले वारिस नियुक्त गरी पठाउन सक्छ। | दफा २३३ |
| **फैसला कार्यान्वयनमा मिलापत्र वा मेलमिलाप** | • मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसलाको कार्यान्वयन गर्न चाहेमा पक्षहरूले सोही व्यहोरा उल्लेख गरी संयुक्त निवेदन दिन सक्छन्।<br>- तर सरकारी बिगो असुल गर्ने विषयमा मिलापत्र वा मेलमिलाप गर्न निवेदन दिन पाईदैन।<br>• मिलापत्र वा मेलमिलापको लागि निवेदन परेमा मनासिब अवधि तोकी पक्षहरूलाई मिलापत्र वा मेलमिलापको माध्यमद्वारा फैसला कार्यान्वयन गर्न अवसर दिनु पर्छ।<br>• दिईएको अवधिभित्र पक्षहरू मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसला कार्यान्वयन गर्न सहमत भएमा सम्बन्धित अदालत वा तहसिलदारको जिम्मेवारी सम्हालेका अधिकृतले कानून बमोजिम पक्षहरू बीच मिलापत्र गराई दिनु पर्छ। | दफा २३४ |

| | | |
|---|---|---|
| | • तोकिएको अवधिभित्र पक्षहरू मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसला कार्यान्वयन गर्न सहमत नभएमा प्रक्रिया पूरागरी फैसला कार्यान्वयन गर्नुपर्छ। | |
| **प्रतिनिधि उपस्थित नभएको कारणले मात्र अमान्य नहुने** | • फैसला कार्यान्वयनको सिलसिलामा फिल्डमा हुने काममा स्थानीय तहको सदस्य वा प्रतिनिधिको रोहबरमा कुनै काम कारबाही गर्नु पर्ने वा निजको सहीछाप गराउनु पर्नेमा त्यस्तो सदस्य वा प्रतिनिधिलाई उपस्थित गराई दिन लिखित सूचना दिँदा त्यस्तो सदस्य वा प्रतिनिधि उपस्थित नभए पनि सो काम कारबाही गर्न गराउन सकिन्छ।<br>• स्थानीय तहको सदस्य वा प्रतिनिधि उपस्थित नभएको वा निजले सहीछाप नगरेको आधारमा मात्र रित पुगेको काम कारबाही बदर हुँदैन। | दफा २५१ |
| **फैसला कार्यान्वयनमा अवरोध गर्नेलाई सजाय** | • फैसला कार्यान्वयन गर्ने कार्यमा सहयोग गर्नु मुद्दाका पक्षको कर्तव्य हुनछ।<br>• फैसला कार्यान्वयनमा अवरोध गर्ने व्यक्तिलाई अवहेलनामा कारबाही चलाउन वा रू १०००। सम्म जरिवाना वा ३ महिनासम्म कैद वा दुवै सजाय गर्न सकिन्छ। | दफा २५२ |
| **प्रोत्साहन रकम** | • दण्ड जरिबाना वा सरकारी बिगो असुलिको लागि खटी जाने सरकारी कर्मचारीले दैनिक तथा भ्रमण भत्ता बापत पाउने रकम लिन नचाहेमा असुल गरी ल्याएको रकमको २५ प्रतिशत प्रोत्साहन भत्ता पाउनेछन्।<br>• असुल गरी ल्याएको रकमको ५ प्रतिशत रकम तहसिलदारले प्रोत्साहन स्वरुप पाउँछ।<br>• त्यस्तो प्रोत्साहन रकम असुल भएको जरिबाना वा सरकारी बिगोको रकमबाट दिनुपर्छ।<br>• सरकारी बिगो वा जरिबाना सरकारी कर्मचारी बाहेक जो सुकै व्यक्तिले असुल गरी ल्याएमा पनि प्रोत्साहन रकम दिनुपर्छ। | दफा २५३ |

**परिच्छेद-सोह्र**

## विशेष प्रकृतिका निवेदनको कारबाही प्रक्रिया

### १६.१ संरक्षकत्व सम्बन्धी

१० वर्ष उमेर पूरा नभएको वा त्यस्तो उमेर पुगेको भए पनि होस ठेगानामा नरहेको कारण आफ्नो हक र हित संरक्षण गर्न नसक्ने व्यक्ति कानूनी रूपमा असक्षम मानिन्छ। त्यस्तै १० वर्ष पूरा भई १८ वर्ष पूरा नगरेको व्यक्ति कानूनी रूपमा अर्धसक्षम मानिन्छ। असक्षम र अर्धसक्षम व्यक्तिले अधिकारको उपयोग गर्दा संरक्षक वा माथवरको मञ्जुरी लिई वा तिनीहरू मार्फत गर्नु गराउनु पर्छ। तर कुनै व्यक्तिको सक्षमता, असक्षमता वा अर्धसमताको प्रश्न उठेमा अदालतबाट निर्णय गर्नुपर्छ। साथै, कानूनद्वारा निर्धारित खास नाताका व्यक्तिहरू असक्षम वा अर्धसक्षम व्यक्तिका स्वतः संरक्षक हुन्छन्। तर कतिपय अवस्थामा कुनै असक्षम वा अर्धसक्षम व्यक्तिको संरक्षक अदालतले तोकिदिनु पर्ने वा संरक्षकत्वको कागज अदालतबाट प्रमाणित गर्नुपर्ने व्यवस्था देवानी संहिता तथा देवानी कार्यविधि नियमावलीले गरेको छ। यसरी अदालतबाट संरक्षक नियुक्ति गर्दा निवेदन दिने, जाँचबुझ गर्ने तथा संरक्षक तोक्ने आदि प्रक्रियाको वारेमा देहायबमोजिम उल्लेख गरिएको छः

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **संरक्षक मानिने** | • देहायको व्यक्ति संरक्षक मानिन्छः<br>- असक्षम वा अर्धसक्षम व्यक्तिको हक, हित वा संरक्षण गर्न नियुक्त भएको व्यक्ति,<br>- असक्षम वा अर्धसक्षम व्यक्तिको हक, हित वा संरक्षण गर्ने दायित्व भएको व्यक्ति। | देसं.<br>दफा १३५ |
| **संरक्षकको प्राथमिकताक्रम** | असक्षम वा अर्धसक्षम व्यक्तिको **स्वतः संरक्षक** हुने दायित्व रहेका व्यक्तिको प्राथमिकताक्रम देहाय बमोजिम रहेको छः<br>- एकासगोलका पति वा पत्नी,<br>- बाबु वा आमा,<br>- एकासगोलका छोरा, छोरी वा विधवा बुहारी,<br>- भिन्न भएका पति वा पत्नी,<br>- भिन्न भएको छोरा, छोरी वा विधवा बुहारी,<br>- बाजे वा बजै,<br>- नाति वा नातिनी,<br>- दाजु, भाई वा दिदी, बहिनी<br>- मावलीपट्टिका बाजे, बजै, मामा, माईजू।<br>• उल्लिखित व्यक्तिहरू असक्षम अर्धसक्षम व्यक्तिहरूको स्वतः संरक्षक | दफा १३६ |

| | | |
|---|---|---|
| | हुन्छन्।<br>**देहायको अवस्थामा देहायबमोजिम संरक्षक हुन्छन्**<br>- एउटै क्रमका एकभन्दा बढी व्यक्ति संरक्षक हुने भएमा निजहरूले आपसी सहमति गरे बमोजिमको व्यक्ति र त्यसरी सहमति हुन नसकेमा **अदालतले तोके बमोजिमको व्यक्ति,**<br>- मानसिक रूपमा स्वस्थ भएको र दश वर्ष उमेर पूरा गरेको व्यक्तिको हकमा निजले **रोजेको व्यक्ति** संरक्षक हुन्छ। त्यसरी संरक्षक रोज्दा सोको लिखत गरी अदालतबाट प्रमाणित गर्नुपर्छ।<br>- कानून बमोजिम वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिको नाबालक भए निजलाई **पालनपोषण गर्ने बाबु वा आमा,**<br>- पहिलो प्राथमिकता क्रमको कुनै व्यक्ति संरक्षक हुन नचाहेमा, निज होस ठेगानामा नरहेमा, बेपत्ता भएमा वा निजले संरक्षकको हैसियतले काम नगरेमा सोभन्दा **तल्लो प्राथमिकताक्रमको व्यक्ति** संरक्षक हुन्छ। त्यसरी तल्लो क्रमको व्यक्ति संरक्षक हुने भएमा निजले आफू संरक्षक भएको व्यहोरा अदालतबाट प्रमाणित गराउनु पर्छ। | |
| **अन्य व्यक्ति संरक्षक मानिने** | • कुनै असक्षम वा अर्धसक्षम व्यक्तिलाई संरक्षक हुने दायित्व रहेका प्राथमिकताक्रमका व्यक्तिले संरक्षकत्व प्रदान नगरी अन्य व्यक्तिले संरक्षकत्व प्रदान गरेको भए त्यसरी संरक्षकत्व प्रदान गर्ने व्यक्ति नै त्यस्तो व्यक्तिको संरक्षक मानिन्छ।<br>• तर त्यस्तो व्यक्तिले आफू संरक्षक भएको व्यहोरा **अदालतबाट प्रमाणित** गर्नु पर्नेछ। | दफा१३७ |
| **संस्था संरक्षक भएको मानिने** | • बाल कल्याण गृह, अनाथालय, बाल गृह वा बालमन्दिर जस्ता संस्थामा रहेका बालबालिकाको अन्य संरक्षक नभएमा त्यस्तो संस्था नै संरक्षक भएको मानिनेछ।<br>• संस्थामा रहेका नाबालकको तर्फबाट कुनै काम कारबाही गर्नु पर्दा त्यस्तो संस्थाको प्रमुखबाट गरिनेछ। | दफा १३८ |
| **अदालतले कुनै खास व्यक्तिलाई संरक्षक नियुक्त गर्ने** | • माथि उल्लिखित कुनै पनि व्यक्तिले संरक्षक हुन नचाहेमा अदालतले देहायको अवस्थामा कुनै खास व्यक्तिलाई संरक्षक नियुक्त गर्न सक्छः—<br>- संरक्षक हुने प्राथमिकता क्रममा रहेका व्यक्ति संरक्षक हुन नचाहेमा | दफा १३९<br>देकानि ६४ |

| | | |
|---|---|---|
| **कार्यविधि** | सम्बन्धित स्थानीय तहको वडा समितिले संरक्षक नियुक्ति गर्न निवेदन दिएमा,<br>- सरोकारवालाले संरक्षक नियुक्त गर्न निवेदन दिएमा।<br>• संरक्षक नियुक्त गर्दा असक्षम वा अर्धसक्षम व्यक्तिको हक, हित वा संरक्षण हुन सक्ने वा नसक्ने कुरा विचार गर्नुपर्छ।<br>• संरक्षक नियुक्त गरीपाउँ भनी निवेदन दिंदा नियमावलीको अनुसूची ३४- बमोजिमको ढाँचामा दिनुपर्छ।<br>• त्यस्तो निवेदन दर्ता कितावमा दर्ता गरी यथासम्भब सोहि दिन इजलास समक्ष पेश गरी इजलासले आवश्यक प्रमाण बुझी नियमावलीको अनुसूची -३५ बमोजिमको दर्ता कितावमा निर्णय गर्नुपर्छ ।<br>• संरक्षक नियुक्त गर्ने गरी आदेश भएमा निवेदकलाई नियमावलीलो अनुसूची -३६ बमोजिमको ढाँचामा सो को प्रमाणपत्र दिनु पर्छ।<br>• त्यसरी संरक्षक नियुक्त गर्दा संरक्षक हुने व्यक्तिको समेत सहमति लिनु पर्छ। आवश्यक परे त्यस्तो व्यक्तिलाई म्याद जारी गरी झिकाई सहमति रहे नरहेको कागज गराउनुपर्छ।<br>• संरक्षक नियुक्त गरी सकेपछि त्यसको लिखित जानकारी संरक्षक हुने व्यक्ति र स्थानीय तहलाई दिनु पर्छ। | |
| **सुपरीवेक्षक तोक्न सक्ने** | • अदालतबाट नियुक्त संरक्षकको काम कारबाहीको सम्बन्धमा जाँचबुझ गर्न आवश्यक देखेमा अदालतले कुनै व्यक्तिलाई सुपरीवेक्षक तोक्न सक्छ।<br>• तोकिएको सुपरीवेक्षकले संरक्षकको काम कारबाहीको सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यसको प्रतिवेदन अदालत समक्ष पेश गर्नुपर्छ | दफा १४० |
| **संरक्षक हुन नसक्ने व्यक्तिहरू** | **देहायको व्यक्ति संरक्षक हुन सक्दैनः**<br>- असक्षम वा अर्धसक्षम व्यक्ति।<br>- असक्षम वा अर्धसक्षम व्यक्तिको हक वा हित विपरित काम गरेको प्रमाणित भएको व्यक्ति।<br>- अदालतबाट ३ बर्ष वा सो भन्दा बढी कैदको सजाय भएको व्यक्ति।<br>- अदालतबाट संरक्षक हुन अयोग्य देखिएको व्यक्ति।<br>• दफा १३६ को उपदफा (१) बमोजिमको प्राथमितकता क्रममा रहेको व्यक्तिको हकमा योग्यतासम्बन्धी व्यवस्थाले प्रतिकूल असर पार्दैन। | दफा १४१ |

| | | |
|---|---|---|
| **संरक्षकत्वको समाप्ति** | देहायको अवस्थामा संरक्षकत्व समाप्त भएको मानिन्छः<br>• संरक्षकले आफू संरक्षक हुन नसक्ने भनी दिएको निवेदन अदालतबाट स्वीकृत भएमा,<br>• संरक्षक वा संरक्षकत्वमा रहेको असक्षम वा अर्धसक्षम व्यक्तिको मृत्यु भएमा,<br>• असक्षम वा अर्धसक्षम व्यक्ति सक्षम भएमा,<br>• संरक्षकत्वमा रहेको असक्षम वा अर्धसक्षम व्यक्तिको अनुरोधमा अदालतले संरक्षकलाई हटाएमा। | दफा १४८ |
| **हानि, नोक्सानीको रकम भराई लिन सक्ने** | • कुनै संरक्षकले आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिको सम्पत्तिमा जानीजानी, छलकपट, जालसाजी वा बदनियतले हानि, नोक्सानी पुऱ्याएमा निजबाट संरक्षकत्वमा रहेको व्यक्तिले हानी  नोक्सानी भएको रकम भराई लिन सक्दछ। | दफा १५१ |

**१६.२ माथवर सम्बन्धी**

कुनै नाबालकको संरक्षक नभएमा निज १८ बर्षको उमेर नपुगेसम्म निजको पालनपोषण, स्वास्थ्य, शिक्षा, हेरविचार तथा सम्पत्तिको संरक्षण गर्ने कार्य अन्य कुनै व्यक्तिले माथवरको रुपमा गर्न सक्ने र त्यस्तो माथवर भएको लिखत अदालतबाट प्रमाणित गर्नुपर्ने व्यवस्था देवानी संहिताले गरेको छ। माथवरको रूपमा कुनै व्यक्तिले कार्य नगरेको भए नाबालक वा होस ठेगानामा नरहेको व्यक्तिको माथवर अदालतले नियुक्ति गरिदिनु पर्छ। यसरी अदालतले माथवर नियुक्त गर्दा दिइने निवेदन, सोको प्रक्रिया तथा माथवर नियुक्तिको आदेश आदि विषयमा तल उल्लेख गरिएको छः

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **नावालकको माथवर सम्बन्धी व्यवस्था** | • कुनै नाबालकको संरक्षक नभएमा निज अठार वर्ष पूरा नभएसम्म निजको पालनपोषण, स्वास्थ्य, शिक्षा, हेरविचार तथा सम्पत्तिको संरक्षण गर्नको लागि कुनै व्यक्तिले नाबालकको माथवरको हैसियतले काम गर्न सक्छ।<br>• कसैले आफ्नो नाबालकको पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेरविचारको लागि कुनै व्यक्तिलाई माथवर नियुक्त गर्न सक्नेछ। | देवानी संहिता दफा १५३ |
| **होस ठेगानमा नरहेको व्यक्तिको माथवर** | • होस ठेगानमा नरहेको व्यक्तिको संरक्षक हुने व्यक्ति नभएकोमा निजको पालन पोषण, हेरविचार तथा सम्पत्तिको हेरचाहको लागि अन्य कुनै व्यक्तिले माथवरको हैसियतले काम गर्न सक्छ।<br>• उक्त माथवर नभएकोमा वा यकिन नभएकोमा होस ठेगानमा नरहेको व्यक्ति तत्काल जसको जिम्मा, सुपरीवेक्षण वा रेखदेखमा रहेको छ सोही | दफा १५४ |

| | | |
|---|---|---|
| | व्यक्ति माथवर हुन्छ। | |
| **आमा नाबालकको स्वतः माथवर हुने** | • आमाले अर्को बिबाह गरिसकेको भएपनि देहायको अवस्थामा निज १० वर्ष मुनिको नाबालकको माथवर हुन्छ।<br>- नाबालकको बाबुको मृत्यु भएको वा निज बेपत्ता भएको,<br>- नाबालकको बाबुको होस ठेगानमा नरहेको वा विदेश गएको। | दफा १५५ |
| **सङ्गठित संस्था माथवर हुने** | • संरक्षक नभएको कुनै व्यक्ति कुनै सङ्गठित संस्थाको रेखदेख, संरक्षण वा जिम्मामा रहेको भए त्यस्तो सङ्गठित संस्था त्यस्ता व्यक्तिको माथवर हुन्छ,<br>• सङ्गठित संस्था माथवर भएकोमा त्यस्तो सङ्गठित संस्थाको प्रमुखले माथवरको अधिकार प्रयोग गर्नेछ। | दफा १५६ |
| **अदालतले कुनै खास व्यक्तिलाई माथवर नियुक्त गर्ने कार्यविधि** | • संरक्षक नभएका कुनै व्यक्तिको कसैले पनि माथवरको रूपमा काम नगरेको भए सम्बन्धित वडा समितिले त्यसको विवरण खुलाई माथवर नियुक्त गर्न अदालत समक्ष निवेदन दिन सक्छ।<br>• निवेदन गर्दा सम्बन्धित वडा समितिले माथवर हुन सक्ने सम्भावित व्यक्तिहरूको नाम, थर, ठेगाना र पेशा खुलाई त्यस्ता व्यक्तिहरूले माथवरको रूपमा काम गर्न दिएको मञ्जुरीको लिखत समेत पेश गर्नुपर्छ।<br>• त्यसरी नाम पेश भएका व्यक्तिहरूमध्येबाट उपयुक्त कुनै एक व्यक्तिलाई **अदालतले माथवर नियुक्त गर्ने आदेश दिनुपर्छ।**<br>• कुनै व्यक्तिले माथवर नियुक्त गरीपाउँ वा प्रमाणित गरीपाउँभनी निवेदन दिँदा देवानी कार्यविधि नियमावलीको अनुसूची बमोजिमको ढाँचामा ३७- दिनु पर्छ ।<br>• त्यस्तो निवेदन सम्वन्धित दर्ता कितावमा दर्ता गरी यथासम्भब सोहि दिन इजलास समक्ष पेश गरी इजलासले नियमावलीको अनुसूची -३८ बमोजिमको दर्ता कितावमा निर्णय गर्नुपर्छ ।<br>• कुनै व्यक्तिलाई माथवर नियुक्त गर्ने वा माथवर प्रमाणित गर्ने आदेश भएमा निवेदकलाई अनुसूची -३९ बमोजिमको ढाँचामा माथवर नियुक्त भएको वा माथवर प्रमाणित भएको प्रमाणपत्र दिनु पर्छ। | दफा १५७<br>देकानि ६५ |
| **माथवरको अयोग्यता** | **देहायको व्यक्ति माथवर हुन पाउदैनः**<br>- असक्षम वा अर्धसक्षम व्यक्ति,<br>- असक्षम वा अर्धसक्षम व्यक्तिको हक वा हित विपरित काम गरेको प्रमाणित भएको व्यक्ति। | दफा १५८, १४१ |

| | | |
|---|---|---|
| | - अदालतबाट ३ बर्ष वा सो भन्दा बढी कैदको सजाय भएको व्यक्ति।<br>- अदालतबाट संरक्षक हुन अयोग्य देखिएको व्यक्ति। | |
| **अदालतले माथवर हटाउन सक्ने** | • माथवरले सम्पत्तिको रेखदेख र संरक्षण नगरेको उजुरी परेमा अदालतले सम्बन्धित व्यक्तिलाई माथवरबाट हटाउन सक्छ। | दफा १६२(३) |
| **अदालतको अनुमतिले अचल सम्पति खर्च गर्न सक्ने** | • माथवरले आफ्नो माथवरीमा रहेको कुनै व्यक्तिको पालनपोषण, शिक्षा दिक्षा वा औषधि उपचार गर्दा निजको चल सम्पत्तिबाट नभ्याउने रहेछ भने अचल सम्पत्ति वा त्यसको कुनै अंश बिक्री गर्न अनुमतिको लागि अदालतमा निवेदन दिन सक्दछ।<br>• निवेदन जाँचबुझ गर्दा त्यस्तो अचल सम्पत्ति बिक्री गर्नु पर्ने कारण मनासिब देखेमा उचित ठानेको अचल सम्पत्ति वा त्यसको कुनै अंश बिक्री गर्न अनुमति दिन सकिन्छ। | दफा १६१ |
| **माथवरी अन्त्य हुने** | **माथवरीमा रहेको व्यक्तिको अवस्था देहायबमोजिम भएमा माथवरी अन्त्य हुन्छ:**<br>- नाबालक भए निजको उमेर अठार वर्ष पूरा भएमा,<br>- होस ठेगानमा नरहेको व्यक्ति भए निजको होस ठेगानमा आएमा,<br>- नाबालकको आमा वा बाबु वा दुवैले नाबालकलाई आफ्नो जिम्मा लिएकोमा,<br>- नाबालक वा होस ठेगानमा नरहेको व्यक्तिको संरक्षक नियुक्ति भएमा,<br>- अदालतले माथवरीबाट हटाएमा,<br>- माथवर हुन योग्य नदेखिए वा नरहेमा,<br>- माथवर हुने वा माथवरीमा रहेको व्यक्तिको मृत्यु भएमा।<br>• माथवरी अन्त्य भएकोमा माथवरको हैसियतमा जिम्मा लिएको सम्पत्ति माथवर भएको व्यक्तिले तुरुन्त सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्छ। | दफा १६४ |
| **अदालतबाट प्रमाणित गराउनु पर्ने** | • दफा १५३, १५४ र १६५ बमोजिम माथवर हुनेले आफू माथवर भएको व्यहोरा अदालतबाट प्रमाणित गराउनु पर्छ। | दफा १६६ |

**१६.३ धर्मपुत्र र धर्मपुत्री सम्बन्धी**

कुनै व्यक्तिले अन्य व्यक्तिको छोरा वा छोरीलाई आफ्नो छोरा वा छोरीको रूपमा स्वीकार गरी धर्मपुत्र वा धर्मपुत्री राख्न पाउने प्रावधान देवानी संहिताले गरेको छ। त्यसरी कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न चाहने

व्यक्तिले अदालतमा निवेदन दिई रितपूर्बक प्रमाणित गराउनु पर्छ। यसरी धर्मपुत्र वा धर्मपुत्री राख्नका लागि अदालतमा दिइने निवेदन, त्यसमा गरिने जाँचबुझ तथा अदालतले दिने आदेश सम्बन्धमा तल उल्लेख गरिएको छः

| विषय | कार्यविधि | कानूनी व्यवस्था |
|---|---|---|
| **धर्मपुत्र वा धर्मपुत्री** | कुनै व्यक्तिले अन्य व्यक्तिको छोरा वा छोरीलाई आफ्नो छोरा वा छोरीको रूपमा स्वीकार गर्न सक्छ, त्यसरी स्वीकार गरिएको व्यक्ति धर्मपत्र वा धर्मपुत्री मानिन्छ। | संहिताको दफा १६९ |
| **धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने व्यक्तिहरू** | • **देहायका कुनै व्यक्तिले बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न सक्छः**<br>- विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नहुने दम्पति,<br>- पैंतालीस वर्ष उमेर पूरा भएकी अविवाहिता, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला,<br>- पैंतालीस वर्ष उमेर पूरा भएको अविवाहित, विधुर, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरूष।<br>• **देहायका कुनै व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री राख्न सक्दैनः**<br>- होस ठेगानमा नभएको,<br>- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको।<br>- नाबालकलाई पालनपोषण, स्वास्थ्य, शिक्षा, खेलकुद, मनोरञ्जन तथा हेरचाहको व्यवस्था गर्न सक्ने आर्थिक हैसियत नभएको।<br>• सगोलका पति वा पत्नीले धर्मपुत्र वा धर्मपुत्री राख्दा एक अर्काको मञ्जुरी लिनु पर्छ। | दफा १७२ |
| **धर्म पुत्र धर्मपुत्री राख्न नपाउने व्यक्ति** | • छोरा हुने व्यक्तिले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न पाउँदैन।<br>**तर ,**<br>- अदालतको आदेशले अंश लिएको, कानून बमोजिम भिन्न बसेको वा मानो छुट्टिएको महिला वा पुरुषसँग छोरा छोरी सँगै नबसेको अवस्थामा भने धर्मपुत्र वा धर्मपुत्री राख्न पाउँछन्।<br>- छोरा छोरी हुने व्यक्तिले अन्य बालबालिकालाई स्वास्थ्य, शिक्षा, हेरचाह र पालनपोषण गर्न सक्ने आर्थिक हैसियत खुलाई अदालतमा निवेदन दिएमा व्यहोरा मनासिव देखिए अदालतले धर्मपुत्र वा धर्मपुत्री राख्न अनुमति दिन सक्छ। | दफा १७१ |

| | | |
|---|---|---|
| **धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिन दिन नहुने** | **देहायका व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिन वा दिन हुँदैनः—**<br>- चौध वर्ष उमेर पूरा गरेको,<br>**तर,** तीन पुस्ताभित्रको नाताको व्यक्ति वा पत्नीको पूर्व पति तर्फ छोरा वा छोरी भएमा चौध वर्ष नाघेको व्यक्तिलाई पनि धर्मपुत्र वा धर्मपुत्री राख्न पाईन्छ।<br>- एउटा मात्र छोरा वा छोरीको रूपमा रहेको,<br>**तर** बाबु आमा पत्ता नलागेको, जीवित नभएको वा अर्को विवाह गरी बालबालिकालाई अन्य कुनै व्यक्ति वा संस्थाले पालनपोषण गरेको रहेछ भने त्यस्तो व्यक्ति वा संस्थाको लिखित सहमति लिई त्यस्ता बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न सकिन्छ।<br>- एकपटक धर्मपुत्र वा धर्मपुत्रीको भै सकेका व्यक्ति,<br>**तर** बदर भएका धर्मपुत्र वा धर्मपुत्री पुनः धर्मपुत्र धर्मपुत्री हुन सक्छन्।<br>- धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्ति भन्दा माथिल्लो नाताको,<br>- गैरनेपाली नागरिक।<br>**तर** विदेशी नागरिकता प्राप्त गरेको गैरआवासीय नेपाली नागरिकको हकमा यो व्यवस्था व्यवस्था लागू हुदैन। | दफा १७३ |
| **धर्मपुत्र वा धर्मपुत्री हुने र राख्नेको उमेरको फरक** | • धर्मपुत्र वा धर्मपुत्री हुने र धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको उमेर कम्तीमा २५ वर्ष फरक हुनु पर्छ।<br>**तर,** ३ पुस्ताभित्रको नाताको व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राख्दा उमेरको बन्देज लाग्दैन। | दफा १७४ |
| **धर्मपुत्र वा धर्मपुत्री राख्दा सहमति लिनु पर्ने** | • धर्मपुत्र वा धर्मपुत्री राख्दा बालबालिकाका बाबु वा आमा दुवै जीवित भए दुवैको र बाबु र आमामध्ये कुनै एक जीवित भए जीवितको लिखित सहमति लिनु पर्छ।<br>• वैवाहिक सम्बन्ध अन्त्य भई वा न्यायिक पृथकीकरण भएको कारण बावु र आमा अलग भएकोमा बाबु वा आमा मध्ये जो सँग बसेको छ उसको सहमति लिनुपर्छ।<br>• कुनै व्यक्ति वा संस्थाले पालनपोषण वा हेरविचार गरेको रहेछ भने पालनपोषण वा हेरविचार गर्ने व्यक्ति वा संस्थाको लिखित सहमति लिनुपर्छ, | दफा १७५ |

| | | |
|---|---|---|
| | • १० वर्ष नाघेका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्दा निजको समेत लिखित सहमति लिनु पर्छ। त्यस्तो लिखित सहमति बाबु आमा वा संरक्षक वा माथवरको रोहवरमा गर्नुपर्छ।<br>• सहमति लिनु अघि धर्मपुत्र वा धर्मपुत्री दिने व्यक्ति, संरक्षक वा माथवर तथा बालबालिकालाई, धर्मपुत्र वा धर्मपुत्रीको अर्थ, कानूनी हैसियत र त्यसको परिणाम समेतको विषयमा जानकारी गराउनु पर्छ।<br>• सहमति लिँदा कुनै किसिमको आर्थिक प्रलोभनमा पार्नु हुँदैन र त्यस्तो सहमति स्वेच्छाले दिएको हुनु पर्छ। | |
| **धर्मपुत्र वा धर्मपुत्री राख्दाको कार्यविधि** | • ऐनको दफा १७७ बमोजिम कसैले कुनै बालबालिकालाई धर्मपुत्र धर्मपुत्री राख्न देवानी कार्यविधि नियमावलीको अनुसूची को ४०- ढाँचामा निवेदन दिनु पर्छ ।<br>• आफ्ना छोरा छोरी हुने कुनै व्यक्तिले मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा १७१ को उपदफा (३) बमोजिम अन्य बालबालिकालाई धर्मपुत्र धर्मपुत्री राख्न अनुमतिको छुट्टै निवेदन समेत दिनु पर्छ।<br>• निवेदन दर्ता कितावमा दर्ता गरी यथासम्भब सोहि दिन इजलास समक्ष पेश गरी इजलासबाट अनुसूची -४१ बमोजिमको दर्ता कितावमा निर्णय गर्नुपर्छ ।<br>• धर्मपुत्र वा धर्मपुत्री राख्न दिने निर्णय भएमा अनुसूची -४२ बमोजिमको ढाँचामा धर्मपुत्र वा धर्मपुत्रीको २ प्रति लिखत तयार गर्न लगाउनु पर्छ।<br>• त्यस्तो लिखत इजलासबाट प्रमाणिकरण गरी एक प्रति निवेदकलाई दिई एक प्रति अदालतमा अभिलेखको रुपमा राख्नु पर्छ ।<br>• निवेदन जाँचबुझ गर्दा निवेदकलाई धर्मपुत्र वा धर्मपुत्री राख्न दिन नहुने देखेमा सोही बमोजिमको आदेश गरी निवेदकलाई त्यसको जानकारी दिनु परछ। | दफा १७७<br>देकानि ६६ |

**१६.४ अदालतमा विवाह दर्ता सम्बन्धी**

साविकमा नेपालमा दर्तादवारा विवाह गर्न चाहनेहरूले जिल्ला प्रशासन कार्यालयमा गई दर्ता गराउन सक्ने प्राबधान रहेकोमा देवानी संहिताले यस्तो विवाह नेपालमा भए जिल्ला अदालतमा वा नेपाल बाहिर भए नेपालको राजदूतावास वा महावाणिज्य दूतावासमा निवेदन दिई दर्ता गर्ने प्राबधान गरेको छ। यसरी अदालतमा विवाहका लागि निवेदन दिने, विवाह दर्ता हुने वा नहुने निर्णय गर्ने, विवाह दर्ता गर्ने र विवाहको प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा संहितमा भएका मुख्य प्राबधानहरू तल उल्लेख गरिएको छः

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **दर्तादवारा विवाह गर्ने कार्यविधि** | • कुनै पुरुष र महिलाले दर्ताद्वारा विवाह गर्न चाहेमा देहायको विवरण खुलाई नियमावलीको अनुसूची २७ को ढाँचामा निवेदन दिनु पर्छ।<br>○ आफ्नो नाम, थर, उमेर, ठेगाना, पेशा,<br>○ बाबु, आमा, बाजे, बज्यैको नाम,<br>○ अघि विवाह भए वा नभएको र विवाह भएको भए वैवाहिक सम्बन्ध अन्त्य भएको व्यहोरा<br>○ कम्तीमा दुई जना साक्षीको नाम<br>• निवेदन दिनको लागि पुरुष वा महिला वा दुवै निवेदन दिनु अघि सम्बन्धित जिल्लामा कम्तीमा १५ दिनदेखि रहे बसेको हुनु पर्छ।<br>• विदेशी र विदेशी तथा बिदेशी र नेपाली नागरिकले नेपालमा विवाह गर्दा निजहरूले आ—आफ्नो नागरिकता रहेको मुलुकको कानून बमोजिम निर्धारित सक्षमता, योग्यता र शर्त पालना गर्नुपर्छ।<br>• बिदेशी नागरिकले आफ्नो देशको कानून बमोजिम बिबाह गर्न योग्य र सक्षम भएको कुराको स्वःघोषणा गरी आफ्नो देशको विवाह सम्वन्धी कानूनको नेपालीमा अनुवाद गरिएको प्रतिलिपि निवेदनसाथ पेश गर्नुपर्छ।<br>• निवेदन जाँच गर्दा कानून बमोजिमको रित पुगेको देखिएमा अनुसूची -२८ बमोजिमको निवेदन दर्ता कितावमा दर्ता गरी इजलास समक्ष पेश गर्नुपर्छ।<br>• बिबाहको लागि परेको निवेदनका सम्बन्धमा छानविन गर्दा निवेदन माग बमोजिम दर्तादवारा विवाह हुने अवस्था देखिएमा सोही ऐनको दफा ७९ बमोजिमको विवाहको सहमतिपत्र तयार गरी पुरुष, महिला र उपस्थित साक्षीको सहीछाप गराई विवाह दर्ता कितावमा दर्ता गरी विवाहको प्रमाणपत्र दिने निर्णय गर्नुपर्छ । | देसं<br>दफा ७७, ७००<br>देकानि ६२ |
| **सहमतिपत्र तयार गरी प्रमाणित गर्नुपर्ने** | • निवेदक बीच विवाह हुने निर्णय भएमा निवेदनमा उल्लिखित कुरा र विवाह गर्ने पक्षहरू कानून बमोजिम एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर भएको व्यहोरा समेत खुलाई विवाहको सहमतिपत्र तयार गरी आफ्नो रोहबरमा निजहरू तथा उपस्थित साक्षीहरूको सहीछाप गराई त्यस्तो सहमतिपत्रमा न्यायाधीशले समेत प्रमाणीत गर्नुपर्छ।<br>• सहमतिपत्रमा सहीछाप गराई सकेपछि त्यस्तो विवाह दर्ता किताबमा दर्ता गरी सो दर्ता किताबमा न्यायाधीश, विवाह गर्ने पक्ष तथा उपस्थित साक्षी | दफा ७९<br>देकानि६२ |

| | | |
|---|---|---|
| | समेतको सहीछाप गर्नु वा गराउनु पर्छ।<br>• विवाहको सहमतिपत्रमा सहीछाप गराइसकेपछि त्यस्तो विवाहलाई अनुसूची -३० बमोजिमको विवाहको दर्ता किताबमा दर्ता गरी विवाह गर्ने पक्ष र साक्षीको हस्ताक्षर र ल्याप्चे सहिछाप गराई न्यायाधीशले प्रमाणीत गर्नुपर्छ। | |
| **विवाह दर्ता प्रमाणपत्र** | • विवाह दर्ता गरिसकेपछि सम्बन्धित अधिकारीले विवाह दर्ताका पक्षहरूलाई नेपाल सरकारले तोकिदिए बमोजिमको ढाँचामा विवाह दर्ताको प्रमाणपत्र दिनु पर्छ।<br>• विवाह दर्ताको प्रमाणपत्र पाएको दिनदेखि निवेदकहरूको विवाह भएको मानिनेछ। | दफा ८०<br>देकानि६२ |

**१६.५ प्राकृतिक व्यक्तिको दामासाही सम्बन्धी**

मुलुकी ऐन २०२० मा रहेको प्राकृतिक व्यक्तिको दामासाही सम्बन्धी व्यवस्थालाई समसामयिक परिमार्जन गरी देवानी संहितामा समावेश गरिएको छ। कुनै व्यक्तिको ऋण तथा निजले बेहोर्नु पर्ने अन्य दायित्व निजको जायजेथाभन्दा बढी भएमा त्यस्तो जायजेथाबाट ऋण भुक्तानी वा असुल गर्ने वा दायित्व फर्छ्यौट गर्ने ऋणी वा साहूले दामासाही सम्बन्धी कारबाही शुरु गर्न अदालतमा निवेदन दिन सक्ने कानूनी प्राबधान रहेको छ। दामासाहीको निवेदन दिन सकिने अवस्थाहरू, यस्तो निवेदन पर्न आएमा अदालतले अपनाउने कार्यविधि, दामासाहीको कारबाहीको समयमा ऋणीको सम्पति व्यवस्थापन गर्ने तरिका, ऋणीको ऋण वा दायित्वको भुक्तानीको प्राथमिकताक्रम आदि विषयमा संहितामा भएका प्राबधानलाई देहायबमोजिम उल्लेख गरिएको छः

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न सकिने** | • कुनै व्यक्तिको जायजेथा भन्दा ऋण वा दायित्व बढी भएको अबस्थामा निजको जायजेथाबाट साहूको ऋण वा दाबी पूरै वा आंशिक फछ्यौट भएकोमा त्यस्तो व्यक्ति साहूको दामासाहीमा परेको मानिन्छ।<br>• कुनै व्यक्तिको ऋण तथा अन्य दायित्व निजको जायजेथाभन्दा बढी भएमा त्यस्तो जायजेथाबाट ऋण भुक्तानी वा असुल गर्न वा दायित्व फछ्र्यौट गर्न दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न सकिन्छ।<br>**देहायका अवस्थामा दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न सकिंदैनः**<br>- नियमित आम्दानी भएको वा भविष्यमा आम्दानी हुने निश्चितता भएको व्यक्तिले आफ्नो आम्दानीबाट निश्चित अवधिमा ऋण वा अन्य दायित्व भुक्तानी वा फछ्र्यौट गर्न सक्ने कुरा निजले प्रमाणित गरेमा वा त्यस्तो कुरामा साहू सन्तुष्ट भएमा, | दफा ५४ |

| | | |
|---|---|---|
| | - दामासाहीमा पर्न लागेको व्यक्तिले दामासाहीको कारबाही प्रारम्भ गर्नु पर्ने अवस्था सृजना भएको मितिबाट त्यस्तो कारबाही प्रारम्भ नगर्न वा नगराउनको लागि साहूको ऋण भुक्तानीको अवधि र त्यसको स्रोत खुलाई ५ वर्षसम्मको समयावधि माग गरेमा, वा<br>- दामासाहीको कारबाही प्रारम्भ गर्न वा गराउन साहूले मञ्जुर नगरेमा।<br>- "साहू" भन्नाले एकभन्दा बढी साहू भएको अवस्थामा दामासाहीमा पर्न लागेको व्यक्तिको कूल ऋणमध्ये ५० प्रतिशत वा सोभन्दा बढी ऋण लिनु पर्ने साहू वा साहूहरूको समूह सम्झनु पर्छ।<br>• दामासाहीमा परेको व्यक्तिको लगत अदालतले त्यस्तो प्रयोजनका लागि खडा भएको दामासाही प्रशासन कार्यालयमा पठाउनु पर्छ।<br>• दामासाही प्रशासन कार्यालयले त्यस्तो लगत अद्यावधिक गरी राख्नु पर्छ।<br>• कुनै व्यक्ति एकपटक दामासाहीमा परी ऋण वा दायित्व फछ्र्यौट भएपछि अन्य ऋण वा दायित्व निजले भुक्तानी वा पूरा गर्नु पर्दैन।<br>• कुनै व्यक्ति साहूको दामासाहीमा परेपछि निजले शुरु गर्ने व्यापार, व्यवसाय वा कारोबारबाट देहायको दायित्व पूरा गर्नुपर्छ :<br>✓ नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क वा दस्तुर,<br>✓ अदालतको आदेश बमोजिम बुझाउनु पर्ने दण्ड, जरिबाना वापतको रकम,<br>✓ संरक्षकत्व वा माथवरीमा रहेको व्यक्तिको सम्पत्ति हिनामिना गरेवापत बुझाउनुपर्ने रकम,<br>✓ चोरी गरेको सामानको बुझाउनु पर्ने रकम,<br>✓ गुठीको सम्पत्ति हिनामिना गरे वापत बुझाउनु पर्ने रकम।<br>• दामासाहीमा परेको व्यक्तिले त्यस्तो हैसियतमा कानून बमोजिम गर्न नहुने काम, कारबाही बाहेक अन्य जुनसुकै व्यापार, व्यवसाय वा कारोबार गर्न सक्छ। | |
| **दामासाही सम्बन्धी कारबाही** | **दामासाहीको लागि निम्न व्यक्तिले अदालतमा निवेदन दिन सक्नेः**<br>- दामासाहीमा पर्न लागेको व्यक्ति आफैंले,<br>- ऋण सार्वजनिक भएको भए कम्तीमा २५% वा सोभन्दा बढी ऋण दाबी भएका साहुले,<br>- ऋण सार्वजनिक नभएको भए ५ लाख रुपैयाँभन्दा बढी ऋण दाबी भएका साहू वा साहूहरूको समूहले, | दफा ५५ |

| | | |
|---|---|---|
| | **दामासाहीमा पर्न लागेको व्यक्ति आफैंले दामासाहीका लागि निवेदन दिँदा देहायको विवरण निवेदनमा खुलाउनु पर्छः**<br>- निजको कूल जायजेथाको यथार्थ विवरण र त्यसको मूल्य,<br>- निजले लिएको कूल ऋण रकम, त्यसमा लागेको ब्याजको विवरण तथा त्यस्तो ऋण दिने साहू वा साहूहरूको ठेगाना सहितको विवरण,<br>- निजले चुक्ता गर्नु पर्ने अन्य दायित्व भए त्यसको विवरण,<br>- ऋण तथा अन्य दायित्व चुक्ता वा पूरा गर्न नसक्नाको कारण।<br>**साहू वा साहूहरूको समूहले दामासाहीको लागि निवेदन दिँदा देहायको विवरण खुलाउनु पर्छः**<br>○ ऋणी दामासाहीमा पर्न लागेको प्रमाण,<br>○ आफूले थाहा पाएसम्मको ऋणीको जायजेथाको विवरण र त्यसको अनुमानित मूल्य,<br>○ आफ्नो दाबी तथा अन्य साहूको ऋण वा दाबी थाहा पाएको भए त्यसको विवरण,<br>○ साहूहरूको ठेगाना समेतको विवरण।<br>• साहुहरूले दामासाहीको कारबाही प्रारम्भ गर्न लागेको सूचना ऋणीलाई ३ महिना अघि दिनु पर्छ, | |
| **ऋणीले निवेदन दिएकोमा साहुलाई सूचना दिने व्यवस्था** | • ऋणीले दामासाहीको कारबाही प्रारम्भ गर्न निवेदन दिएकोमा साहू वा साहूहरूको समूहलाई ३५ दिनको म्याद सहितको सूचना दिई त्यस सम्बन्धी सूचना राष्ट्रियस्तरको कुनै दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्छ।<br>• सो सूचना प्रकाशन गर्दा ऋणीको जायजेथा उपर अरु कसैको दाबी भए ३५ दिन भित्र सबुत प्रमाण सहित दाबी पेश गर्न आउनु भन्ने व्यहोरा समेत सूचनामा खुलाउनु पर्छ।<br>• ३५ दिन भित्र पर्न आएको त्यस्तो दाबीलाई ऋणीको जायजेथा विरुद्ध पर्न आएको अन्तिम दाबी मानिन्छ। सोही आधारमा निजको जायजेथाको दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्नुपर्छ। | दफा ७६, |
| **साहुले निवेदन दिएकोमा ऋणीलाई सूचना दिनु पर्ने** | • साहुहरूले ऋणीको जायजेथाको दामासाही गर्न निवेदन दिएकोमा अदालतले निजको जायजेथा उपर दामासाही सम्बन्धी कारबाही गर्नु पर्ने हो वा होईन र नगर्नु पर्ने कुनै कारण भए त्यसको प्रमाण सहित अदालतमा उपस्थित हुन ३५ दिनको म्याद सहितको सूचना ऋणीलाई दिनु पर्छ। | दफा ७७, २८२ |

| | | |
|---|---|---|
| | • ऋणीलाई सूचना दिएकोमा अन्य साहू वा दाबीकर्तालाई त्यस सम्बन्धमा ३५ दिनभित्र दाबी पेश गर्न आउनु भनी सूचना दिई त्यस्तो सूचना राष्ट्रियस्तरको कुनै दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्छ।<br>• त्यस्तो सूचना सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रकाशन हुने राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सर्वोच्च अदालतले निर्धारण गरेको दिन प्रकाशन गर्नुपरछ।<br>• ३५ दिन भित्र कसैले दाबी पेश नगरेमा तत्पश्चात दाबी गर्न पाईदैन।<br>• राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गर्दा लाग्ने दस्तुर निवेदकबाट असुल गर्नुपर्छ।<br>• यसरी साहुले तिरेको दस्तुर दामासाहीको क्रममा ऋणीबाट भराई दिन सकिन्छ। | |
| **निवेदन परेपछि अदालतबाट अपनाउने कार्यविधि** | • दामासाही सम्बन्धी कारबाही गर्नको लागि दर्ता भएको निवेदनको कारबाही प्रारम्भ गर्नु अगाडि इजलासमा पेश गर्नुपर्छ।<br>• ऋणि तथा साहुले दिएको निवेदनमा दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न उपयुक्त हुने वा नहुने सम्बन्धमा अदालतले आदेश दिनु पर्छ।<br>• दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न आदेश भएकोमा दामासाहीमा पर्न लागेको व्यक्ति वा साहूले अनुरोध गरेमा निजको परिवारको सदस्यको नाममा रहेको जायजेथा दामासाहीको प्रयोजनको लागि ऋणि वा निजको परिवारको सदस्य कुनैलाई यथास्थितिमा राख्नको लागि आदेश दिनुपर्छ।<br>• त्यसरी तोकिएको व्यक्तिबाट व्यवस्थापन गर्दा सम्पत्ति हिनामिना हुन सक्ने वा समुचित व्यवस्थापन हुन सक्दैन भन्ने अदालतलाई लागेमा पक्षको निवेदनको आधारमा देहायको कुनै व्यक्तिलाई त्यस्तो सम्पत्तिको व्यवस्थापन गर्न जिम्मेवारी दिन सकिन्छः<br>  ○ कानून बमोजिम दामासाही व्यवसायीको रूपमा ईजाजत प्राप्त व्यक्ति,<br>  ○ कानून बमोजिम नियुक्त दामासाही ट्रष्टी,<br>  ○ स्थानीय तहको सम्बन्धित वडा समिति,<br>  ○ अदालतले तोकेको अदालतको कुनै अधिकृत कर्मचारी वा कानून व्यवसायी।<br>• उल्लिखित स्थानीय तह, ट्रष्टी वा व्यक्तिले अदालतको आदेश बमोजिम | दफा ५८<br>देकानि ६१ |

| | | |
|---|---|---|
| | जायजेथाको व्यवस्थापन गर्नुपर्छ।<br>• अदालतले कानून बमोजिम दामासाही व्यवसायीको रुपमा इजाजत प्राप्त गरेका व्यक्तिहरूको सूची दामासाही प्रशासन कार्यालयबाट झिकाई अद्याबधिक गरी राख्नु पर्छ ।<br>• अदालतले सम्पत्तिको व्यवस्थापन गर्ने जिम्मेवारी दिनु अगाडि निजसँग देहाय बमोजिमको कार्ययोजना विवरण माग गर्न सक्छः<br>- दामासाहीको प्रक्रिया पुरा गर्न लाग्ने समय,<br>- अपेक्षा गरेको पारिश्रमिक र सोका आधारहरू,<br>- कार्ययोजना सम्पन्न गर्न आवश्यक पर्ने खर्च विवरण,<br>- दामासाहीको प्रकृति हेरी इजलासले आवश्यक सम्झेका अन्य विवरण ।<br>• यसरी पेस भएको विवरण उपयुक्त देखिएमा दामासाही व्यवस्थापकलाई दामासाही सम्बन्धी कार्य गर्ने गरी अदालतले आदेश दिन सक्छ ।<br>• दामासाही सम्बन्धी कामको जिम्मेवारी पाएका दामासाही व्यवस्थापकले समयभित्र तोकिएको कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।<br>• दामासाही व्यवस्थापकले गरेको कुनै काम कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित जिल्ला अदालतसमक्ष निवेदन दिन सक्नेछ ।<br>• दर्ता हुन आएका निवेदन नियमावलीको अनुसूची -२६ बमोजिमको दर्ता कितावमा दर्ता गरी सो निवेदनका सम्बन्धमा सोही दर्ता किताबमा निर्णय गर्नुपर्छ । | |
| **दामासाही कारबाही प्रारम्भ भएपछि भएका कारोबार बदर वा हुने कारोबार स्थगन हुने** | • दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न अदालतले आदेश दिएपछि ऋणिको जायजेथा सम्बन्धमा देहाय बमोजिमको कामकारबाही गर्न पाईनेछैनः<br>- जायजेथा कसैलाई कुनै किसिमले हक हस्तान्तरण गरिदिन,<br>- नासो, धरौट राख्न,<br>- धितो बन्धकको रूपमा राख्न,<br>- एक वर्षभन्दा बढी अवधिको लागि कुनै किसिमले लिज वा बहालमा दिन,<br>- अदालतको फैसला बमोजिम दामासाहीमा पर्न लागेको व्यक्तिको जायजेथा जायजात गर्न वा धितो बन्धक चलन चलाउन,<br>- ऋणीको कुनै जायजेथाबाट कुनै साहूको ऋण तिर्न वा कसैको दायित्व पूरा गर्न।<br>• उल्लिखित व्यवस्थाको प्रतिकूल हुने गरी गरेको कुनै पनि लिखत, करार, | दफा ५९ |

| | | |
|---|---|---|
| | व्यवहार, कारोबार वा बन्दोबस्त स्वतः बदर भएको मानिन्छ। | |
| **ऋणको हिसाब मिलान गर्ने अवसर दिनु पर्ने** | • दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न अदालतले आदेश दिएकोमा ऋणीको जायजेथा, ऋण तथा अन्य दायित्व यकिन भएपछि सम्पत्ति व्यवस्थापन गर्न जिम्मेवारी पाएको स्थानीय तह, ट्रष्टी वा व्यक्तिले ऋणी, साहू वा अन्य दाबीकर्ताहरूको बैठक बोलाउनु पर्छ।<br>• बैठकमा साहुले ऋणीको पूरै वा आंशिक सम्पत्तिबाट बिगो असूल गर्न वा साहुले आफ्नो दाबी पूरै वा आंशिक रुपमा त्याग्न वा दाबी भन्दा कम रकम लिई आपसि सहमतिमा हिसाब मिलान गर्न अवसर दिनुपर्छ।<br>• कुनै साहूले हिसाब मिलान गर्दा केही वा अधिकांश साहूको ऋण वा दाबी चुक्ता गरी त्यस्तो व्यक्तिको विरुद्ध एकमुष्ट दाबी पेश गर्न सक्छ।<br>• दामासाही सम्बन्धी कारबाही तत्काल स्थगन गर्न सम्बन्धित पक्षहरू मञ्जुर भएमा अदालतमा संयुक्त निवेदन दिन पनि सक्छन्।<br>• स्थगनका लागि निवेदन परेमा ५ बर्षको अवधि नबढ्ने गरी कारबाही स्थगन गर्न आदेश दिनुपर्छ।<br>• स्थगन गर्ने आदेश भएपछि तोकिएको अबधि व्यतित नभई पुनः कारबाही अगाडि बढाउन सकिँदैन। | दफा ६० |
| **ऋण वा दायित्व भुक्तान गर्ने प्राथमिकताक्रम** | **दामासाहीको सिलसिलामा ऋण तथा दायित्व भूक्तान गर्दा देहायको प्राथमिकता क्रमको आधारमा गर्नु पर्छः**<br>○ दामासाही सम्बन्धी कारबाही गर्दा लागेको खर्च,<br>○ धितो बन्धक राखि लिएको सुरक्षित साहुको ऋण,<br>○ नेपाल सरकारलाई भुक्तानी गर्नु पर्ने कर, जरिबाना वा अन्य सरकारी दस्तुर र बाँकी रकम,<br>○ बिनाधितोका साहुको ऋण,<br>○ अन्य दाबीकर्ताको दाबी।<br>• एउटै प्राथमिकताक्रममा एकभन्दा बढी साहू वा दाबीकर्ता भएकोमा दामासाही भएको जायजेथाबाट समानुपातिक दरमा ऋण वा दाबी फछ्र्यौट गर्नुपर्छ।<br>• धितो राखी ऋण दिएको साहुको ऋण असुल भएपछि बाँकी रहेको रकम वा जेथामा अन्य साहु वा दाबी कर्तालेदाबी गर्न पाउँछन्।<br>• **तर** त्यस्तो जायजेथाबाट सुरक्षित साहूको ऋण पूर्ण रूपमा असुल हुन नसकेमा निजले अन्य सम्पत्ति दाबी गर्न पाउँदैन। | दफा ६१ |

| | | |
|---|---|---|
| **बढी ऋण देखाउने साहूको ऋणले प्राथमिकता नपाउने** | • ऋणी र कुनै साहूको मिलोमतोबाट अन्य साहूलाई हानि, नोक्सानी पुऱ्याउने बदनियतले नभए वा नगरेको ब्यवाहारबाट बढी ऋण वा दाबी देखाउन हुँदैन।<br>• यसरी बढी ऋण वा दाबी देखाएको ठहरिएमा त्यस्तो साहूको ऋण अन्य साहूको ऋण असुल उपर भएपछि मात्र भुक्तानी पाउँछ। | दफा ६२ |
| **दामासाही गर्दा छुट्याउनु पर्ने सम्पत्ति** | **दामासाहीको क्रममा देहायको सम्पत्ति छुट्याई बाँकी रहेको सम्पत्तिबाट दामासाही गर्नुपर्छः**<br>- दामासाहीमा पर्न लागेको व्यक्तिबाहेक अन्य व्यक्तिको निजी सम्पत्तिको रूपमा रहेको कुनै सम्पत्ति,<br>- ऋणी र निजको एकाघरका परिवारले लगाएको र लगाउने तीन जोरसम्मको कपडा तथा जुत्ता,<br>- ऋणीको एकाघरका परिवारलाई आवश्यक खाना पकाउने तथा खाने एकसरो भाडा, थाल कचौरा, एकसरो ओड्ने ओछ्याउने तथा मनासिब सङ्ख्याका फर्निचर,<br>- दामासाहीमा पर्न लागेको व्यक्ति र निजको एकाघरका परिवारको लागि दामासाहीको कारबाही प्रारम्भ हुनुभन्दा अगावै खरिद गरिसकेको औषधि तथा स्वास्थ्य सम्बन्धी उपकरण,<br>- ऋणी र निजको एकाघरका परिवारले पठन पाठन गर्न आवश्यक पुस्तक,<br>- ऋणी र निजको एकाघरका परिवारलाई बढीमा तीन महिनासम्म जीवन निर्वाह गर्न आवश्यक खाद्यान्न,<br>- ऋणी र निजको एकाघरका परिवारको पेशा वा रोजगारसँग सम्बन्धित एकसरो ज्यावल वा औजार।<br>• यसरी सम्पत्ति छुट्टाउदा छुट्टाएका सम्पत्तिको कूल मूल्य १ लाख रूपैयाँभन्दा बढी हुन हुँदैन। | दफा ६३ |
| **जायजेथा लुकाउन नहुने** | • आफ्नो जायजेथाको दामासाहीको लागि निवेदन दिने व्यक्तिले आफ्नो सम्पूर्ण जायजेथाको वास्तविक विवरण दिनु पर्छ।<br>• विवरण दिँदा साहूलाई हानि, नोक्सानी पुऱ्याउने बदनियतले कुनै जायजेथा लुकाएमा वा छिपाएमा निज उपर छुट्टै नालिस लाग्न सक्छ।<br>• जायजेथा लुकाएको वा छिपाएकोमा दामासाही सम्बन्धी कारबाही पूरा नहुँदै | दफा ६४ |

| | | |
|---|---|---|
| | त्यस्तो जायजेथा पत्ता लागेमा पत्ता लगाउने साहू तथा दाबीकर्ता र अन्य साहू तथा दाबीकर्तालाई साहू वा दाबीकर्ताको ऋण वा दाबी रकमको अनुपातमा समानुपातिक रुपले बाँड्नुपर्छ।<br>• दामासाहीको कारबाही पूरा भईसकेपछि कुनै साहू वा दाबीकर्ताले जायजेथा पत्ता लगाई ल्याएमा देहायबमोजिम हुन्छः<br>- दामासाहीको कारबाही गर्दाको बखत निजको दाबी बमोजिमको रकम असुल उपर भईसकेको भए साहू वा दाबीकर्तालाई पत्ता लगाई ल्याएको सम्पत्तिको १० प्रतिशत दिनुपर्छ,<br>- निजको दाबी बमोजिमको रकम असुल उपर हुन नसकेको भए साहू वा दाबीकर्ताको रकम असुल उपर गरीदिई बाँकी रहेको जायजेथा अन्य साहू वा दाबीकर्तालाई वितरण गर्नुपर्छ।<br>• तर दामासाहीमा परेको व्यक्तिको हकदार, नातेदार साहू वा दाबीकर्ता भएकोमा निजले त्यस्तो सुविधा पाउँदैन।<br>• लुकाए वा दबाएको जायजेथा साहू वा दाबीकर्तालाई भुक्तानी गरी बाँकी रहेमा सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्छ। | |
| **दामासाहीमा परेको हैसियत अन्त्य** | • प्रचलित कानूनले दामासाहिमा परेको व्यक्तिलाई निश्चित अवधिसम्म अयोग्य मानेको हुन्छ। यस्तो अयोग्यता सधैंभरी नभै प्रस्तुत दफामा निश्चित तरिकाले निश्चित अवधिपछि अन्त्य हुने व्यवस्था गरेको छ। यस्तो हैसियत अन्त्य भएपछि उ पुनः योग्य भएको मानिन्छ।<br>• दामासाहीमा परेको व्यक्तिको त्यस्तो हैसियत दामासाहीमा परेको मितिबाट १२ वर्षसम्म कायम रहन्छ।<br>• दामासाहीमा परेको व्यक्तिले दामासाहीमा पर्दाका बखत साहूलाई भुक्तान गर्नु पर्ने सम्पूर्ण दायित्व भुक्तान गरी त्यसको प्रमाण सहित साहूको दामासाहीमा परेको हैसियत अन्त्य गरी पाउन अदालतमा निवेदन गर्न सक्छ।<br>• त्यसरी परेको निवेदन उपर सुनुवाई गराउन अदालतले त्यस्तो व्यक्ति दामासाहीमा पर्दाका बखत आंशिक रूपमा भुक्तानी पाएका वा भुक्तानी नपाएका सम्पूर्ण साहूहरूलाई बाटोको म्याद बाहेक १५ दिनको म्याद दिई झिकाउन आदेश दिनुपर्छ।<br>• निवेदन उपर सुनुवाई गर्दा दामासाहीमा परेको व्यक्तिले निज दामासाहीमा पर्दाका बखत भुक्तान गर्न बाँकी रहेको सम्पूर्ण ऋण तथा दायित्व भुक्तानी गरेको देखिएमा निज दामासाहीमा पर्दाका बखत गरेको आदेश अदालतले | दफा ६५ |

| | | |
|---|---|---|
| | खारेज गर्न सक्छ।<br>• आदेश खारेज भएकोमा त्यस्तो आदेश खारेज भएको मितिले १ वर्षपछि निजको दामासाहीमा परेको हैसियत अन्त्य भएको मानिनेछ। | |
| **१६.६ मृत्युको न्यायिक घोषणा** | | |
| **मृत्युको न्यायिक घोषणा** | • कुनै व्यक्ति बिना सूचना लगातार बाह्र वर्षदेखि बेपत्ता भएमा वा त्यस्तो व्यक्तिको सम्बन्धमा स्वभाविक रूपमा जानकारी पाउने व्यक्तिले बाह्र वर्षदेखि कुनै जानकारी नपाएमा त्यस्तो व्यक्ति जीवित रहेको प्रमाण प्राप्त भएकोमा बाहेक त्यस्तो व्यक्तिको मृत्यु भएको मानिन्छ ।<br>• तर देहायको अवस्थामा देहायको अवधि समाप्त भएपछि त्यस्तो व्यक्तिको मृत्यु भएको मानिनेछः—<br>○ असी वर्ष उमेर पूरा भएको व्यक्ति भए पाँच वर्ष,<br>○ युद्धस्थलमा खटिएको सैनिक भए युद्ध समाप्त भएको मितिले चार वर्ष,<br>○ दुर्घटना भएको वायुयान, पानी जहाज वा अन्य सवारी साधनमा यात्रा गरेको व्यक्ति भए त्यसरी दुर्घटना भएको मितिले तीन वर्ष ।<br>**तर,**<br>• कुनै व्यक्तिको कुनै दुर्घटनामा परी मृत्यु भएकोमा त्यस्तो दुर्घटनामा पर्ने अर्को व्यक्ति जीवित रहेको प्रमाण प्राप्त नभएमा त्यस्तो व्यक्तिको पनि सोही बखत मृत्यु भएको मानिन्छ ।<br>• कुनै दुर्घटनामा परी एकैसाथ एकभन्दा बढी व्यक्तिको मृत्यु भएमा अन्यथा प्रमाणित भएकोमा बाहेक त्यसरी मृत्यु हुने प्रत्येक व्यक्तिको एकैसाथ मृत्यु भएको मानिन्छ ।<br>• तर कुनै खास प्रयोजनको लागि त्यसरी भएको दुर्घटनामा कुन व्यक्तिको पहिले मृत्यु भएको हो भन्ने प्रश्न निरूपण गर्नु पर्ने भएमा अन्यथा प्रमाणित भएकोमा बाहेक मृत्यु हुँदाका बखत जुन व्यक्तिको उमेर बढी रहेको छ सोही व्यक्तिको पहिले मृत्यु भएको मानिन्छ । | देसं दफा ४० |
| **मृत्युको न्यायिक घोषणा सम्वन्धी निवेदन र कार्यविधि** | • कुनै व्यक्ति बिना सूचना बेपत्ता भएको वा कुनै विपद् वा दुर्घटनामा परेकोले निजको मृत्युको सम्बन्धमा न्यायिक घोषणा गरी पाउँ भनी त्यस्तो व्यक्ति बेपत्ता भएको वा मृत्यु भएको मिति, ठेगाना, कारण र आधार सहित खुलाई सरोकारवाला व्यक्तिले निवेदन दिएमा अदालतले सबुत प्रमाण बुझी त्यस्तो व्यक्तिको सम्बन्धमा मृत्युको न्यायिक घोषणाको आदेश गर्न सक्छ ।<br>• मृत घोषित भइसकेको व्यक्ति जीवित रूपमा फर्की अघि भएको न्यायिक | देकानि ६१ |

| | | |
|---|---|---|
| | घोषणा बदर गरी पाउँ भनी निज आफैंले वा निजको मृत्यु भएको मिति न्यायिक घोषणा भएको मितिभन्दा फरक परी मृत्यु सम्बन्धी न्यायिक घोषणा संशोधन गरी पाउँ भनी निजको हकदारले निवेदन दिएमा अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी पहिले गरेको न्यायिक घोषणाको आदेश संशोधन वा बदर गर्न सक्छ ।<br>• कुनै व्यक्ति बिना सुचना बेपत्ता भएको वा कुनै विपद वा दुर्घटनामा परेकोले मृत्युको न्यायिक घोषणा गरी पाऊँ भनी निवेदन दिंदा सरोकारवाला ले नियमावलीको अनुसूची —२१ बमोजिमको ढाँचामा दिनु पर्छ ।<br>• मृत्यु घोषित भई सकेको व्यक्ति जीवित रुपमा फर्की आएको वा निजको मृत्यु भएको भनिएको मिति न्यायिक घोषणामा फरक परेको कारणले गर्दा उक्त मृत्युको न्यायिक घोषणा संशोधन वा बदर गरी पाउँ भनी नियमावलीको अनुसूची —२२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्छ ।<br>• यस सम्बन्धमा परेका निवेदन सम्वन्धित दर्ता कितावमा दर्ता गरी यथासम्भब सोहि दिन इजलास समक्ष पेश गर्नुपर्छ ।इजलासले बुझ्नुपर्ने देखिए आवश्यक कुरा बुझी सोही दर्ता कितावमा निर्णय गर्नुपर्छ।<br>• मृत्युको न्यायिक घोषणा गर्ने निर्णय भएमा निवेदकलाई अदालतबाट नियमावलीको अनुसूची -२४ बमोजिमको ढाँचामा र संशोदन वा बदर भएमा अनुसूची २५ को ढाँचामा सो को प्रमाणपत्र दिनुपर्छ। | |
| **बिशषे प्रकृतिका निवेदनकोहरूको थप कार्यविधि** | • विशेष प्रकृतिका भै दर्ता भएका निवेदनलाई बिषयगत रुपमा अदालतको सफ्टवेयरमा समेत प्रविष्ट गर्नुपर्छ।<br>• यस प्रकृतिका निवेदन सोही दिन किनारा नलागेमा आवश्यकता अनुसार अदालतले निवेदकलाई तारिखमा राख्न सक्छ ।<br>• यस्ता निवेनकका सम्बन्धमा अदालतले छानविन तथा जाँचबुझको सिलसिलामा आवश्यकता अनुसार निवेदकहरूसँग कागज गराउने, कुनै निकाय वा व्यक्तिलाई बुझ्ने, कागज प्रमाण माग गर्ने वा झिकाउने, अदालत वा स्थानीय तह वा कुनै सरकारी निकायमार्फत मुचुल्का गराउनेपेश गरेका , कागज प्रमाणको आधिकारिकता परीक्षण गर्ने लगायतका कार्य गर्न सक्छ ।<br>• प्राकृतिक व्यक्तिको दामासाही सम्बन्धी निवेदनमा मुद्दा सरहको कार्यविधि अपनाउन बाधा परेको मानिदैन ।<br>• निवेदन सहितका कागजातको फाईल र दर्ता तथा निर्णय किताब सुरक्षित साथ अभिलेख राख्नुपर्छ ।<br>• यस परिच्छेद बमोजिम प्रमाणपत्र दुई प्रति तयार गरी एक प्रति निवेदकलाई | देकानि ६९-७३ |

| | | |
|---|---|---|
| | उपलब्ध गराई एक प्रति अदालतमा अभिलेखको रुपमा राख्नु पर्नेछ । | |

## परिच्छेद-सत्र

## फैसलाको तपसिल खण्ड लेखनमा ध्यान दिनुपर्ने कुराहरू

देवानी संहिताले गरेको परिवर्तित कानूनी व्यवस्थाको प्रयोगका सन्दर्भमा अदालतबाट गरिने फैसलाहरूको तपसिल खण्डमा उल्लेख गरिनुपर्ने कतिपय कुराहरू साविकका व्यवस्था भन्दा फरक हुने अवस्था आएको छ।यस परिप्रेक्ष्यमा फैसलाको तपसिल खण्ड तयार गर्दा फैसला कार्यान्वयनलाई सहज र स्पष्ट हुनेगरी तयार गर्नुपर्ने अवस्था देखिन्छ।

मूलतः मुलुकी देवानी संहिता, २०७४ ले उल्लेख गरेका विभिन्न मुद्दामा ठहर भएका विषयहरूको कार्यान्वयनको लागि तपसिल खण्ड तयार गर्दा परिवर्तित कानूनी व्यवस्था अनुरुप गर्नुपर्ने भएको छ । बण्डा छुट्टाउने, चलन चलाउने र बिगो रकम भरिपाउने, जरिवाना असुल गर्ने, अदालती शुल्क भराउने, दाखिल खारिज नामसारी गराउने, निखनाई दिने गरी फैसला भएकोमा सो फैसला कार्यान्वयनको लागि तहसिल शाखामा लगत दिई उपस्थित पक्षलाई तारिख समेत तोकी पठाउनुपर्ने गरी संहिताले व्यवस्था गरेको छ।

यसरी फैसला कार्यान्वयनको सन्दर्भमा संहिताले गरेको बिभिन्न नयाँ र नौला कानूनी मान्यतालाई मूर्तरूप दिन र फैसला थाहा पाएको मानिने परिवर्तित कानूनी व्यवस्था समेतलाई विचार गर्दा हाल प्रचलनमा रहेका तपसिल खण्ड लेखनको शैलीमा केहि परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको छ। अतः फैसलाको तपसिल खण्ड लेखन गर्दा निम्न कुराहरूमा विचार पुर्‍याउनुपर्ने देखिन्छ।

- फैसला हुँदा पक्ष रुजु हाजिर रहेको भए पुनरावेदन पर्ने अवधि कटाई फैसला कार्यान्वयनको लागि मुद्दाका पक्षलाई तहसिल शाखामा तारेख तोक्नुपर्ने,
- बिगो भराउनेहक सफा गराई ,दाखिल खारिज गर्ने ,क्षतिपूर्ति भराउने ,चलन चलाउने ,बण्डा छुट्टाउने , कार्यान्वयन गर्ने कुरा उल्लेख गर्ने,
- एकतर्फी फैसला हुँदा जनाउ दिने र पत्रिकामा सूचना प्रकाशन गर्ने विषय,
- फैसला भएको थाहा पाएको मानिने विभिन्न अवस्थालाई सम्वोधन गरी पुनरावेदनको म्याद दिने वा नदिने कुरा,
- पुनरावेदन नलाग्ने अवस्थामा पनि सबै अनुपस्थित पक्षलाई फैसला भएको जनाउ दिनुपर्ने कुरा,
- अदालती शुल्क पछि बुझाउने गरी सुविधा पाएको अवस्थामा सो शुल्क असुल गर्ने विषय,
- जित्ने पक्षले बुझाएको अदालती शुल्क हार्ने पक्षबाट भराइदिने र बादीदाबी नपुगेमा अदलति शुल्क जफत हुने विषय,
- फिरादको लेखाइबाट लाग्नै नसक्ने फिराद दर्ता भएकोमा सो खारेज हुँदा राखेको अदालती शुल्क फिर्ता दिने कुरा,
- फैसला प्रमाणीकरण गरेको मितिबाट पुनरावेदन म्याद प्रारम्भ हुनेप्रमाणीकरण गरेका फैसलाको , विवरण सूचना पाटीमा टाँस गरी वेभसाइटमा प्रकाशन गर्ने विषय,
- दायरीको लगत कट्टा गर्ने र फैसला अपलोड गर्ने विषय।

अतः आम प्रचलनमा आउन सक्ने मुद्दाहरूको फैसला कार्यान्वयन गर्नुपर्ने सम्भाव्य अवस्था र देवानी कार्यविधि संहिताले गरेको नयाँ व्यवस्था अनुरूप परिवर्तित सन्दर्भमा फैसलाको तपसिल खण्डमा खुलाउनुपर्ने कुराहरू समावेश भएका केही प्रतिनिधिमूलक नमूनाहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ।यी बाहेकका अन्य अवस्थामा पनि सन्दर्भ मिलाएर आवश्यक हेरफेर सहित प्रयोग गर्न सकिन्छ।

**तपसिल खण्ड लेखनका केही प्रतिनिधिमूलक नमूनाहरू**

| **फैसलाअनुसार गर्नुपर्ने कार्य** | **तपसिल खण्डमा उल्लेख गर्नुपर्ने व्यहोरा** | **सम्वन्धित दफा** |
|---|---|---|
| **फैसला बमोजिम गरिदिनुपर्ने कुराका सम्बन्धमा फैसलाको प्रतिलिपि साथै राखी तहसिल शाखामा लगत दिनुपर्ने** | **मा**थि इन्साफ खण्डमा उल्लेख भए बमोजिम.......... बिगो भरिपाउने/.......... बण्डा छुट्टाउने/ .......चलन चलाउने ठहरी फैसला भएकोले लाग्ने दस्तुर लिई ठहरे बमोजिम फैसला कार्यान्वयन गर्नू भनी फैसलाको प्रतिलिपि समेत साथै राखी तहसिल शाखामा लगत दिनू.................... | देकासं दफा २२९ |
| **बादी रूजु हाजिर रहेको अवस्थामा तहसिल शाखामा तारिख तोकी पठाउने** | बादी ........मुद्दामा रुजु हाजिर रहेकोले फैसला कार्यान्वयन गर्ने प्रयोजनका लागि पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई निजलाई तहसिल शाखामा तारिख तोकी पठाउनू...... | दफा २३५ |
| **बादीले मुद्दा जितेको अवस्थामा अदालती शुल्क भराउने** | माथि इन्साफ खण्डमा लेखिए बमोजिम बादी दाबी पुग्ने ठहरेकोले बादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रु ...............। देवानी कार्यविधि संहिताको दफा ८३ बमोजिम प्रतिबादीबाट भराई दिनु भनी तहसिल शाखामा लगत दिनू ....<br><br>(यदि पक्ष तारिखमा छ भने दफा २३५ बमोजिम तारिख तोकी पठाइदिनू भन्ने समेत उल्लेख गर्नुपर्ने) | दफा ८३ |
| **बादीले मुद्दा हारेको अवस्थामा अदालती शुल्क जफत गर्ने** | माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम बादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले बादीले फिरादपत्र दर्ता गर्दा दाखिल गरेको अदालती शुल्क रु .............। देवानी कार्यविधि संहिता ऐनको दफा ८१ बमोजिम जफत हुन्छ, कानून बमोजिम गर्नु ...... | दफा ८१ |
| **अदालती शुल्क पछि तिर्नेगरी सुविधा प्राप्त गरेको अवस्थामा बादी दाबी पुग्नेगरी फैसला भएकोमा प्रतिबादीबाट अदालती शुल्क असूल गर्ने** | माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम बादी दाबी पुग्ने ठहरी फैसला भएकोले बादीले देवानी कार्यविधि संहिताको दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिरादपत्र दायर गरेको देखिँदा लाग्ने अदालती शुल्क देवानी कार्यविधि संहिताको दफा ८३(३) बमोजिम प्रतिबादीबाट जरिवाना सरह असूल गर्नू भनी तहसिल शाखामा लगत दिनू... | दफा ८३(३) |

| | | |
|---|---|---|
| **अदालती शुल्क पछि तिर्नेगरी सुविधा प्राप्त गरेको अवस्थामा बादीदाबी नपुग्नेगरी फैसला भएकोमा बादीबाट अदालती शुल्क असूल गर्ने** | माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम बादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले बादीले देवानी कार्यविधि संहिताको दफा ६५ बमोजिम अदालती शुल्क पछि तिर्ने सुविधा पाइ फिरादपत्र दायर गरेको देखिँदा लाग्ने अदालती शुल्क देवानी कार्यविधि संहिताको दफा ८३(५) बमोजिम बादीबाट असूल गर्नू भनी तहसिल शाखामा लगत दिनू...... | दफा ८३(५) |
| **पुनरावेदन म्याद**<br>**(फैसला हुँदा प्रतिबादी अनुपस्थित भएकोमा पुनरावेदनको म्याद दिने)** | माथि ईन्साफ खण्डमा लेखिएबमोजिम बादीदाबी पुग्ने ठहरेको र प्रतिबादी मुद्दा फैसला हुँदा अनुपस्थित रहेको देखिदा देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम प्रस्तुत फैसला उपर चित्त नवुझे ३० दिन भित्र..............अदालतमा पुनरावेदन गर्न जानु भनी प्रतिबादीलाई पुनरावेदनको म्याद दिनू------- | दफा २००(३) |
| **फैसला हुँदा अनुपस्थित पक्षलाई पुनरावेदन नलाग्ने अवस्थामा फैसलाको सूचना दिने** | फैसला हुँदा अनुपस्थित रहेका बादी/प्रतिबादी ...................... लाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २००(३) बमोजिम फैसला भएको सूचना दिनू.......... | दफा २००(३) |
| **पुनरावेदन म्याद**<br>**(मुद्दा सुनुवाई हुँदा पक्ष वा वारिस वा कानून ब्यबसायी उपस्थित भएकोमा)** | मुद्दा सुनुवाई हुँदा बादी/प्रतिबादी आफैं/ वारिस.......... उपस्थित भएको/कानून व्यवसायी बरिष्ठ अधिवक्ता/ अधिवक्ता श्री..............उपस्थित भइ वहस पैरवी गरेको हुँदा देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २००(४)बमोजिम फैसला भएको जानकारी पाएको मानिने भएकोले प्रस्तुत फैसलामा चित्त नवुझे फैसला प्रमाणिकरण भएको मितिबाट ३० दिन भित्र ..... अदालतमा पुनरावेदन गर्न सक्ने नै हुँदा बादी/ प्रतिबादी .........लाई पुनरावेदनको म्याद दिइ रहनु परेन......... | दफा २००(४) |
| **पुनरावेदन म्याद**<br>**(सुनुवाई निर्धारण भएको दिनमा नै फैसला भएकोमा)** | मुद्दा सुनुवाईको दिन निर्धारण गरिएको तारिखमा बादी/प्रतिबादी आफैं/ वारिस.......... उपस्थित भएको र पूर्व निर्धारित सुनुवाईको दिनमा नै मुद्दा फैसला भएकोले देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५(३) बमोजिम निजले फैसला भएको थाहा पाएको मानिने हुँदा प्रस्तुत फैसलामा चित्त नवुझे फैसला प्रमाणिकरण भएको मितिबाट ३० दिन भित्र .......... अदालतमा पुनरावेदन गर्न सक्ने नै देखिदा बादी/प्रतिबादी....................लाई पुनरावेदनको म्याद दिइ रहनु परेन........................... | दफा २०५(३) |
| **शुरु म्याद गुजारी एकतर्फी फैसला** | प्रतिबादीले म्याद भित्र प्रतिउत्तर नफिराइ शुरु म्यादै गुजारी | दफा |

| | | |
|---|---|---|
| **भएको अवस्थामा पत्रिकामा सूचना प्रकाशन गर्ने** | वसेकोले फैसला भएको जनाउ प्रतिबादीलाई दिनू। जनाउको सूचना तामेल हुन नसके लाग्ने खर्च बादीबाट दाखिल गराई फैसला भएको जानकारी सहितको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु ………………………………………….। | १९७(५) |
| **लेनदेन मुद्दामा बादी दाबी पुगेकोमा फैसलादेखि बिगो भरिभराउसम्मको अवधिको ब्याजको अदालती शुल्क लिने सम्बन्धमा** | फैसला भएपछि बिगो भरी भराउहुँदा सम्मको अवधिको व्याजको कानून बमोजिम लाग्ने अदालती शुल्क प्रतिबादीबाट असूल उपर गर्नू, प्रतिबादीबाट असूल हुन नसके बिगो भराउदाका वखत बादीबाट असूल गर्नू भनी तहसिल शाखामा लगत दिनू ……………………….. | |
| **फैसलाको नक्कल दिने सम्बन्धमा** | सरोकारवाला/कानून ब्यबसायीले फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रित पुऱ्याइ नक्कल दिनु.. | दफा ४६ |
| **दायरीको लगत कट्टा, फैसला अपलोड, प्रमाणीकरणको विवरण सार्वजनिक गर्ने** | मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतिय प्रणालीमा अपलोड गर्नू………………………., <br><br> फैसला प्रमाणिकरण भएको विवरण सूचना पाटि र अदालतको वेवसाइटमा समेत प्रकाशित गरी मिसिल अभिलेख शाखामा वुझाइ दिनू … | दफा १९८(३) |
| **लिखत जाँच गर्दा लागेको दस्तुर भराउने** | माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिबादीले कीर्ते जालसाजी भनी लिएको दाबी पुग्ने र बादीलाई सजाय समेत हुने ठहरेकाले लिखत जाँच गर्दा प्रतिबादीले बुझाएको रकम रु….. देवानी कार्यविधि नियमावली, २०७५ को नियम… बमोजिम प्रतिबादीले भरिपाउने हुँदा सो भराइदिनू भनी तहसिल शाखामा लगत दिनू ……………………………… | |

## परिच्छेद-अठार

## विविध

देवानी संहिता र देवानी कार्यविधि संहितामा उल्लिखित व्यवस्थाहरू विषयगत रुपमा यस दिग्दर्शनको विभिन्न परिच्छेदहरूमा उल्लेख गरिएको छ। सो बाहेकका अंश मुद्‌दाको तायदाति फाटवारी पेश गर्ने व्यवस्था, सम्बन्धविच्छेद सम्वन्धी व्यवस्था, क्षतिपूर्ति निर्धारणका आधारहरू, न्यायाधीशले आफैँ गर्नुपर्ने कार्य तथा न्यायाधीशको स्वार्थ बाझिने अवस्था समेतका अन्य सारवान तथा कार्यविधिगत व्यवस्थाहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ।

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **१८.१ अंश मुद्‌दामा सम्पत्तिको फाँटवारी पेश गर्ने कार्यविधि** | | |
| **सम्पत्तिको फाँटबारी खुलाई नालिस गर्नुपर्ने** | • कुनै अंशियारले फिराद दिँदा मानो छुट्टिएको मिति तथा आफ्नो र थाहा पाएसम्म अन्य अंशियारको नाममा रहेको सम्पत्ति र ऋण धनको फाँटबारी खुलाउनु पर्छ।<br>• यसरी सम्पत्तिको फाँटबारी पेश गर्न नसक्ने भएमा त्यसको कारण खुलाउनु पर्छ।<br>• प्रतिबादीले प्रतिउत्तर दिँदा बादीलाई अंश दिनु पर्ने वा नपर्ने कुरा खुलाई र अंश दिन मञ्जुरी भएमा आफ्नो नाममा रहे भएको सम्पत्ति र ऋणधनको फाँटवारी खुलाउनु पर्छ। | देवानी संहिताको दफा २२० |
| **फाँटबारीमा खुलाउनु पर्ने कुरा** | **सम्पत्तिको फाँटवारीमा निम्न कुरा खुलाउनु पर्छः**<br>• जग्गा रहेको ठाउँ, कित्ता नम्बर, क्षेत्रफल र अनुमानित मूल्य,<br>• घर भए त्यस्तो घर रहेको ठाउँ, कित्ता नम्बर, क्षेत्रफल, घरको कवल, नाल, तला, कच्ची पक्की र त्यसको अनुमानित मूल्य,<br>• चल सम्पत्ति भए त्यसको विवरण र अनुमानित मूल्य,<br>• नगद भए त्यसको विवरण, बैङ्क मौज्दात, शेयर, डिबेन्चर, ट्रेजरी बिल भए त्यस सम्बन्धी विवरण,<br>• पशु धन भए त्यसको विवरण र अनुमानित मूल्य,<br>• सुन, चाँदी, जवाहरत भए त्यसको विवरण र अनुमानित मूल्य,<br>• सवारी साधन भए त्यसको विवरण र अनुमानित मूल्य,<br>• माथि उल्लेख भए बाहेकका अन्य सम्पत्ति भए त्यस्तो सम्पत्तिको विवरण र अनुमानित मूल्य। | दफा २२१ |

| | | |
|---|---|---|
| | • मूल्य नखुलेमा वा मूल्यको सम्बन्धमा विवाद परेमा अचलको हकमा मालपोत कार्यालयले कायम गरेको मूल्य र चलको हकमा तत्काल प्रचलित बजार मूल्यलाई आधार लिनु परछ। | |
| **फाँटबारी लिई अंशबण्डा गर्ने** | • नालिस वा प्रतिउत्तरबाट अंशबण्डा गरिदिनुपर्ने देखीएमा र नालिस प्रतिउत्तरसाथ सम्पत्तिको फाँटवारी पेश भएकोमा अंशबण्डा गर्नु पर्ने सम्पत्ति यत्ति हो, लुकाए छिपाएको छैन भन्ने व्यहोराको अंशियारहरूको कागज गराउनु पर्छ।<br>• फिरादपत्र वा प्रतिउत्तरसाथ सम्पत्तिको फाँटवारी पेश नभएमा आदेश गरी म्याद तोकी अंशियारहरूसँग सम्पत्तिको फाँटवारी माग गर्नुपर्छ।<br>• आदेश बमोजिम तायदाती फाँटवारी पेश गर्दा आफु जिम्मा रहेको बण्डा गर्नुपर्ने सम्पत्ती यत्ति हो, लुकाए छिपाएको छैन भन्ने व्यहोरा खुलाउन लागाउनु पर्छ र सो बमोजिम पेश भएको तायदाती फाटवारी एक आपसमा सुनाउनु पर्छ।<br>• कुनै पक्षले कुनै सम्पत्ति बण्डा नलाग्ने वा निजी आर्जनको भन्ने जिकिर लिएमा निजबाट नै सम्वद्ध प्रमाण कागज दाखिल गराउनु पर्छ।<br>• तायदाती फाँटवारी पेश भै पछि बिगो खुलेमा लाग्ने अदालती शुल्क बादीबाट दाखिल गराउनु पर्छ। | दफा २२२, ६६,६९ |
| **प्राप्त फाँटवारीको आधारमा अंशबण्डा गर्ने** | • सम्पत्तिको फाँटवारी दिनु पर्नेले फाँटवारी नदिएमा वा निजले प्रतिउत्तर पेश नगरी म्याद गुजारी बसेमा अन्य अंशियारले दिएको फाँटवारीको आधारमा अंशबण्डा गरिदिनु पर्छ।<br>• अंशियारले फाँटवारीमा नखुलेको सम्पत्ति पछि पत्ता लगाई बण्डा गर्न नालिस गर्न सक्दछ। | दफा २२३ |
| **ताला खोली सम्पत्तिको फाँटबारी लिन सक्ने** | • सम्पत्तिको फाँटवारी दिनुपर्नेले नदिई ताला खुलाई फाँटवारी लिनुपर्ने भए घरको साँचो लिने अंशियार र नभए बादी र स्थानीय तहको सम्बन्धित वडाको प्रतिनिधि सहित कम्तीमा २ जना रोहबरमा राखी ताला खोली सम्पत्तिको विवरण लिई सम्पत्तिको फाँटवारी लिन सकिन्छ। | दफा २२४ |
| **फाँटवारी ल्याएका** | • फाँटवारी दिनु पर्ने व्यक्तिले फाँटबारी नदिएमा वा प्रतिउत्तर | दफा २२५ |

| | | |
|---|---|---|
| **बखत अंशबण्डा गर्ने** | पेश नगरी म्याद गुजारी बसेमा र अंश पाऊ भन्नेले समेत फाँटवारी दिन नसकेमा सोही कुरा खुलाई बादीको कागज गराई पछि फाँटबारी दिएका बखत अंशबण्डा हुने गरी मुद्दा तामेलीमा राख्नुपर्छ।<br>• पछि फाँटवारी ल्याएमा सोही मिसिलबाट कारबाही गर्नुपर्छ। | |
| **सम्पत्ति वा आयस्ता रोक्का राख्ने** | अंश मुद्दामा बादीले अंश पाउने देखिएमा सम्पत्तिको फाँटबारी पेश भैसकेपछि आफ्नो अंश भागको हदसम्मको सम्पति वा आयस्ता रोक्का गर्न निवेदन दिएमा अंशबण्डा नभएसम्मको लागि निवेदन बमोजिम सम्पत्ति वा आयस्ता रोक्का राख्न सकिन्छ। | दफा २३० |

**१८.२ सम्बन्ध विच्छेद सम्बन्धी**

लोग्ने स्वास्नीबीचको सम्बन्ध विच्छेद गर्न सकिने खास आधारहरू देवानी संहितामा उल्लेख छ। पति पत्नी दुवैले चाहेमा जहिले सुकै पनि सम्बन्ध विच्छेद गर्न सक्दछन्। तर सम्बन्ध विच्छेद गर्ने कार्य अदालतको निर्णयबाट भएको भए मात्र त्यसले कानूनी मान्यता पाउँछ। तसर्थ, सम्बन्ध विच्छेद गर्न चाहनेले अदालतमा निवेदन दिनुपर्छ। कतिपय अवस्थामा सम्बन्ध विच्छेद हुने पत्नीले लोग्नेबाट अंश वा खर्च भराई लिन पाउने प्राबधान पनि रहेको छ। पति वा पत्नीले सम्बन्ध विच्छद माग गर्ने आधारहरू, सम्बन्ध विच्छेद गर्दा पतिबाट पत्नीले अंश वा खर्च भराइ पाउने आधारहरू लगायतका विषयमा तल उल्लेख गरिएको छः

| विषय | कार्यविधि | कानून |
|---|---|---|
| **दुवैको मञ्जुरीले सम्बन्ध विच्छेद गर्न सक्ने** | • पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्छन्। | दफा ९३ |
| **पतिले सम्बन्ध विच्छेद गर्न पाउने अवस्था** | **पतिले देहायका अवस्थामा पत्नीको मञ्जुरी नभए पनि सम्बन्ध विच्छेद गर्न पाउँछः**<br>• कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,<br>• पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,<br>• पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,<br>• पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा। | दफा ९४ |
| **पत्नीले सम्बन्ध** | **पत्नीले देहायका अवस्थामा पतिको मञ्जुरी नभए पनि सम्बन्ध विच्छेद गर्न** | दफा ९५. |

| | | |
|---|---|---|
| **विच्छेद गर्न पाउने अवस्था** | पाउँछः<br>• अंश लिई वा मानो छुट्टिई भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,<br>• पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,<br>• पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,<br>• पतिले अर्को विवाह गरेमा,<br>• पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,<br>• पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा। | |
| **सम्बन्ध विच्छेदको लागि निवेदन दिनु पर्ने** | • सम्बन्ध विच्छेद गर्न चाहने पति वा पत्नीले अदालतमा निवेदन दिनु पर्छ।<br>• यस्तो निवेदन परेमा अरु मुद्दा सरह प्रतिबादीलाई म्याद जारी गरी झिकाई कारबाही किनारा गर्नुपरछ। | दफा ९६ |
| **पति पत्नीको मेलमिलाप गराउनु पर्ने** | • सम्बन्ध विच्छेदको लागि निवेदन परेमा अदालतले दुवै पक्षलाई भरसक सम्झाई बुझाई मेलमिलाप गराउनु पर्छ। | दफा ९७ |
| **सम्बन्ध विच्छेद गरिदिनु पर्ने** | • सम्झाउँदा बुझाउँदा पनि पति पत्नी बीच मेलमिलाप गराउन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध विच्छेद हुन उपयुक्त देखेमा सम्बन्ध विच्छेद गरिदिनु पर्छ।<br>• पति र पत्नी बीच मेलमिलाप गराउन अदालतले सम्झाउँदा बुझाउँदा पनि पति र पत्नीले मञ्जुर नगरेमा निवेदन परेको १ वर्षपछि मात्र सम्बन्ध विच्छेद गराई दिन पर्छ। | दफा ९८ |
| **सम्बन्ध विच्छेद गर्दा अंशबण्डा गर्ने कार्यविधि** | • **पतिको कारणबाट** पति पत्नी बीच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले अंशको माग गरेमा सम्बन्ध विच्छेद गर्नु अघि बण्डा गर्न लगाउनु पर्छ।<br>**तर** अंश लिई वा मानो छुट्टिई भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेको आधारमा संवन्धविच्छेद माग गरेको भए पत्नीलाई अंश बण्डा छुट्टाउनु पर्दैन।<br>• सगोलको सम्पत्ति पति पत्नी दुवैको नाममा वा पति पत्नीमध्ये कुनै एकको नाममा रहेछ भने सम्बन्ध विच्छेद हुनु अघि निजहरू बीच त्यस्तो सम्पत्तिको अंशबण्डा गर्नुपर्छ। | दफा ९९ |

| | | |
|---|---|---|
| | • सम्बन्ध विच्छेद हुने पतिले नै बाबु वा अन्य अंशियारबाट अंश लिई नसकेको भए अदालतले दुवै पक्षबाट अंशियार खुलाउन लगाई र अंशबण्डा गर्ने अन्य अंशियार भएमा त्यस्ता अंशियारलाई समेत बुझ्नु पर्ने भए बुझी निजहरूबाट अंशको फाँटवारी माग गरी पति पत्नीको अंश छुट्याई अंशबण्डा गराई दिनु पर्छ।<br>• अंशबण्डा गर्दा लामो समय लाग्ने देखिएमा अदालतले पति पत्नी बीच सम्बन्ध विच्छेद गरी अंशबण्डा नभएसम्मको लागि पतिको सम्पत्ति र आयस्ताको आधारमा पतिबाट पत्नीलाई मासिक खर्च भराई दिनसक्छ। त्यसरी खर्च भराएपछि अंशबण्डा नहुँदै महिलाले अर्को विवाह गरेमा अंश दिन पर्दैन।<br>• श्रीमतीको कारण पतिले संवन्धविच्छेदको निवेदनको दिएको निम्न अवस्थामा संवन्धविच्छेद गरिदिंदा अंश दिन वा खर्च भराउन पति बाध्य हुँदैन।<br>✓ पत्नीले पतिलाई खान लगाउन नदिएको वा घरबाट निकाला गरेको,<br>✓ पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेको,<br>✓ पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेको,<br>• अंशबण्डा गर्दा अंश मुद्दामा अपनाईने अन्य कार्यविधि अपनाउनु पर्छ। | |
| **एकमुष्ठ रकम वा खर्च भराई दिन सक्ने** | • सम्बन्ध विच्छेद हुने पत्नीले अंश नलिई पतिसँग एकमुष्ठ रकम वा वार्षिक वा मासिक रकम वा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको आधारमा पत्नीलाई एकमुष्ठ रकम दिलाई दिन वा वार्षिक वा मासिक रूपमा रकम वा खर्च भराई दिन सक्छ।<br>• तर पत्नीले अर्को विवाह गरेमा त्यस्तो रकम वा खर्च दिनु पर्दैन। | दफा १०० |
| **खान लगाउने खर्च भराई दिन सक्ने** | • अंशबण्डा गर्नु पर्दा कुनै सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खान लाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध विच्छेद भएको पतिको आम्दानीको आधारमा खान लगाउने खर्च भराई दिन सक्नेछ।<br>• तर, निम्न अवस्थआमा त्यस्तो खर्च भराई दिनुपर्दैनः<br>- पत्नीले अर्को विवाह गरेमा,<br>- पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा। | दफा १०१ |

| | | |
|---|---|---|
| **सहमति बमोजिम हुने** | • पति पत्नी बीच सम्बन्ध विच्छेद हुँदा पत्नीले पाउने अंश वा खर्चको सम्बन्धमा पति पत्नी बीच लिखित सहमति भएकोमा लिखत बमोजिम हुन्छ।<br>• तर नाबालकको हित विपरित हुने गरी कुनै सहमति गर्न पाईदैन। | दफा १०२ |
| **विदेशमा भएको सम्बन्ध विच्छेदले मान्यता पाउने** | • नेपाली नागरिकहरू बीच वा नेपाली नागरिक र विदेशीबीच विदेशमा सो मुलुकको कानून बमोजिम सम्बन्ध विच्छेद भएको रहेछ भने त्यसले नेपालमा मान्यता पाउँछ।<br>• त्यस्तो सम्बन्ध विच्छेदको कार्यान्वयन प्रचलित नेपाल कानून बमोजिम हुन्छ। | दफा ७०६ |

**१८.३ अन्य**

| **विषय** | **कार्यविधि** | **सम्बन्धित कानून** |
|---|---|---|
| **स्वार्थ बाझिएको मुद्दा हेर्न नहुने** | **न्यायाधीशले देहायका मुद्दाको कारबाही, र किनारा गर्न हुँदैनः**<br>- आफ्नो हक हित सरोकार रहेको मुद्दा,<br>- अपुताली खुला हुँदा कानून बमोजिम अपुताली प्राप्त गर्न सक्ने प्राथमिकताक्रममा रहेको व्यक्ति, मामा, माईजू, सानी आमा, ठूलीआमा, सानो बाबु, ठूलो बाबु, पति वा पत्नी तर्फका सासू, ससुरा, फुपू, फुपाजु, साला, जेठान, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाइँ, छोरी ज्वाइँ, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाइँ, भाञ्जी, बुहारी तथा त्यस्तो नाताका व्यक्तिको परिवारको सदस्यको हक हित सरोकार रहेको मुद्दा,<br>- कुनै बखत आफू वारिस, कानून व्यवसायी वा साक्षी भएको मुद्दा,<br>- आफूले न्यायाधीशको हैसियतमा कुनै अदालतमा निर्णय गरेको वा अन्तिम आदेश गरेको मुद्दा,<br>- कुनै बखत आफूले मुद्दा चल्ने वा नचल्ने विषयमा राय दिएको मुद्दा,<br>- कुनै कारणले आधारभूत रूपमा निज र निजको एकासगोलका परिवारका सदस्यको स्वार्थ बाझिएको मुद्दा।<br>• उल्लिखित अवस्था देखिएमा न्यायाधीशले मुद्दा हेर्न नहुने कारण | दफा २७१ |

| | | |
|---|---|---|
| | खुलाई आदेश गर्नुपर्छ।<br>• न्यायाधीशले यस्तो हेर्न नहुने मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्न लागेमा मुद्दाको कुनै पक्षले प्रमाण सहित मुद्दाको कारबाही, सुनुवाई वा किनारा नगर्न निवेदन दिन सक्दछ।<br>• त्यस्तो निवेदन प्राप्त भएमा सम्बन्धित न्यायाधीशले सो निवेदन माग दाबी मनासिब भए वा नभएको यकिन गरी मुद्दा हेर्न नहुने भएमा सोही बमोजिम आदेश गर्नुपर्छ।<br>• त्यसरी मुद्दा नहेर्ने आदेश भएकोमा सो मुद्दा सोही अदालतको अर्को न्यायाधीश भए निजले हेर्नुपर्छ।<br>• सोही अदालतमा अर्को न्यायाधीश नभए सो मुद्दाको मिसिल सबैभन्दा नजिकको समानस्तरको अदालतमा पठाई पक्षहरूलाई सो अदालतमा तारिख तोकी पठाईदिनुपर्छ।<br>• यसरी मिसिल प्राप्त भएमा त्यस्तो अदालतले आफ्नो अधिकारक्षेत्रभित्रको मुद्दा नभएपनि त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु गर्नुपर्छ। | |
| **न्यायाधीश आफैँले गर्नुपर्ने कार्य** | **देहायका कामहरू न्यायाधीश आफैँले गर्नुपर्छः**<br>- पक्षको बयान लिने,<br>- साक्षीलाई शपथ गराउने,<br>- साक्षीको बकपत्र गराउने,<br>- अन्तरकालीन वा अन्तरिम आदेश गर्ने,<br>- मुद्दामा निर्णय दिनु पर्ने कुराहरूको आदेश पर्चा खडा गर्ने,<br>- प्रमाण बुझ्ने सम्बन्धी आदेश दिने,<br>- मुद्दाको प्रारम्भिक र पूर्वसुनुवाई छलफल गराउने,<br>- सुनुवाई गर्ने,<br>- मिलापत्र गराउने,<br>- फैसला गर्ने वा कुनै किसिमको अन्तिम आदेश दिने।<br>• बयान वा बकपत्रको अभिलेखनको लागि न्यायाधीशले कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीसम्मको र त्यस्ता कर्मचारी उपलब्ध नभए राजपत्र अनङ्कित द्वितीय श्रेणीसम्मको कर्मचारीको सहयोग लिन हुन्छ। | दफा २७२ |

| | | |
|---|---|---|
| **पक्ष वा साक्षीको परिचय गोप्य राख्न सक्ने** | • कुनै पक्ष वा साक्षीको परिचय सार्वजनिक गर्दा **निम्न अवस्था हुने देखिएमा** त्यस्तो पक्ष वा साक्षीको नाम, थर, वतन वा निजको बाबु आमाको नाम वा हुलिया गोप्य राख्न पक्षले अदालतमा अनुरोध गर्न सक्दछः<br>- त्यस्तो पक्ष वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने,<br>- निज उपर कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने,<br>- निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने।<br>• पक्षले त्यस्तो अनुरोध गरेमा अदालतले निवेदन बमोजिम नाम, थर, वतन वा परिचय गोप्य राख्ने आदेश दिन सक्छ।<br>• त्यसरी गोप्य राखिएको नाम, थर, वतन वा परिचय सो मुद्दाको सुनुवाई गर्दा वा सो सम्बन्धी विवरण प्रकाशन गर्दा आदेश बमोजिमका गोप्य नाम, थर, वतन वा परिचय राख्नुपर्छ। | दफा २७६ |
| **रोहबरमा बस्न तथा सहीछाप गर्न सहयोग गर्नु पर्ने** | • अदालतबाट सम्पादन हुने कुनै काम कारबाहीको सिलसिलामा रोहबरमा बस्नु पर्ने वा अदालतबाट तयार गरिएको लिखतमा सहीछाप गर्नु पर्ने व्यक्तिले सहीछाप गरी अदालतलाई सहयोग गर्नुपर्छ।<br>• त्यसरी रोहबरमा बस्न वा लिखतमा सहीछाप गर्न ईन्कार गरेमा सो ईन्कारीको परिणाम सम्झाउनु पर्छ।<br>• त्यसरी सम्झाउँदा समेत ईन्कार गरेमा सोही व्यहोरा उल्लेख गरी सो काम वा लिखत गराउने कर्मचारीले सोको कैफियत जनाई उपस्थित भएका अन्य दुई व्यक्तिको र आफ्नो सहीछाप गरी लिखत तयार गर्नुपर्छ।<br>• त्यसरी तयार गरिएको लिखतलाई कानून बमोजिम रित पुगेको मानिन्छ।<br>• अदालतको काममा अवरोध गर्ने वा असहयोग गर्ने व्यक्तिलाई रु. ५,०००।-सम्म जरिबाना गर्न सकिन्छ। | दफा २७७ |
| **मुद्रण वा गणितीय त्रुटिले असर नगर्ने** | • मुद्दाको कारबाही सुनुवाई र किनाराको सिलसिलामा ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्दा साना तिना त्रुटि वा छुट भएकोमा वा लिखतमा लेखाई, छपाई वा मुद्रणमा गणितीय वा | दफा २७९ |

| | | |
|---|---|---|
| | अन्य साना तिना त्रुटि वा छुट हुन गएमा सो कारणले मात्र त्यससँग सम्बन्धित सम्पूर्ण काम, कारबाही गैरकानूनी भएको मानिदैन।<br>• त्यस्तो त्रुटि वा छुट हुन गएमा न्यायाधीशले ईन्साफमा फरक नपर्ने गरी कारण सहितको छुट्टै पर्चा खडा गरी त्यस्तो भुल वा त्रुटि सच्याउन सक्दछ। | |
| **लिखतको सामान्य त्रुटि सच्याउन सकिने** | • अदालतमा एक पटक दर्ता भैसकेको लिखतमा लेख, टाइप वा मुद्रणको सामान्य त्रुटि सच्याउन चाहेमा सो व्यहोरा उल्लेख गरी दर्ता गर्ने व्यक्तिले निवेदन दिन सक्छ ।<br>• त्यस्तो निवेदन परेमा आवश्यक जाँचबुझ गर्दा त्रुटि सच्याउन मनासिब देखिएमा त्यस्तो निवेदनलाई नै लिखतको पूरकको रूपमा मिसिल सामेल गर्ने आदेश दिन सकिन्छ ।<br>• तर, संशोधनबाट मुद्दाको सम्पूर्ण कारबाही वा इन्साफमा तात्विक असर पर्न सक्ने देखिएमा संशोधन हुन सक्दैन।<br>• संशोधन हुने आदेश भएमा आवश्यकतानुसार अर्को पक्षलाई जनाउ दिन सकिन्छ। | देवानी कार्यविधि नियमावली नियम१४ |
| **क्षतिपूर्ति निर्धारण गर्दा विचार गर्नुपर्ने कुराहरू** | • क्षतिपूर्ति पाउन सक्ने मुद्दामा क्षतिपूर्ति भराउने गरी निर्णय भएकोमा क्षतिपूर्ति निर्धारण गर्दा देहायका कुराहरूलाई विचार गर्नुपर्छः<br>- क्षति बापत भएको वास्तविक हानि, नोक्सानी (Actual Loss)<br>- क्षति भएको कारणबाट आयमा भएको हानि, नोक्सानी (Loss in Income)<br>- क्षति भएको कारणबाट बेहोर्नु परेको थप हानि, नोक्सानी।<br>• यसरी क्षतिपूर्ति निर्धारण गर्दा कसैको हक वा हित उल्लंघन भएको कारणबाट भएको वा हुन सक्ने वास्तविक क्षतिको मात्र निर्धारण गर्नुपर्छ। काल्पनिक विषयमा क्षतिपूर्ति निर्धारण गर्नु हुँदैन। | दफा २६६ |
| **म्याद वा सूचना प्रकाशन** | • अदालतबाट कुनै म्याद वा सूचना प्रकाशन गर्दा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रकाशन हुने राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सर्वोच्च अदालतले निर्धारण गरेको दिन प्रकाशन | दफा २८२ |

| | | |
|---|---|---|
| | गर्नुपरछ। | |
| **विभागीय कारबाही गर्न आदेश दिने** | • कुनै कर्मचारीले निर्धारित अवधिभित्र कार्य सम्पादन नगरेमा मर्का पर्ने पक्षले सम्बन्धित अदालतको न्यायाधीश समक्ष उजुरी दिन सक्दछ।<br>• त्यस्तो उजुरी परेकोमा सम्बन्धित कर्मचारीलाई बुझ्दा मनासिब कारण बिना निजले समयमै कार्य सम्पादन गरेको नदेखिएमा न्यायाधीशले निजलाई विभागीय कारबाही गर्न आदेश दिन सक्‌दछ। | दफा २८३ |
| **लिखत धुल्याउनु पर्ने** | **मुद्दाको अन्तिम निर्णय भएको ५ वर्षपछि सो मुद्दाको लिखतहरू धुल्याउनु परछ। तर देहायका लिखतहरू धुल्याउनु हुँदैनः**<br>- फिरादपत्र,<br>- बयान,<br>- प्रतिउत्तरपत्र वा प्रतिदाबी,<br>- पक्षको नाममा जारी भएको म्याद,<br>- मुद्दासँग सम्बन्धित नक्सा,<br>- सक्कल प्रमाण कागज,<br>- मिलापत्रको कागजात,<br>- पुनरावेदनपत्र,<br>- मुद्दा दोहोर्‍याउने वा पुनरावलोकनको लागि दिईएको निवेदनपत्र,<br>- अदालतबाट भएको फैसला, निर्णय, अन्तिम आदेश,<br>- तायदाती फाँटवारी,<br>- विशेषज्ञको राय,<br>- अधिकृत वारेसनामा,<br>- सम्पत्ति धरौट, जमानतको, रोक्का र फुकुवा सम्बन्धी कागजात,<br>- धरौट, बिगो, क्षतिपूर्ति वा अन्य रकम वुझाएको नगदी रसीद,<br>- व्यक्तिगत परिचय गोप्य राख्ने निर्णय सम्बन्धी कागजात,<br>- बण्डा मुचुल्का, चलन मुचुल्का, लिलाम मुचुल्का तथा तामेली आदेश,<br>- कानून बमोजिम संरक्षण गर्न उपयुक्त र आवश्यक देखिएका | दफा २८५<br>देकानि ७९ |

| | | |
|---|---|---|
| | अन्य लिखत।<br>• कागज धुल्याउनुअघि श्रेस्तेदारले ती कागजातको फेहरिस्तमा सहीछाप गरी गर्नुपर्छ। | |
| **इन्साफसम्बन्धी काम बाहेक अन्य काम** | • इन्साफ गर्ने र न्यायाधीशले गर्ने भनी कानूनमा व्यवस्था भएको बाहेक अदालतले गर्नु पर्ने अन्य कामहरू नियमावलीमा तोकिए बमोजिमको कर्मचारीले र त्यसरी कर्मचारी नतोकिएको हकमा प्रमुख भै काम गर्ने न्यायाधीशले वा निजले अख्तियार दिएको कर्मचारीले गर्नुपर्छ । | जिअनि २२ |
| **अन्य कार्यविधि आँफै व्यवस्थित गर्न सक्ने** | • देवानी कार्यविधि र देवानी कार्यविधि नियमावलीमा लेखिएदेखि बाहेकका अन्य अदालती कार्यविधिका बिषयमा ऐन र नियमावलीको प्रतिकूल नहुने गरी अदालत आँफैले व्यवस्थित गर्न सक्छ । | देकानि ८१ |

**अनुसूची -एक**

**हदम्याद सम्वन्धी ब्यवस्था**

**देवानी संहिता र देवानी कार्यविधि संहितामा रहेका हदम्याद सम्वन्धी व्यवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।**

| **परिच्छेदको विषय** | **नालिस गर्नुपर्ने हद्म्याद** | **संवन्धित कानून** |
|---|---|---|
| **हदम्यादभित्र फिराद गर्नु पर्ने** | • अदालतमा मुद्दा दायर गर्न कानून बमोजिम कुनै निश्चित समयावधि तोकिएकोमा त्यस्तो समयावधिलाई हदम्याद भनिन्छ।<br>• हदम्यादको व्यवस्था भएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो हदम्यादभित्र अदालतमा फिरादपत्र दायर गर्नु पर्दछ।<br>• हदम्याद नाघेको फिराद दर्ता हुन सक्दैन। कुनै कारणवश दर्ता हुन गएको रहेछ भने पनि त्यस्तो फिरादपत्र खारेज हुन्छ। | देवानी कार्यविधि संहिताको दफा ४७ |
| **हदम्यादको व्यवस्था नभएकोमा** | • फिरादपत्र दायर गर्ने सम्बन्धमा कानूनमा कुनै हदम्याद उल्लेख नभएकोमा कारण परेको मितिले ६ महिनाभित्र फिराद गर्न सकिन्छ। | दफा ४८ |
| **हदम्याद प्रारम्भ हुने** | • कुनै विषयमा फिराद गर्न जुन कानूनमा हदम्यादको व्यवस्था भएको छ सोही कानून बमोजिम नै हदम्याद प्रारम्भ भएको मानिन्छ।<br>• हदम्याद प्रारम्भ हुने सम्बन्धमा कानूनी व्यवस्था नभएकोमा फिराद गर्नु पर्ने कारण परेको मितिले हदम्याद प्रारम्भ भएको मानिन्छ। | दफा ४९ |
| **थाहा पाएको मितिले** | • तर दफा ४८ मा जे लेखिएतापनि ४९,धोका, कीर्ते, जालसाजी वा | दफा ५० |

| | | |
|---|---|---|
| **फिराद गर्नु पर्ने** | षड्यन्त्रको फलस्वरुप वा त्यस्तै अन्य कुनै कारण परी वा गोप्य रूपमा कुनै काम भई थाहा पाउन सक्ने स्थिति नभई कसैको हदम्याद गुज्रन गएकोमा निजले त्यस्तो कुरा थाहा पाएको मितिले ९० दिनभित्र फिरादपत्र दर्ता गर्नुपर्छ।<br>• नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै सङ्गठित संस्थाको हकमा थाहा पाएको मिति भन्नाले त्यस्तो सरकार वा तहको सम्बन्धित कार्यालय वा त्यस्तो संस्थालाई फिराद गर्नु पर्ने कुराको जानकारी भएको मितिलाई मानिन्छ। | |
| **हदम्यादको अवधि गणना** | • हदम्यादको अवधि गणना गर्ने विषयमा दुविधा र अलमल पर्न गएमा निम्न बमोजिमको आधारमा म्याद गणना गरी यकिन गर्नु पर्दछः-<br>- दिन गन्तिमा हदम्यादको अवधि तोकिएको भए दिन गन्तीको हिसाबले गणना गर्ने,<br>- हदम्यादको दिन गन्ती गर्दा हदम्याद शुरु भएको भोलिपल्ट देखि गणना गर्ने,<br>- हदम्यादको अवधि महिनामा तोकिएको भए जति दिनको महिना भए पनि संक्रान्तिको हिसाबले महिनाको गणना गर्ने,<br>- हदम्यादको अवधि वर्षमा तोकिएको भए १२ महिनाको १ बर्ष मानी बर्षको हिसाबले गणना गर्ने। | दफा ६२ |
| **देवानी संहितामा विभिन्न परिच्छेदमा भएका हदम्याद सम्वन्धी व्यवस्था** | | |
| **अंशबण्डा** | • अंश मुद्दामा निम्नअवस्थामा जहिलेसुकै पनि नालिस गर्न पाइन्छः<br>○ अंशबण्डा नै नभएको,<br>○ अंशबण्डा हुँदा गोश्वाराको लिखत भएको,<br>○ लिखत नभए पनि हिसाब गरी दुवै पक्षले भोग गरेकोमा।<br>• अंशबण्डामा चित्त नबुझेमा त्यस्तो बण्डा भएको मितिले ३ महिनाभित्र।<br>• सम्पत्ति लुकाए वा छिपाएको सम्बन्धमा अंशियारको जीवनकाल रहेसम्म।<br>• माथि लेखिएदेखि बाहेक अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | देवानी संहिताको दफा २३५ |
| **अनुचित सम्वृद्धि** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले दुई वर्षभित्र। | दफा ६७१ |
| **अन्तर्देशिय धर्मपुत्र र** | • छुट्टै हदम्याद तोकिएकोमा सोही बमोजिम। | दफा २०४ |

| | | |
|---|---|---|
| **धर्मपुत्री** | • हदम्याद नतोकिएकोमा काम कारबाही भए गरेको मितिले १ वर्षभित्र। | |
| **अपुताली** | • हदम्याद लेखिएकोमा सोही हदम्यादभित्र।<br>• अन्यमा अपुताली खुला भएको मितिले ३ वर्षभित्र। | दफा २५० |
| **करार सम्वन्धी** | | |
| **अप्रत्यक्ष वा अर्ध करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ६६३ |
| **एजेन्सी सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ६०१ |
| **करार सम्पन्न गर्ने व्यवस्था** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५१६ |
| **करारको उल्लङ्घन र उपचार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५४४ |
| **करारको परिपालना** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५३४ |
| **करारको बैधता** | • बदर हुने करारको हकमा जहिलेसुकै।<br>• बदर गराउन सकिने करारको हकमा करार बदर गराउन पर्ने कारण उत्पन्न भएको मितिले १ वर्ष।<br>• अन्य करारको हकमा मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५२० |
| **जमानत सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५७४ |
| **दायित्व सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५०३ |
| **धितो धरौट सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५९० |
| **नासो सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५८४ |
| **बस्तु ढुवानी सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ६०९ |
| **लिज सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ६२३ |

| | | |
|---|---|---|
| **वस्तुबिक्रि सम्वन्धी करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ५६२ |
| **हायरपर्चेज करार** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले २ वर्षभित्र। | दफा ६३९ |
| **गुठी सम्वन्धी** | • देहायको विषयमा जहिलेसुकै नालिस गर्न सकिनेः<br>○ गुठीको सम्पत्ति हिनामिना गरेको।<br>○ गुठीको सम्पत्तिसँग सम्बन्धित कुनै लिखत जालसाजी वा किर्ते गरेको।<br>○ गुठीको सम्पत्ति मासे खाएको।<br>○ सञ्चालकले गुठी संस्थापनापत्रको शर्त विपरित फाइदा लिएको।<br>○ गुठीको सम्पत्ति वा सोको मूल्य वा आय सञ्चालक वा अन्य व्यक्तिबाट फिर्ता गराउनु परेको।<br>• उल्लिखित विषय बाहेक अन्य विषयमा कारण परेको मितिले ६ महिनाभित्र। | दफा ३५१ |
| **घरबहाल** | • काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा ४०५ |
| **जग्गा आवाद भोगचलन तथा दर्ता** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा २९८ |
| **ज्याला मजुरी** | • दफा ६४४ घरेलु सहायक सम्वन्धी विषयको हकमा मुद्दा गर्नु परेको कारण उत्पन्न भएको मितिले ३ महिनाभित्र<br>• अन्य कुराको हकमा ३५ दिनभित्र। | दफा ६४७ |
| **त्रुटिपूर्ण उत्पादन** | • काम कारबाही भए गरेको मितिले १ वर्षभित्र। | दफा ६९१ |
| **दानबकस** | • छुट्टै हदम्याद तोकिएमा सोही बमोजिम।<br>• आफूले दान वा बकस पाएको कुरामा आफ्नो हक पुगेको मितिले २ वर्षभित्र।<br>• दिन नहुने दान वा बकस दिएकोमा पाउनेको हक पुगी भोग चलन गरेको मितिले २ वर्षभित्र।<br>• अन्य अवस्थामा काम कारबाही भए गरेको थाहा पाएको मितिले १ वर्षभित्र। | दफा ४१२ |
| **दुष्कृति** | • काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा ६८४ |

| | | |
|---|---|---|
| **धर्मपुत्र र धर्मपुत्री** | • काम कारबाही भए गरेको मितिले १ वर्षभित्र। | दफा १८७ |
| **नागरिक अधिकार** | • गिरफ्तार वा थुनिएको हकमा जहिलेसुकै ,<br>• अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र | दफा २९ |
| **प्राकृतिक व्यक्ति** | • शरिरको परिक्षण वा अङ्ग परिवर्तन गर्ने गराउने सम्वन्धी काम कारबाहीमा भए गरेको मितिले ३ महिनाभित्र,<br>• मृत्यु सम्वन्धी न्यायिक घोषणाबाट मृतघोषित व्यक्ति स्वयं उपस्थित भै मृत्युको न्यायिक घोषणा बदर गराउन त्यस्तो काम कारबाही भएको थाहा पाएको मितिले १ वर्षभित्र,<br>• माथि लेखिएदेखि बाहेक अन्य अवस्थामा काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा ४१ |
| **प्राकृतिक व्यक्तिको दामासाही** | • दफा ५४ अन्तर्गतको दामासाहीको कार्वाही प्रारम्भ गर्दा नालिस गर्नु पर्ने कारण परेको मितिले ३ वर्षभित्र,<br>• दफा ६२ र ६४ सम्बन्धी विषयमा थाहा पाएको मितिले २ वर्षभित्र,<br>• माथि लेखिएदेखि बाहेक अन्य अवस्थामा भए गरेको मितिले ६ महिनाभित्र। | दफा ६६ |
| **फलोपभोग** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा ३६७ |
| **बन्धकी** | • हदम्याद तोकिएकोमा सोही बमोजिम,<br>• अन्य अवस्थामा काम कारबाही भए गरेको मितिले १ वर्षभित्र | दफा ४५३ |
| **बाबुआमा र सन्तानको सम्बन्ध** | • छुट्टै हदम्याद लेखिएकोमा सोही बमोजिम,<br>• अन्य अवस्थामा काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा १२३ |
| **बिबाह सम्वन्धी** | • मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले ३ महिनाभित्र। | दफा ८४ |
| **बिबाहको परिणाम** | • मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले ३ महिनाभित्र। | दफा ९२ |
| **मातृक तथा पैतृक अख्तियारी** | • काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा १३४ |
| **माथवर** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा १६८ |
| **लिखत पारित** | • काम कारबाही भए गरेको मितिले १ वर्षभित्र। | दफा ४७३ |

| | | |
|---|---|---|
| | • अर्को इलाकाको कार्यालयबाट लिखत पारित भएकोमा सम्बन्धित कार्यालयमा त्यस्तो लिखतको प्रति प्राप्त भएको मितिले १ वर्षभित्र। | |
| **लेनदेन ब्यबहार** | • जहिलेसुकै नालिस दिन सकिनेः<br>- असक्षम वा अर्धसक्षम व्यक्तिको सम्पत्ति आफ्नो गराउन, हिनामिना वा नोक्सान गर्न वा बिगार्न लेनदेन गरेको ,<br>- ब्याजको ब्याज लिएको ,<br>- ब्याजमा १० प्रतिशत भन्दा बढी लिएको।<br>• माथि लेखिएको वाहेक अन्यमा देहाय बमोजिम नालिस गर्न सकिने<br>- नालिस गर्न छुट्टै हदम्याद तोकिएकोमा सोही बमोजिम,<br>- कुनै लिखतमा अवधि उल्लेख भएकोमा सो अवधि नाघेको मिति र लिखत नभएको वा अन्य अवस्थामा मुद्दा गर्नु पर्ने कारण परेको मितिले १ वर्षभित्र। | दफा ४९२ |
| **संरक्षकत्व** | • त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको ६ महिनाभित्र। | दफा १५२ |
| **सम्पत्ति हस्तान्तरण तथा प्राप्ती** | • छुट्टै हदम्याद तोकिएकोमा सोही बमोजिम,<br>• दफा ४४९ को हकमा जहिलेसुकै ,<br>• अन्य अवस्थामा काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा ४३४ |
| **सम्पत्तिको उपभोग (खिचोला समेत)** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा २८६ |
| **सम्पत्ती सम्वन्धी सामान्य व्यबस्था** | • काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र। | दफा २६५ |
| **सम्बन्ध विच्छेद** | • मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले वा थाहा पाएको मितिले ३ महिनाभित्र। | दफा १०४ |
| **सरकारी, सार्वजनिक तथा सामुदायिक सम्पत्ति** | • दफा ३०५, ३०६ र ३०७ को सम्बन्धमा जहिलेसुकै,<br>• अन्य दफा बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले १ वर्षभित्र। | दफा ३१३ |
| **सुविधाभार** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र। | दफा ३८२ |
| **स्वामित्व र भोगाधिकार** | • काम कारबाही भए गरेको थाहा पाएको मितिले १ वर्षभित्र। | दफा २७५ |

| | | |
|---|---|---|
| **हकसफा** | • लिखत पारित भएको मितिले ६ महिनासम्ममा थाहा पाएको मितिले ३५ दिनभित्र।<br>• तर मोहीको हकमा जग्गाधनीले निखन्न पाउने मिति समाप्त भएको मितिले ३५दिनभित्र। | दफा ४६२ |

**अनुसूची-दुई**

**क्षतिपूर्ति सम्वन्धी व्यवस्था**

**देवानी संहिता र देवानी कार्यविधि संहितामा रहेका क्षतिपूर्ति सम्वन्धी व्यवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।**

| **बिषय** | कार्यविधि | **संवन्धित कानून** |
|---|---|---|
| **परिभाषा** | **क्षतिपूर्ति** भन्नाले कसैको केही हानी—नोक्सानी भएमा वस्तु पूरा गरिदिने वा नोक्सानी भराई दिने काम; क्षति भएका वस्तुको सट्टामा दिइने रकम वा धन भन्ने बुझिन्छ।<br>**नेपाली बृहत् शब्दकोश** | |
| | • मुलुकी देवानी संहिताको विभिन्न दफामा कुनै काम कारबाहीबाट २०७४ , मर्का पर्नेव्यक्तिले क्षतिपूर्ति पाउने ब्यवस्था गरेको छ। | |
| **अंश बण्डा सम्बन्धमा** | • अंश नपाउनेले अंश पाउँ भनी नालिस गरेको ठहरेमा अदालतले मिसिलबाट बिगो खुल्न आएमा बिगो र बिगो खुल्न नआएमा निजको हैसियत विचार गरी नालिस गर्ने व्यक्तिबाट मनासिब क्षतिपूर्तिको रकम प्रतिबादीलाई भराई दिनु पर्छ। | देवानी संहिता दफा २३३ |
| **अंश बण्डा सम्बन्धमा** | • फैसला बमोजिम अंश, रकम वा खर्च दिनुपर्ने व्यक्तिले त्यस्तो अंश, खर्च वा रकम नदिएमा त्यस वापत अंश, खर्च वा रकम दिनु पर्ने व्यक्तिबाट पाउनुपर्ने व्यक्तिलाइ मनासिब क्षतिपूर्ति समेत भराइ दिनु पर्छ। | ऐ दफा २३४ |
| **अन्तरिम आदेशको कारण भएको क्षति** | • अन्तरिम आदेशको कारणबाट कुनै काम कारबाही गर्न नसकी कुनै पक्षलाई हानि, नोक्सानी भएमा त्यस्तो पक्षले अन्तरिम आदेश माग गर्ने पक्ष विरुद्ध आफूलाई भएको हानि, नोक्सानीको रकम उल्लेख गरी क्षतिपूर्ति माग गर्न सम्बन्धित अदालतमा निवेदन गर्न सक्छ।<br>• अन्तरिम आदेश जारी भएको कारणले निवेदकलाई वास्तविक रूपमा हानि, नोक्सानी भएको देखिएमा अदालतले हानि, नोक्सानी बापत क्षतिपूर्ति भराउने आदेश दिन सक्छ।<br>• अन्तरिम आदेशको माग गर्ने पक्षले त्यस्तो आदेश बमोजिमको क्षतिपूर्ति निवेदकलाई भुक्तानी गर्नुपर्छ। | कार्यविधि संहिताको दफा १६० |
| **करारको क्षतिपूर्ति** | • करार उल्लङ्घन भएकोमा सो करारको उल्लंघनबाट भएको वास्तविक हानि, | देवानी |

| | | |
|---|---|---|
| | नोक्सानी वा पुर्वनिर्धारित हानि, नोक्सानी करार उल्लङ्घन गर्ने पक्षबाट मर्कापर्नेले भराई लिन पाउँछ।<br>• करार उल्लङ्घन भएमा क्षतिपूर्ति वापत कुनै निश्चित रकम पाउने भनी करार हुँदाका बखत पूर्वानुमान गरी करार भएकोमा सोही बमोजिमको रकममा ननाघ्ने गरी मर्का पर्ने पक्षले अर्को पक्षबाट मनासिब रकम भराई लिन पाउँछ।<br>• क्षतिपूर्ति पाउने व्यवस्था करारमा नभएकोमा करारको उल्लङ्घनबाट प्रत्यक्ष र वास्तविक रूपमा भएको हानि, नोक्सानी वा करार उल्लङ्घन वा क्षतिपूर्ति वापत मनासिब रकम भराई लिन पाउनेछ। | संहिता दफा ५३७ |
| **कानूनी व्यक्ति जिम्मेवार रहने** | • कसैले कानूनी व्यक्तिको तर्फबाट कुनै काम कारबाही गर्दा कसैलाई कुनै किसिमको हानि, नोक्सानी पर्न गएमा त्यसको जिम्मेवारी त्यस्तो कानूनी व्यक्तिको हुन्छ र त्यसको क्षतिपूर्ति सम्बन्धित कानूनी व्यक्तिले बेहोर्नु पर्छ।<br>• तर कानूनी व्यक्तिको उद्देश्य वा कार्यक्षेत्र बाहिर रही गरेको वा वदनियत पूर्वक गरेको काम कारबाहीबाट कसैलाई हानि, नोक्सानी हुन गएमा त्यस्तो काम गर्ने सञ्चालक वा व्यक्ति नै व्यक्तिगत रूपमा जिम्मेवार हुन्छ। | दफा ५१ |
| **क्षतिपूर्ति निर्धारण गर्ने आधार** | • अदालतले मुद्दामा क्षतिपूर्ति निर्धारण गर्दा देहायका कुराहरू विचार गर्नु पर्छः<br>- क्षति बापत भएको वास्तविक हानि, नोक्सानी **(एक्चुयल लस),**<br>- क्षति भएको कारणबाट आयमा भएको हानि, नोक्सानी **लस इन ) (इनकम,**<br>- क्षति भएको कारणबाट बेहोर्नु परेको **थप हानि, नोक्सानी।**<br>• क्षतिपूर्ति निर्धारण गर्दा कसैको हक वा हित उल्लघंन भएको कारणबाट भएको वा हुन सक्ने वास्तविक क्षतिको यकिन गरी त्यसको आधारमा मात्र क्षतिपूर्ति निर्धारण गरिनेछ र काल्पनिक विषयमा क्षतिपूर्ति निर्धारण हुन सक्दैन। | कार्यविधि संहिताको दफा २६६ |
| **क्षतिपूर्ति भराई दिने** | • नागरिक अधिकारको उल्लंघन भई त्यसको उपचारको क्रममा परेका उजुरी जाँचबुझ गर्दा प्रत्यर्थीले उजुरकर्तालाई वदनियतपूर्वक क्षति पुग्ने कुनै काम गरेको ठहरिएमा अदालतले अवस्था हेरी प्रत्यर्थीबाट उजुरीकर्तालाई मनासिब क्षतिपूर्ति भराई दिनुपर्छ।<br>• कुनै सरकारी वा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीले नागरिक अधिकारको जानीजानी उल्लङ्घन गरेको ठहरिएमा क्षतिपूर्तिको रकम | दवानि संहिताको दफा २७ |

| | | |
|---|---|---|
| | त्यस्तो पदाधिकारी वा कर्मचारी आफैंले बेहोर्नु पर्नेछ। कार्यालयले ब्यहोर्नु पर्दैन। | |
| **क्षतिपूर्ति मौद्रिक मूल्यमा मात्र हुने** | • करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक हानि, नोक्सानी वापतको क्षतिपूर्तिको मूल्याङ्कन गर्दा मौद्रिक मूल्यमा यकिन गरिन्छ। | दफा ५४२ |
| **गुठी सम्वन्धी** | • गुठी सञ्चालकबाट गुठी सम्पत्ति व्यवस्थापन नभएको, ठगी, जालसाज वा हिनामिना भएको वा अन्यत्र उपयोग भएको ठहर भएमा क्षतिपूर्ति समेत भराउन सकिन्छ। | दफा ३३६ (३) |
| **झुट्टा उजुरी दिएको देखिएमा क्षतिपूर्ति भराई दिने** | • कसैले कसैलाई दुःख दिने वा हानि, नोक्सानी पुर्‍याउने नियतले झुट्टा उजुरी दिएको ठहरेमा अदालतले त्यसरी झुट्टा उजुरी दिने उजुरीकर्ताबाट प्रत्यर्थीलाई मनासिब क्षतिपूर्ति भराइ दिनुपर्छ।<br>• भराइने क्षतिपूर्तिमा प्रत्यर्थीले अदालतमा आफ्नो प्रतिरक्षा गर्दा लागेको खर्च, अदालती दस्तुर र कानून व्यवसायीको खर्च समेत समावेश हुन्छ। | दफा २८ |
| **ढुवानी गर्दा भएको क्षति** | • बस्तु ढुवानी गर्दा वस्तुको धनीलाई हुन गएको हानि, नोक्सानी वापत मनासिब क्षतिपूर्ति बेहोर्नु पर्छ। | दफा ६०७ |
| **त्रुटिपुर्ण उत्पादन** | • त्रुटिपूर्ण उत्पादन गर्ने व्यक्ति तथा उपभोग गर्ने व्यक्ति दुवैको कारणबाट क्षति हुन पुगेको कुरा प्रमाणित भएमा उत्पादकको दायित्व समानुपातिक तवरले कम हुन सक्छ। | दफा ६८८ |
| **दुष्कृति वापतको क्षतिपूर्ति** | • हानि, नोक्सानी पुगेको व्यक्तिले क्षतिपूर्ति दाबी गर्न सक्छ र दुष्कृति गर्नेले मनासिब क्षतिपूर्ति बेहोर्नु पर्छ। काल्पनिक वा अवास्तविक क्षतिपूर्ति बेहोर्नु पर्दैन।<br>• तर कुनै व्यक्तिको आफ्नै समेतको अकर्मण्यता कारणबाट कुनै दुष्कृति भएको रहेछ भने त्यस्तो क्षतिपूर्तिको मात्रा कम हुन्छ।<br>• दुष्कृति गरेको भनिएको व्यक्तिको हेलचेत्र्याइँ, लापरवाही, त्रुटि वा अकर्मण्यताको परिणामबाट नभई अन्य कुनै कारणबाट भएको हो भन्ने प्रमाणित गरेमा क्षतिपूर्ति ब्यहोर्नु पर्नेछैन।<br>• क्षतिपूर्ति नगद, जिन्सी वा सेवा कुनै पनि किसिमको हुन सक्छ। | दफा ६८२, ६८३ |
| **प्रतिनिधिले एजेन्सी छोड्दा** | • कुनै निर्धारित समय र कामका लागि नियुक्त प्रतिनिधिले सो अवधि बाँकि छदै वा अवधि नतोकिएकोमा विना सुचना काम गर्न छोडेमा मुख्य व्यक्तिले मनासिब क्षतिपूर्ति दाबी गर्न सक्छ। | दफा ५९९ |

| | | |
|---|---|---|
| **प्रत्याशन (सब्रोगेशन) सम्बन्धी व्यवस्था** | • प्रत्याशन (सब्रोगेशन) सम्वन्धी करार भएकोमा हानि, नोक्सानी वापत निश्चित रकम वा क्षतिपूर्ति उपलब्ध गराउने कुरा करारमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मनासिब रकम वा क्षतिपूर्ति प्रभावित व्यक्ति वा निजको मृत्यु भइसकेको भए निजको हकवालालाई तत्काल दिनु वा दिलाई दिनु पर्छ।<br>• हानि, नोक्सानी भएकोमा हानि, नोक्सानी भएको व्यक्तिको स्थानमा रकम वा क्षतिपूर्ति दिने व्यक्तिले प्रत्याशन गरेको मानिनेछ र सोही बमोजिम हानि, नोक्सानी पुऱ्याउने व्यक्तिबाट त्यसरी प्रत्याशन गर्ने व्यक्तिले हानि, नोक्सानी वापतको रकम वा क्षतिपूर्ति भराई लिन पाउँछ। | दफा ५७२ |
| **बन्धकि सम्वन्धी** | • बन्धकीमा लिएको सम्पत्ति कच्चा भई वा असामीले बाधा बिरोध गरी साहूले भोगचलन गर्न नपाएमा असामीले त्यस वापत साहूलाई मनासिब क्षतिपूर्ति दिनु पर्छ। | दफा ४३९(२) |
| **बस्तुविक्रि सम्बन्धमा क्षतिपूर्तिको विशेष व्यवस्था** | • क्रेताले करार बमोजिम वस्तु स्वीकार नगरेको वा स्वीकार गर्न इन्कार गरे वापतको क्षतिपूर्ति विक्रेताले क्रेता विरुद्ध दाबी गर्न सक्छ,<br>• बिक्रेताले करार बमोजिम क्रेतालाई वस्तु नबुझाएमा वा बुझाउन इन्कार गरेमा वस्तु नबुझाए वापत क्रेताले विक्रेता विरुद्ध क्षतिपूर्ति दाबी गर्न सक्छ,<br>• यसमा क्षतिपूर्तिको निर्धारण गर्दा वस्तु बजारमा उपलब्ध भएमा त्यस्तो वस्तुको करारमा उल्लेख भए बमोजिमको मूल्य र बजार वा प्रचलित मूल्य बीच भएको अन्तरको आधारमा निर्धारण हुन्छ। | दफा ५६१ |
| **मर्मत सुधार गर्दा हानी पुऱ्याएमा** | • कसैले मर्मत सुधार गर्न दिएको वस्तु निर्धारित समयभित्र फिर्ता नगरेमा वा मर्मत, सुधार वा पुनर्निर्माण गर्दा थप हानि, नोक्सानी पुऱ्यएमा वा पुनः प्रयोग हुन नसक्ने गरी क्षति पुऱ्याएमा निजले करारमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिनु पर्छ। | दफा ५८१ |
| **लेनदेन ब्यबहार** | • अर्काको मालबस्तु भाडा वा पैंचोमा लिएकोमा लिनेले स्वामित्व वा भोगवालालाई त्यस्तो मालवस्तु वा रकम नबुझाएमा त्यसबाट मर्का पर्ने व्यक्तिले त्यस्तो वस्तुको रकम र नोक्सानी वापत मनासिब क्षतिपूर्ति लिनपाउँछ। | दफा ४९१(४) |
| **विवाह गर्न, गराउन नहुने** | • विवाह हुन नसक्ने पुरुष वा महिलासँग विवाह गर्न वा गराउन हुँदैन।<br>• झुक्याई विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह बदर | दफा ७१(३) |

| | | |
|---|---|---|
| | गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिब क्षतिपूर्ति दाबी गर्न सक्छ। | |
| **संपत्ति उपभोग सम्बन्धमा** | • कसैले संपत्ति उपभोग गर्ने क्रममा गरेको काम कारबाहीबाट कुनै व्यक्तिलाई क्षति हुन गएमा मर्का पर्ने व्यक्तिले त्यस्तो काम गर्ने व्यक्तिबाट मनासिब क्षतिपूर्ति भराइ लिन सक्नेछ। | दफा २८५ |
| **सम्पत्ति भोग गर्न नपाए वापतको क्षेतिपूर्ति** | • सम्पत्ति बिक्री गरी हस्तान्तरण गरेकोमा कुनै व्यहोराले कच्चा भई खरिदकर्ताले पूरै वा आंशिक रूपमा सम्पत्ति भोग गर्न नपाएमा देहाय बमोजिमको रकम कपाली सरह हुन्छः<br>- भोग गर्न नपाए जति सम्पत्तिको खरिदकर्ताले तिरेको रकम,<br>- त्यस्तो रकमको वार्षिक १० प्रतिशतका दरले हुने ब्याज र<br>- सम्पत्ति हस्तान्तरण गर्दा रजिष्ट्रेशन दस्तुर वा अन्य रकम तिरेको भए त्यस्तो रकम समेत खरिदकर्ताले त्यसरी सम्पत्ति हस्तान्तरण गर्ने व्यक्तिबाट कपाली सरह भराई लिन पाउँछ।<br>• खरिद गरेको सम्पत्तिमा कुनै संरचना बनाएकोमा त्यसरी गरिएको खरिद कुनै कारणबाट कच्चा भई सो सम्पत्ति निजले भोग गर्न नपाउने भए ६ महिनाभित्र आफुले बनाएको संरचना भत्काई लैजान पाउँछ।<br>• मञ्जुरी नलिइ सगोलको सम्पत्ति हस्तान्तरण गरेको, अर्काको सम्पत्ति हस्तान्तरण गरेको र दोहोरो पारी सम्पत्ति हस्तान्तरण गरेको कारणबाट कुनै व्यक्तिलाई मर्का पर्न गएमा आफूलाई पर्न गएको वास्तविक हानि, नोक्सानी सम्पत्ति हस्तान्तरण गर्ने व्यक्तिबाट क्षतिपूर्ति समेत भराई लिन सक्छ।<br>• दान पाउन सक्ने वा दान वा बकस पाउने व्यक्तिले सम्पत्ति प्रयोग गर्न नपाई निजलाई मर्का पर्न गएमा दान वा बकस दिने व्यक्तिबाट मनासिब क्षतिपूर्ति भराई लिन पाउँछ।<br>• तर शेष पछिको बकसपत्र बदर भएकोमा क्षतिपूर्ति भराई लिन पाईंदैन। | देवानी संहिताको दफा ४२४ |
| **सुविधाभार** | • कसैले सुविधाभारको प्रयोग गर्ने सिलसिलामा घर वा जग्गाधनीलाई कुनै किसिमको हानि, नोक्सानी पुऱ्याएमा त्यस्तो व्यक्तिले मनासिब क्षतिपूर्ति ब्यहोर्नुपर्नेछ। | दफा ३८१ |
| **स्वामित्व र भोगाधिकार सम्वन्धी** | • कसैले कुनै सम्पत्ति जवरजस्ती, वदनियतपूर्वक वा गोप्य रूपमा भोग गरेमा त्यस्तो सम्पत्ति भोग गर्दा प्राप्त गरेको लाभ र सो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्छ। सो सम्पत्ति भोग गर्दा आफ्नो हेलचक्र्याइँबाट हुन | दफा २७४ |

| | | |
|---|---|---|
| | पुगेको नोक्सानी वापत मनासिब क्षतिपूर्ति समेत तिर्नु पर्छ।<br>• अरुको सम्पत्ति आफ्नो भोगाधिकारमा रहेको अवधिमा हराएमा वा क्षति भएमा भोगाधिकारवालाले त्यस्तो सम्पत्ति वापत सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति तिर्नु पर्छ। | |
| **हर्जाना (इन्डेम्निटी) सम्बन्धी करार** | • हर्जाना सम्बन्धी करार भएकोमा देहाय बमोजिम क्षतिपूर्ति वापत भराई लिन पाउछः-<br>- करारमा उल्लेख भए बमोजिमको हर्जाना रकम,<br>- तेस्रो पक्षलाई हानि, नोक्सानी परेको भए त्यस वापत तिर्नु बेहोर्नु पर्ने रकम,<br>- हर्जाना सम्बन्धी करारका सम्बन्धमा निजले दायर गरेको वा प्रतिरक्षा गरेको भए त्यस्तो मुद्दामा लागेको खर्चको रकम,<br>• उल्लिखित रकम नदिएको कारणबाट मुद्दा मामिला गर्नु परेमा त्यस्तो मुद्दा मामिलामा लागेको खर्चको रकम। | दफा ५७१ |
| **हानि, नोक्सानीको रकम भराई लिन सक्ने** | • संरक्षकले आफूलाई लाभ हुने वा नहुनेगरी जानीजानी, छलकपट, जालसाजी वा बदनियतले आफ्नो संरक्षकत्वमा रहेको असक्षम वा अर्धसक्षम व्यक्तिको सम्पत्तिमा हानि, नोक्सानी पुऱ्याएमा त्यसबाट मर्का पर्ने असक्षम वा अर्धसक्षम व्यक्तिले त्यस्तो संरक्षकबाट हानि, नोक्सानी भएको रकम भराई लिन सक्नेछ। | दफा १५१ |

## अनुसूची- तीन

मुलुकी ऐन र देवानी तथा फौजदारी संहिताको दफावार तुलना

| क्र. स. | विषय | साविक कानून | देवानी कार्यविधी संहिता | फौजदारी कार्यविधि संहिता |
|---|---|---|---|---|
| १ | **अंशबण्डा छुट्याउने कार्यविधि** | द. सं. को ४६ | दफा २४१ | - |
| २ | **अदालतको अधिकारक्षेत्र** | ,, २९ र ३५ | दफा ६ र १६ देखि २७ | दफा ३०,४५-४९, १४४,१४९,१६९ |
| ३ | **अदालती शुल्क** | कोर्ट फी ऐन,२०१७ | दफा ६३ देखि ८४ | - |
| ४ | **आदेश (थुनछेक हुँदा थुना धरौट)** | अ.बं.११८ | - | दफा ६७,६८,७८,७९,८० |
| ५ | **आदेश (रोक्का वा यथास्थितिमा राख्ने)** | अ.बं १७१क | दफा १५६ | दफा ५८,६५,८७, १५६,१६७ |
| ६ | **आदेश(थुनछेक हुँदा तारेखमा राख्ने)** | अ.बं.४७ | - | दफा -६९ |
| ७ | **कायलनामा (मुद्दा फिर्ता लिने)** | अ.बं ९२ | दफा १९६ | दफा ११६ |
| ८ | **कैदको हकमा पुनरावेदन अनुमति** | अ.बं.१९४ | - | दफा- १३७ |
| ९ | **चलन चलाउने कार्यविधि** | द. स. को ४३ | दफा २३८ | - |
| १० | **जरिवाना छुट** | द.सं. ४१क | दफा २४६ | - |
| ११ | **जरिवाना।सरकारि बिगो वापत कैद** | द.सं.३८ | दफा २४४ | दफा १६४ |
| १२ | **डिसमिस** | अ.बं.१७९,१८५क | दफा १४१ | दफा - |
| १३ | **थप अभियोगदाबी लिन सक्ने** | अ.बं.८८ | - | दफा- ३५ |
| १४ | **दरपिठ** | अ.बं.२७ | दफा १२८ | दफा ५० |
| १५ | **दरपिठ उपर निवेदन** | अ.वं. नियमावली | दफा १३० | |
| १६ | **दाखेल खारेज र नामसारी** | ,, ४४ | दफा २३९ | - |
| १७ | **दुनियाबादी फौजदारीमा परिणत** | स.मु.स.ऐन, दफा २७ | - | दफा -४२ |
| १८ | **धरौटि शुल्क फिर्ता** | द.सं. ५१ | दफा २४८ | दफा ७६ |

| | | | | |
|---|---|---|---|---|
| १९ | **नवुझि नहुने साक्षी बुझ्ने** | अ.बं.११५ | दफा १८० | दफा ११२ |
| २० | **नाप, जाँच वा नक्सागराउने/अवलोकन** | अ. वं. १७१ | दफा १७७ र १७८ | - |
| २१ | **निखानई दिने कार्यविधि** | ,, ४५ | दफा २४० | - |
| २२ | **निवेदन (नावालक समेतको तर्फबाट मुद्दा गर्न अनुमति)** | अ.बं. ८३ | दफा ५४, २६७ | दफा ५३ |
| २३ | **निवेदन (फैसला कार्यान्वयनमा भएको बेरितको आदेश वदरको लागि)** | द.सं.६१ | दफा २५०(२) | - |
| २४ | **निवेदन (बेरितको अन्तर्कालिन आदेश वदर गराउनको लागि)** | ,, १७ | दफा १५६(४),१५७ न्याय प्रशासन ऐन,१५ | न्याय प्रशासन ऐन, द १५ |
| २५ | **निवेदन (बेरितको आदेश वदर गराउनको लागि)** | ,, १७ | दफा १५७(२) | दफा ७२, ७३ |
| २६ | **निवेदन (सार्वजनिकहकमा मुद्दा अनुमति)** | अ.बं.१० | दफा ९१ | - |
| २७ | **पक्षसँग कागज गराउन सक्ने** | ,, १३३ | दफा १७१ र २७५ | - |
| २८ | **पूर्व सुनुवाई छलफल/छलफल** | जि.अ.नि. | दफा १९१ | दफा १२४ |
| २९ | **पेटबोलीको व्यक्ति बुझ्ने** | ,, १३९ | दफा १२३, १२४,१७६ | - |
| ३० | **प्रतिउत्तर सरहको पुनरावेदन** | अ.ब. २०८ | दफा ११८ | - |
| ३१ | **प्रतिदाबी पेश गर्न सक्ने** | नभएको | दफा १२१ | - |
| ३२ | **प्रत्यर्थी झिकाउने** | अ. वं. २०२ | दफा २१३(३) | दफा १४०(३) |
| ३३ | **प्रमाण बुझ्नु पर्ने मुख नमिलेको कुरामा** | अ. वं. १८४क | दफा १६८ | दफा १२३ |
| ३४ | **प्राङ्न्याय/दोहोरो खतरा** | ,, ८५,संविधान | दफा १४, ८९ र ९४ | फौजदारी संहिता दफा९ |
| ३५ | **प्रारम्भिक सुनुवाई** | - | दफा १३२ | दफा ५१ |
| ३६ | **फैसला कार्यान्वयनमा मिलापत्र** | जि अ नि ८०ख र ८०ग | दफा २३४ | - |

| | | | | |
|---|---|---|---|---|
| ३७ | **फैसला प्रमाणीकरण** | - | दफा १९८ | दफा १३१ |
| ३८ | **फैसला सुनी पाएको कागज गराउने** | अ.वं. १९३ | दफा २०० | दफा - |
| ३९ | **फैसला, मिलापत्र डिसमिस आदि वदर** | ,, ८६ | दफा ९२ | दफा - |
| ४० | **बन्द सवाल** | अ.वं.१६०-१६२ | दफा १८९ | दफा १०७ |
| ४१ | **बाटोको म्यादको हिसाब** | ,, ९५ | दफा २२७ (१५ कि. मी.) | दफा - |
| ४२ | **बिगो भराउने कार्यविधि** | द. स. को ४२ | दफा २४२ | दफा १६५ |
| ४३ | **बिगो वापत कैद** | लेनदेनको १९ | ,, २४४ | दफा १६५(८) |
| ४४ | **मिलापत्र र मेलमिलाप** | ,, १८२ र १८३ | ,, १९३, १९४ र १९५ | दफा ११७-१२० |
| ४५ | **मुद्दा सकार (पक्षमरी हकवालाले)** | अ.बं.७० | दफा २२६,२३७ | दफा १३३(४)(ख),१९० |
| ४६ | **मुद्दा सकार (वारिस बदलिगर्दा)** | अ.ब.७० | दफा १५२ | दफा ९३ |
| ४७ | **मुद्दा सार्ने** | - | दफा २०३ | दफा ९६ |
| ४८ | **मुद्दा हेर्न नहुने(स्वार्थ बाझिने)** | ,, ३० | ,, २७१ | दफा १७६ |
| ४९ | **मुद्दा हेर्ने प्राथमिकताक्रम** | ,, ११ | ,, २७०, नियमावली | दफा १७० |
| ५० | **मुलतबी सम्बन्धी व्यवस्था** | ,, १२,१९० | ,,२०१ र २०२ | दफा ९७, ९८ |
| ५१ | **मृत्यु भएमा मुद्दा खारेज, मिनाहा** | अ.बं. १७६, द.सं.३ | - | दफा १३३, १५८ |
| ५२ | **म्याद छापा वा विद्युतिय माध्यममा प्रकाशन** | जि.अ.नि.२२क | दफा ११४,२८२ | दफा ६२ |
| ५३ | **म्याद तामेली सम्बन्धी** | ,, ११० देखि ११३ र ११३क | ,, ९९ देखि ११८ | दफा ५७,५८, ५९-६२, ६६ |
| ५४ | **म्याद तारिख थाम्ने थमाउने सम्बन्धी** | अ.वं५९, ६०, ६२ र ६४ | दफा २२२ देखि २२५ | दफा ५९(५),८५(१), १३४ |
| ५५ | **लगत खडा फैसला बमोजिम** | जि.अ.नियमावली | दफा २२९ | दफा १५१ |
| ५६ | **लिखत प्रमाणित (वारिसनामा र** | ,, ६५ देखि ७१ र | ,, १४४ देखि १५२, अ.वा. मुद्दा-१५३, | दफा ८९-९५ |

| | | | | |
|---|---|---|---|---|
| | **अधिकृत वारिसनामा)** | ७१क, ७१ख र ७१ग | सम्पत्ति-१५४ | |
| ५७ | **लिखत प्रमाणीत (दर्ताद्वारा विवाह)** | - | दफा ७७-८० | - |
| ५८ | **लिखत प्रमाणीत धर्मपुत्र पुत्री** | धर्मपुत्र | दफा १७७ | - |
| ५९ | **लिखत प्रमाणीत संरक्षक, माथवर नियुक्ति** | | दफा १३९,१५७,१६६ | - |
| ६० | **लिखत संशोधन** | | दफा | दफा ३७ |
| ६१ | **वारेण्ट(पक्राउ पुर्जी)** | अ.बं.९४ | दफा | दफा -५७,८७ |
| ६२ | **विशेष परिस्थितिमा अनुपस्थित साक्षीबुझ्ने** | दफा१४४ | दफा १७९ | दफा १०१ |
| ६३ | **संवन्ध बिच्छेद मञ्जुरीले** | लो.स्वा.१(३) नं. | दफा ९३ | दफा |
| ६४ | **संवन्ध विच्छेद असहमतिको** | लो.स्वा. १ नं. | दफा ९८ | दफा |
| ६५ | **सद्दे किर्तेमा वयान गराउने** | ,, ७८ | ,, १७२ र १७३ | दफा १०४ |
| ६६ | **साक्षी सपथ** | ढाँचामा मात्र | दफा १८४ | दफा १०६ |
| ६७ | **साधक जाँच** | अ.ब.१८६ | दफा | दफा १४५ |
| ६८ | **सुनुवाई खुला इजलासमा गर्नु पर्ने** | अ. वं. ६ | ,, ५ र २६८ | दफा १२९, संजाय नि. ऐन, दफा १० |
| ६९ | **सूचना गोप्य राख्ने** | नियमावली | दफा २७६ | दफा १८३ |
| ७० | **हकदैया** | अ.बं.८२ | दफा १०,८६ | दफा ४३ |
| ७१ | **हदम्याद सम्बन्धी** | ,, ३६ देखि ४६ | ,, ४७ देखि ६२ र २५९, अन्य दिग्दर्शन अनुसूची १ मा विस्तृत छ | दफा परिच्छेद अनुसार विभिन्न दफा |